# अध्याय एक

## मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम
## दाङ्ग जिल्ला : एक अध्ययन

### १.१ परिचय :

आजको युग लोकतान्त्रिक शासनको युग हो । जनताद्धारा छानिएका प्रतिनिधिहरुको सम्मति अनुसार शासन चल्ने र नीति निर्धारण हुने शासन प्रणाली नै लोकतन्त्र (Democracy) हो । लोकतन्त्रमा राज्यको सर्वोच्च सत्ता जनतामा निहित हुन्छ । लोकतन्त्रमा स्वतन्त्रता, समानता र कानूनी शासन जस्ता आधारभूत सिद्धान्तहरु रहन्छन् । लोकतन्त्रमा राज्यको शासन सत्ता संचालन गर्ने प्रतिनिधि वंशजका आधारमा नभै जनमतका आधारमा छानिन्छन् । अमेरिकी पूर्व राष्ट्रपति अब्राहम लिंकनले लोकतन्त्रलाई *'जनताको, जनताका लागि, जनताद्धारा शासन'* भनेका छन् । लोकतान्त्रिक शासन व्यवस्थामा जनताको मत सर्वोपरी रहन्छ । राज्य संचालनमा सबै जनताको प्रत्यक्ष्य सहभागिता सम्भव नभएकोले प्रतिनिधिमूलक प्रजातन्त्र संगठित हुन पुगेको हो । खासगरी विधायिका एवं कार्यकारिणी जस्ता राज्यका महत्वपूर्ण निकायमा रहने प्रतिनिधिहरु जनताद्धारा निर्वाचित हुन्छन् । जनताको अभिमत व्यक्त गर्ने सबैभन्दा उत्तम माध्यम निर्वाचन हो । त्यसैले निर्वाचनलाई लोकतन्त्रको आधारस्तम्भ भनिन्छ । लोकतान्त्रिक सरकार जनमतका आधारमा शासनसत्तामा टिकिरहन सक्दछ । जनमत मापन गर्ने प्रकृया भने निर्वाचन नै हो । स्वच्छ, स्वतन्त्र, निष्पक्ष, धाँधलीरहित र विश्वसनीय आवधिक निर्वाचन प्रजातन्त्रको जीवन नै हो । बालिग मताधिकार प्रजातन्त्रको परिपक्वताको पहिचान हो । बालिग मताधिकारका लागि स्वच्छ र त्रुटिरहित मतदाता नामावली आवश्यक पर्दछ । निर्वाचनको सार्थकता बालिग मतदाताले आफ्नो मताधिकार ( Right to vote) प्रयोग गर्ने प्रकृयासँग जोडिएर आउँछ । हरेक प्रजातान्त्रिक मुलुकमा निश्चित अवधिमा निर्वाचन गर्नु पर्ने कानुनी एवं संवैधानिक व्यवस्था रहेको हुन्छ । यही कानूनी एवं संवैधानिक व्यवस्थाको परिपालना गर्दै निर्वाचन प्रयोजनार्थ मतदाता नामावली तयार गरिन्छ ।

स्वतन्त्र, स्वच्छ, निष्पक्ष र भयमुक्त वातावरणमा सम्पन्न हुने निर्वाचनले मात्र शासन संचालनको वैधता हासिल गर्न सक्दछ । त्यस्तो निर्वाचनको लागि पहिलो आधारको रुपमा रहेको त्रुटिरहित मतदाता नामावली (Electoral rolls) तयार गर्ने व्यवस्था विभिन्न देशमा आ-आफ्नै ऐन, नियम एवं मौलिक विशेषताका आधारमा तय गरिएको हुन्छ । मतदाता नामावलीलाई शुद्ध र

वास्तविक बनाउन योग्यता पुगेका सबै नागरिकको नामसहितको एकीकृत विवरण त्रुटिरहित रुपमा संकलन एवं अद्यावधिक हुनु पर्दछ । मतदाता हुने योग्यता गुमाएका, मृत्यु भएका, बसाई सरी गएका र दोहोरो दर्ता भएका व्यक्तिको नाम मतदाता नामावलीबाट हटाउनु पर्दछ । संकलित नामावलीमा त्रुटि भई सुधार गर्नुपर्ने भए प्रकृया पुऱ्याएर सच्याउने कार्य गर्नु पर्दछ । नेपालमा मतदाता नामावलीलाई व्यवस्थित गर्नको लागि मतदाता नामावली सम्बन्धी ऐन, २०५२ एवं मतदाता नामावली सम्बन्धी नियमावली, २०५२ जारी भएपछि प्रत्येक वर्ष मतदाता नामावली संकलन तथा अद्यावधिक हुँदै आइरहको छ । यसरी संकलित तथा अद्यावधिक गरिंदै आएको मतदाता नामावलीका आधारमा नै नेपालमा विभिन्न संसदीय निर्वाचन, स्थानीय निर्वाचन हुँदै संविधानसभा सदस्य निर्वाचन, २०६४ समेत सम्पन्न भई सकेको छ । नेपालमा व्यवस्थित रुपमा नामावली संकलन तथा अद्यावधिक कार्यको थालनी मतदाता नामावली सम्बन्धी ऐन, २०५२ र नियमावली, २०५२ लागू भएपछि भएतापनि मतदाता नामावली तयार गर्ने कार्यको शुरुवात भने धेरै पहिलादेखि हुँदै आएको हो । नेपालमा यस्तो कार्यको शुरुवात वि.सं २००८ सालदेखि भएको पाइन्छ ।

जनआन्दोलन दुईपछि  सार्वभौमसत्ता र राजकीय सत्ता सम्पन्न नेपाली जनताले लोकतन्त्र, दीगो शान्ति र अग्रगमनका पक्षमा प्रकट गरेको जनादेशको सम्मान गर्दै नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावनामा नै प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, बालिग मताधिकार, आवधिक निर्वाचन जस्ता लोकतान्त्रिक मूल्य र मान्यताप्रति पूर्ण प्रतिवद्धता व्यक्त गरिएको छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२९ (१) मा 'यो संविधान र अन्य कानूनको अधिनमा रही संविधानसभा, धारा १५७ बमोजिम हुने जनमत संग्रह तथा स्थानीय निकायको निर्वाचनको संचालन रेखदेख निर्देशन र नियन्त्रण निर्वाचन आयोगबाट हुनेछ' भनिएबमोजिम मतदाता नामावली तयार गरेर अन्य प्रकृयाहरु समेत पूरा गरी संविधानसभाको निर्वाचन सम्पन्न भैसकेको छ । मतदाता नामावली सम्बन्धी ऐन, २०६३ अनुसार अघिल्लो वर्षको चैत्र मसान्तसम्म १८ वर्ष उमेर पूरा गरेका एवं तोकिएको योग्यता पुगेका नेपाली नागरिकको मतदाता नामावली निर्वाचन आयोगले तयार पार्ने व्यवस्था छ ।  २०६६ सालमा पनि २०६५ चैत्र मसान्तसम्म १८ वर्ष उमेर पूरा गरेका एवं तोकिएको योग्यता पुगेका नेपाली नागरिकको मतदाता नामावली संकलन तथा अद्यावधिक गर्ने कार्यक्रम, २०६६  वैशाख २  गतेदेखि ७४ जिल्लामा र बैशाख १४ गतेदेखि हुम्ला जिल्लामा शुरु भई २०६६ माघ १ गते सम्पन्न भई सकेको छ ।

मतदाता नामावली संकलन एवं अद्यावधिक  कार्य प्रत्येक जिल्लामा रहेका जिल्ला निर्वाचन कार्यालयमार्फत हुने गर्दछ । जिल्ला निर्वाचन कार्यालयले सम्बन्धित गाउँ विकास समिति र नगरपालिकाका वडा सचिवहरुलाई सहायक नामदर्ता अधिकारी नियुक्त गरी गाउँ विकास समिति र नगरपालिकाका मतदातनकेन्द्रस्तरसम्म नामावली संकलन गर्न खटाउँछ । नामावली संकलनका समयमा मतदाता शिक्षा समेत संचालन गरिन्छ । नामावली संकलनका लागि खटिएका संकलनकर्ताहरुले गाउँ विकास समिति र नगरपालिकाका वडामा रहेका मतदानकेन्द्रहरुमा गई त्यस भेगमा बस्ने मतदाताहरुलाई दिइएको पूर्व सूचनाका आधारमा नामावलीमा नाम विवरण थप गर्ने, त्रुटि सच्याउने र नाम विवरण हटाउने जस्ता कार्यहरु गर्दछन् । आवश्यकता अनुसार स्थानीयस्तरमा कार्यरत कर्मचारीहरु तथा शिक्षक शिक्षिकाहरुलाई संकलनकर्ताका रुपमा परिचालन गरिन्छ । संकलन भएको नामावली संकलनकर्ताले सहायक नाम दर्ता अधिकारी समक्ष बुझाउँछन् । सहायक नाम दर्ता अधिकारीसमक्ष परेका निवेदनका आधारमा संकलन अद्यावधिक भएको नामावली प्रमुख नाम दर्ता अधिकारी कहाँ आई पुग्छ ।  जिल्ला निर्वाचन कार्यालय (प्रमुख नाम दर्ता अधिकारीको कार्यालय)मा नामावली प्रकाशन गर्ने, मतदाताले नाम थप्न, सच्याउन र हटाउन निवेदन दिने एवं दाबी विरोध, त्यसको छानबिन र निर्णय गर्ने आदि प्रकृया पूरा भएपछि एकीकरण र प्रशोधनको कार्य हुन्छ । त्यसपछि अन्तिम मतदाता नामावली प्रकाशन भई निर्वाचन आयोगमा पठाइन्छ । पुनरावलोकनका लागि कुनै निवेदन परेमा त्यसलाई हेरी निर्वाचन आयोगले नामावलीको छपाई गर्दछ । अझ यस वर्षदेखि त निर्वाचन आयोगले केही जिल्लाहरुलाई नामावली छपाईको कार्य समेत दिएको छ ।

दाङ्ग जिल्लाको सन्दर्भमा, हुम्ला बाहेक नेपालका अन्य सबै ७३ जिल्लामाझैं  एकै दिन साविक नामावली प्रकाशन एवं संकलन कार्य २०६६ बैशाख २ गते प्रारम्भ भएको हो ।  २०६६ बैशाख २ गतेदेखि २०६६ बैशाख २२ गतेसम्म संकलनकर्ताहरुले नाम विवरण संकलन गरेका थिए भने २०६६ बैशाख २३ गतेदेखि २०६६ जेठ ९ गतेसम्म सहायक नाम दर्ता अधिकारीले नामावलीमा नाम थप्ने, सच्याउने र नाम हटाउने कार्य गरेका थिए । पञ्जिकरणका आधारमा बसाई सरेर गएका, मृत्यु भएका, विवाह भई गएका मतदाताको नाम हटाउने अधिकार स्थानीय पंजिकाधिकारीका रुपमा समेत कार्यरत सहायक नाम दर्ता अधिकारी (गाउँ विकास समिति .सचिव/नगरपालिका वडा सचिव) लाई दिइएको छ । यस वर्ष दाङ्ग जिल्लाका उन्चालीसै गाउँ विकास समिति र दुई नगरपालिकाका २२ वटा वडामा ५६ जना संकलनकर्ता र ६१ जना सहायक नाम दर्ता अधिकारी यस कार्यमा खटिएका थिए । संकलनकर्ताले संकलन गरेको नाम विवरण बुझाएपछि सहायक नाम दर्ता

अधिकारीकहाँ पनि संकलन तथा अद्यावधिक भएको सो नामावली २०६६ जेठ १० गतेदेखि २०६६ जेठ १४ गतेसम्म प्रमुख नाम दर्ता अधिकारीको कार्यालय (जिल्ला निर्वाचन कार्यालय) मा प्राप्त भएको थियो । त्यसपछि नामावलीको प्रशोधन र एकीकरण कार्य २०६६ असार १ गतेदेखि प्रारम्भ भयो । गाविस र नगरपालिकास्तरमा संकलन अद्यावधिक कार्य गर्दा छुट भएका मतदाताले प्रमुख नाम दर्ता अधिकारीको कार्यालय (जिल्ला निर्वाचन कार्यालय) मा आई २०६६ असार १ गतेदेखि २०६६ मंसिर १५ गतेसम्म नाम समावेश गर्न वा विवरण अद्यावधिकका लागि निवेदन दिन सक्ने व्यवस्था यस वर्षदेखि शुरुवात भएको छ । जिल्ला निर्वाचन कार्यालयले २०६६ बैशाख २ गतेदेखि संकलित नामावली एकीकरण र प्रशोधन गरी २०६६ मंसीर १ गते निर्वाचन आयोगमा पठाएको पाइन्छ भने २०६६ असार १ गतेदेखि २०६६ मंसीर १५ गतेसम्म प्राप्त निवेदनका आधारमा संकलित नामावली प्रशोधन एकीकरण गरी २०६६ मंसीर २९ गते निर्वाचन आयोगमा पठाएको पाइन्छ । २०६६ माघ १ गते अन्तिम मतदाता नामावली प्रकाशित भई प्रशोधन भएपश्चात् तयार भएको मतदाता नामावली अनुसार दाङ्ग जिल्लामा ३,५८,३५६ मतदाता कायम भएका छन् ।

मतदाता नामावलीमा नाम थप्न तथा विवरण अद्यावधिक गर्न यस वर्षदेखि नेपाली नागरिकताको प्रमाणपत्रलाई अनिवार्य प्रमाण मान्ने व्यवस्था गरिनाले नामावलीको शुद्धिकरणमा टेवा पुगेको छ । अन्य जिल्लाबाट बसाईं सरेर आउनेहरुका हकमा नागरिकताको प्रमाणपत्रका साथै बसाईं सराईको प्रमाणपत्र र विवाह भई आउनेका हकमा नागरिकताको प्रमाणपत्रका साथै विवाह दर्ता प्रमाणपत्र समेत साथै देखाउनु पर्ने व्यवस्था गरिएको पाइन्छ । यसरी मताधिकारको प्रयोग गर्न पाउने मतदाताको आधारभूत अधिकारको प्रत्याभूति गर्दै यथार्थ र त्रुटिरहित मतदाता नामावली तयार पार्न निर्वाचन आयोग र अन्तर्गतका जिल्ला निर्वाचन कार्यालयहरु निरन्तररुपमा सकृय रहेको पाइन्छ ।

## १.२ समस्याको पहिचानः

बहुदलीय प्रजातन्त्र अंगिकार गरेका प्रत्येक मुलुकमा निश्चित समयावधिको अन्तरालमा निर्वाचन हुने गर्दछ । मतदाता नामावलीमा नाम समावेश भएका नागरिकले मात्र मतदानमा भाग लिन पाउने भएकोले ऐन नियमले योग्य ठानेका नागरिकका नाम विवरण मात्र मतदाता नामावलीमा समावेश भई उनीहरुबाट मताधिकारको प्रयोग हुन्छ । ऐन नियमले अयोग्य ठहराएका वा गैर नागरिकको नाम मतदाता नामावलीमा समावेश हुनु हुँदैन । मतदाता नामावली त्रुटिपूर्ण भएमा

मुलुकको सामाजिक, आर्थिक, राजनीतिक विकासमा पनि अवरोध आउनसक्दछ किनकी त्रुटिपूर्ण नामावलीका आधारमा स्वच्छ, निष्पक्ष, धाँधलीरहित निर्वाचन हुन सक्दैन जसले गर्दा राष्ट्र हीत गर्ने सही उम्मेदवार छनौट हुन सक्दैनन् ।

मतदाता नामावलीमा थुप्रै समस्याहरु देखिएका छन् । एउटै मतदाताको नाम विभिन्न ठाउँमा समावेश भई कहिं दोहोरो त कहिं तेहेरो हुने, मतदाताको नाम, जन्म मिति, ठेगाना छुट्ने, पिता, पति, माताको नाम छुट्ने आदि कारणले विवरण त्रुटिपूर्ण हुने, मतदाताको नाम विवरण अधुरो-अपुरो हुने, मृत्यु भएका, बसाईं सरी गई सकेका मतदाताको नाम मतदाता नामावलीमा यथावत् रहिरहने जस्ता समस्या हाम्रो नामावलीमा भेटिन्छन् । संकलन प्रकृयामा रहेका प्रक्रियागत जटिलताहरु, झन्झटिला फारामहरु, छोटो समायावधि, स्रोत साधनको अभाव, विना प्रमाण नाम लेखाउन मतदाता र राजनीतिक दलहरुले दिने दबाव, जनचेतनाको अभाव, निर्वाचन आयोगको आफ्नो जनशक्ति अपर्याप्त भई अन्य निकायका कर्मचारीहरुलाई काममा लगाउन पर्ने भएकोले कार्यप्रति उदासिनता आदि कारणले मतदाता नामावली यथार्थपरक र शुद्ध हुन सकेको छैन । यो शोध पत्रमा यिनै समस्याहरु उपर अध्ययन केन्द्रीत गरिएकोछ ।

## १.३ अध्ययन उद्देश्यः

यो शोधमा निर्वाचन आयोगले तयार पार्ने मतदाता नामावलीलाई कसरी सही, शुद्ध र विश्वसनीय बनाउन सकिन्छ भन्ने सम्बन्धमा अध्ययन केन्द्रीत गरिएको छ । यो अध्ययनबाट दाङ्ग जिल्लामा मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रमलाई कसरी प्रभावकारी बनाउन सकिन्छ भन्नेबारेमा पृष्ठपोषण प्राप्त हुनेछ । यो अध्ययन निर्वाचन परिणाममा प्रत्यक्ष्य प्रभाव पार्ने मतदाता नामावली संकलन अद्यावधिक प्रकृयामा रहेका समस्या र समाधानका उपायहरुमा केन्द्रीत रहेको छ ।  यस अध्ययनले मतदाता नामावलीका सन्दर्भमा दाङ्ग जिल्लाका आधारमा निम्न कुराहरुको अध्ययन गर्ने उद्देश्य राखेको छ ।

क) दाङ्ग जिल्लाको परिचय दिंदै निर्वाचन क्षेत्र, मतदाता संख्या, मतदाता नामावली संकलन प्रकृयाका बारेमा संक्षेपमा जानकारी गराउने ।

ख) जिल्ला निर्वाचन कार्यालय दाङ्गले संकलन तथा अद्यावधिक गरेको  तीन वर्षको मतदाता नामावलीको तुलनात्मक अध्ययन गर्ने ।

ग) दाङ्ग जिल्लामा मतदाता नामावली संकलन प्रकृयाको प्रभावकारीता अध्ययन गर्ने ।

घ) मतदाता नामावली संकलन अद्यावधिक प्रक्रियामा रहेका समस्याको खोजी गर्ने ।

ङ) मतदाता नामावलीलाई सही, शुद्ध र त्रुटिरहित बनाउन समस्याहरुको समाधानका लागि सुझावहरु प्रस्तुत गर्ने ।

## १.४ अध्ययनको महत्व:

स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित निर्वाचनका लागि त्रुटिरहित मतदाता नामावली पहिलो अनिवार्य शर्त हो । मतदाता नामावली तयार पार्नका लागि ऐन, नियममा तोकिएका प्रक्रियाहरु के कस्ता छन् ? मतदाता नामावली सही, शुद्ध र यथार्थपरक बनाउन के कस्ता उपायहरु अवलम्वन गर्नु पर्दछ भन्ने सम्बन्धमा खोजमूलक मौलिक विश्लेषण गरी यथार्थ चित्रण गरिने भएकोले यस अध्ययनले विशेष महत्व राख्नेछ । दाङ्ग जिल्लाको विगत तीन वर्षको मतदाता नामावलीको तुलनात्मक अध्ययनबाट मतदाता नामावलीमा सुधारका उपायहरु पत्ता लाग्नेछन् । मतदाता नामावली प्रजातान्त्रिक अभ्यासको प्रथम खुट्किलाका रुपमा रहने हुँदा यस जिल्लाको मतदाता नामावलीका अलावा निर्वाचन सम्बन्धी विषययका सम्बन्धमा चासो राख्नेहरुका लागि यो शोधपत्र भरपर्दो दस्तावेज हुनेछ ।

## १.५ परिकल्पना :

विश्वको कुनै पनि मुलुकमा लोकतन्त्र, दीगो शान्ति र विकासका लागि आधारभूत पूर्वाधारहरुमध्ये आवधिक निर्वाचन पनि एक हो । स्वच्छ, स्वतन्त्र र धाँधलीरहित निर्वाचनका लागि मतदाताको भौतिक सुरक्षा, ऐन, नियम, निर्देशिकाबाट स्पष्ट कानूनी व्यवस्था, जनशक्ति, सामग्री लगायतका व्यवस्थापकीय पक्ष, आचार संहिता, पर्यवेक्षण, मतदाता सचेतनाको प्रभावकारी व्यवस्था, स्रोत साधनसम्पन्न सबैलाई पायक पर्ने मतदानकेन्द्र निर्माण, राजनीतिक प्रतिबद्धता आदिका साथै पहिलो र अनिवार्य आवश्यकताका रुपमा शुद्ध र यथार्थ मतदाता नामावली रहने गर्दछ । अतः दाङ्ग जिल्लामा मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रमका सम्बन्धमा अनुसन्धान गर्दा निम्न परिकल्पना अघि सारिएको छ ।

(क) दाङ्ग जिल्लाको मतदाता नामावली शुद्ध र यथार्थपूर्ण रहेको छैन ।

(ख) मतदाता नामावली संकलन अद्यावधिक कार्यक्रमको समयावधि कम हुनाका साथै

स्रोत साधन र दक्ष जनशक्तिको अभाव भएकोले नाम विवरणहरु त्रुटिपूर्ण हुन गएको छ ।

(ग) छापा तथा विद्युतीय संचार माध्यमका साथै विद्यालयहरुमा गई मतदाता शिक्षा संचालन गरेमा यथार्थपरक नामावली तयार गर्न सकिन्छ ।

(घ) नेपाली नागरिकतालाई अनिवार्य प्रमाणका रुपमा लिई घरदैलो कार्यक्रम गरेमा शुद्ध नामावली संकलन गर्न सकिन्छ ।

## १.६ पूर्व साहित्य समीक्षा :

*"कुनै विषयका सम्बन्धमा प्रकट गरिने विचार, राय, सहमतिका साथै निर्वाचनमा कुनै व्यक्ति, व्यवस्था वा पक्षलाई छान्नका लागि दिइने सहमति वा भोटलाई मत भनिन्छ ।"* [1]

*"मतदाता भन्नाले निर्वाचनका लागि प्रचलित कानूनबमोजिम मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति सम्झनुपर्छ ।"* [2] निर्वाचनमा मतदान प्रयोजनार्थ तोकिएको योग्यता पूरा भएका व्यक्तिहरु मतदाता हुन् भने त्यस्ता मतदाताहरुको एकीकृत नामावलीको सूची मतदाता नामावली हो । *"मतदाता नामावली भन्नाले प्रचलित कानून बमोजिम मतदाताको विवरणसहित तयार गरिएको मतदाता नामावली सम्झनु पर्छ ।"* [3] निर्वाचनका लागि मतदाता हुन नेपाली नागरिक, मतदाता नामावली संकलन हुने सालभन्दा अघिल्लो सालको चैत्र मसान्तसम्ममा १८ वर्ष उमेर पूरा गरेको, कुनै निर्वाचन क्षेत्रको कुनै गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडामा स्थायी बसोबास भई मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति हुनु पर्दछ । *"...कुनै निर्वाचन क्षेत्रको कुनै गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडामा सामान्य रुपमा बसोबास गर्दै आएको व्यक्तिलाई स्थायीरुपमा बसोवास गरेको मानिनेछ । ...देहायको अवस्थाको बसोबासलाई समेत स्थायी रुपमा बसोबास गरेको मानिनेछ ।*

*(क) कुनै निर्वाचन क्षेत्रको कुनै गाउँ विकास समिति वा नगरपालिकाको वडाको मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति जनप्रतिनिधि निर्वाचित भई आफ्नो पदावधिको समयमा सो निर्वाचन क्षेत्रमा अनुपस्थित रहेको अवस्था,*

---

[1] *बृहत नेपाली शब्दकोष (काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान, २०५५), पृष्ठ १०३९-१०४०*

[2] *संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ (काठमाडौं : निर्वाचन आयोग, २०६४ असार), पृष्ठ २*

[3] *निर्वाचन (कसूर र सजाय) ऐन, २०६३ (काठमाडौं : निर्वाचन आयोग, २०६४ बैशाख), पृष्ठ २*

*(ख) कुनै व्यापार, व्यवसाय, अध्ययन, अध्यापन, सरकारी वा गैर सरकारी सेवा, औषधि-उपचार वा अन्य कुनै काम विशेष वा कारणले वा कानूनबमोजिम थुना वा कैदमा रहेको कारणले आफ्नो नाम दर्ता भएको निर्वाचन क्षेत्रको गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडामा अनुपस्थित रहेको अवस्था"* [4]

मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ६ ले 'मगज बिग्रेको, निर्वाचन अपराध र सजाय सम्बन्धी प्रचलित कानूनबमोजिम एक वर्ष वा सोभन्दा बढी कैदको सजाय पाएको अवस्थामा त्यस्तो कैदको सजाय भोगिसकेको मितिले एक वर्ष अवधि भुक्तान नभएको व्यक्ति'लाई अयोग्य मतदाता मानेको पाइन्छ । *"दृष्टिविहीन, अपाङ्ग, वृद्ध, गर्भवती महिला वा यस्तैप्रकारले कुनै शारीरिक अशक्तता भएको मतदाताका लागि निर्वाचन आयोगले मतदान गर्ने विशेष व्यवस्था गर्नसक्नेछ ।"*[5] प्रतिनिधिमूलक प्रजातन्त्रको अभिन्न अंग निर्वाचन हो भने निर्वाचन र मताधिकारको अति विशिष्ट पाटो मतदाता नामावली हो ।

मतदाता नामावली दर्ता सम्बन्धमा अन्तरराष्ट्रियस्तरमा आवधिक, नियमित र नागरिक गरी तीन थरी दर्ता प्रणाली रहेका छन् । *"कुनै खास निर्वाचन प्रयोजनका लागि आवधिक दर्ता प्रणालीको उपयोग गरिन्छ । नियमित रुपमा दर्ता र अद्यावधिक गर्दै जाने प्रणाली नियमित दर्ता प्रणाली हो । नागरिक दर्ताबाट मतदाताका नाम, नागरिकता, लिङ्ग, राष्ट्रियता, उमेर, ठेगाना, वैवाहिक स्थिति, मतदाता परिचयपत्र नम्बर समेतका आधारभूत सूचना पाउन सकिन्छ ।"* [6]

प्रजातन्त्रमा प्रतिनिधित्वले ठूलो भूमिका खेल्न थाल्यो । *"जनताको शासनको अर्थ भनेको सार्वजनिक नीतिमा लोकप्रिय नियन्त्रण भन्ने बुझ्न थालियो । विस्तारै प्रजातन्त्र भनेको आफूले निर्वाचित गरेका प्रतिनिधिहरुमार्फत सार्वजनिक नीति निर्माण गर्ने र मुलुकको शासन गर्ने भन्ने अर्थ लाग्न थाल्यो ।"*[7] आज विश्वका विकासोन्मुख लगायत प्रायजसो मुलुकहरुले बालिग मताधिकार, आवधिक निर्वाचन, बहुदलीय प्रतिस्पर्धा, प्रेस स्वतन्त्रता, कानूनी शासन, समानुपातिक प्रतिनिधित्व र समावेशी शासन प्रणालीलाई अंगिकार गरेका छन् । अतः निर्वाचनका सन्दर्भमा प्रतिनिधित्व, निर्वाचन प्रणाली र मताधिकार जोडिएर आउने विषयवस्तुहरु हुन् ।

---

[4] *निर्वाचन सम्बन्धी ऐन नियम सङ्ग्रह (काठमाडौं : निर्वाचन आयोग, २०६४ भदौ), पृष्ठ २०४*

[5] ***पूर्ववत*** *पाद, २ पृष्ठ ३२*

[6] *ईमाद युसुफ, निर्वाचन व्यवस्थापन एवं मतदाता नामावली विषयक नेपालगन्जमा प्रस्तुत कार्यपत्र, २०६५*

[7] *कृष्ण पोखेल, आधुनिक राजनीतिक विश्लेषण र शोध (काठमाडौं : एम.के.पब्लिशर्स एण्ड डिष्ट्रिब्यूटर्स, २०६२), पृष्ठ १८९*

*"मध्ययुगमा विभिन्न युरोपेली मुलुकहरुमा प्रतिनिधि संस्थाहरुको जन्म भयो । ... शुरुमा यस्ता संस्थाहरु लोकतान्त्रिक थिएनन् । .... १९औं शताब्दिमा प्रतिनिधित्व गर्ने संस्थाहरुको विकास विशेष रुपले भयो । प्रतिनिधिमूलक शासनको सफल संचालनका लागि संसदमा जनताका सबै वर्गको उचित प्रतिनिधित्व, ऐन, कानून निर्माणमा संसदमा खुला वहस र संसदबाट बनेका नियम कानूनको सरकारबाट पूर्ण पालना जस्ता शर्तहरु पूरा हुनुपर्छ ।"*[8] *इंगल्याडमा पार्लियामेन्ट (*Parliament*), फ्रान्समा एस्टेस्ट जनरल (*Estates General*), स्पेनमा कोर्टेस (*Cortes*), जर्मनीमा डायट (*Diet*) आदि संस्थाहरुको उदय तेह्रौं शताब्दीको अन्त र चौधौं शताब्दीको शुरुमा भएको पाइन्छ ।"* [9]

*"निर्वाचन आधुनिक लोकतान्त्रिक समाजको केन्द्रीय अङ्ग हो । निर्वाचन त्यस्तो निर्णय प्रक्रिया हो जसबाट जनताको सार्वभौमिक शक्ति प्रतिनिधिउपर हस्तान्तरण हुने गर्छ ।"* [10] स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि मतदाताको मौलिक अधिकार र स्वतन्त्रताको सम्मान हुनुपर्ने भएकोले निर्वाचन प्रणाली, मतदानका प्रकृया आदिकाबारेमा मतदाताले पूरा जानकारी पाउनु पर्छ ।

*"दीगो प्रजातन्त्र र मौलिक अधिकारको प्रत्याभूति एवम् उपयोगका लागि निर्वाचन प्रणालीको छनौट एक महत्वपूर्ण संस्थागत निर्णय हो ।"* [11] विश्वमा प्रचलित निर्वाचन प्रणालीलाई बढी मत प्रणाली, समानुपातिक प्रणाली, मिश्रित प्रणाली र अन्य गरी चार भागमा विभाजन गरेको पाइन्छ ।

*"प्रतिनिधिमूलक प्रजातन्त्रमा जनताको सबैभन्दा ठूलो राजनीतिक अधिकार भनेको मताधिकार हो ।"* [12] मताधिकारका लागि विश्वका विभिन्न मुलुकहरुले वयस्कता, नागरिकता र बसोबास जस्ता आधारहरु तय गरेका छन् । वयस्कताका सम्बन्धमा धेरैजसो मुलुकहरुले १८ वर्ष उमेर कायम गरेका छन् । बेलायत, अमेरिकामा पनि मताधिकारका लागि १८ वर्ष उमेर नै कायम गरिएको छ । *"भारतमा १८ वर्ष पूरा गरेको मतदाता नामावलीमा नियमानुसार नाम दर्ता भएको भारतीय नागरिकले लोकसभा एवं विधानसभाको निर्वाचनमा मत दिनपाउने व्यवस्था छ ।"*[13]

---

[8] *डा. परमात्मा शरण, एम.सी. सरस्वती, तुलनात्मक राजनीति और शासन (मेरठ : मीनाक्षी प्रकाशन, १९९७), आठौं अध्याय, पृष्ठ १८९-१२०*

[9] *अनूपचन्द कपूर, राजनीति विज्ञान के सिद्धान्त (नयाँ दिल्ली : एस.चन्द एण्ड कम्पनी प्रा.लि., १९८८), पृष्ठ ५१६*

[10] *प्रा.डा.वीरेन्द्र प्रसाद मिश्र, तारानाथ दाहाल, भोलानाथ ढुंगाना, सन्जीव घिमिरे, संविधानसभाको संरचना र निर्वाचन पद्धति (काठमाडौं : फ्रिडम फोरम, २०६३), पृष्ठ ६४*

[11] *डा. अयोधीप्रसाद यादव, निर्वाचन प्रणालीको संक्षिप्त रुपरेखा (नेपालको सन्दर्भ) (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६५), पृष्ठ १*

[12] *कृष्ण पोखेल, **पूर्ववत** पाद् ७, पृष्ठ १९३*

[13] *भारतको संविधान (इलाहावाद : प्रयाग पुस्तक सदन, २००५), पृष्ठ १४०*

दाङ्ग जिल्लाको मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रमलाई नेपालको निर्वाचन र मतदाता नामावली सम्बन्धी संवैधानिक एवं कानूनी व्यवस्थासँग जोडेर अध्ययन अनुसन्धान गरिएको छ । निर्वाचन सम्बन्धी संवैधानिक विकासक्रम हेर्दा नेपाल सरकार वैधानिक कानून, २००४ मा दुई सदनात्मक व्यवस्था गर्दै राष्ट्रसभामा ४२ सदस्य निर्वाचन गर्ने प्रावधानबाट शुरुवात भएको पाइन्छ । नेपाल अन्तरिम शासन विधान, २००७ मा निर्वाचन (चुनाउ) को व्यवस्था, नेपालको संविधान, २०१५, नेपाल अधिराज्यको संविधान, २०१९ हुँदै नेपाल अधिराज्यको संविधान, २०४७ सम्म आई पुग्दा निर्वाचन र मतदाता नामावली सम्बन्धमा स्पष्ट संवैधानिक व्यवस्था गरिएको पाइन्छ । नेपाल अधिराज्यको संविधान, २०४७ मा निर्वाचनको संचालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने र सोका लागि मतदाता नामावली तयार पार्ने कार्य निर्वाचन आयोगलाई तोकिएको पाइन्छ । जनआन्दोलन दुईपछि देशमा स्थायी शान्ति र लोकतान्त्रिक पद्धतिको संस्थागत विकास गर्न नेपालको अन्तरिम संविधान, २०६३ जारी भयो । अन्तरिम संविधानमा यो संविधान र अन्य कानूनको अधिनमा रही संविधानसभा, जनमत संग्रह तथा स्थानीय निकायको निर्वाचनको संचालन, रेखदेख, निर्देशन र नियन्त्रण निर्वाचन आयोगबाट हुनेछ र सो प्रयोजनका लागि मतदाता नामावली तयार पार्ने कार्य निर्वाचन आयोगले गर्नेछ भनी स्पष्टरुपमा व्यवस्था गरिएको पाइन्छ ।

मतदाताका योग्यता, दर्ता प्रकृया, नाम थप्ने, हटाउने, सच्याउने तथा अद्यावधिक गर्ने प्रकृया, दाबी विरोध, जाँचबुझ र निर्णय तथा पुनरावलोकन आदिका सम्बन्धमा मतदाता नामावली सम्बन्धी ऐन, नियम, निर्देशिकाहरुमा व्यवस्था भएको पाइन्छ । त्यस्ता ऐन, नियम, निर्देशिकाहरुमा मतदाता नामावली सम्बन्धी ऐन, २०६३, निर्वाचन आयोग ऐन, २०६३, संविधानसभा सदस्य ऐन, २०६४, निर्वाचन (कसूर र सजाय) ऐन, २०६३, संविधानसभा सदस्य निर्वाचन नियमावली, २०६४, मतदाता नामावली सम्बन्धी नियमावली, २०६३ आदि प्रमुख रहेका छन् ।

## १.७ अध्ययनको सीमा :

सीमित स्रोत साधनका आधारमा छोटो समयावधिमा स्नातकोत्तर तह राजनीतिशास्त्र द्वितीय वर्षको आंशिक उद्धेश्य पूर्तीका लागि यो शोधपत्र तयार पारिएको हो । यो अध्ययन विशेषतः स्थानीयस्तरको रहेको छ । यो शोध विशेषतः २०६६ साल बैशाख २ गतेदेखि २०६६ माघ १ गतेसम्म जिल्ला निर्वाचन कार्यालय दाङ्गमा सम्पादित मतदाता नामावली संकलन, अद्यावधिक, प्रशोधन र एकीकरण कार्यसँग सम्बन्धित छ । यस अध्ययनमा घोराही नगरपालिका, तुल्सीपुर नगरपालिका र

देउखुरी क्षेत्र वरपरका केही गाउँ विकास समितिहरुका छानिएका मतदाताहरु, जिल्लास्थित राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि र निजामति कर्मचारीहरुलाई मात्र लिइएको छ ।

## १.८ अध्ययन विधिः

यो अनुसन्धानलाई पूर्णता दिन विभिन्न आधार र तथ्यहरुको प्रयोग गरिएको छ । यसमा प्राथमिक (Primary) स्रोतका रुपमा मतदाता नामावली संकलनमा प्रत्यक्ष्य संलग्न जिल्ला निर्वाचन कार्यालयका कर्मचारीहरु, सहायक नामदर्ता अधिकारी, संकलनकर्ताहरु आदिसँग सोधपुछ एवं अन्तवार्ता लिइएको छ । त्यस्तै दाङ्ग जिल्लास्थित राजनैतिक दलका नेता कार्यकर्ताहरु, पूर्व जनप्रतिनिधिहरु एवं विगतका निर्वाचनमा अनुभव संगालेका निजामति कर्मचारीहरुलाई समेत प्राथमिक सूचना स्रोतको रुपमा लिइएको छ । जनप्रतिनिधिको रुपमा विगतमा स्थानीय निकायमा काम गरेका घोराही र तुल्सीपुर नगरपालिकाका प्रमुख, वडा अध्यक्षहरु र सदस्यहरुलाई प्रत्यक्ष्य भेटी मौखिक अन्तर्वार्ताका साथै प्रश्नावली भराएको छ । गाउँ विकास समितिका पूर्व अध्यक्ष, वडा अध्यक्ष र सदस्यहरुसँग समेत प्रत्यक्ष्य भेटघाट गरी मौखिक अन्तर्वार्ताका र प्रश्नावलीका आधारमा तथ्याङ्क लिइएको छ । दाङ्ग जिल्लामा क्रियाशील ठूला राजनीतिक दलहरु एकीकृत नेकपा माओवादी, नेपाली काँग्रेस, नेकपा एमाले, नेकपा माले र राष्ट्रिय जनमोर्चाका कार्यकर्ताहरुलाई पनि तथ्याङ्क संकलन गर्दा संलग्न गराइएको छ । त्यस्तै नामावली संकलन तथा अद्यावधिक कार्यमा प्रत्यक्ष्य खटिने केही गाउँ विकास समितिका सचिवहरु र केही सर्वसाधारण मतदाताहरुबाट पनि मौखिक सोधपुछका साथै प्रश्नावली भराउने कार्य गरिएको छ । प्रश्नावली भराउँदा लैङ्गिक सहभागिता, भौगोलिक वितरण समेत दृष्टिगत गरिएको छ ।

अध्ययनमा समावेश गरिएका सर्वसाधारण मतदाताहरुमध्ये लेखपढ गर्न जान्नेलाई प्रश्नावली भर्न लगाउने र निरक्षर मतदाताहरुका लागि मौखिक सोधपुछबाट प्राप्त जवाफका आधारमा प्रश्नावलीमा भर्ने कार्य गरिएको छ ।

द्वितियक (Secondary) स्रोतका रुपमा मतदाता नामावलीसँग सम्बन्धित प्रकाशित पुस्तक, पुस्तिकाहरु, ऐन नियमहरु, शोधपत्रहरु, निर्वाचन आयोगले समय समयमा प्रकाशित गरेका निर्देशिका र संचार जगतको छापा माध्यम (Print media) आदिलाई प्रयोग गरिएको छ । नेपालको अन्तरिम संविधान, २०६३, निर्वाचन आयोग ऐन, २०६३, मतदाता नामावली सम्बन्धी ऐन, २०६३, मतदाता नामावली सम्बन्धी नियमावली, २०६३, निर्वाचन (कसूर र सजाय) ऐन, २०६३, निर्वाचन आयोगको

रणनीतिक योजना, २०६५, प्रमुख नाम दर्ता अधिकारीको निर्देशिका, २०६३, सहायक नाम दर्ता अधिकारीको निर्देशिका, २०६३, र संकलनकर्ताको निर्देशिका, २०६३, समेतको प्रयोग गरिएको छ ।

मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यका सम्बन्धमा निर्वाचन आयोगद्धारा समय समयमा आयोजित तालीम, गोष्ठी, सेमीनार आदिमा विज्ञहरुबाट तयार पारिएका कार्यपत्रहरु, विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख रचनाहरु, दस्तावेज, विज्ञप्ती, शोधपत्र आदिको पनि प्रयोग गरिएको छ । मतदाता नामावली संकलनका क्रममा आयोगले प्रयोगमा ल्याएका अनुसूचीहरु, प्रचार सामग्रीहरु पनि उपयोग गरिएको छ । यो शोधमा खासगरी विश्लेषणात्मक र व्याख्यात्मक विधिहरुको प्रयोग गरिएको छ ।

तथ्याङ्क संकलनका लागि नमूना विधि (Sampling method) अन्तर्गत असम्भावित नमूना विधि (Non- Probability Sampling Method) लाई उपयोग गरिएको छ जस अन्तर्गत स्व-विवेकीय नमूना विधि (Judgement sampling method) प्रयोग गरिएको छ ।

तथ्याङ्क संकलनमा संरचित प्रश्नहरु तयार गरिएको छ । ८१ प्रतिशत (१६ मध्ये १३) प्रश्नहरु बन्द प्रकारका (बस्तुगत बहुउत्तरात्मक) रहेका छन् भने बाँकी खुला प्रश्न प्रयोग गरिएको छ । प्रश्नावली तयार गर्दा कर्मचारी, राजनीतिक दलका प्रमुख एवं कार्यकर्ता र मतदाता सबै पक्षलाई विचार गरी निर्माण गरिएको छ । विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्कहरुलाई विश्लेषण गरेपछि तालिका र रेखाचित्रहरुमा देखाइनुका साथै सोका आधारमा निष्कर्ष र सुझावहरु समेत प्रस्तुत गरिएको छ ।

## १.९ अध्ययनको ढाँचा :

यस अध्ययनको प्रतिवेदनलाई आठ अध्यायमा विभक्त गरिएको छ । प्रारम्भिक अध्यायमा परिचय, समस्याको पहिचान, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, परिकल्पना, पूर्व साहित्य समीक्षा, अध्ययनको सीमा, अध्ययनको विधि र अध्ययनको ढाँचालाई समेटिएको छ ।

अध्याय दुईमा प्रतिनिधित्व, निर्वाचन प्रणाली र मताधिकार सम्बन्धी सैद्धान्तिक अध्ययन गरिएको छ ।

अध्याय तीनमा दाङ्ग जिल्लाको संक्षिप्त परिचय राखिएको छ । यस अध्यायमा दाङ्ग जिल्लाको ऐतिहासिक रुपरेखा, राजनीतिक विभाजन, भौगोलिक अवस्थिति, धरातलीय स्वरुप, हावापानी, वनस्पती र वन्यजन्तु, धार्मिक तथा पर्यटकीयस्थल, नदी, ताल र व्यापारिक महत्वका स्थान, जनसंख्या, यातायात, शैक्षिक स्थिति, आर्थिक अवस्था, सामाजिक अवस्था, स्वास्थ्यको अवस्था र सूचना तथा संचारको स्थितिकाबारेमा संक्षिप्त आंकलन गरिएको छ ।

अध्याय चारमा नेपालमा निर्वाचन र मतदाता नामावली सम्बन्धी संवैधानिक एवं कानूनी व्यवस्थाकाबारेमा अध्ययन गरिएकोछ ।

अध्याय पाँचमा दाङ्ग जिल्लामा मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम सम्बन्धमा विश्लेषणात्मक अध्ययन गरिएको छ । यस अध्यायमा मतदाता नामावली संकलन तथा अद्यावधिक प्रकृया, मतदाता शिक्षा, नेपालमा निर्वाचन र मतदाता नामावलीको स्थिति र दाङ्ग जिल्लामा निर्वाचन र मतदाता नामावली सम्बन्धी अध्ययन विश्लेषण गरिएको छ ।

अध्याय छमा मतदाता नामावली संकलन अद्यावधिक कार्यक्रमको अध्ययनका क्रममा भराइएका प्रश्नावलीबाट प्राप्त उत्तरहरुको विश्लेषणात्मक अध्ययन विश्लेषण गरिएको छ ।

अध्याय सातमा मतदाता नामावली संकलन अद्यावधिक कार्यक्रम र मतदाता नामावलीमा रहेका समस्या तथा समाधानका उपायहरु प्रस्तुत गरिएको छ ।

अध्याय आठमा सारांश, निष्कर्ष र सुझावहरु राखिएका छन् । अन्त्यमा, अध्ययनलाई सहयोग गर्ने अनुसूची, प्रश्नावली र तस्वीरहरुका साथै सन्दर्भ सामग्रीहरु राखिएका छन् ।

# अध्याय दुई

## प्रतिनिधित्व, निर्वाचन प्रणाली र मताधिकार सम्बन्धी सैद्धान्तिक अध्ययन

### २.१ प्रतिनिधित्व

राज्यको इच्छा स्वतः स्फूर्त रुपमा नागरिकहरुद्धारा प्रकट हुने शासन प्रणाली प्रत्यक्ष्य शासन प्रणाली हो । “जनताले प्रत्यक्ष्यरुपमा राजनीतिक प्रणालीमा सहभागी हुने, नीति निर्माण-निर्णय गर्ने र आफ्नो शासन संचालन गर्ने पद्धति नै प्रत्यक्ष्य लोकतन्त्र हो ।”[14] प्राचीन एथेन्सका नगर राज्यहरुमा प्रत्यक्ष्य प्रजातन्त्रका माध्यमबाट जनता शासन संचालनमा सहभागी हुन्थे । “प्रत्यक्ष्य प्रजातन्त्रको अवशेषका रुपमा स्विट्जरल्याण्डका केही क्यान्टोनमा प्रचलित अग्रसारिता (Initiative), जनमत संग्रह (Referendum) र प्रत्याह्वान (Recall) बाहेक पश्चिमी सोचाइको प्रजातन्त्र भनेकै प्रतिनिधिमूलक प्रजातन्त्र हो । प्राचीन नगर राज्यहरु लोप हुँदै गए र तिनको स्थान राष्ट्रिय राज्यले लिन थाले ।”[15] सी.बी.गेनाका अनुसार विशाल जनसंख्या, विस्तृत भूभाग, र व्यापक कार्यक्षेत्र भएकोले आधुनिक लोकतान्त्रिक राज्यमा जनता प्रत्यक्ष्यरुपबाट शासन संचालनमा भाग लिन सक्दैनन् । त्यसैले प्रजातन्त्रलाई जनताले निर्वाचित गरेका प्रतिनिधिहरुमार्फत नीति निर्माण र शासन संचालन गर्ने परिपाटीका रुपमा बुझ्न थालियो । यसरी प्रतिनिधिमूलक प्रजातन्त्रको विकास प्रारम्भ भयो ।

*“मध्ययुगमा युरोपेली मुलुकहरुमा प्रतिनिधि संस्थाहरुको उदय हुँदा यस्ता संस्थाहरुमा जमिन्दार, कुलिन, ब्यापारी, धर्मगुरु आदि वर्गको मात्रै प्रतिनिधित्व रहन्थ्यो । ... मध्ययुगको समाप्ती पछि विश्वमा राजतन्त्रको दबदबा रह्यो । बेलायतको इतिहास हेर्ने हो भने पार्लियामेन्ट र राजाबीच भएको लामो संघर्ष पछि सन् १६८८ मा संसद सर्वोच्च सत्ताका रुपमा स्थापित भयो ।”*[16]

बेलायतमा सन् १८३२ देखि सन् १९२८ सम्म निर्वाचन प्रणालीमा भएका सुधारबाट प्रतिनिधित्व, मताधिकार र लोकतन्त्र सुदृढ हुँदै आएको पाइन्छ । १९औं शताब्दीमा प्रतिनिधित्व गर्ने संस्थाहरुको विकास विशेष रुपले भयो । विश्वका विभिन्न मूलुकहरुका संसदमा अधिकाधिक प्रतिनिधित्व हुन थाल्यो ।

---

[14] *डा.गोपाल सिवाकोटी, आधुनिक राजनीतिक विष्लेषण (काठमाडौं : पैरवी प्रकाशन, २०६४), पृष्ठ २८१*

[15] *कृष्ण पोखेल, आधुनिक राजनीतिक विश्लेषण र शोध (काठमाडौं :एम.के.पब्लिशर्स एण्ड डिष्ट्रिब्यूटर्स, २०६२),पृष्ठ १८९*

*३ अनूपचन्द कपूर, राजनीति विज्ञान के सिद्धान्त (नयाँ दिल्ली : एस.चन्द एण्ड कम्पनी प्रा.लि., १९८८), पृष्ठ ५१७*

*प्रतिनिधित्वलाई जर्मन समाजशास्त्री रवर्ट मोल्ह (Robert Mohl) ले* यसरी परिभाषित गरेका छन् - *'प्रतिनिधित्व त्यस्तो प्रकृया हो, जसको माध्यमले समस्त नागरिक वा तिनीहरुमध्ये केहीले सरकारी कार्यमा जुन प्रभाव पार्दछन्, त्यो उनीहरुको स्वस्फूर्त इच्छा अनुसार हुन्छ, उनीहरुको तर्फबाट केही व्यक्तिहरुले प्रतिनिधित्व गरेको स्वीकार्नु पर्दछ ।'*[17] *"प्रजातान्त्रिक व्यवस्थामा राज्य संचालन एवं नीति निर्धारणमा प्रत्येक नागरिकको योगदान हुनुपर्छ ।"*[18] लोकतन्त्रमा प्रतिनिधित्व विशेष गरी राजनीतिक तवरबाट गरिन्छ । अतः राजनीतिक प्रतिनिधिको कार्यसँग जोडेर पनि प्रतिनिधित्वलाई परिभाषित गर्न सकिन्छ । सी.बी.गेनाका अनुसार राजनीतिक प्रतिनिधि त्यस्तो व्यक्ति हो जसले समाजमा शासन प्रकृयालाई प्रभावित गर्ने र त्यसमा सहभागि हुने विधिवत् अधिकार प्राप्त गरेको हुन्छ ।

बालिग मताधिकार, आवधिक निर्वाचन, बहुदलीय प्रतिस्पर्धा, प्रेस स्वतन्त्रता, कानूनी शासन, समानुपातिक प्रतिनिधित्व, उत्तरदायी, पारदर्शी र समावेशी शासन प्रणालीका माध्यमले बहुदलीय लोकतान्त्रिक पद्धतिलाई अंगिकार गर्दै राज्य संचालन गर्ने दिशातर्फ विश्वका विकासोन्मुख लगायत प्रायशः मुलुक अग्रसर रहेको परिप्रेक्ष्यमा प्रतिनिधित्व र निर्वाचन प्रणाली सम्बन्धमा विभिन्न अभ्यास हुँदै गए ।

मुलुकमा बसोवास गर्ने सम्पूर्ण जनताहरुका हीतहरुमध्ये प्रतिनिधित्व नभएको हीतको उपेक्षा हुने संभावना रहन्छ । अतः मुलुकका सम्पूर्ण सार्वजनिक महत्वका विषयहरुमा अन्तिम निर्णयका लागि सबै हीतहरुको प्रतिनिधित्व हुनुपर्छ भन्ने मान्यता प्रबल हुँदै गइरहेको छ । समाजमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक एवं अन्य विभेद र असमानताको अन्त्य गर्न र लोकतन्त्रलाई सुदृढ बनाउन महिला, दलित, आदिवासी, जनजाति, अल्पसंख्यक समुदाय, पिछडिएका क्षेत्रका बासिन्दाहरुको समानुपातिक प्रतिनिधित्वको अपरिहार्यता रहन्छ । ती वर्ग र समुदायको सामाजिक न्याय र समताको सुनिश्चितताका लागि तिनीहरुलाई राज्यका नीति निर्माण तहमा प्रतिनिधित्व नगराई मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक एवं राजनीतिक उन्नति र समृद्धि हासिल हुँदैन् भन्ने मान्यताले प्रतिनिधित्वको सवाललाई झन् उजागर गरेको छ । त्यसैले जे.एस.मिल भन्छन्-

---

17 *जे.सी.जौहारी, तुलनात्मक राजनीति (नयाँ दिल्ली : स्टर्लिग पब्लिशर्ज प्रा.ली., सन् १९८०) पृष्ठ ४८९*

18 *डा.बीनबहादुर सिंह ओली र श्रीमति राधा शाह, राजनीतिशास्त्रको सिद्धान्त (दाङ्ग : रुपेश एण्ड प्रवेश, २०६१) पृष्ठ १३१*

*'लोकतन्त्रमा असन्तुलित ढंगले होइन, समानुपातिक ढंगले वा जसको जति हैसियत छ, त्यसैको आधारमा प्रतिनिधित्व हुनुपर्छ ।'* [19]

डा.परमात्मा शरण र सी.एम. सरस्वतीका अनुसार प्रतिनिधिमूलक शासन (Representative Government) को सफल संचालनका लागि विशेषतः संसदमा जनताका सबै वर्गको उचित प्रतिनिधित्व, संसदमा संसद सदस्यहरुबीच विभिन्न विषयमा खुला बहस भै ऐन कानून निर्माण र सरकारले संसदबाट बनेका नियम कानूनहरुको पालना गर्नुपर्छ । संसदलाई संसदीय विशेषाधिकार हुनुपर्छ । संसदीय कार्यवाहीमा सरकारी हस्तक्षेप हुनुहुँदैन ।

*"लोकतान्त्रिक शासन पद्धतिको अर्थ बहुमतको शासन भएतापनि यसको अर्थ अल्पमतलाई दबाउने भन्ने कदापी होइन । ..उपयुक्त प्रतिनिधित्व नभएको सरकारको शासनमा असमानता र विशेषाधिकारको शासन हुनेछ जुन लोकतन्त्रको सिद्धान्तको विरुद्ध रहन्छ । ....लोकतान्त्रिक शासनको मुख्य कडी समता नै हो ।'*[20] 'अल्पसंख्यक' शब्दको परिभाषा गर्ने कार्य कठिन छ तथापी *'जातीय, भाषिक, धार्मिक आदि विशेषतायुक्त शासनसत्तामा नरहेको र बहुमत भन्दा भिन्न समूहलाई अल्पसंख्यक मान्नुपर्छ ।*[21] मुलुकका महिला, दलित, आदिवासी, जनजाति, पिछडिएको क्षेत्रका जनताको प्रतिनिधित्व विना उनीहरुलाई देशको मूल धारमा समाहित गर्न सकिंदैन । राज्यको राजकीय र सार्वजनिक मामलामा सम्पूर्ण वर्ग, पेशा, तह, क्षेत्रका समुदायलाई हिस्सेदार बनाई नीति निर्माण र कार्यान्वयनमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गराउने सम्बन्धमा विश्वमा भएका विभिन्न प्रयोग र अभ्यास फलदायी सावित भएका छन् । *"यस्तोखाले लोकतन्त्रको केही भ्रुणहरु प्राचीन स्विट्जरल्याण्ड र मुक्तिपछिको अमेरिकामा देखा परेको... । सन् १९४७ मा भएको गृहयद्ध र प्रतिनिधिहरुको सम्मेलन बहिष्कारपछि विभिन्न जातीय र धार्मिक समुदायहरुबीच एकापसमा सम्झौता भएअनुरुप सत्ता साझेदारी, समानुपातिक प्रतिनिधित्व र सहमतीय शासनको व्यवस्थासहित क्यान्टनल स्वायत्तता दिइयो । ..स्विट्जरल्याण्डले त्यसकै आधारमा देशको विभाजन बचाउन सक्यो । त्यसयता बहुजातीय तथा बहुसांस्कृतिक मुलुकहरुले विविधरुपमा समावेशी लोकतन्त्रको ढाँचालाई लागू गरेका छन् । आज रुस, चीन, भारत, अमेरिका, क्यानाडा, ब्राजिल, बेल्जियम, स्पेन, फिनल्याण्ड, न्युजिल्याण्ड, दक्षिण अफ्रिका, मलेसिया, कोमोरस, नाइजेरिया आदि देशहरुमा समावेशी*

---

[19] ***k"j{jt*** *kfb\ 1, पृष्ठ ४०५*

[7] ***पूर्ववत*** *पाद् ४, पृष्ठ ४९९-५००*

*8 P]=P]=*

*लोकतन्त्र रहेको छ ।"* [22] स्विट्जरल्याण्डमा एकातिर, स्विस संघीय सभाको माथिल्लो सदन राज्य परिषद्मा संघका सबै एकाइबाट प्रतिनिधित्वको व्यवस्था गरिएको छ भने अर्कोतिर, क्षेत्रीय र भाषागत आधारमा विभिन्न क्यान्टनको प्रतिनिधित्व हुने र सामूहिक नेतृत्व गर्ने गरी ७ सदस्यीय संघीय परिषद्रुपी बहुल कार्यपालिका रहेको छ । *'यो विश्वको अनौठो देशको अनौठो संस्थाको रुपमा रहेको छ ।'*[23] *"संघीय परिषद्का सदस्यहरु ठूला क्यान्टनहरु जुरिच, वर्न र भाउडको प्रतिनिधित्व हुने गरी विभिन्न क्यान्टनहरुबाट आउँछन् । परिषद्मा जर्मन, फ्रेन्च, इटालियन भाषा भाषी क्यान्टनहरुको प्रतिनिधित्वलाई पनि सुनिश्चित गरिएको छ ।"*[24] राष्ट्रपति क्रिश्चियन भए प्रधानमन्त्री मुसलमान र प्रधानमन्त्री क्रिश्चियन भए राष्ट्रपति मुसलमान हुने लेवनान, दुई राष्ट्रपति हुने मुलुक सानमारिनोको शासन संचालनमा रहेको प्रचलन र हालै नेपालमा जनआन्दोलन दुईपछि विस्तृत शान्ति संझौता भई राजनीतिक-आर्थिक-सामाजिक रुपान्तरण र द्वन्द्व व्यवस्थापनका लागि समानुपातिक प्रतिनिधित्वका आधारमा भएको संविधानसभाको गठनलाई पनि प्रतिनिधित्वका ज्वलन्त उदाहरण मान्न सकिन्छ ।

*"आज विश्वमा जुनजुन देशमा गैरसमावेशी प्रकृतिका प्रजातन्त्र आए,....त्यस्ता देशहरुमा जातीय विद्रोह भैरहेका छन् । अफगानिस्तान, कम्पुचिया, उगान्डा, रुवाण्डालगायतका देशहरुमा यस्ता समस्याहरु छन् । ....त्यसैले संयुक्त राष्ट्रसंघ, यु.एन.डि.पी.लगायतका विश्व संस्थाहरुले वर्तमान विविधतायुक्त समाजमा सामुदायिक समावेशीकरण हुनु पर्ने कुरामा जोड दिएका छन् ।"*[25] प्रतिनिधिमूलक प्रजातन्त्रमा प्रतिनिधित्वलाई सार्थक बनाउन राजनीतिक बहुलवाद, आवधिक निर्वाचन, नागरिक स्वतन्त्रताको सम्मान, संवैधानिक सर्वोच्चता र कानूनी शासनको पूर्ण प्रत्याभूति हुनुपर्छ । प्रतिनिधित्वलाई समय सान्दिर्भिक, न्यायोचित, बैज्ञानिक र व्यवस्थित बनाउन विभिन्न निर्वाचन प्रणालीहरुको विकास, प्रयोग र अभ्यास गरिएको पाइन्छ ।

---

22 *सीताराम तामाङ्ग (सम्पादक), नेपालको सन्दर्भमा राज्यको पुनःसंरचना (काठमाडौं : सामना प्रकाशन नेपाल, २०६३) पृष्ठ ११*

23 *हरिकृष्ण श्रेष्ठ, विश्वका प्रमुख संविधानहरु (काठमाडौं : पैरवी प्रकाशन, २०६४), पृष्ठ १५६*

24 *प्रा.डा.रामकुमार दाहाल, तुलनात्मक सरकार र राजनीति (काठमाडौं : दीक्षान्त प्रकाशन, २०६३), पृष्ठ २८५*

25 ***पूर्ववत** पाद् ९, पृष्ठ ११*

## २.२. निर्वाचन

निर्वाचन जनताको मताधिकार सुरक्षित गर्ने प्रजातन्त्रको महत्वपूर्ण औजार हो । 'प्रा.डा.वीरेन्द्रप्रसाद मिश्र समेत'ले लेखेको 'संविधानसभाको संरचना र निर्वाचन पद्धति' नामक पुस्तकमा उल्लेख गरे अनुसार निर्वाचन आधुनिक लोकतान्त्रिक समाजको केन्द्रीय अङ्ग हुनाका साथै जनताको सार्वभौम शक्ति प्रतिनिधि उपर हस्तान्तरण गर्ने निर्णय प्रकृया पनि हो । मतदानका माध्यमबाट '*मतदाताले आफ्नो प्रतिनिधि छनौट गर्ने प्रकृया नै निर्वाचन हो ।*'[26] "*प्रजातान्त्रिक मुलुकको विधायिकामा प्रतिनिधित्व गर्ने व्यक्ति वा व्यक्तिहरुलाई त्यसै मुलुकका आम बालिग जनताले मतदानद्वारा चुन्ने काम, कुनै काम वा पदका लागि मतदान गरेर चाहे अनुसारको व्यक्ति छान्ने काम, चुनाउ नै निर्वाचन हो ।*"[27] "*निर्वाचन भनेको जनताद्धारा निर्वाचित प्रतिनिधिहरुको विधायिकामा प्रतिनिधित्व गराउन गराइने चुनाउ, कुनै काम वा पदका लागि मतदान गरेर आवश्यक व्यक्तिलाई छनौट गर्ने काम, भए भरकाबाट ठीक, बेठीक छुट्याई गरिने छनौट, विवेचना हो ।*"[28] **वसन्तकुमार शर्मा, नेपाली शब्दसागर (काठमाण्डौ : भाभा पुस्तक भण्डार, २०५७) पृष्ठ ७५३** "*विशेषतः मतदानद्धारा व्यक्ति तथा व्यक्तिहरुको समूहलाई कुनै राजनीतिक पदका लागि छनोट गरिने प्रकृया नै निर्वाचन हो ।*"[29] "*निर्वाचनले आवश्यकता अनुसार शासनमा निरन्तरता र परिवर्तन ल्याउने काम गर्छ ।*"[30] निर्वाचनले जनता नै सरकारका मालिक हुन् भन्ने कुराको बोध गराउँछ । शासकीय प्रणालीमा जनचाहनाको प्रतिनिधित्व गराउने माध्यम निर्वाचन हो । यसले जनसहभागिता वृद्धि गराउँछ । "*संवैधानिक रुपमा संस्थागत गरिएका सहभागितामध्ये निर्वाचन सबैभन्दा व्यापक र जन-पहुँचमा रहेको सहभागिता हो ।*"[31] यसले जनतालाई समाज, संस्कृति, राजनीतिलगायत देशको समग्र विकासका पक्षहरुप्रति जागरुक बनाउँछ । यसले शान्तिपूर्ण सत्ता हस्तान्तरणमा सहयोग पुऱ्याउँछ । निर्वाचनलाई राजनीतिक प्रणालीको वैधताको स्रोत मानिन्छ । "*शासितहरुको सहमतिमा मात्र शासन संचालन गर्ने परिपाटीको निर्माणले 'निर्वाचन' शासनको वैधता पुष्ट्याईं गर्ने महत्वपूर्ण*

---

[26] *निर्वाचन सम्बन्धी जानकारी पुस्तिका (काठमाडौं : निर्वाचन आयोग, २०५७ फागुन), पृष्ठ ८*

[27] *बृहत नेपाली शब्दकोष (काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान, २०५५), पृष्ठ ७४१*

[28] *वसन्तकुमार शर्मा, नेपाली शब्दसागर (काठमाण्डौ : भाभा पुस्तक भण्डार, २०५७) पृष्ठ ७५३*

[29] *The process of choosing a person or a group of people for a , especially a political poisition, by voting. (Oxford Advanced Lerner's Dictionary of Current English -New York Oxford university press, 2005) Page 492*

[30] ***पूर्ववत** पाद् २, पृष्ठ ११३*

[31] ***पूर्ववत** पाद् २, पृष्ठ ११५*

*आधार बन्दै आएको छ ।"*[32] निर्वाचनले शासक र समाज, ठालु र जनता तथा व्यक्ति र सरकारबीच पुलको कार्य गर्दछ । यसले व्यवस्थामा जवाफदेही भावनाको सृजना गराउँदछ । निर्वाचनका माध्यमले मतदाताले कुनै खास राजनीतिक दललाई पुरस्कृत वा सजाय गर्न सक्दछन् । *"निर्वाचनका माध्यमबाट नै सरकारलाई जनादेश दिने, सरकारी कामकाजको लेखाजोखा गर्ने, जनप्रतिनिधि चयन गर्ने जस्ता महत्वपूर्ण काम हुने गर्दछ ।"*[33] व्यवस्थालाई समाजको माग अनुकुल बनाउन र सत्तालाई वैधानिकीकरण गर्नका लागि आवधिक निर्वाचन अपरिहार्य छ । *"निर्वाचनका माध्यमबाट राजनीतिक समाजले प्रणाली सम्भार र अनुकुलन कार्य (System maintenance and Adaptation Function) सम्पन्न गर्छ ।"* [34] लोकतन्त्रको सुदृढिकरणका लागि स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचनको विकल्प छैन । *"निर्वाचनले राजनीतिक शक्तिमाथि जायज नियन्त्रण र अंकुश लगाउँछ । यसले जनअधिकार, मानव अधिकार, कानूनी राज्य, प्रतिपक्षको अधिकार र प्रतिपक्षले पनि सरकार बनाउन पाउने अधिकारको समेत रक्षा र संरक्षण गर्दछ ।"*[35] स्वच्छ, स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि निर्वाचन प्रकृयामा मतदाताको मौलिक अधिकार र स्वतन्त्रताको सम्मान हुनुपर्छ । मतदाताले निर्वाचन प्रणाली, मतदानको तरिकाबारे जानकारी पाउनाका साथै गोप्य मतदानद्धारा मत दिन पाउनुपर्छ । नागरिक समाज, राजनीतिक दल आदिले निर्विघ्न आफ्ना विचार व्यक्त गर्न पाउनुपर्दछ । निर्वाचनमा खटिएका कर्मचारीको स्वतन्त्र भूमिका, निर्वाचन गराउने सरकारको तटस्थ भूमिका, सार्वजनिक संचार माध्यम र साधन स्रोतको प्रयोगले पनि निर्वाचनको निष्पक्षतामा प्रभाव पार्दछ । पर्यवेक्षकहरुबाट गरिने स्वतन्त्र पर्यवेक्षणले पनि निष्पक्ष निर्वाचनका लागि आधार तयार गर्दछ । *'निर्वाचनको मिति तोक्ने, मतदाता नामावली बनाउने, मतदान सम्पन्न गर्ने, मतगणना गर्ने, निर्वाचन सम्बन्धी विवाद समाधान गर्ने समेतका विषयवस्तुहरु निर्वाचन व्यवस्थाभित्र पर्छन् ।*[36] *'निर्वाचनका लागि आवश्यक शर्तहरुमध्ये मतदाता नामावली पहिलो शर्त हो र त्यसपछि राजनीतिक दलहरु, उम्मेदवारहरु हुन् । नेपालको वर्तमान परिस्थितिमा शान्तिपूर्ण वातावरणलाई पहिलो प्राथमिकतामा राखिएको छ । , नागरिकताको विवाद निरुपण, नयाँ पुस्तालाई मतदानको अवसर दिई*

---

32 *प्रा.डा.वीरेन्द्रप्रसाद मिश्र, तारानाथ दाहाल, भोलानाथ ढुङ्गाना, सञ्जीव घिमिरे, संविधानसभाको संरचना र निर्वाचन पद्धति (काठमाडौं : फ्रिडम फोरम, २०६३ असार), पृष्ठ ६४*

33 ***पूर्ववत*** *पाद् १३, पृष्ठ ८*

34 ***पूर्ववत*** *पाद् २, पृष्ठ ११४*

35 *ऐ.ऐ.*

36 ***पूर्ववत*** *पाद् १३, पृष्ठ ८*

*जिम्मेवारी बोध गराउने गरी उमेरको हद कायम गर्नु'* [37] आदि निर्वाचनका लागि अन्य आवश्यक शर्त हुन् ।

## २.२.१ निर्वाचन प्रणाली

निर्वाचनमा राजनीतिक दल वा उम्मेदवारले प्राप्त गरेको मतलाई उनीहरुले प्राप्त गर्ने स्थान (सीट)मा रुपान्तरण गर्ने पद्धति नै निर्वाचन प्रणाली हो । *"निर्वाचन प्रणाली त्यस्तो संयन्त्र हो जसले नागरिकका प्राथमिकता तथा चाहनालाई निर्वाचनमा खसेको मतका आधारमा निर्वाचन एकाई/दलहरुले हासिल गरेका स्थानमा रुपान्तरण गर्छ ।"*[38] *"दीगो प्रजातन्त्र र मौलिक अधिकारको प्रत्याभूति एवम् उपयोगका लागि निर्वाचन प्रणालीको छनौट एक महत्वपूर्ण संस्थागत निर्णय हो ।"*[39] मुलुकको आवश्यकता, वस्तुस्थिति, सामाजिक प्रजातान्त्रिक बनोट, सामाजिक साँस्कृतिक अवस्था, जनताको चेतनास्तर, जनसंख्याको बनोट तथा संरचना, शासकीय प्रणाली र जनचाहना आदिका आधारमा मुलुकले निर्वाचन प्रणाली अंगिकार गर्दछन् । *"निर्वाचन प्रणाली लोकतान्त्रिक व्यवस्थाको एक महत्वपूर्ण मापदण्ड मात्र नभई समग्र राजनीतिको लोकतान्त्रिक आधार हो ।"*[40] *"निर्वाचन प्रणालीको प्रमुख बिषय (core subject) प्रजातान्त्रिक सुदृढिकरण हो । यसले मुलुकको सामाजिक, आर्थिक, राजनीतिक विकासमा गहिरो प्रभाव पार्दछ । एक पटक छनोट गरेको निर्वाचन प्रणाली लामो समय रहिरहने हुँदा यसको छनोट गहन, गम्भीर र जटिल विषय हो ।"*[41] यसरी हेर्दा निर्वाचन प्रणालीमा मतदाताको पहुँच र अर्थपूर्ण निर्वाचन, प्रतिनिधित्वको जवाफदेहिता, राजनैतिक दलको उत्साह वृद्धि, प्रतिपक्षको सशक्त भूमिका आदि तत्वहरु विद्यमान हुनु पर्दछ । *"निर्वाचनको सर्वमान्य अन्तर्राष्ट्रिय मापदण्ड अन्तर्गत मतपत्रको गोपनियता, बल प्रयोगबाट मुक्त, बालिग मताधिकारको प्रत्याभूति गर्न स्वतन्त्र, निष्पक्ष र आवधिक निर्वाचन, महिला पुरुषको समानता, अल्पसंख्यकहरुको अधिकार, अशक्त र अपाङ्गको विशेष अधिकार, एक व्यक्ति एक मतको सिद्धान्त आदिलाई पनि*

---

[37] ***पूर्ववत*** *पाद् १९, पृष्ठ ७४*

[25] *ऐ.ऐ., पृष्ठ ६४*

[26] *डा.अयोधीप्रसाद यादव, निर्वाचन प्रणालीको संक्षिप्त रुपरेखा (नेपालको सन्दर्भ) (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६५), पृष्ठ १*

[27] ***पूर्ववत*** *पाद् १९, पृष्ठ ६४*

[28] ***पूर्ववत*** *पाद् २६, पृष्ठ १*

*निर्वाचन प्रणालीले समेट्नु पर्दछ ।"*[42] *"निर्वाचन पद्धति र प्रक्रिया जति सरल, स्वच्छ, धाँधलीरहित, निष्पक्ष हुन पुग्यो त्यति नै राजनीतिक प्रणाली पनि स्वच्छ र प्रतिनिधिमूलक हुन्छ ।"*[43]

## २.२.२ निर्वाचन प्रणालीका प्रकार

अनेकौं प्रयोग, अनुसन्धान र चिन्तनका कारण आज विश्वमा विभिन्न प्रकारका निर्वाचन प्रणालीहरु प्रतिपादित भएका छन् । निर्वाचन प्रणालीमा असंख्य विभिन्नता छन् । तीमध्ये विश्वमा मुख्यतयाः बहुमत प्रणाली, समानुपातिक निर्वाचन प्रणाली र मिश्रित निर्वाचन प्रणाली प्रचलनमा पाइन्छन् । अन्य प्रणालीहरुमा एकल असंक्रमणीय मत, सीमित मत, प्राथमिकता गणना आदि प्रचलनमा रहेका छन् । अध्ययन सहजताका लागि निर्वाचन प्रणाली परिवारलाई निम्न तालिकाबाट हेर्न सकिन्छ ।

तालिकाः २.१

**विश्वमा प्रचलित निर्वाचन प्रणाली परिवार**

| बढीमत/बहुमत प्रणाली | समानुपातिक प्रणाली | मिश्रित प्रणाली | अन्य प्रणाली |
|---|---|---|---|
| १. पहिलो हुने निर्वाचित हुने प्रणाली | १.सूची समानुपातिक प्रणाली | १.समानान्तर प्रणाली | १. सीमित मत प्रणाली |
| २. दुई चरण प्रणाली | | | २. प्राथमिकता गणना प्रणाली |
| ३. वैकल्पिक मत प्रणाली | २.एकल संक्रमणीय मत प्रणाली | २.मिश्रितसदस्य समानुपातिक प्रणाली | |
| ४. एकमुष्ट मत प्रणाली | | | ३. एकल असंक्रमणीय मत प्रणाली |
| ५.दलगत एकमुष्ट मतप्रणाली | | | |

स्रोत : अन्तर्राष्ट्रिय आईडीईए, २००६, निर्वाचन प्रणाली प्रारुप अन्तर्राष्ट्रिय आईडीईएको नयाँ हातेपुस्तक (नेपाली अनुवाद), इनेब्लिङ स्टेट प्रोग्राम, ललितपुर

[42] *ऐ.ऐ., पृष्ठ ४*

*३० **पूर्ववत** पाद् १९, पृष्ठ ४०१*

### (क) बहुमत/बढीमत प्रणाली

बढी मत ल्याउने उम्मेदवार/दल/निर्वाचन इकाई विजयी हुने प्रणालीलाई बहुमत/बढीमत प्रणाली भनिन्छ । *"एक सदस्यीय निर्वाचन क्षेत्रमा जसले बढी मत ल्याउँछ उसले जित्छ । यो बढी भनेको पूर्ण बहुमत (Absolute majority) होइन, सापेक्षिक बहुमत (Relative majority) मात्रै हो ।"*[44] यो प्रणाली सरल भएकोले मतगणना पछि सबैभन्दा बढी मत ल्याउने उम्मेदवारलाई विजयी घोषणा गर्न सकिन्छ । बहुमत / बढीमत प्रणालीलाई मुख्यतयाः पहिलो हुने निर्वाचित हुने प्रणाली ( Frist Past the Post System : FPTP), दुई चरण प्रणाली (Two Round System : TRS), एकमुष्ट मत प्रणाली (block Vote : BV), दलगत एकमुष्ट प्रणाली (Party Block Vote : PBV) र वैकल्पिक मत (Alternative Vote : AV) प्रणालीमा विभाजन गर्न सकिन्छ ।

पहिलो हुने निर्वाचित हुने प्रणाली (Frist Past the Post System : FPTP) लाई सापेक्षिक बहुमत प्रणाली (Relative majority) पनि भन्न सकिन्छ । यस प्रणालीमा निर्वाचनमा भाग लिएका उम्मेदवारहरुमध्ये सबैभन्दा बढी मत ल्याउने उम्मेदवार विजयी हुन्छ । यसमा एक व्यक्ति एक मतको आधारमा मतदाताले उम्मेदवारहरुमध्ये आफूले योग्य ठानेका उम्मेदवारलाई मत प्रदान गर्दछन् । विश्वका धेरै जसो मुलुकहरुमा यही निर्वाचन प्रणाली प्रयोगमा रहेको छ । उम्मेदवार केन्द्रीत मतदान प्रणाली भएकाले यस प्रणालीमा मतदाता र उम्मेदवारबीच प्रत्यक्ष्य सम्बन्ध स्थापित हुन्छ । *"मतदाताले दल वा एकाईलाई भन्दा उम्मेदवारलाई जोड दिई मतदान गर्दछन् ।"*[45] यसमा एकल सदस्यीय निर्वाचन क्षेत्र हुन्छ । बढी मत ल्याउने उम्मेदवार विजयी हुने हुँदा कहिलेकाहिं जमानत जफत हुने उम्मेदवार पनि विजयी हुन सक्दछ । *"यसले ठूला पार्टीलाई संसदमा अरु बलियो बनाई दिन्छ र साना पार्टीलाई कमजोर बनाई दिन्छ ।"*[46] प्रतिनिधित्व गर्ने व्यक्ति (विजयी उम्मेदवार) मतदाताप्रति सिधै उत्तरदायी हुन्छ । विकसित मुलुकमा उम्मेदवार वा पार्टीको कार्यक्रमलाई मूल्याङ्कन गरेर मतदान गर्ने गरेको पाइन्छ भन्ने अविकसित मुलुकमा उम्मेदवारको पहुँच, शक्ति र खर्चले समेत प्रभाव पारेको पाइन्छ । "*बेलायतबाट प्रारम्भ भएको यो वेस्टमिनिस्टर मोडल हाल अमेरिका, भारत लगायत विश्वका १९९ देशहरु (२००४) मध्ये ४७ देशहरु (२३.६0%)*

---

44 ***पूर्ववत*** *पाद् २, पृष्ठ १९५*

45 ***पूर्ववत*** *पाद् १९, पृष्ठ ६५*

३३ ***पूर्ववत*** *पाद् १, पृष्ठ ४०३*

*मा पाइन्छ ।"*[47] यो निर्वाचन प्रणालीको प्रयोग विशेषतः संसदीय व्यवस्था अवलम्बन गरेका मुलुकहरुमा लोकप्रिय रहेको पाइन्छ । "*यस्तो निर्वाचन प्रणाली अमेरिका, बेलायत जस्तो दुई बलिया पार्टी भएको मुलुकमा लोकप्रिय रहेको पाइन्छ ।"*[48] पार्टीको विखण्डन रोक्ने, द्विदलीय प्रणाली सम्बर्द्धन गर्ने, स्थिर सरकारलाई बढावा दिने, वैकल्पिक सरकारका लागि मार्ग प्रशस्त गर्ने, उम्मेदवारका व्यक्तिगत गुणको मूल्यांकन हुने आदि फाइदा भएतापनि सामान्य बहुमतबाट जनताको वास्तविक प्रतिनिधित्व नहुने, अल्पमतको प्रतिनिधित्व नहुने, षड्यन्त्र गरेर भएपनि चुनाव जित्न खोज्ने प्रवृत्ति बढ्ने आदि बेफाइदाका कारण यो प्रणालीको विकल्प खोज्न थालिएको छ ।

पहिलो हुने निर्वाचित हुने प्रणालीका दोष हटाउन फ्रान्स र यूरोपका केही मुलुकहरुबाट शुरु भएको दुई चरण प्रणाली (Two Round System : TRS) लाई पूर्ण बहुमत निर्वाचन प्रणाली (Absolute Majority System) पनि भन्न सकिन्छ । यो प्रणाली अनुसार खसेको सदर मतको ५०% + १ मत प्राप्त गर्ने उम्मेदवार/दल/निर्वाचन इकाई विजयी हुन्छन् । एकै पटकमा ५०% + १ मत प्राप्त नभएमा दोस्रो चरणमा मतदान हुन्छ । यो प्रणाली अन्तर्गत पनि दुई वटा तरिका प्रमुख छन् । प्रथम तरिका, पहिलो चरणको निर्वाचनमा नामावलीमा नाम भएका मतदाताको १२.५ प्रतिशत भन्दा बढी मत प्राप्त गर्ने कुनै पनि उम्मेदवार दोस्रो चरणको निर्वाचनमा भाग लिन सक्दछ र दोस्रो चरणको निर्वाचनमा जुन उम्मेदवारले बढी मत प्राप्त गर्दछ, उसैलाई विजयी घोषणा गरिन्छ । दोस्रो तरिका, पहिलो चरणको निर्वाचनबाट सबैभन्दा बढी मत ल्याउने दुई उम्मेदवारहरुकाबीच सीधा प्रतिस्पर्धा हुँदा बढी मत ल्याउने उम्मेदवारलाई विजयी घोषणा गरिन्छ । "*विश्वका १९९ देशहरु (२००४) मध्ये २२ देशहरुले यो प्रणाली प्रयोग गरेका छन् । यो प्रणाली सेन्ट्रल अफ्रिकन गणतन्त्र, कंगो गणतन्त्र, फ्रान्स, क्युबा, हैटी, इरान, माली, टोंगो, कोरिया प्रजातान्त्रिक, भियतनाम, बहराइन, इजिप्ट, किरीबाटी, बेलारुस, कोमारोज आदि मुलुकमा पाइन्छ ।"*[49] विशेष गरेर राष्ट्रपतीय शासन प्रणाली अपनाएका मुलुकमा दुई चरण प्रणाली प्रचलनमा रहेको पाइन्छ । यस प्रणालीमा राष्ट्र प्रमुख वा सरकार प्रमुख सोझै जनताको मतबाट चयन नभई देशलाई विभिन्न भागमा विभाजित गरी त्यहाँका जनताले चयन गरेका निर्वाचन मण्डलले राष्ट्रपतिलाई

---

47 ***पूर्ववत*** *पाद् २६, पृष्ठ ६*
48 ***पूर्ववत*** *पाद् २, पृष्ठ १९६*
36 ***पूर्ववत*** *पाद् २६, पृष्ठ ८*

मत दिने व्यवस्था हुन्छ। पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका दोषबाट मुक्त भएतापनि यो प्रणाली बढी महंगो, मत गणना बढी समय लाग्ने, बहु उम्मेदवार प्रणालीमा लागू नहुने, साना दल तथा उम्मेदवारहरुको प्रतिनिधित्व नहुने, दोस्रो चरणमा प्रतिस्पर्धी उम्मेदवारबाहेकको विकल्प नरहने आदि अवगुणबाट मुक्त भने छैन्।

*"यो प्रणालीमा विभिन्न विकल्प प्रयोग गरी उम्मेदवारलाई प्राथमिकता क्रममा मत दिन सकिन्छ।"*[50] *"विश्वका १९९ देशहरु (२००४) मध्ये अष्ट्रेलिया, फिजी र पपुआ न्युगिनीमा बैकल्पिक मत (Alternative Vote : AV) प्रणाली प्रयोगमा रहेको छ।"*[51] यो प्रणालीमा मतदाताले राजनीतिक दललाई भन्दा उम्मेदवारलाई मतदान गर्छन्। मतदाताले मतपत्रमा छनौटको क्रम अनुसार १, २, ३ गरी एवम् रीतले सबै उम्मेदवारको क्रम तोक्दछन्। यसमा पहिलो प्राथमिकताक्रमको ५०% + १ मत प्राप्त गर्ने उम्मेदवार/दल/निर्वाचन इकाई विजयी हुन्छ। पहिलो प्राथमिकताक्रमको पूर्ण बहुमत कुनै उम्मेदवारले प्राप्त गर्न नसकेमा सबभन्दा कम मत प्राप्त गर्ने उम्मेदवार हटाइन्छ र निजले प्राप्त गरेको मतमा उल्लेखित दोस्रो प्राथमिकताको उम्मेदवारलाई सो मत प्राप्त हुन्छ। कुनै उम्मेदवारले पूर्ण बहुमत प्राप्त नगर्दासम्म मतगणना गरिन्छ।

*"एकमुष्टमत (Block Vote : BV) प्रणालीमा बहु सदस्यीय निर्वाचन क्षेत्रका लागि निर्वाचित हुने जत्तिकै संख्यामा मतदाताले मतदान गर्न पाउँछन्।"*[52] *"मतदाताले चाहे अनुसार घटी बढी मतदान गर्न सक्दछन्।"*[53] *"यसमा कुल मतको सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारहरु विजयी हुन्छन्। सामान्यतयाः कमजोर राजनीतिक दल भएका वा दलहरु नभएका मुलुकमा यो प्रणालीको प्रयोग हुन्छ। सन् २००४ सम्ममा केम्यान द्वीप, फकल्याण्ड द्वीपहरु, गुएनर्सी, कुवेत, लावस, लेबनान, मालदिभ्स, प्यालेस्टाइन, सिरियाली अरब गणतन्त्र, टोंगा तथा तुमालु (११ देश) सबैले एकमुष्ट निर्वाचन प्रणाली प्रयोग गरेका छन्।"*[54] *"दलगत एकमुष्ट मत (Party Block Vote:PBV) बहुसदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग गरिने बहुमत प्रणाली हो जसमा मतदातालाई एक मात्र मत*

---

50 *__पूर्ववत__ पाद् १९, पृष्ठ ६६*
*३८ __पूर्ववत__ पाद् २६, पृष्ठ ८*
*३९ ऐ.ऐ. पृष्ठ ९*
*४० __पूर्ववत__ पाद् १९, पृष्ठ ६६*
*४१ __पूर्ववत__ पाद् २६, पृष्ठ ९*

*प्राप्त हुन्छ ।'*[55] *"मतदाताले व्यक्ति विशेषभन्दा दल केन्द्रीत मतदान गर्छन् । सबभन्दा बढी मत पाउने दलले निर्वाचन क्षेत्रका सम्पूर्ण स्थानमा विजय पाउँछ । यस प्रणाली अन्तर्गत विजयी हुनका लागि सम्पूर्ण मतको पूर्ण बहुमत पाउन आवश्यक छैन् । सन् २००४ सम्ममा चार मुलुकहरु क्यामरुन, चाड, जिवुटी र सिंगापुरमा यो प्रणाली प्रयोग गरिएको छ ।'*[56]

## (ख) समानुपातिक निर्वाचन प्रणाली

अल्पसंख्यक र अल्पमतको प्रतिनिधित्व गराउनका लागि भएको नविन खोजको परिणति नै समानुपातिक निर्वाचन प्रणाली (Proportional Representation : PR) हो । कुनै पनि राजनीतिक दलले प्राप्त गरेको मतको हिस्साको अनुपात बराबरको प्रतिनिधित्व सुनिश्चित हुने निर्वाचन प्रणाली नै समानुपातिक निर्वाचन प्रणाली हो । यस प्रणालीमा देशलाई एक निर्वाचन क्षेत्र मानी दलहरुलाई प्राप्त हुने देशभरिको समग्र मतको अनुपातमा प्रतिनिधित्व गराउने व्यवस्था हुन्छ । *"समानुपातिक प्रतिनिधित्व प्रणालीमा प्रतिनिधित्वलाई न्यायोचित बनाउन सबै वर्ग, दल, हित र समूहलाई उनीहरुले प्राप्त गरेको समर्थनको अनुपातमा प्रतिनिधित्व गराउने व्यवस्था रहन्छ ।'*[57] *"यस प्रणालीका प्रबल हिमायती जे.एस.मिलका अनुसार बहुसंख्यक वर्गलाई शासनको अधिकार छ भने अल्पसंख्यकलाई उनीहरुको आवाजको कदर होस् भन्ने समान अधिकार छ ।'*[58] *"समानुपातिकता, दलहरुले प्राप्त मतका साथै सामाजिक, साँस्कृतिक परिवेशका सन्दर्भमा समेत हेर्ने गरिन्छ ।'*[59] *"समानुपातिक निर्वाचन प्रणालीको शुरुवात १९औं शताब्दीको अन्त्यतिर भएको हो । यस प्रणालीको विकास बेल्जियमका Victtor D'Hondt ले गरेका हुन् ।'*[60] *"युरोपमा र बेलायतमा गरिने सामान्य बहुमत निर्वाचन पद्धतिको विकल्पको खोजीको रुपमा यो पद्धति अस्तित्वमा आएको हो ।'*[61] यो प्रणालीले संसदीय सीट र लोकप्रिय मतबीच तालमेल गराउँछ । सम्झौता र गठबन्धनलाई प्रश्रय दिंदै चुनावी विकृति रोक्दछ । उदीयमान शक्तिलाई राजनीतिमा समाहित गराउने कार्य समेत गर्दछ ।

---

55 ***पूर्ववत*** *पाद् १९, पृष्ठ ६६*

*४३* ***पूर्ववत*** *पाद् २६, पृष्ठ ९*

*४४ सी.बी.गेना, तुलनात्मक राजनीति एवं राजनीतिक संस्थाएँ (नयाँ दिल्ली : विकास पब्लिशिङ हाउस प्रा.लि., १९९४), पृष्ठ ९७१*

*४५* ***पूर्ववत*** *पाद् २, पृष्ठ ११८*

*४६* ***पूर्ववत*** *पाद् १९, पृष्ठ ६७*

47 ***पूर्ववत*** *पाद् २६, पृष्ठ १४*

48 ***पूर्ववत*** *पाद् १, पृष्ठ ४०४*

*"वेस्टमिनिस्टर प्रणालीमा निरपेक्ष ढङ्गको प्रतिस्पर्धा हुने हुँदा तल्लो वर्गका श्रमीकहरु र कम संख्यामा भएका जाति-जनजातिहरु निर्वाचित हुने सम्भावना एकदमै कम हुन्छ । ...त्यसैले आजभोली विश्वमा वेस्टमिनिस्टर निर्वाचन प्रणालीको ठाउँमा कुनै न कुनै रुपको समानुपातिक प्रतिनिधित्व प्रणाली चलाउन थालिएको छ ।"*[62] तथापी विकासोन्मुख मुलुकमा स्थिर सरकार र राजनीतिक स्थिरताको न्यून संभावना रहने, मतगणना झन्झटिलो हुने, विधायकहरु जनताप्रति नभई दलप्रति उत्तरदायी हुने जस्ता दोष भने यस प्रणालीमा पनि निहित छन् । यो प्रणालीलाई सूचीमा आधारित समानुपातिक प्रणाली र एकल संक्रमणिय मत प्रणालीमा विभाजन गर्न सकिन्छ ।

सूची प्रणालीमा राजनीतिक दलले उम्मेदवारको एकीकृत सूची निर्वाचन आयोगमा पेश गर्दछन् । मतदाताले दललाई मत दिन्छन् । समग्र मतको हिस्साको अनुपातमा सूचीमा रहेका उम्मेदवारहरु विजयी हुन्छन् । *"सूचीमा आधारित समानुपातिक प्रणालीले दलहरुलाई विभिन्न भाषिक, लिङ्ग, धार्मिक र जातजातिका उम्मेदवारहरुलाई स्थान दिन सहज बनाउँछ । यस्तो प्रणाली अपनाउने विश्वका करीब ७० मुलुकहरु छन् । त्यस्ता मुलुकहरुमा अल्जेरिया, अंगोला, बेल्जियम, बुल्गेरिया, चिली, साइप्रस, चेक गणतन्त्र, इक्वेडर, फिनल्याण्ड, ग्रिस, होण्डुरस, इजरायल, नर्वे, पेरु, श्रीलंका, स्विट्जरल्याण्ड, टर्की आदि अफ्रिकी १६, अमेरिकी १९, एसियाली ३, पूर्वी यूरोपियन १३, पश्चिमी यूरोपियन १५, ओसनिया र मध्यपूर्वका ४ राष्ट्र रहेका छन् ।"*[63] *"नेदरल्याण्ड, इजरायल आदि देशमा सम्पूर्ण देशलाई नै निर्वाचन क्षेत्र मानी सूची प्रकाशित गरिन्छ भने स्विट्जरल्याण्ड, फिनल्याण्ड आदि देशमा प्रान्तीय रुपमा सूची प्रकाशित गरिन्छ ।"*[64] पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीमा उम्मेदवार भएका व्यक्तिको नाम दलले उम्मेदवारको बन्द सूचीमा समावेश गर्न हुँदैन् । *"समानुपातिक निर्वाचन प्रणालीको सूचीमा समावेश गर्न पाइने छैन"*[65] भनी नेपालको कानूनमा स्पष्ट व्यवस्था गरिएको छ ।

सूची, खुला, बन्द र स्वतन्त्र गरी तीन प्रकारका हुन्छन् । खुला सूची (Open List)मा उम्मेदवारहरुको नाम सार्वजनिक गरिन्छ जसले गर्दा मतदाताले मन परेको दललाई मात्र नभई मन परेको उम्मेदवारलाई पनि मत दिन सक्दछन् । यस प्रणालीमा उम्मेदवार तथा दललाई दिने मत स्वेच्छिक हुन्छ । अधिकांश पश्चिमी यूरोपीयन मुलुकमा खुला सूची प्रयोग गरेको पाइन्छ । बन्द सूची

---

62 ***पूर्ववत*** *पाद् ९, पृष्ठ १९*

63 ***पूर्ववत*** *पाद् २६, पृष्ठ १४*

64 ***पूर्ववत*** *पाद् ९, पृष्ठ २०*

65 *संविधानसभा सदस्य निर्वाचन पद्धति र प्रकृया (काठमाडौं : निर्वाचन आयोग, २०६४), पृष्ठ २*

(Closed List)को तात्पर्य सूचीमा रहेका उम्मेदवारहरुमध्ये निर्वाचित हुने क्रम राजनीतिक दल आफैले निर्धारण गर्दछन् । मतदाताले केबल दललाई मत मात्र दिन्छन् तर दलले निर्वाचन आयोगमा पेश गरेको उम्मेदवारको सूची भने परिवर्तन गर्न पाउँदैनन् । स्वतन्त्र सूची प्रणालीमा मतदाताले दल वा स्वतन्त्र जुनसुकै उम्मेदवारलाई पनि मत दिन पाउँछन् । यसमा मतदातालाई छनोटको पूर्ण स्वतन्त्रता रहन्छ । *"स्विट्जरल्याण्ड र लक्जम्बर्गमा जुनसुकै दलले प्रस्तुत गरेका सूचीमध्येबाट मतदाताले मतदान गर्न पाउँछन् । ...इजरायल र जर्मनमा भने कुनै एक दलले पेश गरेको सूचीमा मतदान गर्नुपर्छ । यहाँ विधानमण्डलमा रहने सदस्यको छनोट गर्ने अधिकार मतदातालाई नभई दललाई हुने मान्यता राखिन्छ । त्यस्तै इटालीमा सूचीको प्राथमिकताक्रमलाई मान्यता प्रदान गरिन्छ ।"*[66]

एकलसंक्रमणीय मत प्रणाली (Single Transferable Vote : STV) मा मतदाताले एउटै मतमा प्राथमिकता समेत तोकी धेरै सदस्यलाई मत दिन्छन् । मतगणना गर्दा विजयी हुन आवश्यक भन्दा बढी मत दोस्रो प्राथकिता पाउने उम्मेदवारलाई सर्दै जान्छ । यो क्रम आवश्यक उम्मेदवार विजयी नहुँदासम्म चलिरहन्छ । यस प्रणालीमा कूल सदर मतलाई कूल जोड एकले भाग गरी हुन आउने संख्या नै विजयी हुन आवश्यक मत संख्या हो । अतः कोटा (आवश्यक मत) = मत संख्या/सीट संख्या + १ हुन आउँछ ।

एकलसंक्रमणीय मत प्रणालीका सिद्धान्तहरु बेलायतका थोमस हेयर र डेनमार्कका कार्ल आन्ड्रले छुट्टाछुट्टै रुपमा १९ औं शताब्दीमा पत्ता लगाएका हुन् । यसको प्रयोग सन् १९२१ मा आयरल्याण्डमा भएयता केही मुलुकको विधायिकाको निर्वाचनमा समेत प्रयोग भएको छ । *"पहिलो, दोस्रो, तेस्रो प्राथमिकतामध्ये पहिलामा उम्मेदवारले प्राप्त गरेको मत थ्रेसहोल्ड नाघेमा विजयी घोषित गरिन्छ । पहिलो प्राथमिकताको उम्मेदवारले प्राप्त गरेको मतले थ्रेसहोल्ड पार गरेपछि बाँकी रहेको उसको मत दोस्रो प्राथमिकतामा परेको उम्मेदवारलाई हस्तान्तरण गर्दै गएर थ्रेसहोल्ड पार गराई सीट प्राप्त गर्ने तरिका हो । यसमा थ्रेसहोल्ड भन्दा मुनिको शेषमत भने खेर जान्छ । यो प्रणाली अष्ट्रेलियाको सिनेट, आयरल्याण्ड, र माल्टामा प्रयोग गरिएको छ ।"*[67] नेपालमा यस प्रणालीको प्रयोग तत्कालीन राष्ट्रिय सभाको निर्वाचन र प्राध्यापक संगठनहरुको निर्वाचनमा भएको

---

66 *ओम प्रकाश गाबा, राजनीतिक सिद्धान्तकी रुपरेखा (नयाँ दिल्ली : मयूर पेपर बक्स, २००४) पृष्ठ २५१*

67 *चन्द्रकान्त ज्ञवाली, कान्तिपुर (काठमाडौं : कान्तिपुर पब्लिकेसन्स प्रा.लि), २०६४ कात्तिक १५*

छ । *"यो जटिल प्रक्रियाको पद्धति भएकोले धेरै मतदाता र विकसित प्रविधि भएका मुलुकहरुमा मात्र सम्भव हुन्छ ।"*[68]

## (ग) मिश्रित निर्वाचन प्रणाली

बहुमत प्रणाली र समानुपातिक प्रणालीका सकारात्मक पक्षलाई अंगिकार गरी तयार पारिएको निर्वाचन प्रणाली नै मिश्रित निर्वाचन प्रणाली हो । आदिवासी, जनजाती, पिछडिएका वर्ग वा क्षेत्रका सबै जनतालाई शासन संचालनमा समान अधिकार प्राप्त होस् भन्नका लागि बहुमत प्रणाली र समानुपातिक प्रणाली दुवैका राम्रा पक्ष यो प्रणालीमा समेट्न खोजेको पाइन्छ । यो प्रणालीलाई मिश्रित सदस्य समानुपातिक प्रणाली ( Mixed member proportional system ) र समानान्तर प्रणाली (Parallel system) गरी दुई भागमा बाँड्न सकिन्छ ।

मिश्रित सदस्य समानुपातिक प्रणाली (Mixed member proportional system) मा केही सीट बहुमत प्रणालीका आधारमा निर्वाचन गरिन्छ भने केही सीट समानुपातिक प्रतिनिधित्वका लागि छुट्याइन्छ । बहुमत निर्वाचनले पैदा गर्ने अमिल्दो अनुपातको क्षतिपूर्ति समानुपातिक निर्वाचनबाट दिने व्यवस्था हुन्छ । जस्तो १० प्रतिशत मत प्राप्त गर्ने दलले बहुमत निर्वाचनमा एक सीट पनि जित्न नसकेमा समानुपातिकतर्फबाट सो बराबरको सीट क्षतिपूर्ति स्वरुप दिइन्छ । *"जर्मन, इटाली, न्युजिल्याण्ड आदि देशमा यो निर्वाचन प्रणाली प्रचलित छ ।"*[69]

समानान्तर प्रणाली (Parallel system)मा बहुमत र समानुपातिक दुबैको छुट्टाछुट्टै प्रयोग हुन्छ र अमिल्दो अनुपातका लागि क्षतिपूर्ति दिंइदैन । स्थान वितरण गर्दा क्षेत्रगत रुपमा बहुमत प्रणालीबाट उम्मेदवार विजयी हुन्छन् भने पार्टीले प्राप्त गरेको मत प्रतिशतका आधारमा समानुपातिक प्रणालीबाट सीट वितरित हुन्छ । *"समानान्तर प्रणाली एउटा जटिल प्रणाली हो यद्यपी यस प्रणालीमा समावेशीकरण र अल्पसंख्यकहरुको प्रतिनिधित्व हुन्छ , कम मत खेर जान्छ र जवाफदेहिता कायम रहन्छ । विश्वमा १९९ मुलुकहरु मध्ये २१ मुलुकले समानान्तर प्रणाली प्रयोग गरेका छन् ।"*[70] नेपालमा हालै सम्पन्न संविधानसभा सदस्य निर्वाचन, २०६४ मा पनि यही प्रणाली

---

68 **पूर्ववत** *पाद् ९, पृष्ठ २०*

69 *ऐ.ऐ.*

70 **पूर्ववत** *पाद् २६, पृष्ठ १०*

प्रयोग गरिएको हो । यो प्रणाली अंगिकार गर्ने विश्वका अन्य मुलुकहरुमा अन्डोरा, अर्मेनिया, अजरबैजान, जर्जिया, जापान, पाकिस्तान, सेनेगल, थाइल्याण्ड, टिमोर युक्रेन आदि रहेका छन् ।

## (घ) अन्य प्रणालीहरु

बहुमत, समानुपातिक प्रतिनिधित्व तथा मिश्रित निर्वाचन प्रणालीका अतिरिक्त खास वर्गमा विशुद्ध रुपमा नपर्ने अरु थुप्रै निर्वाचन प्रणालीहरु विश्वका विभिन्न मुलुकमा प्रचलनमा रहेका छन् । ती प्रणालीहरुलाई संक्षेपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

### (अ) एकल असंक्रमणीय मत प्रणाली

यसमा मतदाताले बहुसदस्यीय निर्वाचन क्षेत्रमा एक जना उम्मेदवारलाई एक मत प्रदान गर्दछन् । *"यो प्रणाली पहिलो हुने निर्वाचित हुने प्रणालीको विपरित प्रणाली हो ।"*[71] *"मतदाताहरुले एक बहुसदस्यीय निर्वाचन क्षेत्रमा एक एकल मत मतदान गर्दछन् ।"*[72] एकल असंक्रमणीय मत प्रणालीमा '*कूल मतको सबभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारहरु विजयी हुन्छन् । यसमा उम्मेदवार केन्द्रीत मतदान प्रकृया हुने गर्दछ ।*'[73] *"वर्तमान समयमा अफगानिस्तान, जोर्डन, पिटवर्ग द्वीप तथा भानुआतुमा विधायकी निकायको निर्वाचन गर्नका लागि, इण्डोनेसिया तथा थाइल्याण्डको दोस्रो सदनको निर्वाचनका लागि र ताइवानी विधायिकाको २२५ स्थानमध्ये ४९ स्थानका लागि (बाँकी १७६ समानान्तर प्रणाली) प्रयोग गरिन्छ । यसको अत्यन्त राम्रो प्रयोग भने सन् १९४८ देखि १९९३ सम्म जापानको तल्लो सदनको निर्वाचनका लागि भएको थियो ।"*[74]

---

71 *ऐ.ऐ. पृष्ठ १८*
72 ***पूर्ववत*** *पाद् १९, पृष्ठ ६९*
73 *ऐ. ऐ.*
74 ***पूर्ववत*** *पाद् २६, पृष्ठ १९*

## (आ) सीमित मत प्रणाली

*"यो बहुसदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग भएको बहुमत प्रणाली हो ।"*[75] *"सीमित मत प्रणाली बहुसदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग भएको उम्मेदवार केन्द्रीत निर्वाचन प्रणाली हो जसमा मतदातालाई एकभन्दा बढी तर निर्वाचित हुने उम्मेदवारहरुभन्दा कम मत प्राप्त हुन्छ । कुल मतको सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारहरुले स्थान विजय गर्छन् ।"*[76] स्थानीय तहका निर्वाचनका लागि यो प्रणाली उपयोग गर्न सकिन्छ । *"यसको राष्ट्रियस्तरको प्रयोग भने जिब्राल्टर र स्पेनमा मात्र सीमित रहेको छ ।"*[77]

## (इ) प्राथमिकता गणना प्रणाली

यो *'एकल वा बहुसदस्यीय निर्वाचन क्षेत्रमा प्राथमिकता दिने उम्मेदवार केन्द्रीत'* [78] प्रणाली हो । यसमा *" मतदाताले मतपत्रमा आ-आफ्नो प्राथमिकता चिन्ह लगाउन संख्याको प्रयोग गर्ने गर्छन् र चिन्ह लगाएको प्रत्येक प्राथमिकतालाई समान कदम प्रयोग गर्ने मूल्य निर्धारण गरिन्छ । यी मूल्यहरुलाई गणना गरिन्छ र कूल मतको सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार वा उम्मेदवारहरु निर्वाचित भएको घोषणा गरिन्छ । प्रशान्त क्षेत्रको सानो मुलुक नाउरुले अपनाएको परिमार्जित प्राथमिकता गणनामा पहिलो प्राथमिकताको मूल्य एक, दोस्रो प्राथमिकताको मूल्य आधा, तेस्रो प्राथमिकताको मूल्य एक तिहाई हुन्छ र यसै गरी मूल्य निर्धारण हुँदै जान्छ । यी सबै प्राथमिकताको मूल्य जोडिन्छ र सबभन्दा बढी कूल मत पाउने उम्मेदवारहरुलाई विजयी घोषणा गरिन्छ ।"*[79] *"यसमा संख्या प्रयोगलाई मूल्य निर्धारण गरी गणना गरिन्छ ।'*[80]

---

[75] ***पूर्ववत*** *पाद् १९, पृष्ठ ६९*
[76] ***पूर्ववत*** *पाद् २६, पृष्ठ १९*
[77] *ऐ.ऐ.*
[78] ***पूर्ववत*** *पाद् १९, पृष्ठ ७०*
[79] ***पूर्ववत*** *पाद् २६, पृष्ठ १९*
[80] ***पूर्ववत*** *पाद् १९, पृष्ठ ७०*

## २.३ निर्वाचन प्रणाली निर्धारणमा ध्यान दिनु पर्ने कुराहरु

राजनीतिलाई संचालन गर्ने प्रमुख आधार निर्वाचन प्रणालीको छनौटसँग गाँसिएको हुन्छ । निर्वाचन प्रणाली शासकीय प्रतिनिधि छान्ने संयन्त्र मात्र नभई समाजमा विद्यमान द्वन्द्व व्यवस्थापनको औजार पनि हो । *“निर्वाचन प्रणालीको विश्वव्यापी, एकरुप र निरपेक्ष कार्यान्वयन एवं प्रतिफल भने सम्भव छैन ।.विभिन्न राष्ट्रको अनुभवबाट यसका केही समानतालाई आत्मसात् गरिएतापनि निर्वाचन प्रणाली तथा यसको प्रभाव त्यस मुलुकको ऐतिहासिक सामाजिक, साँस्कृतिक, राजनीतिक सन्दर्भ र लोकतन्त्रको परिपक्वताले निर्धारण गर्छ । निर्वाचन प्रणालीको छनौटले राष्ट्रको दूर राजनीतिक जीवनलाई समेत प्रभाव पार्छ ।”*[81] निर्वाचन प्रणालीको छनौटमा त्यस मुलुकको धार्मिक, जातीय, क्षेत्रीय, भाषिक, वैचारिक, वर्गीय दृष्टिकोण जस्ता तत्वहरुले प्रभाव पार्दछन् । *“एउटै निर्वाचन प्रणालीले राजनीतिक प्रणाली सम्बन्धी सबै समस्याको समाधान गर्न सक्दैन । सबै निर्वाचन प्रणालीका आ-आफ्ना गुण र दोष पनि हुन्छन् ।..तथापी निर्वाचन प्रणालीको सुधार र परिवर्तनमा सरकारको स्थायित्व (Government Stability), राजनीतिकर्मी र मतदाताबीच सम्बन्ध (Link between politiciaans and voters), अल्पमत र अल्पसंख्यकहरुको उचित समावेशीकरण (incorporation of minorities) आदि तत्वहरुलाई पनि ध्यान दिनुपर्छ ।”*[82] *“एउटै तरिका सर्वत्र योग्य (One–Size–Fits–All) भन्ने अवधारणा सधैं लागू नभएता पनि समाज अनुकुल र उत्तम निर्वाचन प्रणालीका लागि निम्न विषयमा ख्याल गरिनुपर्छ ।*

- *समाज कस्तो छ ? यो विभाजित छ छैन ?*
- *जातीय/साम्प्रदायिक विविधताले मतदान व्यवहारसँग सानिध्यता राख्छ कि राख्दैनन् ?*
- *विविध समूहहरु भौगोलिकरुपमा मिश्रित रहेका छन् वा फरक फरक अवस्थामा छन् ?*
- *मतदाताको साक्षरता, अंकको ज्ञान, राजनीतिक जागरुकता (Political Literacy) को स्तर कस्तो छ ? आदि ।”*[83] निर्वाचन प्रणालीको निर्धारणमा निम्न कुराहरु समेत ध्यान दिनु जरुरी छ ।
- निर्वाचन प्रणाली स्पष्ट र सरल हुनुपर्छ । मतदाताको शैक्षिकस्तर, सामाजिकीकरणको स्तर, राजनीतिक संस्कारको स्तरका आधारमा निर्वाचन प्रणाली निर्धारण गर्नुपर्छ ।

---

[81] **पूर्ववत** *पाद् १९, पृष्ठ ७०-७१*
[82] **पूर्ववत** *पाद् २६, पृष्ठ २३*
[83] **पूर्ववत** *पाद् १९, पृष्ठ ७१*

- ❖ सामाजिक विविधतायुक्त जीवन शैली र बढ्दो जनआकांक्षालाई पनि आत्मसात गर्नु पर्छ ।
- ❖ नागरिकको राजनीतिक चेतनाको स्तरलाई पनि ख्याल गर्नुपर्छ ।
- ❖ मतदाताले आफ्नो मत मूल्यवान रहेको महशुस गर्दै अधिकतम सन्तुष्टि प्राप्त गर्न सक्ने निर्वाचन प्रणाली अवलम्बन गर्नुपर्छ ।
- ❖ पार्टीहरुको अवस्थाको आंकलन भन्दा राष्ट्रिय दीर्घकालीन हीतलाई ध्यान दिई निर्वाचन प्रणालीको निर्धारण गर्नुपर्छ ।
- ❖ राज्यको प्रकृति, दलीय प्रणाली, संवैधानिक खाका, सरोकारवालाहरुबीचको सहमतिलाई पनि मध्यनजर गर्नुपर्छ ।

## २.४ मताधिकार

नेपाली बृहतशब्दकोषका अनुसार कुनै विषयका सम्बन्धमा सोची सम्झी प्रकट गरिने विचार, राय, सहमति, निर्वाचनमा कुनै व्यक्ति व्यवस्था वा पक्षलाई छान्नलाई दिइने सहमति, भोट आदिलाई मत भनिन्छ । *"आफूले रोजेको राजनीतिक दल र उम्मेदवारलाई स्वतन्त्र र गोप्य रुपमा मतदान गर्ने मतदाताको अधिकार नै मताधिकार हो । मताधिकार अन्तर्गत राजनीतिक दल तथा उम्मेदवारको घोषणापत्र एवं कार्यक्रमबारे जानकारी प्राप्त गर्ने, गलत तरिकाले मतदान हुन नदिने वातावरण बनाउने, निर्वाचन प्रकृयाबारे जानकारी पाउने आदि अधिकार सुरक्षित रहन्छन् ।"*[84] *"मतदानको अधिकार भन्नाले प्रचलित कानूनबमोजिम कुनै व्यक्तिले सम्बन्धित निर्वाचनमा मत दिन पाउने अधिकार सम्झनुपर्छ ।"*[85] शासन प्रणालीमा जनताले आफ्ना प्रतिनिधिहरु मार्फत सहभागिता जनाउने गर्दछन् । *"मताधिकारकै माध्यमबाट जनताले आफ्ना शासक रोज्दछन्, सार्वजनिक नीतिहरुमा आफ्नो नियन्त्रण स्थापित गर्छन् र शासन संचालनका निम्ति जनादेश (People's mandate) जारी गर्दछन् ।"*[86] राज्यको विशालता, जनसंख्याको अधिकता र राजनीतिक एवं आर्थिक जटीलताको कारणले जनताले मताधिकारको आधारमा आफ्ना प्रतिनिधि छनौट गर्दछन् । मताधिकारको सहि ढंगले प्रयोग हुनका लागि मतदाताले विभिन्न उम्मेदवारहरु विभिन्न राजनीतिक दलहरु, विभिन्न विचारधाराहरु र नीति-कार्यक्रममध्येबाट छनौटको अवसर पाउनुपर्छ । *"जति सुगम,*

[84] *संविधानसभा सदस्य निर्वाचनका विषयमा बरोबर सोधिने प्रश्न र सोको उत्तर (काठमाडौं : निर्वाचन आयोग, २०६४), पृष्ठ २३*

[85] *निर्वाचन (कसूर र सजाय) ऐन, २०६३ (काठमाडौं : निर्वाचन आयोग, २०६४ बैशाख), पृष्ठ २*

[86] ***पूर्ववत** पाद् २, पृष्ठ १९३*

*निर्भिक र भयमुक्त वातावरणमा जनताले आफ्नो मताधिकार प्रयोग गर्छन्, त्यति नै प्रजातन्त्रको प्रत्याभूति हुन्छ । मताधिकारको सोझो सम्बन्ध निर्वाचनसँग हुन्छ ।'*[87]

सार्वभौमसत्ता सबै शक्ति र अधिकारको स्रोत हो । ऐतिहासिकरुपमा सार्वभौमसत्ता राजामा रहेका मुलुकहरुमा राज्यको अधिकार राजाबाटै निःसृत हुन्थ्यो र मुलुकको संविधान लगायत ऐन कानूनको घोषणा, संशोधन र प्रतिस्थापन पनि राजाबाटै हुन्थ्यो तर आधुनिक मुलुकका मालिक जनता हुन् र मुलुक जनताको हो भन्ने मान्यता विकसित हुँदै आयो । अहिले राज्यको अधिकार जनताबाट निःसृत हुन्छ । त्यस्तो अधिकारको प्रयोगका लागि जनताले आफ्ना अन्य अधिकारका साथै मताधिकारको पनि उपयोग गर्दछन् । मतदाता वा निर्वाचक मण्डल (electorate) को प्रमुख कार्य प्रतिनिधि छनौट गर्नु हो । निर्वाचित प्रतिनिधिहरुबाट राज्यको विधायिकाको निर्माण हुन्छ । विधायिकाद्धारा सरकारको गठनका साथै राज्यका नियम कानून र नीति निर्माण गरिन्छ । यसरी अप्रत्यक्ष्यतवरले राज्यको कानून निर्माण र शासन संचालनमा आम मतदाताहरुको सहभागिता रहने गर्दछ । मताधिकारले नागरिकमा आत्मसम्मानका साथै राजनीतिक चेतना जागृत गराउँछ । मताधिकार सामाजिक उत्तरदायित्व पनि हो । प्रत्येक मुलुकमा आफ्ना नागरिकहरुलाई नै मताधिकार प्राप्त हुन्छ । यो राजनीतिक अधिकार हो ।

मताधिकारको उत्पत्ति र विकासका सम्बन्धमा विभिन्न सिद्धान्तहरु पाइन्छन् । *"ग्रीक, रोमन, जर्मनीका प्राचीन संगठनहरुमा जनजातीय आधारमा मताधिकार दिइन्थ्यो । ..यसलाई जनजातीय सिद्धान्त भन्न सकिन्छ ।....मध्यकालमा जब प्रतिनिधित्व प्रणालीको शुरुवात भयो, मताधिकार केवल विशेषाधिकारका रुपमा थियो किनकि मताधिकार धनी भूमिपतिहरुको वर्गलाई मात्र मिलेको थियो यसलाई सामन्ती सिद्धान्त भनिन्छ ।.....प्रत्येक नागरिकलाई मत दिने प्राकृतिक अधिकार रहने मान्यता स्थापित भयो, यसलाई प्राकृतिक अधिकारको सिद्धान्त भनिन्छ । ...पछि विकसित भएको कानूनी सिद्धान्त अनुसार निर्वाचक मण्डल शासनको एक अंग हो, जसको निर्माण र शक्ति राज्यको कानूनद्धारा निर्धारण हुन्छ । .....नैतिक सिद्धान्तका अनुसार शासन कार्यमा भाग लिने अधिकार प्राकृतिक अधिकार होइन ।'*[88] नैतिक सिद्धान्तबाट मतदाता नैतिकवान नागरिक समेत हुनु पर्ने कुरा उठ्न थाल्यो ।

---

87 *ऐ.ऐ.*

88 *डा. परमात्मा शरण र एम.सी. सरस्वती, तुलनात्मक राजनीति और शासन (मेरठ : मीनाक्षी प्रकाशन, १९९७), आठौं अध्याय, पृष्ठ ११८-११९*

मगज बिग्रेका, अपराधी, कम उमेरका मतदातालाई विश्वका प्रायशः मुलुकले मताधिकार दिएको पाइँदैन किनकी त्यस्ता मतदाताले उचित अनुचित पर्गेल्न सक्दैनन् भन्ने ठानिन्छ । विदेशीहरुको अर्कै मुलुकप्रति राष्ट्रभक्ति प्रकट हुने हुँदा मताधिकार नदिइएको हो । *"सामान्यतयाः मताधिकार वयस्कता, नागरिकता, बसोबास आदिका आधारमा प्रदान गरिन्छ । आधुनिक लोकतन्त्रमा सम्पत्ति, धर्म, शिक्षा, लिंग आदिका आधारमा नागरिकलाई मताधिकारबाट बंन्चित गर्न हुँदैन भन्ने मान्यता छ ।"*[89]

*"महिलालाई मताधिकार प्राप्त भएको इतिहास पनि त्यति लामो छैन् । सन् १९२० मा मात्र संयुक्त राज्य अमेरिकामा महिलालाई मताधिकार प्राप्त भएको हो । इंगल्याण्डमा सन् १९२८ मा र दोस्रो विश्वयुद्ध पछि फ्रान्सले महिलाहरुलाई मताधिकार दिएका हुन् ।"*[90] त्यस्तै स्विट्जरल्याण्डको संघीय सरकारले सन् १९७१ देखि महिलाहरुलाई मताधिकार प्रदान गऱ्यो ।

मताधिकार के कसरी दिनु पर्छ भन्ने सम्बन्धमा मताधिकारलाई मुख्यत दुई सिद्धान्तका आधारमा प्रस्तुत गरिएको पाइन्छ । पहिलो सीमित मताधिकारको सिद्धान्त र दोस्रो बालिग मताधिकारको सिद्धान्त । सीमिति मताधिकारको सिद्धान्तले मतको प्रयोग गर्ने क्षमता र योग्यता भएका व्यक्तिलाई मात्र मताधिकार दिइनु पर्दछ भन्ने मान्यता राख्दछ । यस सिद्धान्तले मताधिकारलाई जन्मजात अधिकार नभई राज्यद्वारा प्रदत्त अधिकारको रुपमा लिने गर्छ । धनहीन, अयोग्य, अशिक्षित र दरिद्रहरुले मताधिकारको दुरुपयोग गर्छन् भन्ने मान्यता राख्दछ । यसले उमेरको शर्त मात्र नभई राज्यले तोकेका विभिन्न योग्यता र शर्तहरु पुरा गर्ने क्षमता भएका नागरिकहरुलाई मात्र मताधिकार दिनु पर्ने मान्यता राख्दछ । *"त्यसैले गार्नर भन्दछन् - 'मताधिकार राज्यले राष्ट्रिय हीतका पक्षमा लाग्न योग्य नागरिकहरुलाई प्रदान गरेको कर्तव्य हो, यो सबै नागरिकलाई प्राप्त हुने नैसर्गिक अधिकार होइन्' । अत जे.एस.मील भन्दछन् - 'सबै नागरिकलाई मताधिकार दिनु पूर्व सार्वजनिक शिक्षाको व्यवस्था गर्नुपर्छ' ।"*[91]

त्यस्तै बालिग मताधिकारको सिद्धान्तले मताधिकारलाई व्यक्तिको जन्मसिद्ध अधिकारको रुपमा हेर्दछ । राज्यले प्रत्येक वयस्क नागरिकलाई विना भेदभाव मताधिकारको अधिकार प्रदान गर्दछ । यस सिद्धान्तले गैर नागरिक ,अल्प वयस्क, कठोर अपराधी, मगज बिग्रेको आदि बाहेक सवै वयस्क नागरिकले मताधिकार पाउनुपर्छ भन्ने मान्यता राख्दछ । समान राजनितिक अधिकार र सम्प्रभुताको

---

[89] ***पूर्ववत*** *पाद् ४४, पृष्ठ ९६०*

[90] ***पूर्ववत*** *पाद् ७५, पृष्ठ १२०*

[91] ***पूर्ववत*** *पाद् ७५, पृष्ठ ११९-१२०*

मान्यताका आधारमा बालिग मताधिकारको प्रयोग हुन्छ । वयस्क कति वर्ष उमेर पूरा गरेकालाई मान्ने भन्ने मापदण्ड देशको निश्चित आधारहरुलाई तय गरेर तोकिन्छ । मताधिकारका लागि कुनै मुलुकमा २१ वर्ष त कुनै मुलुकमा १८ वर्ष कायम गरिएको पाइन्छ । आजभोली यस्तो उमेर कम गर्ने माग जोडदार रुपमा उठिरहेको छ । *“अमेरिका र ब्रिटेनले यसै शताब्दिमा आएर मताधिकारका लागि १८ वर्ष निर्धारण गरेका छन् ।”* [92] *“त्यस्तै रुसमा पनि यो उमेर १८ वर्ष नै कायम गरिएको छ ।”*[93] त्यस्तै स्विट्जरल्याण्डमा *‘२० वर्ष पुगेका महिलाहरुले पुरुषसरह नै समानताका आधारमा मताधिकारको प्रयोग गर्छन् र राजनीतिमा समेत समानरुपमा भाग लिन्छन् ।’* [94] मताधिकारको अर्को योग्यता नागरिकता हो । *“राजनीतिक एवं सामाजिक सहभागितात्मक अधिकार सम्बन्धी कुनै पनि सिद्धान्तले नागरिकताको स्थिति कानूनी प्रावधानद्धारा निश्चित हुने कुरालाई स्वीकार गर्दछ । अतः नागरिकता राजनीतिक प्रकृयामा भाग लिने योग्यता हो ।”*[95] *“कुनै पनि लोकतान्त्रिक मुलुकले व्यवहारमा विदेशी (aliens)लाई मताधिकार दिएको पाईंदैन । त्यस्तै धेरैजसो मुलुकमा केही समय बसोबास गरेका आधारमा मताधिकार हुन्छ । बसोबासको अवधिका सम्बन्धमा भने मुलुकहरुबीच एकरुपता छैन ।”*[96] *“चुनावी भ्रष्टाचार (electoral offence) र गम्भीर अपराध (serious criminal offence) हरुमा दण्डित व्यक्तिलाई मताधिकार दिइएको पाईंदैन । बेलायतमा लर्ड सभाका सदस्यहरुलाई पनि मताधिकारबाट बन्चित गरिएको छ ।”* [97]

मताधिकारको जति महत्व रहन्छ त्यति नै मताधिकारको स्वतत्रता र दवावरहित तवरले मतदान गर्न पाउने अवस्थाको ग्यारेन्टी गरिनुपर्छ । आज संसारभरि नै गोप्य मतदान प्रणाली अपनाइएको पाइन्छ । मतदाताले कस्को पक्षमा मत दियो भन्ने विषय सर्वथा गोप्य रहनुपर्छ । *“आम मतदाताले मताधिकारको माध्यमबाट कानून निर्माणमा लोकप्रिय नियन्त्रण राख्न सकुन् भन्ने अभिप्रायले अष्ट्रिया र स्वीजरल्याण्डका केही क्यान्टोन, बेल्जियम, ग्रीस, इटाली, ब्राजिल र चिलीमा अनिवार्य मतदान (Compulsory Voting) को व्यवस्था गरिएको छ ।”*[98]

---

[92] **पूर्ववत** *पाद् ४४, पृष्ठ ९६०*

[93] **पूर्ववत** *पाद् ३, पृष्ठ ५१९*

[94] *डा. बुद्धिप्रसाद भण्डारी, संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल (काठमाडौं : पैरवी प्रकाशन, २०६५), पृष्ठ १८७*

[95] *आर.सी.वरमानी, समकालीन राजनीतिक सिद्धान्तोंका परिचय (नयाँ दिल्ली : गीतान्जली पब्लिशिङ हाउस, २००१), पृष्ठ १०३*

[96] **पूर्ववत** *पाद् ४४, पृष्ठ ९६०*

[97] *बी.बी.तायल, तुलनात्मक शासन और राजनीति (नयाँ दिल्ली : सुलतान चन्द एण्ड सन्स, २००५) पृष्ठ २.५२*

[98] **पूर्ववत** *पाद् ७५, पृष्ठ १२६*

कुनै पनि प्रतिनिधिमूलक प्रजातन्त्र भएको मुलुकमा मताधिकारको उपयोगका लागि मतदाता नामावली पहिलो अनिवार्य औजार हो । तसर्थ मतदाता नामावली दर्ता गर्ने सम्बन्धमा अन्तर्राष्ट्रियस्तरमा प्रचलनमा रहेका प्रणालीहरुका बारेमा संक्षिप्त चर्चा गर्नु सान्दर्भिक नै रहला । मतदाता नामावली दर्ता गर्ने सम्बन्धमा अन्तर्राष्ट्रियस्तरमा विशेषतः तीन थरी प्रणालीहरु प्रचलनमा रहेको पाइन्छ । ती प्रणालीहरु यस प्रकार रहेका छन् ।

- आवधिक दर्ता प्रणाली (Periodic Register System),
- नियमित दर्ता प्रणाली (Continuous Register System) र
- नागरिक दर्ता प्रणाली (Civic Register System) ।

*"आवधिक दर्ता प्रणालीमा सामान्यतयाः कुनै खास निर्वाचन प्रयोजनका लागि मतदाता नामावली तयार पारिन्छ ।"*[99] यस्तो प्रणाली भएका मुलुकमा निर्वाचन हुनुभन्दा ठीक अगाडि छोटो समयमा मतदाता नामावली दर्ता गर्ने कार्य गरिन्छ । छोटो समयमा नामावली दर्ता गर्नुपर्ने भएकोले यसमा प्रशस्त लगानी गर्नुपर्दछ । यस दर्ता प्रणालीका फाइदाहरुमा ठूलो प्रशासनिक व्यवस्थापनको जरुरत नपर्ने, ठूलो प्राविधिक जटिलता नरहने, तथ्यपरक र पूर्ण विवरणसहितको नामावली तयार गर्न सकिने, दर्ताको समय निश्चित रहने, मतदाताका सूचना विवरण संशोधन गरिरहन नपर्ने आदि रहेका छन् । यस प्रणालीका बेफाइदाहरुमा छोटो समयावधि भएकाले मतदाताको नाम विवरण छुट्न सक्ने, तथ्यपूर्ण नाम विवरण तयार गर्न गाह्रो, निर्वाचनका बेलामा मात्र दर्ता गरिने हुँदा राजनीतिक प्रभाव पर्न सक्ने आदि रहेका छन् । मतदाता नामावली सम्बन्धी ऐन, २०५२ र मतदाता नामावली सम्बन्धी नियमावली, २०५२ लागू हुनु पूर्व नेपालका विभिन्न निर्वाचनहरुका लागि यस्तो दर्ता प्रणाली अवलम्बन गरेको पाइन्छ ।

*"नियमित दर्ता प्रणालीमा योग्यता पुगेका मतदाताहरुको नाम विवरण नियमित रुपमा दर्ता र अद्यावधिक गर्दै लगिन्छ ।"*[100] यस्तो प्रणालीमा दर्ता प्रकृयालाई अद्यावधिक गर्न निर्वाचन आयोगले अन्य सरकारी संघ संस्था तथा निकायहरुको सूचना समेत प्रयोग गर्ने गरेको पाइन्छ । यस्तो दर्ताबाट नामावलीमा शुद्धता बढ्ने, दर्ता दर बढ्ने, अन्य प्रयोजनका लागि पनि सूचना प्रयोगमा ल्याउन सकिने आदि फाइदाहरु हुन्छन् । जनशक्ति र लागतमा वृद्धि, व्यवसायिक जनशक्तिको

---

99 *युसुफ, ईमाद, निर्वाचन व्यवस्थापन एवं मतदाता नामावली विषयक निर्वाचन आयोगद्धारा नेपालगञ्जमा आयोजित प्रशिक्षण कार्यक्रममा प्रस्तुत कार्यपत्र, २०६५, पृष्ठ ३*

100 *ऐ.ऐ.*

आवश्यकता, मतदाताले दोहोरो दर्ता गर्न सक्ने आदि यस प्रणालीका बेफाइदा हुन् । हाल नेपालमा यही प्रणाली अन्तर्गत मतदाता नामावली संकलन तथा अद्यावधिक हुँदै आएको छ ।

*"नागरिक दर्ताबाट नागरिकको नाम, लिङ्ग, राष्ट्रियता, उमेर, वैवाहिक स्थिति, ठेगाना, मतदाता परिचय पत्र नम्बर समेतका आधारभूत सूचना प्राप्त गर्न सकिन्छ । यस्तो विवरण तयार गर्न नागरिकहरुले आफ्ना विवरण राज्यलाई उपलब्ध गराउनु पर्ने बाध्यकारी व्यवस्था गरिएको हुन्छ ।"*[101] राज्यले यसरी तयार पारेको सूचनालाई मतदाता नामावलीका रुपमा पनि प्रयोग गर्न सकिन्छ । यसलाई नागरिकको राष्ट्रिय परिचय पत्र (National ID) पनि भनिन्छ । नागरिकताको पूर्ण परिचय खुल्ने गरी विद्युतीय माध्यमद्वारा तयार गरी सरकारले वितरण गर्ने विशेष प्रकारको परिचयपत्र नै राष्ट्रिय परिचयपत्र हो । नागरिक दर्ता प्रणालीका आधारमा तयार गरिएको सूचनाबाट राज्यले मतदानका साथै कर लगाउने, नागरिकता सम्बन्धी कार्यहरु गर्ने गरेको पाइन्छ । यो प्रणालीबाट दर्ता कार्य सञ्चालन गर्दा प्रशासनिक जटिलता र अधिक लागत लाग्ने भएतापनि यसबाट विस्तृत, तथ्यपूर्ण र बहुउपयोगी सूचनाहरु प्राप्त गर्न सकिन्छ । डेनमार्क, स्वीडेन, सेनेगल, जोर्डन लगायतका विश्वका अधिकांश विकसित मुलुकमा यस्तो प्रणाली अबलम्वन गरिएको छ । नेपालमा पनि चालु आ.व.२०६६/६७ को बजेटमा *"सबै नेपाली नागरिकलाई राष्ट्रिय परिचयपत्रको रुपमा निर्वाचनमा समेत प्रयोग गर्न सकिने गरी फोटोसहितको बायो मेट्रिक स्मार्ट कार्ड वितरण गरिनेछ"*[102] भन्ने उल्लेख भए अनुसार मिति २०६६/९/२२ को मन्त्रिपरिषद्को बैठकले *"मतदाता नामावली संकलन गर्नेक्रममा निर्वाचन आयोगलाई १६ वर्षदेखि १८ वर्षसम्मका सबै नेपाली नागरिकको विवरण संकलन गर्न अनुरोध गर्ने"*[103] भन्ने निर्णय पारित गरे अनुसार निर्वाचन आयोगले फोटोसहितको मतदाता नामावली तयार गर्ने परीक्षण कार्यक्रममा डडेल्धुरा, दाङ्ग, रुपन्देही, काठमाडौं र सोलुखुम्बु जिल्लामा मतदाता नामावलीका साथै राष्ट्रिय परिचय पत्रका लागि समेत १६ वर्षदेखि माथिका नागरिकहरुको नामविवरण संकलन गर्ने कार्यको शुरुवात गरेको पाइन्छ ।

मतदाता हुने योग्यताका सम्बन्धमा पनि विश्वका मुलुकहरुमा विभिन्नता पाइन्छ । *"नागरिकताका आधारमा मतदाता नामावलीमा नाम दर्ता गरिने मुलुकहरु विश्वमा १२३ (५८%) वटा रहेका छन् । ती मुलुकहरुमा अल्वानिया, अल्जेरिया, अंगोला, अर्जेन्टिना, अमेरिका, अष्ट्रेलिया,*

101 *ऐ.ऐ.*

102 *गोरखापत्र दैनिक (काठमाडौं : गोरखापत्र संस्थान) वर्ष १०९, अंक ६९, २०६६ असार ३०, पृष्ठ ७*

103 *नेपाल सरकार मन्त्रिपरिषद्को बैठक संख्या ४३।०६६ को निर्णय सम्बन्धी म.प.को च.नं.९८४ मिति २०६६।९।२२ को पत्र*

*बेल्जियम, ब्राजिल, चिली, क्यानाडा, इक्वेडर, जापान, मेक्सिको, मोरक्को, नामिबिया, पोल्याण्ड, फिलिपिन्स, सोमालिया, टर्की, जिम्बाब्वे बेलायत आदि प्रमुख रहेका छन् ।" "बसोबास समयावधि (Period of Residence) का आधारमा समाओ, बार्बाडोस, डोमेनिका, फूजी, गुयना, नाइजेरिया, पपुवा न्यु गिनी, थाइल्याण्ड, सुडान लगायत विश्वका ३३ मुलुक (१५%) मा नामावलीमा नाम दर्ता गरिन्छ । त्यस्तै बाबु आमाको नागरिकता (वंशज)का आधारमा अलजेरिया, मलावी, गाम्बिया समेत विश्वका ६ मुलुक (२%) मा मतदाताको नाम दर्ता गरिन्छ ।* "[104]

प्रारम्भमा मताधिकारका लागि शिक्षा, सम्पत्ति जस्ता योग्यता र सीमा निर्धारण गरिएका भएतापनि उन्नाइसौं शताब्दीमा विश्वमा प्रजातन्त्रका पक्षमा भएको विकास र विस्तारले त्यस्ता सीमाहरुलाई हटाई मताधिकार सर्वव्यापक र सुदृढ हुँदै गइरहेको छ ।

*******

---

[104] ***पूर्ववत*** *पाद् ८६, पृष्ठ ३*

# अध्याय तीन

# दाङ्ग जिल्लाको संक्षिप्त परिचय

## ३.१ दाङ्ग जिल्लाको ऐतिहासिक रुपरेखा

दाङ्ग जिल्लाको उत्पत्ति र विकास सम्बन्धमा विभिन्न मतहरु पाइन्छन् । कसैले पहाडहरुको बीचमा अवस्थित मैदानी भागलाई संस्कृतमा 'द्रोण' भनिने र 'द्रोण' शब्दबाट नै 'दाङ्ग' शब्दको उत्पत्ति भएको भनाई राख्दछन् । त्यस्तै कुनै विद्वानहरुका अनुसार नेपाल एकीकरण पूर्व यस जिल्लाको समथर भूमिमा थारु राजाहरुको अधिपत्य रहेको थियो । ती विद्वानहरुका अनुसार त्यस्ता राजाहरुमध्ये राजा दंगीशरणले सुकौरामा रही राज्य चलाएकोले उनकै नामबाट दाङ्ग उपत्यकाको नामाकरण गरिएको हो ।"*दाङ्ग जिल्लाका विभिन्न क्षेत्रमा विभिन्न व्यक्तिहरुले समय समयमा अध्ययन केन्द्रीत गर्दा मानव विकासक्रममा देखिएका विभिन्न चरणका पाषाणकालीन संस्कृतिको प्रारम्भदेखि सभ्यताको प्रारम्भसम्म अविच्छिन्नरुपमा अगाडि बढेको पाइन्छ । यहाँको भौगर्भिक अध्ययनमा सि.के.शर्मा, गुडुन कर्भिनस, रवर्ट एम.वेष्ट र अन्य, को शिरो किज्याकी, महेशप्रसाद, भैया खनाल आदिको योगदान रहेको छ भने ऐतिहासिक अध्ययनमा कर्भिनस, जनकलाल शर्मा, प्रा.राम निवास पाण्डे, प्रा. डिल्लीराज शर्मा, डा.दिनेशचन्द्र रेग्मी, डा.द्रोण रजौरे, योगी नरहरीनाथ, प्रा.राजाराम सुवेदी, डा.गोविन्द आचार्य, अशोक थारु, श्रीधर मजगैयाँ, महेश चौधरी, रेण्डि हल्याण्ड, शेखरसिंह गौतम, जनक नन्दिनीप्रसाद सिंह आदि विद्वानहरुको मेहनतले यहाँको प्राकृतिक र साँस्कृतिक पक्षको ऐतिहासिक पृष्ठभूमि बुझ्न सजिलो भएको छ । ती कृतिहरुको सारसंक्षेप गर्दा लामो समयसम्म टेथिस सागरको पिंध बनेको राप्ती अंचल भूखण्डमा मानवको उत्पत्ति र विकासक्रमसँगै यहाँको इतिहास प्रारम्भ भएको छ । पौराणिक कालको इतिहास प्रमाणित गर्ने आधार प्राप्त गर्न थप अनुसन्धानको आवश्यकता रहेको छ । प्राचीन नेपालको समयको राप्ती क्षेत्रको इतिहास पनि नेपालको इतिहाससँग जोडिन जान्छ भने मध्यकालमा बाइसे राज्यको उदयसँगै यहाँ पनि स-साना राज्यहरु उदय भए । तीमध्ये रुकुम, मुसीकोट, गोतामकोट, रोल्पा, गजुल, खुड्ग्री, सल्यान, दाङ्ग आदि प्रमुख राज्यको रुपमा रहेको बुझिन्छ ।"*[105] "*दाङ्गमा गोर्खालीको विजय हुनुभन्दा पहिले नवलसिंह राजा थिए । यिनको राज्य सल्यानको कोर्वाङदेखि दाङ्गदेउखुरी हुँदै तुल्सीपुर (भारत) सम्म फैलिएको*

---

[105] *डा.शिवकुमार सुवेदी, गोरक्ष राष्ट्रिय दैनिक वर्ष ५ अंक ९६, २०६६ मंसीर १३, पृष्ठ २*

*थियो ।"*[106] वि.सं. १८४३ मा नेपाल एकीकरणका बेला दाङ्गका राजा नवलसिंहले तापामा वीरगति प्राप्त गरेका थिए । त्यसपछि देउखुरी क्षेत्रमा गोर्खालीको विजय भयो भने नवलसिंह पछि राजा दिलेर सिंहले तुल्सीपुर (भारत) आसपासको क्षेत्र बचाई राखे । "*वि.सं.१८७८ मा दिलेर सिंहको मृत्यु भएपछि दानबहादुर सिंह तुल्सीपुर (भारत)का राजा भए । दानबहादुर पछि दीर्घनारायण सिंह र दीर्घनारायण सिंह पछि उनका छोरा दीपनारायण सिंह त्यस क्षेत्रका राजा भए । दीपनारायण सिंह पछि अंग्रेजको शासन चल्यो । तुल्सीपुर (भारत) नेपालको भएता पनि नेपालीहरु अंग्रेजको डरले दाङ्गदेउखुरी आई बसे । त्यसैले तुल्सीपुर (भारत) नेपालमै गाभिनु पर्छ भनी बारम्बार नेपाल सरकारले आवाज उठाउँदै आएतापनि अंग्रेजले सुनेनन् । बरु दाङ्ग, देउखुरी र तुल्सीपुर (भारत) को बीचमा सीमा निर्धारण गरियो र तुल्सीपुर सधैंका लागि भारतको भूमि बन्न पुग्यो ।"*[107]

गोर्खालीले जितेको दाङ्गको देउखुरी क्षेत्र पृथ्वीनारायण शाहकी छोरी विलास कुमारीको सल्यानी राजकुमार रणभीम शाहसँग विवाह हुँदा विर्तास्वरुप दिएको पाइन्छ । एकीकरण अभियानको दोस्रो चरण रणबहादुर शाहको शासन काल र बहादुर शाहको नायवी कालको समय वि.सं. १८६५ मा सल्यान राज्य नेपाल राज्यमा मिल्दा दाङ्गको सो क्षेत्र पनि नेपाल राज्यमा मिल्न गयो । वि.सं. २००८ सालपूर्व दाङ्ग जिल्ला कहिले तौलिहवा गोश्वरा, कहिले भैरहवा गोश्वरा त कहिले नेपालगञ्ज गोश्वराका मातहतमा रह्यो । वि.सं. २००८ जेठ ३ गते दाङ्ग एउटा छुट्टै जिल्लाको रुपमा अस्तित्वमा आयो ।

वि.सं. १८९४ मा पश्चिमी दाङ्ग क्षेत्रलाई फालावाङ्ग राज्यको नामाकरण गरी दरवारका कुनै राजकुमारीको विवाह हुँदा सल्यानी राजाका वंशज तेज बहादुर शाहलाई राजा पद र फालावाङ्ग राज्य प्रदान गरियो । यसबाट दाङ्ग खण्डित अवस्थामा नै रह्यो । वि.सं. २०१८ सालमा राज्य रजौटा उन्मुलन हुँदा फालावाङ्ग राज्य पनि उन्मुलन भई सो क्षेत्र दाङ्गमा मिल्यो । यसरी दाङ्ग आजको अवस्थामा आइपुग्यो ।

---

106 *खगराज न्यौपाने, गोरक्ष राष्ट्रिय दैनिक, दाङ्ग, वर्ष ५ अंक ११५, २०६६ पुस २, पृष्ठ २*

107 *ऐ.ऐ.*

## ३.२ राजनितिक विभाजन :

| | | |
|---|---|---|
| विकास क्षेत्र | : | मध्यपश्चिमान्चल |
| अञ्चल | : | राप्ती |
| जिल्ला सदरमुकाम | : | घोराही |
| नगरपालिका | : | दुई (घोराही र तुल्सीपुर) |
| गाविस | : | ३९ |
| संसदीय निर्वाचन क्षेत्र | : | पाँच |

## ३.३ दाङ्ग जिल्लाको भौगोलिक अवस्थिति :

दाङ्ग नेपालको मध्यपश्चिमान्चल विकास क्षेत्र अन्तर्गत राप्ती अंचलका पाँच वटै जिल्ला मध्ये सबैभन्दा सुगम र उर्वराभूमि भएको भित्री मधेशमा पर्ने एक जिल्ला हो । २७ ३६' उत्तरी अक्षांशदेखि २८ं २९' उत्तरी अक्षांश तथा ८२ं २' पूर्वी देशान्तर देखि ८२ं ५' पूर्वी देशान्तरसम्म फैलिएको दाङ्ग जिल्ला नेपालको सबैभन्दा ठूलो उपत्यका हो । यस जिल्लाको पूर्वमा कपिलवस्तु र अर्घाखाँची, पश्चिममा सुर्खेत, बाँके र सल्यान, उत्तरमा रोल्पा, सल्यान र प्युठान तथा दक्षिणमा भारत पर्दछन् । समुद्री सतहबाट २१३ मीटर (सिसहनिया) देखि २०५८ मीटर (हाँसिपुर, अर्खले) सम्मको उचाईमा अवस्थित रहेको यो जिल्लाको कूल क्षेत्रफल २९५५ वर्ग कि.मी. रहेको छ । यो जिल्लाको पूर्व पश्चिम सरदर लम्बाई ९० कि.मि. छ भने, उत्तर दक्षिण सरदर चौडाई ७२ कि.मि. रहेको छ ।

## ३.४ धरातलीय स्वरुप :

धरातलीय स्वरुप हेर्दा यो जिल्लालाई महाभारत (पहाड), चुरे र उपत्यका क्षेत्रमा विभाजन गर्न सकिन्छ । जिल्लाको उत्तर पूर्वमा रहेका स्यूजा, सैघा, लोहारपानी, हाँसीपुर र काभ्रे पहाडी गाविसहरु हुन् । दाङ्ग जिल्लामा देउखुरी, दाङ्ग र फूलवारी गरी तीन उपत्यका रहेका छन् । पूर्व पश्चिम लोकमार्ग र त्यसको उत्तर दक्षिण देउखुरी उपत्यका फैलिएको छ । लमहीबाट करीब २० कि.मी उत्तरतर्फ अर्जुन खोलाको किनारै किनार र चुरेको भिरालो बाटो उक्लिएपछि चौपट्टाका डाँडाबाट दाङ्ग उपत्यका दृष्टिगोचर हुन्छ । दाङ्ग उपत्यका रामपुर र लक्ष्मीपुर गाविसदेखि घोराही-तुल्सीपुर हुँदै पश्चिम दाङ्गसम्म फैलिएको छ । तुल्सीपुरदेखि दक्षिण पूर्वमा एउटा गाविसका रुपमा फूलवारी उपत्यका रहेको छ ।

## ३.५ हावापानी, वनस्पती र वन्यजन्तु :

यो जिल्ला महाभारत, चुरे र भित्री मधेश मिली बनेकोले यहाँ महाभारतदेखि भित्री मधेशमा पाइने प्रायः सबै किसिमका हावापानी पाइन्छन् । अतः यहाँ उष्ण र समशितोष्ण किसिमको हावापानी पाइन्छ । *"यहाँ सरदरमा अधिकतम ३९.९ डिग्री सेल्सीयस देखि २५ डिग्री सेल्सीयससम्म तापक्रम पाइन्छ भने वर्षा बार्षिक १७०६ मिलिमीटर हुन्छ । यहाँ साल, साज, बाँभ, सिसौ, खयर, घनेरो, सिमल, सल्लो आदि वनस्पती पाइन्छन् । यहाँ चितुवा, हरिण, स्याल, ब्यासो, रतुवा, भालु आदि वन्यजन्तु र मयूर, कालिज, लुइचे आदि चराचुरुङ्गिहरु पाइन्छन् ।"*[108] दाङ्ग जिल्लाको मौसमी अभिलेख हेर्दा हालसम्मको अधिकतम र न्यूनतम तापक्रम तथा अधिकतम वर्षात देहाय अनुसार भेटिन्छ ।

तालिका : ३.१

**दाङ्ग जिल्लाको मौसमी अभिलेख**

| क.सं. | रेकर्डको विवरण | रेकर्ड | रेकर्ड कायम भएको साल |
|---|---|---|---|
| १ | अधिकतम तापक्रम | ४५.५ डिग्री सेल्सीयस | ७ जुन १९९८ |
| २ | न्यूनतम तापक्रम | ० डिग्री सेल्सीयस | जनवरी ९ २००१ |
| ३ | अधिकतम वर्षा | ६४५.६ मिली मीटर | जुलाई २००७ |

स्रोतः जलवायु विज्ञान मौसम केन्द्र, दाङ्ग

## ३.६ धार्मिक तथा पर्यटकीय स्थल, नदी, ताल र ब्यापारिक महत्वका स्थानहरु :

दाङ्ग जिल्लामा अम्विकेश्वरी मन्दिर (अम्वापुर), गोरक्ष रत्ननाथ मन्दिर (चौघेरा), पाण्डवेश्वर मन्दिर (धारापानी, धर्ना), बगारबाबा रिहार मन्दिर (सतवरिया), शुक्रेश्वरी मन्दिर (उरहरी), गढि टाकुरा मन्दिर (हापुर), कालिका मालिका मन्दिर (छिल्लीकोट), रामजानकी मन्दिर (कोइलाबास), *राप्ती द्धार (कोइलावास), बाघनाथ बाबाकुटी (गोबरडिहा गाविस), वनदेवी मन्दिर (चैलाही, वनगाउँको उत्तरतर्फको डाँडामा रहेको), थानदेवखर (गढवा),*[109] बागेश्वरी (स्यूजा), टेकनैया स्थान (सतबरिया), हनुमानगढी ( राजपुर-५, जंग्रहवा), सोमई थान (बेला), नेपुवाखोला गुफा ( राजपुर, वनकट्टी), खौरा बाबा शिव मन्दिर (सिसहानिया), देवीकोट मन्दिर (मौरीघाटदेखि ३ घण्टा उकालोमा रहेको), घण्टदेव बाबा स्थान (लालमटिया, मसुरिया), शिवगढी (धानखोलाको पारिपट्टीको

---

108 *जिल्ला विकास योजना, आ.व.०६६/०६७, (दाङ्ग : जिल्ला विकास समिति दाङ्ग, २०६६), पृष्ठ २*

109 *नीमबहादुर थापा, देउखुरी दैनिक (सहयात्री सूचना तथा संचार सहकारी लि.), दाङ्ग, वर्ष ३ अंक १४५, ०६६ माघ २८, पृष्ठ ३*

डाँडा), धानखोला मन्दिर (गोबरडिहा गाविस), दुमदुमा भवानी (चैलाही, खैरी), *गुप्तेश्वरी महादेव मन्दिर (धानखोला, गोबरडिहा), नागेश्वर गुफा (धानखोलाको पारिपट्टी),*[110] देउपुर मठ, मन्ठोर्या मन्दिर (नारायणपुर-७) जस्ता धार्मिक एवं पर्यटकीयस्थल रहेका छन् । यहाँ चमेरे गुफा ( हलवार,मुकोट), *रुने गुफा (सोनपुर, रुने गाउँ),*[111] गढिलेक, बंगलाचुली (लोहारपानी-४), पुरन्धारा झरना (पुरन्धारा-८), हरिकेसे पहरा (घोराही नगरपालिका) आदि अन्य उल्लेख्य पर्यटकीयस्थल समेत रहेका छन् । यसका साथै *ऐरावती संगम (माडी र झिमरुकको संगम) देखि हाल निर्माणाधिन सिक्टा बाँधसम्म राप्ती र्‍याफ्टिङ्ग संचालन गरेर आन्तरिक र बाह्य पर्यटकलाई मनोरन्जन दिन सकिन्छ ।*[112] यहाँ बाह्रकुने दह (घोराही नगरपालिका-८, सेवार), ज्यामिरे दह (घोराही नगरपालिका-८, सेवार), जखेरा ताल (सोनपुर-५, मुसण्डी), चरिङ्गे दह (रामपुर-७, बुका), भोटे दह (रामपुर-७, अदुवाबारी), किचेनी दह (रामपुर-८, अठ्ठाइसे), पढ्ढाको ताल, गौरीगाउँ ताल (टरीगाउँ), लरैना ताल (ढिकपुर-४) जस्ता तालहरु रहेका छन् ।

*"धार्मिक पर्यटनका दृष्टिले राप्ती अंचलको एक महत्वपूर्ण स्थानका रुपमा मानिदै आएको रिहार क्षेत्र राप्ती नदी नजिकै प्रवाहित भई र्‍याफ्टिङको संभावना रहेको पर्यावरण, प्राकृतिक विशेषता र जैविक विविधताले सम्पन्न स्थान हो । टेग्नैया गुफा* यसको *नजिकै रहेको गुफा हो ।"*[113] *"रिहारमा बराह बाबा मन्दिर, शिब मन्दिर, तप्त कुण्ड, सूर्य कुण्ड, दूध कुण्ड, रेरा (नून निस्कने), घ्यूको सुगन्ध आउने माटो, तेलङ्गना राज्य (तेलिया गाउँ) बगार बाबाको भौरी, गौमुखी, गणेश मन्दिर र रिहार पार्क यहाँका महत्व राख्ने धरोहर हुन् ।"*[114] *लमही बजारदेखि ५ कि.मी.पूर्व र पूर्व पश्चिम लोकमार्गदेखि १.४ कि.मी.उत्तरतर्फ चुरे पहाडको फेदीमा १२ बिघा क्षेत्रफलमा फैलिएको जखेरा ताल*[115] *जंगलका कारणले विभिन्न जनावर र पशुपंछीको दृष्यावलोकन, नजिकै मजगाउँ नमूना थारु गाउँ र थारु संस्कृतिको अवलोकनका दष्टिले महत्वपूर्ण छ ।"* [116] बाह्रकुने ताल प्राकृतिक र सांस्कृतिक दृष्टिले महत्वपूर्ण छ । *"महाभारत श्रङ्खलाको काखमा रहेको यो ताल कुनै*

---

110 *उदय आले, देउखुरी दैनिक (सहयात्री सूचना तथा संचार सहकारी लि.) वर्ष ३ अंक १४८, २०६६ फागुन ३, २६, पृष्ठ ३*

111 *गणतन्त्र राष्ट्रिय दैनिक (राप्ती पब्लिकेशन प्रा.लि., दाङ्ग), वर्ष २ अंक ३२४, २०६६ पौष ३ पृष्ठ १*

112 *पूर्ववत पाद् ५, पृष्ठ ३*

113 *गोरक्ष राष्ट्रिय दैनिक वर्ष ५ अंक १०३, ०६६ मंसीर २०, पृष्ठ २*

114 *देउखुरी दैनिक (दाङ्ग : सहयात्री सूचना तथा संचार सहकारी लि.), वर्ष ३ अंक १४४, २०६६ माघ २६ पृष्ठ २*

115 *छविलाल कोपिला, नयाँ युगबोध राष्ट्रिय दैनिक (सम्पादक-प्रकाशक प्रताप रेग्मी, दाङ्ग), वर्ष ३३ अंक २५७, २०६६ पुस २५, पृष्ठ २*

116 *डा.शिवकुमार सुवेदी, गोरक्ष राष्ट्रिय दैनिक, दाङ्ग, वर्ष ५ अंक १०३, ०६६ मंसीर २०, पृष्ठ २*

*समयमा बाह्र कुना बनेर रहेकोले होला यसको नाम बाह्रकुने रहन गएको । यहाँको सांस्कृतिक परम्परासँग सम्बन्ध राख्ने मौलाकोटको पदयात्राबाट बाटामा रहेका विभिन्न प्रजातिका वनस्पति र वन्यजन्तुको अवलोकन गरी आनन्द लिन सकिन्छ ।"*[117] *'बाह्रकुने दहमा यस वर्षदेखि डुंगा संचालन भएको छ ।*[118] *"महाभारत चुरे श्रृङ्खलाको काखमा अवस्थित धारापानीमा रहेको पाण्डवेश्वर मन्दिर बबई नदीदेखि एक कि.मी.दक्षिणतर्फ रहेको छ । यो स्थान इतिहासको कुनै समयमा पाण्डवहरु वनवास आएको समयमा तपस्या गरेको तपोभूमि मानिन्छ ।"*[119] पुरन्धारा झरना यहाँको प्रमुख झरना हो । *"यो झरना पुरन्धारा गाविसको हापुरेदेखि दक्षिणतर्फ करीब १२ कि.मी.को दूरीमा रहेको छ ।"*[120] *"पुरन्धारा गाउँ विकास समितिको वडा नं.८ मा पर्ने यो झरना करीब ५० मीटर माथिबाट झरेर बबई नदीमा मिसिन्छ ।"* [121] *"हलवार गाविस मूलकोट गाउँको फेदीमा महाभारत पर्वत श्रंङ्खलाको १३५० मीटरको उचाइमा रहेको संभवतः नेपालकै ठूलो गुफा चमेरे गुफाभित्र लामो समयसम्म चमेरा बस्ने गरेको तथ्य त्यहाँको जमिनको सतह परीक्षणबाट प्रमाणित भइसकेको छ भने उक्त गुफा नजिक ग्वारखोलाको किनारमा नवपाषाणकालीन ढुंगे औजारको प्राप्तीले प्रागऐतिहासिक मानव संस्कृतिसँग पनि सम्बन्धित हुन सक्ने देखिन्छ ।* चमेरे गुफा रहेको स्थानमा *पुग्न राप्ती राजमार्गको हर्नेटी हुँदै ग्राभेल बाटो समेत प्रयोग गर्दा सजिलो यात्रा हुन्छ भने रक्षाचौरबाटै पदयात्रा गर्दा करीब डेढ घण्टामा पुग्न सकिन्छ । पदयात्राकाक्रममा घना जंगल पार गर्नु पर्ने भएकोले प्राकृतिक सौन्दर्यताको रस स्वादन गर्न सकिन्छ ।* चमेरे गुफास्थित *स्थानबाट दाङ्ग उपत्यकाको दृष्यावलोकन* गर्न सकिन्छ *।"* [122] *"दाङ्ग र देउखुरी उपत्यकालाई विभाजन गर्ने शिवालिक (चुरे) पर्वत श्रृङ्खला र दाङ्गको उत्तरतिर महाभारत श्रृङ्खलामा रहेका विभिन्न अग्ला लेकहरुले आ-आफ्नै महत्व राख्दछन् । ...उत्तरतिरका अग्ला डाँडाहरु प्राकृतिक सौन्दर्यता र जैविक विविधताका दृष्टिले जति महत्व राख्दछन्, प्याराग्लाइडिङका दृष्टिले पनि उत्तिकै महत्वपूर्ण छन् । ...स्यूजा गाविस वडा नं ४ मा पर्ने धिमधिमे लेक (उचाइ करीब २००० मी.), लोहारपानी गाविस वडा नं. ४  मा पर्ने बंगलाचुली लेक (उचाइ करीब २०५३ मी.), लक्ष्मीपुर गाविस वडा नं.५ मा*

---

117 *ऐ. ऐ.*

118 *राप्ती समाचार साप्ताहिक, दाङ्ग, वर्ष २४, अङ्क ३०, २०६६ पुस २७, पृष्ठ ८*

119 *लोकराज साधक, राप्ती समाचार साप्ताहिक, दाङ्ग, वर्ष २४, अङ्क ३३, २०६६ माघ १८, पृष्ठ १*

120 *कुन्ता भण्डारी, नयाँ युगबोध राष्ट्रिय दैनिक (सम्पादक-प्रकाशक प्रताप रेग्मी, दाङ्ग), वर्ष ३३ अङ्क २८१ २०६६ माघ २०,*

*पृष्ठ १*

121 ***पूर्ववत*** *पाद् ९, पृष्ठ २*

*१८ ऐ.ऐ.*

*पर्ने सवारीकोट (उचाइ करीब १८०० मी.) र त्यो भन्दा अग्लो जसपुर, थर्कोट (तुल्सीपुर न.पा.), सुईकोट (शान्तिनगर) आदि पदयात्रा पर्यटनका साथै जैविक विविधता र दृष्यावलोकनका दृष्टिले अत्यन्त महत्वपूर्ण स्थानहरु हुन् ।"*[123] "*यस जिल्लाका अन्य प्रमुख अग्ला चुचुराहरुमा जथाकको डाँडा (२८२९ मीटर) र कुमाखको लेक (२४३९ मीटर) रहेका छन् ।"*[124]

यहाँका प्रमुख नदीहरु राप्ती र बबई हुन् । "*राप्ती नदीको उद्गमस्थान ऐरावती हो । यसका सहायक खोलाहरुमा अर्जुनखोला, सुरहियाखोला, मुसोटखोला, रङसिङखोला, सुपैलाखोला, गुरुङखोला, गढवाखोला, मोडखोला, करीखोला, दाराखोला, कक्हवाखोला, गंगदीखोला, करङ्गाखोला र कौडियाखोला हुन् । त्यस्तै बबई नदीको मुहान रामपुर हो । यसका सहायक खोलाहरुमा बालिमखोला, सिस्नेखोला, सेवारखोला, गुर्जेखोला, हापुरखोला, चौवाखोला, ग्वारखोला, पातुखोला, तरुलेखोला, भमकेखोला, कटुवाखोला, पत्रीफाल्नेखोला, सकामखोला, बाँदरेखोला, बागेश्वरीखोला, सुङ्गुरेखोला, बौलाहाखोला र सुसाउनेखोला हुन् ।"*[125]

यहाँ घोराही, तुल्सीपुर, लमही, भालुवाङ्ग, नारायणपुर आदि प्रमुख व्यापारीक स्थानहरु रहेका छन् । *पर्यटन विकासका पूर्वाधारहरुमा यातायात, संचार, आवास, आतिथ्य, सुरक्षा र गन्तब्यस्थल मुख्य हुन् । दाङ्ग देउखुरी उपत्यकामा फैलिएको पूर्व पश्चिम लोकमार्ग, लमही-तल्सीपुर खण्डको ४७ कि.मी.कालो पत्रे सडक, राप्ती लोकमार्गको तुल्सीपुर-सल्यान खण्ड, भालुवाङ देखि प्यूठान र रोल्पा जोड्ने सडक कालोपत्र बन्दै गरेको तथा टरीगाउँमा विमानस्थल समेत रहेकाले यातायात व्यवस्थापनमा सहयोग पुगेको छ । यहाँ परम्परागत पदयात्रा मार्गहरु प्रशस्तै रहेका छन् । सुविधा सम्पन्न तारे होटल नभएतापनि स्थानीय प्राकृतिक सौन्दर्यभित्रका व्यक्तिगत र सार्वजनिक भवनलाई अथिति गृह बनाई आफ्नो खेतबारीको प्रदूषणमुक्त खाना खुवाउने परम्पराले पर्यटन व्यवसायलाई सहयोग गर्दछ । सार्वजनिक संचारकेन्द्रको स्थापना र मोबाइल सेवाको पहुँचले संचारको असुविधा घट्दै गइरहेको छ । साथै यस क्षेत्रमा दर्शनीयस्थलहरु समेत प्रशस्तै रहेका छन् । दाङ्ग जिल्ला ठूलो उपत्यका, ठूलो प्राकृतिक गुफा, उत्तम कृषि उत्पादन क्षेत्र हुनाका साथै प्राक मानव संस्कृति र दङौरा थारु संस्कृतिको मूल थलो समेत हो ।"*[126]

---

[123] *ऐ.ऐ.*

[124] ***पूर्ववत** पाद् १, पृष्ठ २*

21 ***पूर्ववत** पाद् ४, पृष्ठ २*

[126] ***पूर्ववत** पाद् १, पृष्ठ २*

## ३.७ जनसंख्या :

केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौंबाट वि.सं. २०५८ सालमा लिइएको जनगणना अनुसार दाङ्ग जिल्लाको जनसंख्या ४,६२,३८० रहेको छ जसमा महिला २,३३,४२२ र पुरुष २,२८,९५८ रहेका छन् । यहाँ ८२,४९५ घरधुरी रहेका छन् भने जनघनत्व १५६.४७ वर्ग कि.मि. रहेको छ । शाखा तथ्याङ्क कार्यालय, दाङ्गका अनुसार २०६३ सालसम्ममा आइपुग्दा दाङ्ग जिल्लाको जनसंख्या वृद्धि भई ५,२१,५२८ हुन पुगेको छ जसमा पुरुष २५८,९४२ र महिला २६२,५८७ जना रहेका छन् । जनघनत्व र शहरी जनसंख्यामा पनि वृद्धि भएको पाइन्छ । १७० जना प्रति वर्ग किलोमीटर जनघनत्व र १६.७ प्रतिशत शहरी जनसंख्या रहेको यो जिल्लाका प्रमुख जातिमा थारु, बाहुन, क्षेत्री, मगर, कामी, दमाई, सुनार, मुसलमान, गुरुङ्ग, यादव, नेवार तामाङ आदि रहेका छन् । यस जिल्लामा बसोबास गर्ने जातजातिमध्ये थारु जतिको जनसंख्या सबैभन्दा बढी रहेको छ ।

तालिका : ३.२

**राष्ट्रिय जनगणना, २०५८ अनुसार दाङ्ग जिल्लाको जनसंख्या**

| क्र.सं | विवरण | तथ्याङ्क |
|---|---|---|
| १ | कूल जनसंख्या | ४,६२,३८० |
| २ | महिला | २,३३,४२२ |
| ३ | पुरुष | २,२८,९५८ |
| ४ | घरधुरी | ८२,४९५ |
| ५ | औसत पविार संख्या | ५.६० |
| ६ | जनघनत्व | १५६.४७ जना/व.कि.मी |
| ७ | शहरी जनसंख्या प्रतिशत | १६.६५ % |
| ८ | जनसंख्या वृद्धिदर | २.६६ % |
| ९ | जनसंख्या दोब्बर हुन लाग्ने समय | २६ वर्ष |
| १० | कूल प्रजनन दर | ४.५ |
| ११ | ५ वर्ष मुनिको जनसंख्या | ५९,९८७ जना |
| १२ | ७५वर्ष र सोभन्दा माथिको जनसंख्या | ३,६५४ जना |
| १३ | साक्षरता | ५८ % |
| १४ | आर्थिकरुपले सकृय जनसंख्या | ४९.८६ % |
| १५ | कृषि पेशामा संलग्न जनसंख्या | ५९.०३ % |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग,काठमाडौं

## ३.८ यातायातको अवस्था :

गोवरडिहा गाविसदेखि सतवरिया गाविससम्म देउखुरी उपत्यकाका आधाजसो गाविसहरुलाई पूर्व पश्चिम लोकमार्गले छोएको छ भने, लमही-घोराही हुँदै तुल्सीपुरलाई ४७ कि.मी लामो पक्कि सडकले जोडेको छ । '*दाङ्ग जिल्ला भएर गएको पूर्व पश्चिम* लोकमार्ग *(७७.१७ कि.मी.) र लमही-घोराही-तुल्सीपुर सडक* यस जिल्लाका कालोपत्रे सडक हुन् ।'[127] केही गाविसहरुमा ग्राभेल बाटाहरु छन् भने अधिकांश गाविसहरुमा कच्चि बाटा निर्माण भएका छन् । सल्यान, रुकुम, रोल्पा र प्युठान जाने कच्चि सडकहरु दाङ्ग जिल्लासँग जोडिएका छन् । *"लमही-तुल्सीपुर सडक खण्डमा पर्ने अधिकांश खोलामा कजवे (जमिनमुनि पुल) बनेकाले प्रत्येक वर्ष वर्षा याममा समस्या पर्ने गरेको छ । घोराही देखि तुल्सीपुर सडक खण्डमा पर्ने सेवारखोला, गुर्जेखोला, हापुरखोला, पत्रेखोला, सक्रामखोला, ग्वारखोला, कालाखोला र घोराहीदेखि लमही सडक खण्डमा पर्ने कटुवाखोला, सिस्नेखोला र बबईखोलामा कजवे छन् ।"* [128]

## ३.९ शैक्षिक स्थिति :

यहाँ नेपाल संस्कृत विश्वविद्यालय (केन्दीय क्याम्पस), बेलझुण्डी, महेन्द्र बहुमुखी क्याम्पस, घोराही, राप्ती बबई क्याम्पस, तुल्सीपुर, जनता विद्यापिठ विजौरी, देउखुरी बहुमुखी क्याम्पस, लमही आदि विश्वविद्यालय तथा क्याम्पसहरु रहेका छन् । त्यस्तै राप्ती प्राविधिक शिक्षालय लालमटिया, सि.एम.ए. क्याम्पस तुल्सीपुर, सि.एम.ए. क्याम्पस घोराही, अ.न.मी. क्याम्पस, घोराही आदि शैक्षिक संस्थाहरु रहेका छन् । जिल्ला शिक्षा कार्यालय, दाङ्गका अनुसार २०६५ सालसम्ममा दाङ्ग जिल्लामा प्रा.वि.३३९ नि.मा.वि.६१, मा.वि.८५ र उ.मा.वि.२७ रहेका छन् । जसमा संस्थागत विद्यालयहरु प्रा.वि ६४, नि.मा.वि.११, मा.वि.३५ र उ.मा.वि.२७ र अन्य सामुदायिक रहेका छन् । यहाँको साक्षरता ५८ प्रतिशत रहेको छ जसमा पुरुष ६९.३ प्रतिशत र महिला ४६.९ प्रतिशत साक्षर छन् ।

## ३.१० आर्थिक अवस्थाः

---

127 *राप्ती अंचलको सहकारी गतिविधि, २०६६, (दाङ्ग : सहकारी डिभिजन कार्यालय दाङ्ग, २०६६), पृष्ठ १*

128 ***पूर्ववत*** *पाद ७, वर्ष २, अङ्क ११९, २०६६ साउन १२, पृष्ठ १*

दाङ्ग जिल्लाको प्रमुख आर्थिक श्रोत कृषि व्यवसाय हो । कृषियोग्य उर्वर जमिन भएतापनि सिंचाईको अपर्याप्तताले अपेक्षित उत्पादन वृद्धि हुन सकेको छैन । यहाँका प्रमुख बालीमा धान, मकै, गहुँ, कोदो तोरी, चना, केराउ, मुसुरो, आदि पर्दछन् । पशुपालन, जडिबुटि खेति, तरकारी खेती, दुग्ध व्यबसाय पनि यहाँका आर्थिक उपार्जनका स्रोतहरु हुन् । व्यापार, नोकरी, उद्योग जस्ता व्यवसाय अंगाल्नेहरुको संख्या पनि उत्तिकै छ । यस जिल्लाको आर्थिक अवस्थालाई निम्न तालिकाहरुबाट प्रस्ट पार्न सकिन्छ ।

तालिका : ३.३

**दाङ्ग जिल्लामा पेशा तथा व्यवसाय :**

| क.सं. | व्यबसायको नाम | प्रतिशत |
|---|---|---|
| १ | कृषि | ६८.६९ |
| २ | उद्योग/व्यापार | २४.७० |
| ३ | जागिर | ६.२९ |
| ४ | अन्य | ०. ३२ |
| | जम्मा | १०० |

स्रोत : जिल्ला विकास योजना आ.व. २०६६/६७, जिल्ला विकास समिति, दाङ्ग

तालिका : ३.४

**दाङ्ग जिल्लामा कृषि उत्पादनको अवस्था :**

| क.सं. | उत्पादन | परिमाण |
|---|---|---|
| १ | माछा | ३३२ मेट्रिक टन |
| २ | नगदे बाली<br>) तेलहन – १३,९७० मे.ट.<br>) दलहन – २२,०६४ मे.ट.<br>) आलु – २५,९६९ मे.ट.<br>) मसला – २,२२४ मे.ट.<br>) तरकारी – ४५,०७९ मे.ट.<br>) फलफूल – १३,७५० मे.ट.<br>) अदुवा – ६,१३४ मे.ट. | १,२९,१९० मेट्रिक टन |

| | | |
|---|---|---|
| ३ | खाद्यान्न बाली<br>) धान – १,५९,९०० मे.ट.<br>) मकै – ४४,१०० मे.ट.<br>) गहुँ – २२,२२५ मे.ट.<br>) कोदो – १६० मे.ट.<br>) जौ – ३२ मे.ट. | २,२६,४१७ मेट्रिक टन |
| जम्मा बार्षिक उत्पादन :- | | ३,५५,९३९ मेट्रिक टन |

स्रोत : जिल्ला विकास योजना आ.व. २०६६/६७, जिल्ला विकास समिति, दाङ्ग

सिंचाईको कमीका कारण खेतिपाती अपेक्षाकृत सन्तोषजनक देखिंदैन् । नोकरीमा यस जिल्लाका मानिसहरु राप्ती अंचलका अन्य जिल्लाहरुमा समेत प्रशस्त भेटिन्छन् । यस जिल्लामा रहेका विभिन्न व्यापारिक स्थानहरुमा उद्योग व्यापार गर्नेहरु धेरै संख्यामा रहेका छन् । वैदेशिक रोजगारबाट प्राप्त आम्दानी (रेमिट्यान्स) ले पनि यस जिल्लाको आर्थिक अवस्थामा टेवा पुऱ्याएको छ । कुवेत, कतार, अरव मुलुकु मलेसिया, दुवई लगायतका मुलुकमा गई आय आर्जन गर्नेहरु ठूलै संख्यामा रहेका छन् । त्यस्ता मुलुकहरुमा जान नसक्नेहरु फुर्सदका समयमा भारतका विभिन्न ठाउँमा जाने गरेको पाइन्छ ।

## ३.११ सामाजिक अवस्था :

सामाजिक अवस्थाले कुनै पनि स्थानको जातीय, भाषिक, साँस्कृतिक स्वरुपलाई इंगित गर्दछ । दाङ्ग जिल्लाको सामाजिक अवस्था पनि राष्ट्रिय सामाजिक अवस्थासँग मिल्दोजुल्दो रहेको छ तथापी केही सामाजिक सूचकहरु भने फरक र विशिष्ट खालका छन् ।

जातजातिः

यस जिल्लामा सवैभन्दा बढी संख्यामा रहेको जाति आदिवासी थारु जाति हो जसको जनसंख्या १,४७,३२८ (३१.८६ प्रतिशत) रहेको छ । त्यस्तै क्षेत्री १०५१४६ (२२.७४ प्रतिशत) दोस्रो स्थानमा र मगर ५५,७११ (१२.०५ प्रतिशत) तेस्रो स्थानमा रहेका छन् । यस जिल्लाको जातिगत जनसंख्या देहाय अनुसार रहेको छ ।

तालिका : ४.५

**दाङ्ग जिल्लाका प्रमुख जातिहरुः**

| क्र.सं. | जाति | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | थारु | १,४७,३२८ | ३१.८६ |
| २ | क्षेत्री | १,०५,१४६ | २२.७४ |
| ३ | मगर | ५५,७११ | १२.०५ |
| ४ | बाहुन | ४९,९०६ | १०.७९ |
| ५ | कामी | २४,३४६ | ५.२७ |
| ६ | दमाईं | १२,३४९ | २.६७ |
| ७ | सन्यासी | १०,०६५ | २.१८ |
| ८ | सार्की | ८,२२६ | १.७८ |
| ९ | अन्य | ४९,३०३ | १०.६६ |
| जम्मा :– | | ४,६२,३८० | १०० |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, काठमाण्डौं

भाषाः

भाषागत जनसंख्यालाई दृष्टिगत गर्दा यहाँको सवैभन्दा धेरै बोलिने मातृभाषा नेपाली हो । दोस्रो स्थानमा थारु भाषा पर्दछ भने तेस्रोमा मगर भाषाले स्थान लिन्छ । मातृभाषागत जनसंख्या निम्न तालिकाबाट देखाउन सकिन्छ ।

तालिका : ३.६

**दाङ्ग जिल्लाको मातृभाषागत जनसंख्या :**

| क.सं. | मातृभाषा | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नेपाली | २,९८,३२३ | ६४.५१ |
| २ | थारु | १,३९,०९१ | ३०.०८ |
| ३ | मगर | ७,६८१ | १.६६ |
| ४ | हिन्दी | ४,१०९ | ०.९० |
| ५ | अन्य | १३,१७६ | २.८५ |
| जम्मा :– | | ४,६२,३८० | १०० |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, काठमाण्डौं

धर्मः

धर्म अनुसारको जनसंख्या हेर्दा यस जिल्लामा हिन्दू धर्मावलम्वीको बाहुल्यता रहेको छ । दोस्रो स्थानमा बौद्ध धर्मावलम्वी र तेस्रो स्थानमा इस्लाम धर्मावलम्वीहरुको संख्या रहेको छ ।

तालिका : ३.७

**दाङ्ग जिल्लाको धर्मगत जनसंख्या :**

| क.सं. | धर्म | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिन्दू | ४,४६,१२५ | ९६.४८ |
| २ | बौद्ध | १०,७२५ | २.३२ |
| ३ | इस्लाम | ४,६१० | १.०० |
| ४ | क्रिश्चियन | ६४० | ०.१४ |
| ५ | अन्य | २८० | ०.०६ |
| जम्मा :– | | ४,६२,३८० | १०० |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, काठमाण्डौ

चाडपर्व, रहनसहन, बोलीचालीः

यहाँ आ-आफ्नो धर्म अनुसारका चाडपर्व मान्ने गरेको पाइन्छ । त्यसर्थ यहाँका प्रमुख चाडपर्वहरुमा दशैं, तिहार, माघी, चैते दशैं, साउने सक्रान्ति, तिज, गुरु पूर्णिमा, इद, बकरिद,

लोसार, छठ आदि पर्दछन् । यहाँका प्रमुख मेला पर्वहरु सतबरियाको रिहार मेला, गोरक्ष रत्ननाथ चौघेरा मेला, सेवार बाह्रकुने मेला, धर्ना धारपानी मेला आदि हुन् । यहाँको लवाई खवाई, रहनसहन पनि आफ्नै किसिमको रहेको छ । नेपाली मातृभाषा बोल्दा केही मौलिक शब्द र लवजको प्रयोग गरेको पाइन्छ । जस्तो :- प्रशस्त भन्न 'मस्तै', गर्न सक्दिन भन्दा 'गर्न सक्दैन' आश्चर्य प्रकट गर्दा 'अरे'/'हो नि', अंक सत्तरीलाई 'सहत्तर', लठ्ठीलाई 'डिङ्नो', आँपलाई 'अम्रै', बूढा बूढीलाई 'बड्डा बड्डी' आदि यहाँका स्थानीय मौलिक शब्दावली हुन् ।

यस जिल्लामा कमैया मुक्तिको घोषणा भएपनि सवै मुक्त कमैयाहरुले जिविकोपार्जन गर्न सकेको पाईंदैन । दाङ्ग जिल्लालाई कम्लहरी मुक्त जिल्ला घोषणा गरिएतापनि पूर्णरुपले कम्लहरी मुक्त हुन सकेको छैन् । *"पढ्ने उमेरमा घर छाडेर कम्लहरी भएर कतिपय बालिकाहरु मालिकका घरमा जुठा भाँडा माझ्न तथा खाना पकाउन बाध्य भएका छन् । सयौंको संख्यामा यस जिल्लामा समाजमा कलंकको रुपमा लिइने कम्लहरी प्रथामा काम गर्न बालिकाहरु बाध्य छन् । वि.सं.२०६५ माघ १ गतेका दिनदेखि जिल्ला प्रशासन कार्यालय दाङ्ग, जिल्ला बाल कल्याण समिति दाङ्ग, एफएनसी, स्वानलगायतका संघसंस्था, राजनीतिक दल र नागरिक समाजका प्रतिनिधिको उपस्थितिमा कम्लहरी मुक्त जिल्ला घोषणा गरिएको हो ।"*[129] यस जिल्लामा विवाहको औषत उमेर हेर्दा पुरुषको २१.९४ वर्ष र महिलाको १९.०३ वर्ष रहेको छ । कूल प्रजनन दर ४.५ जना रहेकोले हालको जनसंख्या दोब्बर हुन २६ वर्ष मात्र लाग्ने देखिन्छ । अपाङ्गहरु २,४५६ जना (०.५३ प्रतिशत) रहेको देखिन्छ ।

यस जिल्लामा बसोवास गर्ने थारु समुदायको डगौरा थारु संस्कृतिको आफ्नै पहिचान र महत्व छ । गुजुमुज्ज परेका वस्ती, एकापसमा सहयोगको आदानप्रदान, मेहनती र इमान्दारी थारु जातिको पहिचानका आधार हुन् । यिनीहरुको परम्परागत पोशाकमा लोग्नेमान्छेले भेग्वा, भोटो र महिलाहरुले सुतिको गुन्यु, चोल्या (चोली), बठिन्या आदि लगाउँछन् । विवाहमा पहिलो दिन डिउली डर्ने र चुनिबऱ्या पकाउने (मासको दाल पिस्ने र परिकार बनाउने) गरिन्छ । दोस्रो दिन दुलाहाका घरमा दुलाहा दुलाहीसहित विवाह खान आएका सबै मानिसले सुँगुरको मासुको भोज खाने चलन छ । थारु जातिको मुख्य पूजा भुइँह्यार पूजा हो । बड्का नाँच थारु जातिको प्रमुख नाँच हो । थारु जतिले माघी पर्व धुमधामले मनाउँछन् ।

---

129 *गोरखापत्र दैनिक (काठमाडौं : गोरखापत्र संस्थान), २०६६ जेठ ९, पृष्ठ १०*

**३.१२ स्वास्थ्यको अवस्था :**

यस जिल्लामा राप्ती उपक्षेत्रीय अस्पताल, अञ्चल अस्पतालका साथै प्राथमिक स्वास्थ्य केन्द्रहरु, स्वास्थ्य चौकीहरु, उप स्वास्थ्य चौकीहरु, क्षेत्रीय आयुर्वेद चिकित्सालय, आयुर्वेदिक औषधालय आदि सरकारी स्वास्थ्य संस्थाहरु रहेका छन् । नेपाल परिवार नियोजन संघ, मेरी स्टोप्स सेन्टर, ग्रामीण महिला उत्थान केन्द्र, राष्ट्रिय दलित सञ्जाल, आई.सी.एच., दाङ्ग प्लस, नव किरण प्लस, क्षयरोग निवारण संस्था, नेपाल सी.एम.ए.संघ, गैर सरकारी संस्था जिल्ला समन्वय समिति जस्ता गैर सरकारी संस्थाहरु तथा UNFPA, UNICEF, NFHP/USAID, INF, PLAN आदि अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुले स्वास्थ्य सम्बन्धी काम गरिरहेका छन् । त्यस्तै निजी क्षेत्रका अस्पतालहरुमा राप्ती लाईफ केयर अस्पताल तुल्सीपुर, देउखुरी लाईफ केयर अस्पताल भालुवाङ, मध्यपश्चिम सामुदायिक अस्पताल घोराही, हेल्पिङ ह्याण्ड्स सामुदायिक अस्पताल, घोराही आदि रहेका छन् ।

पाइप प्रणालीबाट खानेपानी उपलब्ध जनसंख्या ४३.१९% छ भने जिल्लामा ६७.५८% जनताले मात्र सफा खानेपानी उपभोग गर्न पाएका छन् । त्यस्तै शौचालय प्रयोगकर्ता परिवार ३८.६८% मात्र रहेका छन् ।

तालिका : ३.८

**दाङ्ग जिल्लामा सरकारी स्वास्थ्य संस्थाहरुको विवरण :**

| क्र.सं. | सरकारी स्वास्थ्य संस्थाको नाम | संख्या |
|---|---|---|
| १ | उप क्षेत्रीय अस्पताल | १ |
| २ | अञ्चल अस्पताल | १ |
| ३ | प्राथमिक स्वास्थ्य केन्द्र | ३ |
| ४ | स्वास्थ्य चौकी | १० |
| ५ | उपस्वास्थ्य चौकी | २६ |
| ६ | क्षेत्रीय आयुर्वेद चिकित्सालय | १ |
| ७ | आयुर्वेदिक औषधालय | १ |
| ८ | आयुर्वेदिक औषधालय उपकेन्द्र | ३ |
| ९ | आँखा अस्पताल | १ |
| जम्मा :- | | ४७ |

स्रोत : जिल्ला जनस्वास्थ्य कार्यालय, दाङ्ग

## ३.१३ सूचना तथा सञ्चारको स्थिति :

यस जिल्लामा हाल छ वटा एफ.एम. रेडियो सञ्चालित छन् । चार वटा दैनिक पत्रपत्रिका र पाँच वटा साप्ताहिक पत्रिका नियमित प्रकाशन भई रहेका छन् । अन्तर्ध्वनी, राप्तीदूत, बहिङ्गा जस्ता साहित्यिक पत्रिकाहरु पनि प्रकाशन भइरहेका छन् । नेपाल टेलिकम र अन्य विभिन्न सेवा प्रदायकहरु (मेरो मोबाइल, UTL, हेलो नेपाल आदि) ले सञ्चार सुविधा उपलब्ध गराउँदै आएका छन् । परम्परादेखि संचालित हुलाक सेवाको पनि आफ्नै महत्व रहेको छ । यस जिल्लामा निजी प्रयासबाट संचालनमा रहेका विभिन्न कुरियर सेवा प्रदायकहरुको संख्या पनि उल्लेख्य नै रहेकोछ ।

तालिका : ३.९

**दाङ्ग जिल्लामा सञ्चालित एफ.एम. रेडियो र पत्रपत्रिकाहरुको विवरण**

| क.सं. | एफ.एम.रेडियो र पत्रपत्रिकाहरुको नाम | प्रकाशन/स्थापना | फोन/ईमेल |
|---|---|---|---|
| १ | स्वर्गद्वारी एफ.एम. (१०२.८ मेगाहर्ज) | २०५८ पुस ९ | ०८२-५६११९९/ ०८२-५६०१६४<br>radiodangfm@ntc.net.np |
| २ | रेडियो मध्यपश्चिम एफ.एम.(९१.४ मेगाहर्ज) | २०६३ पुस २८ | ०८२-५६०८५४/ ०८२-५६१५९०<br>radiomp@ntc.net.np |
| ३ | रेडियो गणतन्त्र एफ.एम.(९५.१ मेगाहर्ज) | २०६० भदौ २३ | ०८२-५६१२७९<br>फ्याक्स ०८२-५६१५३९ |
| ४ | रेडियो इन्द्रेणी एफ.एम.(९२.४ मेगाहर्ज) | २०६४ भदौ ६ | ०८२-५६२१९५/०८२-५६१५३८<br>radioindrenifm@gmail.com |
| ५ | रेडियो तुल्सीपुर एफ.एम. (१००.२ मेगाहर्ज) | २०६० साउन २५ | ०८२-५२१५०८/०८२-५२०१७९<br>tulsipur_fm@yahoo.com |
| ६ | रेडियो देउखुरी एफ.एम. (१०५.८ मेगाहर्ज) | २०६४ बैशाख २३ | ०८२-५४००१९<br>फ्याक्स ०८२-५४०२८५ |
| ७ | नयाँ युगबोध राष्ट्रिय दैनिक | २०३३ असोज १७ | ०८२-५६००८४/०८२-५६१३०३<br>yougbodh@ntc.net.np |
| ८ | गोरक्ष राष्ट्रिय दैनिक | २०६१ साउन २५ | ०८२-५६१९६०<br>gorakshadang@ntc.net.np |
| ९ | गणतन्त्र राष्ट्रिय दैनिक | २०६४ मंसीर ३ | ०८२-५६१९०८<br>raptipublication@ntc.net.np |
| १० | देउखुरी दैनिक (शुरुमा साप्ताहिक) | २०६४ असोज १६ | फोन/फ्याक्स ०८२-५४०४६६ |

| | | | |
|---|---|---|---|
| ११ | नौलो जनउभार साप्ताहिक | २०५५ कार्तिक २९ | फोन/फ्याक्स ०८२-५६१७२५<br>naulojanaubhar@gmail.com |
| १२ | गाउँघर साप्ताहिक | २०५२ जेठ २६ | ०८२-५६०५३२<br>gaunghar@ntc.net.np |
| १३ | राप्ती समाचार साप्ताहिक | २०४३ साल | ०८२-५६१६११/०८२-५६१५०५<br>rsw@gmail .com |
| १४ | सूचनापत्र साप्ताहिक | २०६२ बैशाख २५ | ०८२-५६१८०९<br>weekly.soochanapatra@gmail.com |

स्रोत : नेपाल पत्रकार महासंघ दाङ्ग शाखाको वार्षिक मुखपत्र चौथो अंग, २०६५,

यस जिल्लामा सञ्चालित एफ.एम. रेडियो र  पत्रपत्रिकाहरुले जनतालाई हरेक विषयमा सुसूचित गरिरहेका छन् । मध्य पश्चिमान्चल विकास क्षेत्रका अन्य जिल्लाहरुको तुलनामा यस जिल्लामा संचारका विभिन्न माध्यमहरुको संख्याका साथै कृयाशीलता पनि उल्लेख्य रहेको छ । निर्वाचन सम्बन्धी विभिन्न गतिविधिहरु, मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम, मतदाता शिक्षा, आचार संहिता, पर्यवेक्षण, निर्वाचन प्रकृया आदिका प्राविधिक, कानूनी सबै पक्षमा यिनीहरुको भूमिका सह्राहनीय रहने गरेको छ ।

**

# अध्याय चार

# नेपालमा निर्वाचन र मतदाता नामावली सम्बन्धी संवैधानिक एवं कानूनी व्यवस्था

## ४.१ नेपालमा निर्वाचन र मतदाता नामावली सम्बन्धी संवैधानिक व्यवस्था र विकासक्रम

नेपालमा संवैधानिक विकासक्रमको अभ्यास त्यति लामो छैन । राणा प्रधानमन्त्री पद्म शमशेरले वि.स. २००४ साल माघ १३ गते नेपाल सरकार वैधानिक कानून, २००४ घोषणा गरे । यो संविधान वि.सं.२००५ को अन्त्यसम्ममा देशभर लागू हुने गरी वि.सं. २००५ बैशाख १ गते घोषणा गरिएको थियो । यस संविधानमा भारदारी सभा र राष्ट्रसभा गरी दुई सदनात्मक व्यवस्था गरिएको थियो । राष्ट्रसभामा बयालीस निर्वाचित र अट्ठाईस श्री ३ बाट मनोनित गरी साठीदेखि सत्तरी जना सदस्य रहने र भारदारी सभामा श्री ३ बाट नियुक्ति हुने घटीमा बीस र बढीमा तीस जना सदस्य रहने व्यवस्था रहेको पाइन्छ । *'श्री ३, राष्ट्र सभा र भारदारी सभाबाट नेपालको व्यवस्थापकसभा बन्नेछ'* भन्ने व्यवस्था पाइन्छ । *'नेपाल सरकारको वैधानिक कानून, २००४ मा निर्वाचन गराउनका लागि छुट्टै निर्वाचन आयोगको परिकल्पना गरेको भने पाईंदैन् ।*[130] *"नेपाल सरकार वैधानिक कानूनले व्यवस्था गर्न खोजेको व्यवस्थापिकाका दुई स्थायी सदन थिए । ..दुवै सदनमा मनोनीत सदस्य संख्या निर्वाचित सदस्य संख्या भन्दा बढी भएकाले श्री ३ ले इच्छा गरेका विधेयकहरु मात्र पारित हुन सक्ने स्वतः प्रमाणित छ ।"*[131]

नेपालमा राणाशासनको पतन भएपछि वि.सं २००७ चैत्र २१ गते स्वीकृत भई २००७ चैत्र २९ गतेदेखि नेपाल अन्तरिम शासन विधान, २००७ लागू भयो । *"यो संविधानमा ७ भाग, ७३ धारा र ३ अनुसूची थिए । अन्तरिम शासन विधान अस्थायी भएकोले देशमा संसदीय निर्वाचन गर्न निर्वाचन आयोग (कमिशन) को व्यवस्था गरिएको थियो । यो संविधानको भाग ६, धारा ६८ देखि ७१ सम्म निर्वाचनको व्यवस्था गरिएको पाइन्छ ।"*[132] *"मतदाता नामावली तयार गर्ने कामको रेखदेख, नियन्त्रण र निर्देशन गर्न, निर्वाचन सम्बन्धी मुद्दा हेरी निर्णय गर्न निर्वाचन अदालत नियुक्त गर्ने*

---

130 *लोकदर्शन पण्डित, नेपालको संसदीय दर्पण (काठमाडौ. : निर्वाचन आयोग, २०६३), पृष्ठ ६*

131 *मायाप्रसाद काफ्ले, नेपालको सरकार र प्रशासन (विराटनगर/काठमाडौं, काफ्ले प्रकाशन, २०५५/५६), पृष्ठ १०*

132 *ऐ.ऐ. पृष्ठ २७*

*अधिकारसमेत दिई आयोग खडा गरिएको थियो जसलाई निर्वाचन आयोग भनिएको छ । निर्वाचन आयोगमा एक प्रधान निर्वाचन कमिश्नर र अरु निर्वाचन कमिश्नरहरु रहेका थिए ।"*[133] *"वि.सं. २००८ सालमा प्रकाशित (लालमोहर सदर नभएको) जनप्रतिनिधित्व ऐनबमोजिम ..निर्वाचन कमिशनले २००८ कार्तिक १ गते एक्काईस वर्ष वा सो भन्दा बढी उमेर भएका र २००७ साल मार्ग मसान्तभित्र नेपाल राज्यभित्र कमसेकम ६० दिन बसेका नेपालका नागरिक (रैती) स्त्री पुरुषको नाम मतदाता नामावलीमा दर्ता गरिनेछ भन्ने इस्तिहार जारी गऱ्यो । त्यही आधारमा २००८ सालदेखि मतदाता सूची तयार गर्ने कार्य शुरु भयो ।*[134] यसरी यो संविधानबाट एक्काईस वर्ष पूरा गरेका वयस्क नेपालीहरुले प्रथमपल्ट मताधिकार पाएका थिए । यसलाई नेपालीहरुले प्राप्त गरेको महान् उपलब्धी मान्नुपर्छ ।

नेपालमा वि.स. २०१५ फागुन १ गते नेपाल अधिराज्यको संविधान, २०१५ जारी भयो । यसमा प्रतिनिधि सभा र महासभा नामक द्विसदनात्मक व्यवस्था गरिएको थियो । महासभामा १८ जना सदस्य प्रतिनिधि सभाबाट र १८ जना राजाबाट मनोनित भई ३६ जना सदस्य रहने व्यवस्था गरिएको थियो । तल्लो सदन प्रतिनिधि सभामा १०९ जना प्रतिनिधि रहने व्यवस्था थियो । संसद भन्नाले राजा र संसदका दुई सदनलाई बुझिन्थ्यो । सम्पूर्ण नेपाललाई १०९ निर्वाचन क्षेत्रमा विभाजन गरिएको थियो । प्रतिनिधिसभाको कार्यकाल पाँच वर्ष राखिएको थियो । *"एक्काईस वर्ष पूरा गरेका मतदाताहरुको मतबाट बहुमतका आधारमा निर्वाचित गरिने सिद्धान्तका आधारमा संसदको प्रथम निर्वाचन २०१५ सालमा सम्पन्न भयो । २५ वर्ष उमेर पूरा गरेका नेपाली नागरिक उम्मेदवार हुन पाउने व्यवस्था अनुसार ७८६ उम्मेदवार निर्वाचनमा उत्रिएका थिए । कूल मतदाता ४२,४६,४६८ भएको उक्त निर्वाचनमा रु.२५०।- धरौटी राख्नु पर्ने र कूल खसेको मतको छैटौं भाग ल्याउन नसके धरौटी जफत हुने व्यवस्था थियो ।"*[135]

नेपाल अधिराज्यको संविधान, २०१५ को धारा ५५ का आधारमा वि.सं २०१७ पौष १ गतेको शाही कदमबाट २०१५ सालमा निर्वाचित सरकारलाई अपदस्त गरेपछि २०१७ साल पौष २२ गते बहुदलीय व्यवस्थामा प्रतिबन्ध लगाई पंचायती व्यवस्थाको शुरुवात भयो । त्यसपछि पंचायती व्यवस्थाको संरक्षण गर्ने उद्धेश्यले संविधानको स्रोत राजालाई मानी जारी गरिएको नेपालको

---

[133] ***पूर्ववत*** *पाद् १, पृष्ठ ८*

[134] *ऐ.ऐ.पृष्ठ २५*

[135] *पीताम्बर ढकाल, ऐतिहासिक संविधानसभाको निर्वाचन २०६४( राजतन्त्रको बर्हिगमन र गणतन्त्रको स्थापना) (सुर्खेत रुक्मिणी ढकाल, २०६५ कार्तिक), पृष्ठ ७५*

संविधान, २०१९ मा एक सदनात्मक व्यवस्थापिकाको व्यवस्था गरियो । 'राष्ट्रिय पञ्चायत' नामक उक्त सदनमा ११२ जना निर्वाचित र २८ जना राजाबाट मनोनीत गरी १४० जना सदस्य रहने व्यवस्था थियो । यो संविधानले पनि एक्काईस वर्ष पूरा गरेका नेपाली नागरिकहरुलाई मताधिकार प्रदान गरेको थियो ।

नेपाली काँग्रेस र वामपन्थी समूहका घटकहरु मिली बनेको वाममोर्चा सम्मिलित भई २०४६ साल फागुन ७ गतेदेखि प्रारम्भ भएको जनआन्दोलनको सफलताबाट २०४७ साल चैत्र २६ गते निर्दलीय पंचायती व्यवस्थाको अन्त्य भयो । संविधानसभाबाट संविधानको निर्माण गरिनु पर्ने केही वाम घटकहरुको धारणा भएतापनि २०४७ जेष्ठ १६ गते संविधान सुझाव आयोग गठन भई त्यसले तयार गरेको मस्यौदाका आधारमा २०४७ कार्तिक २३ गते राजाबाट नेपाल अधिराज्यको संविधान, २०४७ जारी भयो । नेपाल अधिराज्यको संविधान, २०४७ को भाग १५, धारा १०३ देखि १०८ सम्म निर्वाचन आयोग सम्बन्धी व्यवस्था गरिएको पाइन्छ । यस संविधानमा निर्वाचन आयोगमा एक प्रमुख निर्वाचन आयुक्त र आवश्यकता अनुसार अन्य निर्वाचन आयुक्त रहने व्यवस्था गरिएको थियो । प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरुको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा राजाबाट गरिने व्यवस्था थियो । नेपाल अधिराज्यको संविधान, २०४७ मा *'यो संविधान र अन्य कानूनको अधिनमा रही संसद् तथा गाउँ, नगर र जिल्लामा स्थानीय निकायहरुको निर्वाचनको संचालन, रेखदेख, निर्देशन र नियन्त्रण निर्वाचन आयोगबाट हुनेछ । सो प्रयोजनका लागि मतदाताहरुको नामावली तयार गर्ने कार्य निर्वाचन आयोगले गर्नेछ'* भन्ने व्यवस्था रहेको पाइन्छ । यो संविधानमा संसद सदस्यको उम्मेदवारी सम्बन्धमा उठेको विवादको अन्तिम निर्णय दिने अधिकार निर्वाचन आयोगलाई दिइएको थियो । निर्वाचन आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य कुरा सरकारले उपलब्ध गराउने व्यवस्था समेत नेपाल अधिराज्यको संविधान, २०४७ मा गरिएको थियो । यो संविधानमा प्रतिनिधि सभा र राष्ट्रिय सभा द्विसदनात्मक व्यवस्था गरिनाका साथै राजासहितको संसदको अवधारणालाई अघि सारिएको पाइन्छ । यो संविधानले अठार वर्ष उमेर पुगेका नेपाली नागरिकहरुलाई मताधिकार प्रदान गरेको थियो साथै प्रतिनिधिसभा सदस्यको निर्वाचनमा मतदान गर्ने अधिकार पाएको व्यक्तिले तोकिएका योग्यता पूरा गरेमा निर्वाचनमा उम्मेदवार हुन सक्ने व्यवस्था समेत गरिएको थियो ।

नेपालका सात राजनीतिक दल र नेकपा माओवादीबीच २०६२ मंसीर ७ मा नयाँ दिल्लीमा बाह्र बुँदे समझदारी भए अनुसार २०६२ चैत्र २४ देखि २०६३ बैशाख ११ सम्म उन्नाईस दिने

ऐतिहासिक जनआन्दोलन दुई सम्पन्न भई नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भयो । सात राजनीतिक दल र नेकपा माओवादीबीच सम्पन्न बाह्र बुँदे समझदारी र आठ बुँदे सहमति, नेपाल सरकार र नेकपा माओवादीबीच सम्पन्न पच्चीस बुँदे आचार संहिताप्रति प्रतिबद्धता व्यक्त गर्दै नेपाल सरकार र नेकपा माओवादीबीच वि.सं. २०६३ मंसीर ५ मा विस्तृत शान्ति सम्झौता सम्पन्न भयो । ऐतिहासिक जनआन्दोलन दुईपछि देशमा अग्रगमन, स्थायी शान्ति र लोकतान्त्रिक पद्धतिको संस्थागत विकास गर्न संविधानसभाको निर्वाचन गर्ने संकल्पसहित वि.सं.२०६३ माघ १ गते नेपालको अन्तरिम संविधान, २०६३ जारी भयो । संविधानसभाबाट नयाँ संविधान नबनेसम्मका लागि राजनैतिक सहमतिबाट तयार भएको यो संविधानको भाग १४, धारा १२८ देखि १३० सम्म निर्वाचन आयोगको व्यवस्था गरिएको छ । यो संविधानको धारा १२९ (१) मा *'यो संविधान र अन्य कानूनको अधिनमा रही संविधानसभा, धारा १५७ बमोजिम हुने जनमत संग्रह तथा स्थानीय निकायको निर्वाचनको सञ्चालन रेखदेख, निर्देशन र नियन्त्रण निर्वाचन आयोगबाट हुनेछ र सो प्रयोजनको लागि मतदाताहरुको नामावली तयार गर्ने कार्य निर्वाचन आयोगले गर्नेछ'* भन्ने व्यवस्था रहेको छ भने धारा १५७ मा *'राष्ट्रिय महत्वको कुनै विषयमा जनमत संग्रहबाट निर्णय गर्न आवश्यक छ भनी संविधानसभाले दुई तिहाई बहुमतबाट निर्णय गरेमा त्यस्तो विषयमा जनमत संग्रहबाट निर्णय लिन सकिनेछ'* [136] भन्ने व्यवस्था रहेको छ । अन्तरिम संविधानको धारा १२८ मा निर्वाचन आयोगमा एक जना प्रमुख निर्वाचन आयुक्त र अन्य चार जनासम्म निर्वाचन आयुक्तहरु रहन सक्ने व्यवस्था रहेको छ ।

## ४.२ नेपालमा निर्वाचन तथा मतदाता नामावली सम्बन्धी कानूनी व्यवस्था :

मतदाता नामावली संकलन अद्यावधिक कार्यक्रम तथा निर्वाचन संचालन गर्न कानूनी आधार (Legal Instrument) अनिवार्य हुन्छ । निर्वाचनसम्बन्धी सारवान व्यवस्था गर्न, स्वच्छ, स्वतन्त्र र निष्पक्ष रुपमा निर्वाचन सम्पन्न गर्ने कार्यविधि व्यवस्थित गर्न, मतदाताको मताधिकार सुनिश्चितताका लागि मतदाता नामावलीको सङ्कलन तथा अद्यावधिक कार्यलाई व्यवस्थित गर्न, राजनैतिक दललाई सुदृढ, प्रभावकारी, समावेशी, पारदर्शी तथा लोकतान्त्रिक बनाई राजनैतिक दलको संस्थागत विकास गर्न, निर्वाचन गतिविधिसम्बन्धी गैरकानूनी कृयाकलापलाई नियन्त्रण गर्न निर्वाचनसम्बन्धी कानूनको आवश्यकता पर्दछ । यिनै आवश्यकताहरुलाई पूरा गर्न निर्वाचसम्बन्धी कानूनहरुको निर्माण र परिमार्जन हुँदै आइरहेको छ ।

[136] *नेपालको अन्तरिम संविधान २०६३ (काठमाडौं : कानून किताब व्यवस्था समिति, २०६४ आषाढ), पृष्ठ ५६*

निर्वाचन तथा मतदाता नामावलीसम्बन्धी कानूनहरुमा निर्वाचन आयोग ऐन, २०६३, मतदाता नामावली सम्बन्धी ऐन, २०६३, निर्वाचन (कसूर र सजाय) ऐन, २०६३, संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४, संविधानसभा अदालत ऐन, २०६४, मतदाता नामावली सम्बन्धी नियमावली, २०६३, राजनैतिक दलदर्ता (निर्वाचन प्रयोजन) नियमावली, २०६३, संविधानसभा सदस्य निर्वाचन नियमावली, २०६४ आदि प्रमुख रहेका छन् । निर्वाचन तथा मतदाता नामावलीसम्बन्धी कानूनहरुमा भएका मुख्य व्यवस्थाहरुका बारेमा चर्चा गरौं ।

संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ दफा २ (ञ) अनुसार 'मतदाता भन्नाले निर्वाचनका लागि प्रचलित कानूनबमोजिम मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति सम्भनुपर्छ ।' त्यस्तै मतदाता नामावली सम्बन्धी ऐन, २०६३ मा उल्लेख गरे अनुसार मतदाता भन्नाले नेपाली नागरिक, १८ वर्ष उमेर पूरा भएको, कुनै निर्वाचन क्षेत्रको कुनै गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडामा स्थायी बसोबास भई मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्तिलाई बुझिन्छ । कुनै निर्वाचन क्षेत्रको कुनै गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडाको मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति जनप्रतिनिधि निर्वाचित भई आफ्नो पदावधिको समयमा सो निर्वाचन क्षेत्रमा अनुपस्थित रहेको अवस्था, कुनै व्यापार, व्यवसाय, अध्ययन, अध्यापन, सरकारी वा गैर सरकारी सेवा, औषधि-उपचार वा अन्य कुनै काम विशेष वा कारणले वा कानूनबमोजिम थुना वा कैदमा रहेको कारणले आफ्नो नाम दर्ता भएको निर्वाचन क्षेत्रको गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडामा अनुपस्थित रहेको अवस्था समेत सामान्य रुपले बसोबास गर्दै आएको स्थितिलाई स्थायी बसोबास मानिन्छ । *'मगज बिग्रेको, निर्वाचन अपराध र सजाय सम्बन्धी प्रचलित कानूनबमोजिम एक वर्ष वा सोभन्दा बढी कैदको सजाय पाएको अवस्थामा त्यस्तो कैदको सजाय भोगिसकेको मितिले एक वर्ष अवधि भुक्तान नभएको व्यक्ति'* [137] लाई अयोग्य मतदाता मानेको पाइन्छ । दृष्टिविहीन, अपाङ्ग, वृद्ध, गर्भवती महिला वा यस्तै प्रकारले कुनै शारीरिक अशक्तता भएको मतदातालाई अशक्त मतदाता मानी त्यस्ता मतदातालाई निर्वाचन आयोगले मतदान गर्ने विशेष व्यवस्था गर्न सक्नेछ भनी संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ मा उल्लेख गरिएको छ ।

निर्वाचन (कसूर र सजाय) ऐन, २०६३ मा 'मतदाता नामावली भन्नाले प्रचलित कानून बमोजिम मतदाताको विवरणसहित तयार गरिएको मतदाता नामावली सम्भनु पर्छ' भनिएको छ ।

---

[137] *निर्वाचन सम्बन्धी ऐन नियम सङ्ग्रह (काठमाडौं : निर्वाचन आयोग, २०६४ भदौ), पृष्ठ २०४*

कुन जिल्लाको कुन निर्वाचन क्षेत्रको कुन गाउँ विकास समिति वा नगरपालिकाको कति नम्बर वडाको कुन गाउँ टोलको नामावली हो हेर्न मिल्ने गरी मतदाता नामावली तयार गरिएको हुन्छ । मतदाता नामावलीमा मतदाताको नाम थरका साथै घर नम्बर, परिवार नम्बर, मतदाता नम्बर, लिङ्ग, जन्म मिति, उमेर र मतदाताको पिता, पति, माता मध्ये कुनै एकको नाम र नाता जस्ता विवरण रहेका हुन्छन् । नामावलीमा कुन साल कुन महिनासम्म १८ वर्ष उमेर पूरा भएका मतदाता रहेका छन सो समेत प्रष्ट खुल्दछ । साथै मतदाता नामावलीमा निर्वाचन आयोगको छाप समेत लागेको हुन्छ । शुरुमा घरदैलो (Door –to– door) कार्यक्रम गरी तयार पारिएको नामावलीमा नाम थप्ने, सच्याउने र हटाउने गरी अद्यावधिक गर्दै आइएको पाइन्छ । सम्पूर्ण प्रकृया पूरा गरी तयार पारिएको मतदाता नामावलीको आवश्यक प्रति तयार गर्ने, सोको विद्युतीय प्रति (कम्प्याक्ट डिक्स) तयार पार्ने गरिन्छ । निर्वाचन आयोगले अन्तिम मतदाता नामावलीलाई आफ्नो वेभसाइट www.election.gov.np मा पनि राख्दछ ।

नेपालमा निर्वाचन तथा मतदाता नामावली सम्बन्धी कानूनी व्यवस्थालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

## (क) निवाचन आयोग ऐन, २०६३

निर्वाचन आयोग ऐन, २०६३ मा आयोगले सम्पादन गर्नुपर्ने कार्यका लागि केन्द्रीयस्तरमा सचिवालय रहने र आवश्यकता अनुसार स्थानीयस्तरमा समेत कार्यालय खोल्न सक्ने व्यवस्था रहेको छ । आयोगले गर्नु पर्ने सबै काम प्रमुख निर्वाचन आयुक्त मात्र रहेको अवस्थामा निजबाट र अन्य आयुक्तहरु समेत रहेको अवस्थामा निजहरुको बैठक बसी निर्णय भए बमोजिम गर्ने व्यवस्था रहेको छ । *"आयोगले मतदाता नामावली तयार गर्नका लागि आवश्यक संख्यामा प्रमुख नामदर्ता अधिकारी, नामदर्ता अधिकारी, सहायक नामदर्ता अधिकारी, मतदाता नामावली संकलनकर्ता र निर्वाचनको कामका लागि मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत, मतदान अधिकृत, सहायक मतदान अधिकृत लगायत आवश्यक देखिएका अन्य पद सिर्जना गरी त्यस्ता पदहरुमा आवश्यकता अनुसार कर्मचारीहरु नियुक्त गर्न वा तोक्न सक्नेछ ।"*[138] आयोगले निर्वाचनको कामका लागि मागेको सहयोग नेपाल सरकार वा सरकारी स्वामित्व वा नियन्त्रणमा रहेका संस्थाहरुले उपलव्ध गराउनु पर्दछ । आयोगले निर्वाचनको कामका लागि नेपाल सरकारको कुनै मन्त्रालय, विभाग, कार्यालय वा संवैधानिक निकाय वा नेपाल सरकारको स्वामित्व वा

---

138 *निर्वाचन अयोग ऐन, २०६३ (काठमाडौं : निर्वाचन आयोग, २०६४ वैशाख), पृष्ठ ३*

नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा संचालित संस्था वा निकायबाट कुनै पनि सहयोग लिन सक्नेछ भन्ने व्यवस्था समेत यो ऐनमा रहेको छ । यसका साथै निर्वाचन आयोगले निजी वा सार्वजनिक संस्थाबाट पनि सहयोग वा काम लिन सक्ने व्यवस्था गरिएको छ ।

निर्वाचन स्वच्छ, स्वतन्त्र रुपमा सम्पादन गर्न आयोगले पर्यवेक्षक तोक्न, आचार संहिता जारी गर्न, स्वतन्त्र र निष्पक्ष तवरले नभएको निर्वाचन रद्ध गर्न एवं पुनः निर्वाचन गर्न समेत आयोग स्वतन्त्र रहनेछ । यस ऐनमा आयोगले आफ्नो कार्य संचालन र सम्पन्न गर्न अनुगमन गर्ने गराउने, अस्थायी पदको दरबन्दीको सृजना र बढीमा छ महिनाका लागि अस्थायी, करार वा ज्यालादारीमा नियुक्ति गर्न सक्ने, विशेषज्ञ सेवा लिन सक्ने व्यवस्था रहेको छ । त्यस्तै कर्मचारीहरुलाई सुविधा दिने वा कामबाट हटाउने, निर्वाचनमा खर्च गर्न सक्ने, मालसामान खरिद गर्न सक्ने विषयमा पनि ऐनमा व्यवस्था छ । संविधानसभा सदस्यको उम्मेदवारको अयोग्यता सम्बन्धी निर्णय गर्ने, राजनीतिक दल दर्ता गर्ने, मूल दलको केन्द्रीय कार्यकारिणी समितिको चालीस प्रतिशत सदस्यहरुसहित विभाजित भई दल दर्ताका लागि आएमा छुट्टै दलका रुपमा दर्ता गर्ने, राजनैतिक दलहरु संयुक्त भएमा त्यस्ता दलको दर्ता गर्ने,  यस ऐनमा तोकिएका आधार बमोजिमको स्थितिमा राजनीतिक दलको खारेज गर्ने, निर्वाचन खर्चको हद तोक्ने आदि कार्यहरु समेत आयोगले गर्ने व्यवस्था गरिएको छ । यो ऐन बमोजिम आयोगले कुनै संवैधानिक वा निर्वाचन सम्बन्धी कानूनी प्रश्नमा महान्यायाधिवक्ता, सरकारी वकिल, कुनै कानून व्यवसायी वा अन्य विशेषज्ञबाट राय लिन सक्ने व्यवस्था गरिएको छ । आयोगले मतदाता नामावली तयार गर्ने लगायत निर्वाचनको काममा खटाइएका कर्मचारी, सुरक्षाकर्मी वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा संचालित संस्थाको कर्मचारीले कार्य सम्पादनको सिलसिलामा प्रचलित कानून वा आयोगको आदेश वा निर्देशन जानी जानी उल्लंघन हुने गरी वा बदनियतले काम गरी आयोगको निष्पक्षतामा असर पर्ने गरी काम गरेमा त्यस्तो कर्मचारी, सुरक्षाकर्मीउपर निजको सेवा शर्त सम्बन्धी प्रचलित कानूनबमोजिम विभागीय कारबाही र सजाय गर्ने वा विभागीय कारबाहीका लागि सम्बन्धित निकायलाई सिफारिस गर्ने समेतका कार्य आयोगले गर्न सक्दछ ।

निर्वाचन आयोग ऐन, २०६३ का उल्लेखित व्यवस्थाका साथै अन्य मुख्य व्यवस्थाहरु यस प्रकार रहेका छन् ।

- एउटै नामबाट एकभन्दा बढी राजनीतिक दल दर्ता नहुने,
- निर्वाचन स्वच्छ, निष्पक्ष, पारदर्शी बनाउन आयोगले आचारसंहिता बनाउने,

- आचार संहिता उल्लंघन गर्नेलाई एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्ने,
- आयोगले आफूले गरेका कामको वार्षिक प्रतिवेदन प्रकाशन गर्नुपर्ने आदि ।

## (ख) मतदाता नामावली सम्बन्धी ऐन, २०६३

प्रचलित कानून बमोजिम हुने निर्वाचनका लागि मतदाता नामावली सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न साविकको मतदाता नामावली सम्बन्धी ऐन, २०५२ लाई खारेज गरी मतदाता नामावली सम्बन्धी ऐन, २०६३ जारी भएको हो । मतदाता नामावली सम्बन्धी ऐन, २०६३ ले मतदाता नामावलीमा नाम समावेश हुन चाहिने योग्यता, नामावली संकलन तथा अद्यावधिक गर्ने प्रक्रिया, संलग्न हुने जनशक्ति, मतदाता नामावली सम्बन्धी कसूर र सजाय आदिको उल्लेख गर्दै निर्वाचन आयोगलाई आफ्नो प्रत्यक्ष्य रेखदेख, नियन्त्रण, सुपरीवेक्षण र निर्देशनमा प्रत्येक निर्वाचन क्षेत्रभित्रका गाउँ विकास समिति र नगरपालिकाको वडाको मतदाता नामावली संकलन तथा अद्यावधिक गर्ने जिम्मेवारी तोकेको छ । आयोगले मतदाता नामावली संकलन तथा अद्यावधिक गर्दा एकै पटक, पटक पटक, एकै समय वा छुट्टाछुट्टै समयमा हुने गरी तोक्न सक्ने व्यवस्था रहेको छ । मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ५ (क) मा मतदाताको योग्यता देहाय अनुसार तोकिएको छ ।

क) नेपाली नागरिक,

ख) मतदाता नामावली संकलन हुने सालभन्दा अघिल्लो सालको चैत्र मसान्तसम्ममा १८ वर्ष उमेर पुरा गरेको र

ग) कुनै निर्वाचन क्षेत्रभित्रको कुनै गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडामा स्थायी बसोवास भएको ।

मतदाता नामावली नाम दर्ता भएको प्रत्येक मतदाताले निर्वाचनमा मतदान गर्न पाउने छन् तर मतदाता नामावलीमा नाम भएता पनि मगज बिग्रेको, निर्वाचन अपराध र सजायसम्बन्धी प्रचलित कानून बमोजिम सजाय भोगिरहेको वा सजाय भोगिसकेको एक वर्ष भुक्तान नभएको मतदाताले मतदान गर्न नपाउने कुरा ऐनमा उल्लेख छ । गैर नेपाली नागरिकले नाम ढाँटेर मतदाता नामावलीमा नाम समावेश गराएमा, नाम, थर, वतन, उमेर वा अन्य विवरण ढाँटी झुटो विवरण दिएर नाम दर्ता गराएमा, नामावलीलाई कुनै किसिमले बिगार्ने, नोक्सान वा नष्ट गर्ने गरेमा नामावली संकलन कार्यमा बाधा विरोध गरेमा वा गोप्य राख्नु पर्ने कागजात, विवरणको गोप्यता भङ्ग

गरेमा कसूरको मात्रा हेरी पचास हजार रुपैयाँसम्म जरिवाना, छ महिना कैद वा दुवै सजाय गर्न सकिने व्यवस्था पनि ऐनमा गरिएको छ । त्यस्तै मतदाता नामावली सम्बन्धी ऐन बमोजिम दायर हुने मुद्दा सरकारवादी हुने व्यवस्था समेत ऐनमा रहेको छ ।

मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को परिच्छेद ३ मा अस्थायी मतदाता नामावली सम्बन्धी विशेष व्यवस्था गरिएको छ । सो परिच्छेद अन्तर्गत दफा, २६ मा आयोगले आफ्नो प्रत्यक्ष्य रेखदेख, नियन्त्रण र निर्देशनमा छुट्टै अस्थायी मतदाता नामावली तयार गराउन सक्ने व्यवस्था छ । यस्तो अस्थायी मतदाता नामावलीमा सरकारी कार्यालय, स्थानीय निकाय वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेका संस्थामा कार्यरत कर्मचारी, सैनिक वा प्रहरी व्यारेकमा रहेका व्यक्ति वा अस्थायी शिविरमा रहेका माओवादी सेनाका लडाकु, कारागारमा रहेका कैदी वा थुनुवा र निर्वाचन वा मतदान केन्द्रमा खटिएका कर्मचारी र सुरक्षाकर्मीहरु रहने व्यवस्था गरिएको छ । यस्तो नामावली तयार गर्दा सम्बन्धित कार्यालयले प्रमाणित गरेको नामावलीलाई आधार लिई नाम दर्ता गर्ने, आयोगले निर्धारण गरेको स्थान र समयमा प्रकाशन गर्ने, नाम दर्ता हुँदा छुट भएमा प्रमाणसहित आयोगले निर्धारण गरेको अधिकारीसमक्ष दरखास्त दिन सक्ने, दावी विरोध, जाँचबुझ, संशोधन र निर्णय आदि प्रकृया रहने व्यवस्था छ । अस्थायी मतदाता नामावलीको प्रयोग संविधानसभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि मात्र हुने व्यवस्था अनुरुप संविधानसभा सदस्य निर्वाचन, २०६४ मा यस्तो नामावली तयार गरिएको थियो तर मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम, २०६६ मा भने अस्थायी मतदाता नामावली तयार गर्नु परेन ।

यस ऐनमा ऐन बमोजिम तयार गरिएको मतदाता नामावली मतदान प्रयोजन र प्रचलित कानूनमा विशेष व्यवस्था भएबाहेक अन्य प्रयोजनका लागि प्रमाणमा लाग्ने छैन भनी उल्लेख गरिएको छ । यस ऐनमा भएका अन्य व्यवस्थाहरु निम्नानुसार रहेका छन् ।

- आयोगले मतदाता परिचयपत्रको व्यवस्था गर्न सक्ने,
- यो ऐन अन्तर्गत बनेका नियमको अधिनमा रही आवश्यकता अनुसार नियम बनाउन सक्ने,
- यस ऐनबमोजिमको कसूरसँग सम्बन्धित मुद्धाको अनुसन्धान र तहकिकात सम्बन्धित जिल्लाको जिल्ला निर्वाचन अधिकारीले गर्ने,

- ❖ मतदाता नामावलीमा नाम दर्ता भएको, नभएको, गर्न हुने, गर्न नहुने विषयमा अदालतमा प्रश्न उठाउन नपाइने,
- ❖ मतदाता नामावली तयार गर्ने नाम दर्ता अधिकारी वा निजले खटाएको व्यक्तिले नामावलीमा थपघट गरेको विषयमा अदालतमा प्रश्न उठाउन नपाइने,

मतदाता नामावली सम्बन्धी ऐन, २०६३ समेतमा व्यवस्था भए अनुसार मतदाता नामावली संकलन तथा अद्यावधिक प्रक्रियालाई निम्न तालिकाबाट देखाउन सकिन्छ ।

तालिका २.१

**मतदाता नामावली संकलन तथा अद्यावधिक प्रक्रिया**

| क्र.स. | क्रियाकलाप | स्थान | जिम्मेवार पदाधिकारी |
|---|---|---|---|
| १. | कार्यक्रम तथा तत्काल कायम रहेको मतदाता नामावली प्रकाशन | गाविस वा नपा वडा/ प्रमुख नाम दर्ता अधिकारी को कार्यालय | सहायक नाम दर्ता अधिकारी/ प्रमुख नाम दर्ता अधिकारी |
| २. | नामावली तथा विवरण संकलन | गाविस वा नपाको टोल टोलमा | सहायक नाम दर्ता अधिकारी/संकलक |
| ३. | नामावली नाम समावेश गर्न, त्रुटि सच्याउन र नाम हटाउन दरखास्त लिने प्रयोजनको लागि अद्यावधिक मतदाता नामावली प्रकाशन | सहायक नाम दर्ता अधिकारीको कार्यालय | सहायक नाम दर्ता अधिकारी |
| ४. | नाम समावेश गर्न, त्रुटि सच्चाउन र नाम हटाउन छुट भएका व्यक्तिबाट दरखास्त संकलन | सहायक नाम दर्ता अधिकारीको कार्यालय | सहायक नाम दर्ता अधिकारी |
| ५ | दावी विरोधको प्रयोजनका लागि संशोधित मतदाता नामावली प्रकाशन | सहायक नाम दर्ता अधिकारीको कार्यालय | सहायक नाम दर्ता अधिकारी |
| ६ | मतदाता दावी विरोधमा दरखास्त संकलन | सहायक नाम दर्ता अधिकारीको कार्यालय | सहायक नाम दर्ता अधिकारी |

| क.स. | क्रियाकलाप | स्थान | जिम्मेवार पदाधिकारी |
|---|---|---|---|
| ७ | दोहोरो नाम रहेका मतदाताले आफ्नो नाम कुनै एक स्थानमा मात्र कायम गरी  अन्यत्रबाट हटाउन निवेदन संकलन | निर्वाचन आयोग/प्रमुख नामदर्ता अधिकारीको कार्यालय | निर्वाचन आयोग/ प्रमुख नाम दर्ता अधिकारी |
| ८ | दावी विरोध पर्न आएका मतदातालाई संशोधित मतदाता नामावलीबाट आफ्नो नाम हट्नु नपर्ने कारण भए प्रमाण सहित भनाई पेश गर्न आउन सूचना प्रकाशन | सहायक नाम दर्ता अधिकारी/ प्रमुख  नाम दर्ता अधिकारीको कार्यालय | सहायक नाम दर्ता अधिकारी/प्रमुख  नाम दर्ता अधिकारी |
| ९ | मतदाताबाट प्रमाण सहित आफ्नो भनाई पेश | सहायक नाम दर्ता अधिकारी को कार्यालय | सहायक नाम दर्ता अधिकारी |
| १० | दावी विरोधको जाँचबुझ र पञ्जिकाधिकारीको कार्यालयको अभिलेखको आधारमा नाम हटाउनु पर्ने मतदाताको नाम संशोधित मतदाता नामावलीबाट हटाइएको सूचना प्रकाशन | सहायक नाम दर्ता अधिकारी को कार्यालय | सहायक नाम दर्ता अधिकारी |
| ११ | सहायक नामदर्ता अधिकारीको अन्तिम मतदाता नामावली तयार गरी  प्रमुख नामदर्ता अधिकारीको कार्यालयमा चलान एवं सूचना प्रकाशन | सहायक नाम दर्ता अधिकारी को कार्यालय | सहायक नाम दर्ता अधिकारी |
| १२ | दोहोरो नाम हटाउन परेका निवेदन बमोजिम मतदाता नामावलीबाट नाम हटाइएका मतदाताका सूची प्रकाशन | प्रमुख नाम दर्ता अधिकारी को कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| १३ | प्रमुख नामदर्ता अधिकारीको | प्रमुख नाम दर्ता अधिकारी | प्रमुख नाम दर्ता अधिकारी |

| क्र.स. | क्रियाकलाप | स्थान | जिम्मेवार पदाधिकारी |
|---|---|---|---|
| | कार्यालयमा अन्तिम मतदाता नामावली प्रकाशन | को कार्यालय | |
| १४ | मतदाता नामावलीमा पुनरावलोकन | निर्वाचन आयोग | निर्वाचन आयोग |

## (ग) निर्वाचन (कसूर र सजाय) ऐन, २०६३

निर्वाचन कसूर र सजाय सम्बन्धी प्रचलित कानूनलाई संशोधन र एकीकरण गर्न बनेको यो ऐन २०६३/१२/१२ मा प्रमाणीकरण भएको हो । यस ऐनको परिच्छेद २ मा निर्वाचन सम्बन्धी कसूरहरु उल्लेख गरिएको छ । यस परिच्छेदमा अनधिकृत व्यक्तिले मतदान गर्न नहुने, निर्वाचनमा प्रचारप्रसार, मताधिकार आदिमा प्रभाव पार्न नहुने, हातहतियारलगायतका विष्फोटक पदार्थको प्रयोग र प्रदर्शन गर्न नहुने, धाक धम्की, डरत्रास देखाउन नहुने, चरित्र हनन गर्न नहुने आदि कुराहरु उल्लेख छन् । त्यस्तै यो ऐनले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, प्रादेशिक वा राष्ट्रिय अखण्डतामा प्रभाव पार्न नहुने, धर्म, जातजाति, साम्प्रदायबीच द्धेष उत्पन्न गर्न नहुने, निर्वाचनमा संलग्न व्यक्तिले निर्वाचनलाई प्रभाव पार्ने  गरी नगद जिन्सीको लेनदेन गर्न नहुने, शान्ति भङ्ग गर्न नहुने, गैर कानूनी तवरले मतपत्रको लेनदेन गर्न नहुने, निर्वाचन कसूर गर्ने उद्योग गर्न, मद्धत वा दुरुत्साहन गर्न नहुने आदि सम्बन्धमा समेत व्यवस्था गरेको छ ।

यस ऐनको परिच्छेद तीनमा दण्ड सजाय सम्बन्धी व्यवस्था छ । निम्न कसूरमा ५०० देखि १०,००० रुपैयाँसम्म तत्काल जरिवाना गर्ने व्यवस्था रहेको छ ।

- ❖ मतपत्रको सही छाप, चिन्ह, केरमेट, सच्याउने, बिगार्ने, च्यात्ने,
- ❖ आफूले पाएको मतपत्र अरुलाई दिने वा मतपेटिकामा अरु कुरा खसाल्ने,
- ❖ मतदानका समयमा मतदानका सामग्री मतदानकेन्द्र बाहिर लगेमा,
- ❖ मत संकेत गरेपछि मतपत्र अरुलाई देखाएमा,
- ❖ मतदानकेन्द्रमा शान्ति भङ्ग हुने काम गरेमा,
- ❖ मतपत्र वा अन्य कागजात बिगार्ने, नोक्सान वा नष्ट गर्ने,
- ❖ मतपेटिका खोस्ने, लुट्ने चार्ने, बिगार्ने, सील तोड्ने वा नष्ट गर्ने,
- ❖ हातहतियारसाथमा लिई हिड्ने वा प्रयोग गरेमा,

- ❖ अनधिकृत व्यक्तिले मतदान गरेमा,
- ❖ निर्वाचनसम्बन्धी टाँसेको सूचनामा थप्ने, हटाउने, सच्याउने, नष्ट गर्ने गरेमा,
- ❖ निर्वाचनमा संलग्न कर्मचारीलाई कुनै प्रकारको बाधा पारेमा,
- ❖ आयोगले तोकेको निर्वाचन प्रचारप्रसारसम्बन्धी गर्न नहुने कार्य गरेमा (भित्ते लेखन, तुल व्यानरको प्रयोग, आमसभा र सोका लागि सूचना दिनबाहेक लाउड स्पीकरको प्रयोग, पर्चामा मुद्रकको नाम नराख्ने, पोष्टर टाँस्न नहुने ठाउँमा टाँस्ने, मतदानका दिनभन्दा ४८ घण्टा अघिदेखि मतदान नसकिएसम्म तोकिएको क्षेत्रमा प्रचारप्रसार गर्ने,
- ❖ अनधिकृतरुपमा प्रवेश गर्ने वा मतगणनास्थलमा प्रवेश गरेमा,
- ❖ अनुमति संख्या भन्दा बढी सवारी साधनको प्रयोग,

भित्ते लेखन, तुल व्यानरको प्रयोग भएको स्थानलाई दुरुस्त राख्न दिएको आदेश पालना नगर्ने उम्मेदवारलाई १०,५०० देखि २०,००० सम्म जरिवाना र तुल व्यानर प्रयोग गरेको स्थानलाई दुरुस्त बनाउन लाग्ने खर्च जरिवाना गर्न सकिने व्यवस्था रहेको छ । त्यस्तै निर्वाचनमा प्रभाव पार्ने, चरित्र हनन हुने कार्य गर्ने, नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, प्रादेशिक वा राष्ट्रिय अखण्डतामा प्रभाव पार्ने, धर्म, जातजाति, साम्प्रदायबीच द्वेष उत्पन्न गर्ने, निर्वाचनमा संलग्न व्यक्तिले निर्वाचनलाई प्रभाव पार्ने  गरी नगद जिन्सीको लेनदेन गर्ने , गैर कानूनी तवरले मतपत्रको लेनदेन गर्ने, गोप्यता भङ्ग गर्नेलाई कसूरको मात्रा हेरी दश हजारदेखि पचास हजारसम्म जरिवाना, दुई वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ । गैर नेपाली नागरिकले मतदान गरेमा ५०,००० सम्म जरिवाना, एक वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ ।  यस ऐनमा भएका अन्य व्यवस्थाहरु यस प्रकार रहेका छन् ।

- ❖ यस ऐन अन्तर्गतका कसूरसम्बन्धी मुद्धा सरकार वादी हुने,
- ❖ सजाय हुने कसूरको अनुसन्धान अधिकारी आयोगले राजपत्रमा सूचना प्रकाशन गरी तोक्ने,
- ❖ निर्वाचन बदर गर्न उजुरी गर्न सकिने व्यवस्था,
- ❖ निश्चित आधारमा मतगणना दोहोर्‍याएर गर्न सकिने व्यवस्था,
- ❖ मतगणना दोहोर्‍याएर गर्दा मत बराबर भएमा गोला हाली निर्णय गर्ने व्यवस्था,

❖ निर्वाचन बदर गर्न उजुरी गर्दा र मतगणना दोहोऱ्याएर गर्न उजुरी गर्दा दस हजार रुपैयाँ धरौटी राख्नु पर्ने व्यवस्था,

## (घ) संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४

संविधानसभा सदस्यको निर्वाचनका सम्बन्धमा व्यवस्था गर्न बनेको यो ऐन २०६४/३/८ मा प्रमाणीकरण भई २०६४/९/२० मा पहिलो संशोधन भई सोका आधारमा निर्वाचन समेत सम्पन्न भएको छ । यस ऐनमा संविधानसभा निर्वाचन, निर्वाचन प्रणाली र निर्वाचन प्रक्रियाका सम्बन्धमा व्यवस्था भएका प्रमुख कुराहरु निम्नानुसार रहेका छन् ।

- संविधानसभा सदस्य निर्वाचनको लागि मिश्रित निर्वाचन प्रणाली तोकिएको जसमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था गरिएको,
- उम्मेदवारहरुको बन्द सूचीको लागि उम्मेदवार प्रतिशत निर्धारण गरिएको, मधेसी ३१.२%, दलित १३%, उत्पिडित जाति आदिवासी जनजाति ३७.८%, पिछडिएको क्षेत्र ४% र अन्य ३०.२% कायम गरिएको छ र सबै वर्गमा महिलाको उम्मेदवारी ५०%, रहनु पर्ने व्यवस्था गरिएको छ,
- निर्वाचनका लागि आयोगले आवश्यकता अनुसार मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, मतदान अधिकृत र अन्य कर्मचारीहरु खटाउन सक्ने व्यवस्था रहेको, नेपालमा निर्वाचनमा पहिलो पटक सामुदायिक विद्यालयका शिक्षकहरुलाई परिचालनको व्यवस्था भएको,
- उम्मेदवार हुन नेपाली नागरिक हुनुपर्ने, २५ वर्ष उमेर पूरा भएको, फौज्दारी कसूरमा दोषी प्रमाणित नभएको र लाभको पद धारण नगरेको जस्ता योग्यताका साथै सरकारी वहालवाला कर्मचारी, निर्वाचन सम्बन्धी प्रचलित कानूनबमोजिम सजाय पाएको भए दुई वर्ष भुक्तान नगरेको व्यक्ति, भ्रष्टाचारको सजाय पाएको, बैंक तथा वित्तिय संस्थाको कालो सूचीमा परेको, मगज बिग्रेको र जनआन्दोलनका बखत राष्ट्रिय धनजनको क्षति, सत्ता, शक्ति र पदको दुरुपयोग, मानव अधिकार उल्लंघन गरेको स्थितिलाई उम्मेदवारको अयोग्यता मानेको पाइन्छ,
- उम्मेदवारीका लागि मनोनयन दर्ता, जाँच, अन्तिम नामावली, चिन्ह वितरण आदि प्रक्रियाका कार्यविधि स्पष्ट पारिएको छ,

- मतदान केन्द्र तोक्ने आधार, प्रक्रिया, मतदान केन्द्र थप्ने, हटाउने वा सार्ने, मतपेटिका, मतदाता, मतगणना तथा निर्वाचन परिणामका सम्बन्धमा व्यवस्था भएको,
- मतपत्र बदर हुने अवस्था, निर्वाचन प्रतिनिधिको नियुक्ति र कर्तव्य, उपनिर्वाचन, निविदा मतपत्र सम्बन्धी व्यवस्था रहेको,
- पहिलो हुने निर्वाचित हुने प्रणाली अन्तर्गत उम्मेदवार हुन प्रति उम्मेदवार रु. ३,०००/- र बन्द सूची पेश गर्ने राजनीति दलले रु. १०,०००/- धरौटी राख्नु पर्ने व्यवस्था,
- निर्वाचन सम्पन्न भएको ३५ दिनभित्र प्रत्यक्ष्यतर्फका उम्मेदवारले जिल्ला निर्वाचन कार्यालयमा र समानुपातिकतर्फ राजनीतिक दलले आयोगमा निर्वाचन खर्च विवरण पेश गर्नुपर्ने व्यवस्था रहेको छ ।

### (ङ) संविधानसभा अदालत ऐन, २०६४

संविधानसभा सदस्य निर्वाचन सम्बन्धी उजुरीको कारवाही र किनारा गर्न संविधानसभा अदालतको गठन, अधिकार र कार्यविधिको सम्बन्धमा कानूनी व्यवस्था गर्न ल्याइएको यो ऐन २०६४/५/२ मा प्रमाणीकरण भएको हो । यस ऐनमा परिच्छेद ४, दफा १९ र अनुसूची १ रहेका छन् । यस ऐनमा भएका मुख्य व्यवस्था निम्नानुसार रहेको छन् । :-

- संविधानसभा सदस्यको अयोग्यता, निर्वाचन बदर, निर्वाचन सम्बन्धी कसूरका सम्बन्धमा सविधान सभा अदालतको क्षेत्राधिकार हुने,
- संविधानसभा अदालतको क्षेत्राधिकारभित्र पर्ने विषयका सम्बन्धमा अन्य कुनै अदालतमा प्रश्न उठाउन नपाइने,
- सर्वोच्च अदालतका तीन जना न्यायाधीश रहेको अदालत गठन हुने व्यवस्था,
- संविधानसभा सदस्यको अयोग्यता सम्बन्धी प्रश्न उठेमा सोको निरुपणका सिलसिलामा अयोग्य ठहरिने पर्याप्त आधार भएमा संविधानसभा सदस्यको हैसियतबाट कुनै कार्य नगर्न अदालतले स्थगन आदेश जारी गर्न सक्ने,
- यो अदालतको अवहेलनामा कारवाही चलाउँदा अवहेलना ठहरिए एक वर्षसम्म कैद वा १०,००० रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्ने व्यवस्था रहेको पाइन्छ ।

### (च) नियम तथा निर्देशिकाहरु

निर्वाचन तथा मतदाता नामावली सम्बन्धी विभिन्न ऐनले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले विभिन्न नियमावली तथा निर्देशिकाहरु तयार गरेको छ । त्यस्ता नियम, निर्देशिकाहरु र तिनमा उल्लेखित मुख्य व्यवस्था निम्नानुसार रहेको छ ।

#### (अ) मतदाता नामावली सम्बन्धी नियमावली, २०६३

मतदाता नामावलीसम्बन्धी ऐन, २०६३ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले मिति २०६३/९/१६ मा यो नियमावली जारी गरेको हो । यसमा मतदाता नामावली संकलन तथा अद्यावधिक गर्ने सम्बन्धमा एवं अस्थायी मतदाता नामावली सम्बन्धमा विस्तृत कार्यविधिगत व्यवस्था गरिएको छ ।

#### (आ) संविधानसभा सदस्य निर्वाचन नियमावली, २०६४

संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ को दफा ७४ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले मिति २०६४/३/२५ मा यो नियमावली जारी गरेको छ । यसमा संविधानसभा निर्वाचनकाक्रममा उम्मेदवारको मनोनयनपत्र दर्ता, बन्दसूची पेश गर्ने, मनोनयनपत्र र बन्द सूची जाँच गर्ने, निर्वाचन चिन्ह प्रदान गर्ने, मतदान र मतगणनासम्बन्धी विस्तृत कार्यविधिगत व्यवस्था गरिएको छ ।

#### (इ) संविधानसभा सदस्य निर्वाचन आचारसंहिता, २०६४

निर्वाचन कृयाकलापसँग सम्बन्धित राजनीतिक दल, उम्मेदवार, सरकार, सरकारी निकायहरु, संचार माध्यम, सरकारी कर्मचारी र निर्वाचनमा खटिएका कर्मचारीले आचार संहितामा उल्लेख भए अनुसार आचार संहिताको पालना गर्नु पर्ने कुराहरु यसमा व्यवस्था गरिएको छ ।

#### (ई) राजनैतिक दल दर्ता (निर्वाचन प्रयोजन) नियमावली, २०६३

निर्वाचन आयोग ऐन, २०६३ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले मिति २०६३/१२/१४ मा यो नियमावली जारी गर्‍यो । निर्वाचनमा भाग लिन राजनैतिक दलले निवेदन दिने र सोबमोजिम दल दर्ता गर्ने विस्तृत कार्यविधि यसमा व्यवस्था गरिएको छ ।

निर्वाचन आयोगले निर्वाचनसँग सम्बन्धित ऐन नियमहरुको अधिनमा रही आवश्यक निर्देशिका तथा कार्यविधिहरु समेत बनाई लागू गरेको छ जसमध्ये प्रमुख निर्देशिका तथा कार्यविधिहरु देहाय अनुसार रहेका छन् ।

- प्रमुख नामदर्ता अधिकारीको काम, कर्तव्य र अधिकार सम्बन्धी निर्देशिका, २०६३,
- सहायक नामदर्ता अधिकारीको काम कर्तव्य र अधिकार सम्बन्धी निर्देशिका, २०६३,
- संकलनकर्ताको काम कर्तव्य र अधिकार सम्बन्धी निर्देशिका, २०६३,
- पर्यवेक्षणसम्बन्धी निर्देशिका, २०६४,
- मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६४,
- निर्वाचन मतगणना निर्देशिका, २०६४,

प्रमुख नामदर्ता अधिकारीको काम, कर्तव्य र अधिकार सम्बन्धी निर्देशिका, २०६३, समेत सहायक नाम दर्ता अधिकारी तथा सङ्कलनकर्तासम्बन्धी त्यस्ता निर्देशिकाहरुमा संकलनकर्ता देखि प्रमुख नामदर्ता अधिकारीसम्मले नामावली संकलन र अद्यावधिक कार्यका चरणमा निर्वाह गर्नु पर्ने सम्पूर्ण कृयाकलापहरु उल्लेख गरिएको छ ।

## (छ) जिल्ला निर्वाचन कार्यालय

निर्वाचन आयोग संवैधानिक अंगको रुपमा स्थापित रहेकोतापनि २०५४ सालपूर्व स्थानीयस्तरमा जिल्ला निर्वाचन कार्यालयहरुको स्थापना भएको थिएन । त्यस समयमा जिल्ला प्रशासन कार्यालय अन्तर्गत एउटा निर्वाचन शाखा रहन्थ्यो र सो शाखामा निर्वाचनको कर्मचारीको रुपमा एकजना नायव सुब्बाको दरबन्दी रहेको थियो । निर्वाचन आयोगले चरणगतरुपमा जिल्ला निर्वाचन कार्यालयहरु खोल्ने योजना अनुरुप आ.व.०५४।०५५ मा मोरङ्ग, मकवानपुर, कास्की, बाँके र कैलालीमा कार्यालय स्थापना भए । त्यस्तै ०५६।०५७ मा दाङ्ग लगायत २५ जिल्लामा र आ.व.२०६०।०६१ मा बाँकी ४५ जिल्लामा निर्वाचन कार्यालय स्थापना भए । शुरुमा स्थापित ५ जिल्लाका जिल्ला निर्वाचन कार्यालयहरुमा जिल्ला निर्वाचन अधिकारी समेत आठ जना कर्मचारीको दरबन्दी रहेको छ । मिति २०६०/१२/४ को मन्त्रिपरिषद्को निर्णय अनुसार तत्कालीन समयमा चार देखि पाँच वटा निर्वाचन क्षेत्र भएका १५ जिल्लामा जिल्ला निर्वाचन अधिकारी समेत सात जना कर्मचारीको दरबन्दी रहेको छ । सो मन्त्रिपरिषद्को निर्णय अनुसार तत्कालीन समयमा  तीन वा सो

भन्दा कम निर्वाचन क्षेत्र भएका ५५ जिल्लाका जिल्ला निर्वाचन कार्यालयहरुमा जिल्ला निर्वाचन अधिकारीसहित छ जना कर्मचारीको दरबन्दीको व्यवस्था गरिएको पाइन्छ ।

**

# अध्याय पाँच

## दाङ्ग जिल्लामा मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम

### ५.१ मतदाता नामावली संकलन तथा अद्यावधिक प्रकृया

मतदाता नामावली सम्बन्धी ऐन, २०५२ र मतदाता नामावली सम्बन्धी नियमावली, २०५२ लागू हुनु पूर्व स्थानीय निर्वाचनका लागि निर्धारित केही दिन पहिला र संसदीय निर्वाचनका लागि निर्धारित केही महिना पहिला मात्र मतदाता नामावली संकलन तथा अद्यावधिक कार्य गरिन्थ्यो । उक्त ऐन नियम लागू भएपछि भने नियमित रुपमा निर्वाचन आयोगले निर्धारण गरेको समयावधिमा मतदाता नामावली संकलन तथा अद्यावधिक कार्य हुँदै आइरहेको छ ।

मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यका लागि निर्वाचन आयोगले कार्यक्रम प्रकाशन गरी सम्पूर्ण जिल्लाका जिल्ला निर्वाचन कार्यालयमा पठाउँछ । उक्त कार्यक्रम संचालन गर्ने प्रमुख जिम्मेवार पदाधिकारी प्रमुख नामदर्ता अधिकारी रहने व्यवस्था ऐन नियममा गरिएको छ । ऐन नियममा प्रत्येक जिल्लाका जिल्ला निर्वाचन अधिकारीलाई प्रमुख नामदर्ता अधिकारी तोक्ने व्यवस्था छ । प्रमुख नामदर्ता अधिकारीले आफ्नो काममा सहयोग हुने गरी सो जिल्लाको निर्वाचन क्षेत्र बराबरको संख्यामा आफूभन्दा एक तहमुनिको कर्मचारीलाई नामदर्ता अधिकारीको रुपमा नियुक्त गर्ने व्यवस्था रहेको छ । एउटा निर्वाचन क्षेत्रका सम्पूर्ण सहायक नाम दर्ता अधिकारी र संकलनकर्ताहरुको काममा आवश्यक सहयोग र सुपरीवेक्षण गर्ने कार्य नामदर्ता अधिकारीको हो भने प्रमुख नामदर्ता अधिकारी जिल्लाभरको सम्पूर्ण प्रकृयाको समन्वय र नेतृत्वकर्ता हो । मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम, २०६६ मा भने नाम दर्ता अधिकारी तथा सुपरीवेक्षक खटाउने व्यवस्था गरिएन् । त्यस्तै प्रत्येक गाविसमा गाविसका सचिवहरु र नपाका प्रत्येक वडामा वडा सचिवहरुलाई सहायक नामदर्ता अधिकारीको रुपमा नियुक्त गर्ने व्यवस्था छ । साविकमा सहायक नाम दर्ता अधिकारीले नै ऐन, नियममा तोकिएको प्रकृया पुऱ्याएर स्थानीय स्तरमा नाम थप गर्ने, हटाउने र सच्याउने समेतका काम गर्दथे तर मतदाता नामावली सम्बन्धी ऐन, २०६३ र मतदाता नामावली सम्बन्धी नियमावली, २०६३ लागू भएपछि भने प्रत्येक गाविस/नगरपालिका वडामा निर्वाचन आयोगले तोकेको संख्यामा नवढ्ने गरी संकलनकर्ताहरु प्रमुख नामदर्ता अधिकारीले नियुक्त गर्ने व्यवस्था गरिएको छ । संकलनकर्ताले आफू खटिएको गाविस/नपा वडामा ऐन, नियम, निर्देशिकाले तोकेको प्रकृया पूरा गरी मतदाता नामावलीमा नाम थप गर्ने, नाम

विवरण संशोधन गर्ने र नाम हटाउने विवरणहरु निर्धारित ढाँचामा संकलन गर्दछन् । संकलनकर्ताले संकलन गरेर ल्याएका विवरणहरुलाई सहायक नाम दर्ता अधिकारीले आफ्नो गाविस र नपा वडाको एकीकृत विवरण तयार पारी प्रमुख नामदर्ता अधिकारीको कार्यालयमा बुझाउनु पर्दछ । सहायक नाम दर्ता अधिकारीबाट प्राप्त मतदाता नामावली संकलन गरी सोको प्रकाशन गर्ने, छुट नामावली समावेश गर्न, विवरण सच्याउन दरखास्त लिने लगायतका कार्यका साथै संशोधित नामावली प्रकाशन गर्ने, मतदाता नामावलीमा नाम समावेश भएको व्यक्ति उपर दावी विरोध, सो उपर जाँचबुझ र निर्णय गर्ने, दोहोरो नाम हटाउने जस्ता कार्य प्रकृया पूरा गरी निर्वाचन आयोगले निर्धारण गरेको मितिमा जिल्लाभरको अन्तिम मतदाता नामावली  प्रमुख नामदर्ता अधिकारीको कार्यालयमा प्रकाशित गरिन्छ ।

मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम, २०६६ अन्तर्गत नामावली संकलन गर्दा नेपाली नागरिकताको प्रमाणपत्रलाई अनिवार्य गरिएको छ । अन्य जिल्लाबाट बसाईं सरी आएका मतदाताका हकमा नागरिकताका साथै बसाईं सराईं प्रमाणपत्र र साविकका स्थानबाट नाम हटाएको प्रमाण पनि पेश गर्नु पर्ने व्यवस्था गरिएको छ । त्यस्तै विवाह भई अन्य जिल्लाबाट आएका मतदाताले पनि अन्य जिल्लाबाट प्राप्त गरेको नेपाली नागरिकताको प्रमाणपत्रका साथै दर्ता गर्ने जिल्लाको विवाह दर्ता प्रमाणपत्र पेश गर्नु पर्छ । नामावलीमा नाम थप्न यस अघि नागरिकताका साथै शैक्षिक प्रमाणपत्र, जग्गा धनी दर्ता प्रमाण पूर्जा, पंजिकरणका प्रमाणपत्र आदिलाई समेत आधार मानिएकोमा निर्वाचन आयोगले यो कार्यक्रमदेखि नेपाली नागरिकताको प्रमाणपत्रलाई आधारभूत प्रमाण मान्ने व्यवस्था गरेको छ । यसबाट मतदाता नामावलीको शुद्धिकरणमा महत्वपूर्ण योगदान हुने देखिन्छ ।

मतदाता हुनका लागि अघिल्लो वर्षको चैत्र मसान्तसम्ममा १८ वर्ष उमेर पूरा भएको एवं सम्बन्धित गाविस र नगरपालिकाका वडामा स्थायी बसोबास गरेको नेपाली नागरिक हुनु पर्दछ । अठार वर्ष उमेर पूरा नभएको, गैर नेपाली नागरिक, मगज बिग्रेको, निर्वाचन अपराधमा सजाय भोगिरहेको तथा एक वर्ष वा सो भन्दा बढी कैद सजाय पाएकोमा कैद भुक्तान भएको निर्धारित समय ननाघेको व्यक्ति मतदाता हुन अयोग्य ठहरिन्छ । कुनै मतदाता आफ्नो नाम रहेको गाविस वा नगरपालिकाबाट अन्यत्र बसाई सरी  वा विवाह गरी गएमा साविकको गाविस वा नगरपालिकाको मतदाता नामावलीबाट नाम हटाउनु पर्छ । अन्यत्र बसाई सरेको वा विवाह गरी गएको त्यस्तो मतदाताले आफ्ना आवश्यक प्रमाणसहित बसाईं सरेको सम्बन्धित गाविस वा नगरपालिकाको

नामावलीमा नाम दर्ता गराउनु पर्दछ । त्यस्तै मृत्यु भएका मतदाताको नाम पनि सम्बन्धित एका घरको सदस्यको सूचनाका आधारमा हटाउन सकिने व्यवस्था छ । निर्वाचन आयोगले मतदाता नामावली संकलन तथा अद्यावधिक गर्ने कार्यक्रम नेपाल राजपत्रमा पनि प्रकाशित गर्दछ । संकलन तथा अद्यावधिक कार्यमा तोकिए अनुसारका फारामहरु प्रयोग गरिन्छन् ।

सहायक नाम दर्ता अधिकारीबाट प्राप्त नामावलीको प्रकाशन, संशोधन, दावी विरोध जस्ता प्रकृया पूरा गरी तयार भएको अन्तिम मतदाता नामावलीलाई कम्प्युटरमा प्रशोधन गरी निर्वाचन आयोगमा पठाउने कार्य गरिन्छ । जिल्लाहरुबाट प्राप्त मतदाता नामावलीमा गम्भीर त्रुटि देखिएमा निर्वाचन आयोगले आवश्यक पुनरावलोकन गर्दछ । यसरी देशभरिको अन्तिम मतदाता नामावली तयार हुन्छ ।

## ५.२ मतदाता शिक्षा

निर्वाचन स्वतन्त्र, निष्पक्ष र भयरहित ढंगले सम्पन्न गर्न मतदाताको व्यापक सहभागिता आवश्यक हुन्छ । निर्वाचन प्रक्रियाका सबै पक्षबारे मतदाताहरुलाई जानकारी हुनुपर्छ । निर्वाचन प्रकृया तथा मतदाता नामावली संकलन अद्यावधिक प्रकृयाभित्र मतदाता शिक्षाको महत्वपूर्ण स्थान रहन्छ । मतदाता शिक्षाले मतदाताहरुलाई निर्वाचन प्रक्रियाका लागि तयार र सक्षम बनाउनमा योगदान पुऱ्याई निर्वाचनको विश्वसनीयता बढाउँछ । त्यसैले यो निर्वाचनको अभिन्न अंग हो ।

मतदाताहरुलाई जागरुक, सचेत, सुसूचित र परिपक्व नबनाएसम्म मतदाता नामावली संकलन कार्य प्रभावकारी हुन सक्दैन । मतदाता शिक्षाले मतदाता नामावलीको औचित्व, महत्व स्पष्ट पार्नुका साथै नाम विवरण थप्न, हटाउन र सच्याउन आवश्यक प्रमाणहरुकाबारे मतदातालाई जानकारी गराउँछ । मतदाता शिक्षा निर्वाचनका हरेक प्रकृया र गतिविधिमा आवश्यक पर्दछ । निर्वाचनका समयमा निर्वाचन प्रणाली, मतपत्र, मतदानकेन्द्र, मतदाता नामावली, मतदानको मिति र समय, निर्वाचन अवधिमा गर्न हुने र नहुने कार्यहरु, विवाद व्यवस्थापन, आचार संहिता, सुरक्षा प्रणाली, पर्यवेक्षण आदि विषयमा आम मतदाताहरु सुसूचित हुनुपर्छ भने मतदाता नामावली संकलनका समयमा नाम थप्न, विवरण फरक परेमा सच्याउन, दोहोरो नाम भएमा हटाउन मतदाता उत्प्रेरित गर्ने कार्यमा मतदाता शिक्षा (Voter education) को आवश्यकता पर्दछ । मतदाता नामावलीको यथार्थता र शुद्धताबाट नै सार्थक निर्वाचन सम्भव छ ।

मतदाता शिक्षा कार्यक्रम आम मतदाताहरुमा केन्द्रीत हुने गरी निर्वाचन र मतदाता नामावली सम्बन्धी विषयमा सरोकारवालाहरुलाई प्रदान गर्नुपर्छ । मतदाता नामावली संकलन तथा अन्य निर्वाचन गतिविधिमा परिचालित निर्वाचन आयोग र अन्तर्गतका कर्मचारीहरुका साथै नागरिक समाज, संचार माध्यम, पेशागत संघसंगठन, विद्यालयका शिक्षक विद्यार्थी आदिलाई यस कार्यमा परिचालन गर्नुपर्दछ । मतदाता शिक्षा कार्यक्रमको संचालन हरेक गाउँ टोलस्तरसम्म हुनुपर्दछ । संभव भएसम्म प्रत्येक मतदातालाई घरदैलोमा भेटी अभिमुखिकरण गर्नुपर्छ ।

मतदाता शिक्षाका लागि लक्षित वर्ग आम मतदाताहरु हुन् । सबै क्षेत्र, वर्ग र समुदायका मतदाताहरुलाई र खास गरी पिछडिएका र सीमान्तकृत समुदायका मतदाताहरु लक्षित वर्ग अन्तर्गत पर्दछन् । लक्षित वर्गको भाषा, चेतनास्तर, उमेर आदिका आधारमा ब्रोसर, पम्मलेटको प्रकाशन, रेडियो जिंगल, रेडियो सूचना सन्देशहरुको प्रशारण गर्नुपर्छ । नियमित प्रकाशित पत्रपत्रिकाका साथै नियमित प्रशारणमा रहेका एफ.एम.रेडियोलाई उपयोग गर्दा मतदाता शिक्षा/मतदाता सचेतनाको प्रभावकारिता वृद्धि भएको पाइन्छ । विद्यालयमा गरिने मतदाता शिक्षा झन् प्रभावकारी सावित भएको छ किनकी विद्यार्थीहरुले आफ्ना अभिवावकलाई प्रवाह गर्ने जानकारीबाट मतदाता शिक्षाको उद्धेश्य पूरा गराउनमा सहयोगीसिद्ध पाइएको छ । यस कार्यमा गैर सरकारी संस्था, स्थानीय निकायका संयन्त्रहरुलाई पनि उपयोग गर्नु पर्दछ । सार्वभौम मतदाताहरुलाई सचेत, सुदृढ र सुशिक्षित गर्ने कार्यमा राजनीतिक दल लगायत सरोकारवाला पक्ष सबैले प्राथमिकता दिएमा मात्र हरेक निर्वाचन गतिविधिका साथै मतदाता नामावली संकलन अद्यावधिक कार्य प्रभावकारी हुनसक्छ । मतदाता शिक्षाले मतदाता नामावली लगायत निर्वाचन प्रक्रियाका प्राविधिक तथा कानूनी पक्षका बारेमा जानकारी गराउँछ ।

मतदाता शिक्षा कार्यक्रम संचालन गर्दा मतदाता शिक्षा स्वयंसेवकहरुले विशेषतः निम्न कुराहरु ख्याल गर्नु पर्दछ ।

- मतदातासँग आत्मीय व्यवहार गरी मतदाताका जिज्ञासाको समाधान गर्ने,
- कार्यक्रमका सम्बन्धमा मतदाताको अस्पष्टता मेटाउने,
- मतदाताका प्रश्नहरु धैर्यतापूर्वक सुन्ने,
- मतदाताहरुबीच सचेतना वृद्धि, कार्यक्रमप्रति उत्प्रेरणा जगाउने आदि ।

जापानमा मतदाताका लागि उपयोगी बिउ बिजनका प्याकेट, हाते पङ्खा, बेलुन, आदिमा निर्वाचन सम्बन्धी सूचनाहरु उल्लेख गरी वितरण गरिन्छ भने थाइल्याण्डमा प्रजातन्त्र तथा निष्पक्ष र स्वच्छ निर्वाचनको प्रवर्द्धनको उद्धेश्यका साथ निर्वाचन गतिविधिबारे मतदाता शिक्षा र प्रचार प्रसार अभियानमा स्काउट, भिक्षु (Monks), ट्याक्सी ड्राइभर आदिलाई परिचालन गरिन्छ । नेपालमा निर्वाचनमा  सरकारी प्रचार प्रसारको व्यवस्था २०१५ सालको निर्वाचनदेखि नै थालनी भएको पाइन्छ । यस निर्वाचनमा *'निर्वाचन आयोगकोतर्फबाट विभिन्न जिल्लामा नक्कली चुनाव गराउने, तीन चार महिना अगाडिदेखि रेडियो नेपालबाट चुनाव वार्ता, गायकहरुद्धारा तराई, पहाडका बजारहरुमा चुनाव सम्बन्धी लोकगीतमार्फत प्रचार, पोष्टरद्धारा निर्भयपूर्वक भोट दिने र मतदान गर्ने तरिकाको प्रचार गरिन्थ्यो । निर्वाचन शुरु हुनुभन्दा नौ महिना अगाडिदेखि 'निर्वाचन सन्देश' नामक पाक्षिक पत्रिका प्रकाशित गरिन्थ्यो ।'* [139] यसरी नेपालमा मतदाता शिक्षाका लागि विद्युतीय तथा छापाका संचार माध्यमको प्रयोग गरिँदै आएकोमा संविधानसभा सदस्य निर्वाचनमा गाउँ गाउँमा गई घरदैलोमै मतदातालाई भेटी मतदाता शिक्षा सम्बन्धी जानकारीका साथै निमन्त्रणापत्र बाँड्न शिक्षक शिक्षिकाहरु परिचालन गरिएको थियो । मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम, २०६६ का सन्दर्भमा कार्यक्रम अवधिभर रेडियो एफ.एम.बाट निम्न रेडियो सन्देश प्रशारण भएका थिए ।

**मतदाता शिक्षाका लागि रेडियो सन्देश–एक**

**<u>मतदाता नामावली संकलन तथा अद्यावधिक गर्ने सम्बन्धी सूचना</u>**

मतदाता नामावली संकलन तथा अद्यावधिक गर्नको लागि यही २०६६ साल वैशाख २ देखि २२ गतेसम्म देशका सबै गाविस तथा नगरपालिकाहरुमा नाम संकलनकर्ताहरु खटाइएका छन् । २०६५ चैत्र मसान्तभित्र १८ वर्ष उमेर पुगी मतदाता हुन योग्यता पुगेका व्यक्तिहरुले तोकिएको मतदाता नामावली संकलन केन्द्रमा गई आफ्नो नाम  समावेश गराई मताधिकार सुरक्षित गर्नु हुन तथा मतदाता नामावलीलाई शुद्ध र अद्यावधिक पार्नु हुन सम्बन्धित सबैमा अनुरोध छ ।

**<u>ख्याल गर्नुहोस्</u>**

- मतदाता नामावलीमा नाम समावेश गर्न नागरिकताको प्रमाण पत्र र बसाई सरी आएको भए सोको प्रमाण पत्र अनिवार्य रुपमा देखाउनु पर्नेछ ।

---

[139] *लोकदर्शन पण्डित, २०६३, नेपालको संसदीय दर्पण, निर्वाचन आयोग, काठमाडौं, पृष्ठ २४*

- साविकको मतदाता नामावलीमा आफ्नो नाम तथा विवरणमा त्रुटि भएको भए सच्याउनु होस् । मृत्यु, बसाई सराई वा विवाहका कारण नामावलीबाट नाम हटाउनु पर्ने भए त्यस्तो विवरण दिनुहोस् । एक भन्दा बढी ठाउँमा आफ्नो नाम रहेको भए एक ठाउँमा मात्र कायम गर्नुहोस् ।
- आफ्नो नामावली संकलनकेन्द्रको बारेमा थाहा नभएमा गाविस वा नगरपालिका वडा कार्यालय वा आयोगबाट खटिएका संकलनकर्ताहरुबाट जानकारी लिनुहोस् ।

**निर्वाचन आयोग**

**मतदाता शिक्षाका लागि रेडियो सन्देश–दुई**

**मतदाता नामावलीमा छुट विवरण उपलब्ध गराउने सम्बन्धी अत्यन्त जरुरी सूचना**

यही २०६६ वैशाख २२ गतेसम्म गरिएका मतदाता नामावली संकलन तथा अद्यावधिकको कार्यक्रममा विभिन्न कारणले मतदाता नामावलीमा नाम समावेश गर्न वा त्रुटि सच्याउन छुट भएका व्यक्तिहरुले आ-आफ्नो गाविस वा नगरपालिकाको वडा कार्यालयमा गई यही २०६६ वैशाख २९ गतेभित्र मतदाता नामावलीमा नाम समावेश गर्न वा त्रुटि सच्याउन निवेदन दिनुहुन सम्बन्धित सबैमा हार्दिक अनुरोध छ ।

**याद गर्नुहोस्**

- मतदाता नामावलीमा नाम समावेश गर्न नागरिकताको प्रमाण पत्र र बसाई सरी आएको भए सोको प्रमाण पत्र अनिवार्य रुपमा देखाउनु पर्नेछ ।

**निर्वाचन आयोग**

**मतदाता शिक्षाका लागि रेडियो सन्देश–तीन**

**मतदाता नामावलीमा दावी विराध गर्न सकिने सम्बन्धी सूचना**

२०६६ बैशाख महिनामा संकलन तथा अद्यावधिक गरिएको मतदाता नामावलीमा भएको कुनै नाम मतदाता नामावलीमा समावेश हुन नपर्ने भए आवश्यक प्रमाणसहित सम्बन्धित सहायक नाम दर्ता अधिकारीको कार्यालयमा गई यही २०६६ जेठ ३ गतेभित्र दावी विरोध गर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निर्वाचन आयोग**

त्रुटिपूर्ण मतदाता नामावली र विगतका निर्वाचनमा भएका बदर मत प्रतिशतलाई हेरेर दाङ्ग जिल्लामा निर्वाचन र मतदाता नामावली संकलन अद्यावधिक कार्यक्रममा प्रभावकारी मतदाता शिक्षाको आवश्यकता रहेको कुरा स्पष्ट हुन आउँछ । विगतका केही वर्षको बदर मत प्रतिशत निम्न तालिकाबाट हेर्न सकिन्छ ।

तालिका नं.५.१

**विभिन्न निर्वाचनमा दाङ्ग जिल्लामा सदर र बदर मतको स्थिति**

| | निर्वाचन भएको साल | कूल मतदाता | | सदर मत | | बदर प्रतिशत |
|---|---|---|---|---|---|---|
| | २०५१ | २,२८,६२४ | | १,३५,९९० | | ३.३१ |
| | २०६४ बहुमत तर्फ | ३,५८,८६० | | २,०७,९११ | | ४.४९ |
| | २०६४ | ३, | | २ | | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | समानुपातिक | ५८,८६० | | ,१५,९३२ | | .६३ |

स्रोत : प्रतिनिधिसभा सदस्य निर्वाचन २०५१, निर्वाचन परिणाम विवरण निर्वाचन आयोग, काठमाडौं र संविधानसभा सदस्य निर्वाचन, २०६४, निर्वाचन परिणाम पुस्तिका, निर्वाचन आयोग, काठमाडौं ।

माथिको तालिकाबाट दाङ्ग जिल्लामा भएका केही निर्वाचनमा बदर मत प्रतिशत उच्च दरमा रहेको देखिन्छ । २०५१ सालमा भएको संसदको मध्यावधि निर्वाचनमा खसेको मतमध्ये ३.३१ प्रतिशत मत बदर भएको छ । *'निर्वाचन आयोगले संविधानसभा सदस्य निर्वाचनमा बदर मत २ प्रतिशतमा झार्ने लक्ष्य राखेको'*[140] भएतापनि निर्वाचनमा पहिलो हुने निर्वाचित हुने र समानुपातिक दुवै निर्वाचन प्रणालीबाट भएको मतदानमा ठूलो प्रतिशतमा मत बदर भएको छ ।

## ५.३ नेपालमा निर्वाचन र मतदाता नामावलीको स्थिति

अठार वर्ष भन्दा माथिका व्यक्तिहरुको नाम मतदाता नामावलीमा दर्ता गरेपछि मात्र मतदाता कायम हुने हुँदा जनसंख्याको अठार वर्षमाथिको हिस्सा र मतदाता संख्याबीच अन्योन्याश्रित सम्बन्ध रहेको छ । मतदाता नामावलीमा नाम लेखाउनका अघिल्लो साल चैत्र मसान्तसम्म अठार वर्ष पूरा भएको नेपाली नागरिकका रुपमा पहिचान दिने जुनसुकै प्रमाणलाई आधार मान्ने व्यवस्था रहेको स्थितिमा गाउँ गाउँमा नाम संकलन गर्ने संकलक कर्मचारी खटिंदा नाम लेखाउन छुट्ने व्यक्तिको संख्या कमै हुनु पर्छ । २०६६ सालको मतदाता नामावली संकलन कार्यक्रमदेखि मात्र नाम दर्ता गराउन नेपाली नागरिकतालाई अनिवार्य गरिएको छ । नेपालमा सोह्र वर्ष पूरा भएको नेपाली नागरिकले नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने व्यवस्था रहेको सन्दर्भमा मतदाता नामावलीमा नाम दर्ता गर्न आधारभूत प्रमाण जुटाउनलाई दूरदराजका अशिक्षा र गरिबीले गाँजेका नेपाली बाहेक अरुलाई समयाभाव हुने कुरा त्यति तर्कपूर्ण नहोला । त्यसैले नेपालको मतदाता संख्यालाई जनसंख्यासँग तुलनात्मकरुपमा हेर्न सकिन्छ । यी तथ्याङ्कहरुको तुलनात्मक अध्ययन गर्ने हो भने

140 *संविधानसभा सदस्य निर्वाचन, २०६४, मतदाता शिक्षा प्रशिक्षण निर्देशिका (काठमाडौं : निर्वाचन आयोग, २०६४), ख*

मतदाता नामावली वास्तविक बन्न नसकेको र दोहोरो मतदाताको संख्या धेरै रहेको कुरा सजिलै अनुमान लगाउन सकिन्छ जसलाई तलको तालिकाले पनि पुष्टि गर्दछ ।

तालिका नं. ५.२

**नेपालको मतदाता तथा जनसंख्या सम्बन्धी तथ्याङ्कहरुको तुलनात्मक विवरण**

| मतदाता नामावली सम्बन्धी विवरण | | | | | जनसंख्या सम्बन्धी विवरण | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | मतदाता संख्या | थप | | | वि.सं. २०५८ को जनसंख्या | | |
| | | | | | | १८ वर्ष भन्दा कम उमेरका | १८ वर्ष माथि उमेरका | व ल |
| | | १,११,९१,७७ | १ | | | | | १८४९१० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ७ | | | | | | ९ ७ |
| | | ) १,२३,२७,३२९ | ) ११,३५,५५२ | ) | | ) | ) | ) |
| | | ) १,३५,१८,८३९ | ) ११,९१,५१० | ) | | ) | ) | ) |
| | | ) १,४३,५९,८२४ | ) ८,४०,९८५ | ) | | ) | ) | ) |
| | | ) १,४६,६३,९४ | ) ३,०४,१२ | ) | | ) | ) | ) |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ९ | ५ | | | | | |
| | | १,४७,९९,९२७ | १,३५,९७८ | | | १,०५,८८,२५५ (४५.७३) | १,२५,६३,१६८ (५४.२७) | २,३१,५१,४२३ |
| | | १,४९,४३,१५२ | १,४३,२२५ | | | | | |
| | | १,५०,४९,४३ | १,०६,२८ | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ८ | ६ | | | | | |
| | | ) १,<br>५१<br>,२<br>७,<br>१९<br>७ | ) ७<br>७<br>७<br>५<br>९ | ) | | ) | ) | ) |
| | | ) १५<br>३२<br>२<br>८<br>६२ | ) १<br>९<br>५<br>६<br>६<br>५ | ) | | ) | ) | ) |
| | | ) १७<br>६१<br>१<br>८<br>३२ | ) २<br>२<br>८<br>८<br>९<br>७<br>० | ) | | ) | ) | ) |

स्रोतः नेपालको संसदीय निर्वाचन दर्पण

माथिको तालिका विश्लेषण गरी हेर्दा २०५८ को जनगणनामा कूल जनसंख्या २,३१,५१,४२३ मध्ये १८ वर्ष माथिको जनसंख्या १,२५,६३,१६८ (५४.२७%) मात्र रहेको देखिन्छ भने २०५८ सालको मतदाता नामावलीमा कूल मतदाताको संख्या १४७,९९,९२७ रहेको छ । २०५८ सालको मतदाताको संख्या २०५८ सालको कूल जनसंख्याको ६३.९३% रहेको देखिन्छ । १८ वर्ष उमेर पूरा भएका नागरिक नै मतदाता रहने हुँदा मतदाता नामावली र जनसंख्याको विवरणमा अमिल्दो फरक देखिन्छ । वास्तविक मतदाता कुल जनसंख्याको ५४.२७% (१,२५,६३,१६८) कै हाराहारिमा हुनु पर्नेमा १,४७,९९,९२७ भई २२,३६,७५९ बढी देखिन्छ । यो संख्या (२२,३६,७५९) कूल जनसंख्या (२,३१,५१,४२३) को ९.६६% हुन आउँछ । जनगणनामा गैर नागरिकहरु पनि बसोबासका आधारमा गणनामा पर्ने हुँदा १८ वर्ष उमेर पुरा भएका नागरिक र मतदाता संख्यामा केही अरु बढी अमिल्दो अनुपात हुनु स्वाभाविकै हो तर अमिल्दो अनुपात धेरै बढी रहेको छ । यसबाट के अनुमान लगाउन सकिन्छ भने एउटै मतदाताको नाम विभिन्न ठाउँमा दोहोरो परेको, उमेर नपुगेका व्यक्तिहरुको पनि

उमेर बढाई मतदाता नामावलीमा नाम दर्ता गर्ने गरेकोले मतदाता संख्या बढी देखिएको हो । त्यस्तै मृत्यु भै सकेका व्यक्तिको नाम नामावलीबाट नहट्नु, विवाह भई गएका मतदाताको नाम साविक ठाउँमा रहनाका साथै नयाँ ठाउँमा पनि थप गरिनु यसको मुख्य कारण हो । यसरी हाम्रो मतदाता नामावली वास्तविक मतदाता संख्या भन्दा बढी छ । मतदाता नामावलीको शुद्धीकरण गर्न सरोकारवाला सबैको सहयोग र इमान्दारिताको खाँचो पर्छ जसबाट तथ्याङ्कहरु यथार्थ रुपमा संकलित गर्न सकिन्छ र त्यस्ता तथ्याङ्क विभिन्न निकायबीचका तथ्याङ्कहरुसँग अन्तरसम्बन्धित गरी शुद्धता जाँच गर्दा पनि परिणाम वास्तविकताको निकट रहन्छ ।

विगतका वर्षहरुमा भन्दा २०६३ सालमा मतदाता संख्या २२,६५,५७१ (१४.९२ %) बढेको देखिन्छ । विगतमा शसस्त्र द्वन्दको कारण गाउँ गाउँमा गएर प्रभावकारी रुपमा नामावली संकलन कार्य हुन नसकिरहेको परिप्रेक्ष्य तथा जनआन्दोलन दुई पछि संविधानसभा निर्वाचनप्रति जन चासो वृद्धि भएका कारण २०६३ सालमा धेरै संख्यामा नामावली थपिएको हो । २०६३ सालमा नामावली संकलन गर्दा प्रशस्त संख्यामा संकलनकर्ताहरु समेत खटाइएबाट पनि आम मतदातासम्म पहुँच बढेको देखिन्छ । सामान्य सूचना (अनुसूची फाराम) का आधारमा नाम लेखाउन मिल्ने र नागरिकता जस्ता कुनै बाध्यकारी र अनिवार्य प्रमाण नचाहिने भएकोले यस पटक समेत धेरै मतदाताले दोहोरो नाम लेखाएको देखिन्छ । नामावलीमा थप गर्नु पर्ने नाम पर्याप्त संख्यामा थपिए पनि हटाउनु पर्ने नाम नहटाएकोले मतदाता संख्या बढी देखिएको हो । नेपालको २०४८ सालको जनसंख्या र २०५८ सालको जनसंख्या तुलना गर्दा २०५८ सालमा ४६,६०,३२६ अर्थात २५.२० प्रतिशतले जनसंख्या वृद्धि भएको छ तर मतदाता नामावलीमा २०४८ सालको मतदाता भन्दा २०५८ सालमा ३६,०८,१५० अर्थात ३२.२४ प्रतिशतले वृद्धि भएको देखिन्छ । त्यही जनसंख्याको निश्चित उमेर समूह (१८ वर्ष) का व्यक्ति नै मतदाता हुने हुँदा एक दशकको जनसंख्या वृद्धि र मतदाता वृद्धिको अनुपात धेरै अमिल्दो नहुनु पर्ने हो तर त्यस्तो अनुपात ७.०४ ले फरक छ जुन बढी फराकिलो र अमिल्दो अनुपात हो । यसबाट पनि मतदाता नामावलीमा दोहोरो नामका साथै उमेर नपुगेका व्यक्तिहरुको नाम समावेश भई नामावली अवास्तविक रहेको प्रष्ट हुन्छ । मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम, २०६६ मा निर्वाचन आयोगले उपलव्ध गराएको संभावित दोहोरो नामावलीका आधारमा दोहोरो नाम विवरणको खोजी गरी मतदाताको रोजाइमा एक ठाउँ कायम राखी अन्यत्रको हटाउने कार्य गर्दा धेरै संख्यामा वास्तविक दोहोरो नाम संकलन हुनुले पनि मतदाता नामावली त्रुटिपूर्ण रहेको कुरा पुष्टि हुन्छ ।

नेपालमा २०४६ सालमा सम्पन्न जनआन्दोलनपछि सम्पन्न तीन वटा संसदीय निर्वाचन र २०६२/२०६३ मा सम्पन्न जनआन्दोलन दुईपछि सम्पन्न संविधानसभा सदस्य निर्वाचनमा मतदाता नामावलीको अवस्था समेत समग्र निर्वाचनका विभिन्न पक्षमा तुलनात्मक अध्ययन गर्दा देखिने तथ्याङ्कहरु तल प्रस्तुत गरिन्छ ।

तालिका नं. ५.३

**नेपालका पछिल्ला तीन संसदीय निर्वाचन र संविधानसभा निर्वाचन सम्बन्धी विवरण**

| | निर्वाचन सम्बन्धी विवरण | पछिल्ला तीन संसदीय निर्वाचन | | | २०४६ को संधिानसभा सदस्य निर्वाचन | |
|---|---|---|---|---|---|---|
| | | २०४८ | २०५१ | २०५६ | [illegible] | समानुपातिक तर्फ |
| | मतदान केन्द्र | ७,३९१ | ७,४१० | ६,८२१ | स्थायी २०,८९० अस्थायी ३९४ | |
| | उपकेन्द्र | ६,३३० | ८,१९२ | □ | □ | |
| | निर्वा | ४ | ६५ | १ | ७४ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | चनका लागि दल दर्ता | ४ | | ०० | | |
| | निर्वाचनमा भाग लिएका दल | २० | २४ | ३९ | ५४ | |
| | संसदमा मान्यताप्राप्त दल | ५ | ४ | ६ | [illegible] | प्रतिनिधित्व २५ |
| | संसदमा मान्यता प्राप्त | २ | १ | ३ | [illegible] | प्रतिनिधित्व नभएका २९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | नभएका दल | | | | | |
| | ) कूल मतदाता | ) १,११,९१,७७७ | ) १,२३,२७,३२९ | ) १,३५,१८,८३९ | ) १,७६,११,८३२ | |
| | ) सी६ संख्या | ) २०५ | ) २०५ | ) २०५ | ) २४० | ) ३३५ |
| | ) खसेको मत | ) ७२,९१,०८४ | ) ७६,२५,३४८ | ) ८८,९४,५६६ | ) १,०८,६६,१३१ | ) १,११,४६,५४० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | खसेको मत छ | ६५.१५ | ६१.८६ | ६५.७९ | ६१.७० | ६३.२९ |
| | सदर मत | ६९,६९,०६१ | ७३,८४,२७७ | ८६,४९,६६४ | १,०३,०६,१२० | १,०७,३९,०७८ |
| | सदर मत छ | ९५.५८ | ९६.८४ | ९७.२५ | ९४.८५ | ९६.२४ |
| | बदर मत छ | ४.४२ | ३.१६ | २.७५ | ५.१५ | ३.३६ |
| | दलहरुले प्राप्त मत | ६६,६५,३३८ | ६९,१२,९५३ | ८३,९७,७३ | १,०१,८२,५०१ | १,०७,३९,०७८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ४ | | |
| | ) दलहरुले प्राप्त मत छ | ) ९५.३८ | ) ९३.९२ | ) ९७.१७ | ) ९८.८० | ) १०० |
| | ) विजयी सांसद / ) विधायकले प्राप्त मत | ) ३२,३४,५०८ | ) ३०,७९,०६० | ) ३५,५२,२८० | ) ३८,८४,९२१ | ) १,०४,७१,६३० |
| | ) विजयी सांसद विधायकले प्राप्त मत छ | ) ४६.४१ | ) ४१.७० | ) ४१.०७ | ) ३८.१५ | ) ९७.५१ |
| | ) प्रतिस्पर्धी उमेदवार | ) १,३४५ | ) १,४४२ | ) २,२३८ | ) ३,९४६ | ) ५,७०१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ) धरौद्ीजफत उम्मेदवार | ) ७५१ | ) ८०९ | ) १,५२७ | ) ३,१५९ | ) २९दल |
| | ) दलगत उम्मेदवार | ) १,१२६ | ) १,०५७ | ) १,६०५ | ) ३,१३० | ) ५,७०१ |
| | ) पूनःमतदान केन्द्र (र४ भएका समेतको ) | ) ५१ | ) ८६ | ) १०१ | ) १०६ (र४ ३८ समेत) | |
| | ) महिला उम्मेदवार | ) ८१ | ) ८६ | ) १४३ | ) ३६८ | ) ५०.१ |
| | ) पूरुष उम्मेदवार | ) १,२६४ | ) १,३५६ | ) २,०९५ | ) ३५७८ | ) |
| | ) दलग | ) ७३ | ) ७ | ) १ | ) ३ | ) |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | त महिला उम्मेदवारी | | ४ | १७ | २६ | |
| | ) स्वतन्त्र महिला उम्मेदवारी | ) ८ | ) १२ | ) २६ | ) ४२ | ) [illegible] |
| | ) विजयी महिला सांसद | ) ६ | ) ७ | ) १२ | ) २९ | ) १६१ |
| | ) विजयी स्वतन्त्र उमेदवार | ) ३ | ) ७ | ) ० | ) २ | ) - |
| | ) प्रथम स्थान हासिल | ) ने.का. ११० | ) नेकपा एमाले | ) न`.का. | ) एन`कप | ) एनेकपा माओवादी १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गर्ने दल | | | ८८ | १११ | ामाओवादी १२० | |

स्रोत : नेपालको संसदीय निर्वाचन दर्पण र संविधानसभा सदस्य निर्वाचन, २०६४ परिणाम पुस्तिका

उपरोक्त निर्वाचन सम्बन्धी तथ्यांङ्क हेर्दा ६१.८६% देखि ६५.७९% मतदाताले निर्वाचनमा मतदान गरेको पाइन्छ। यी मतदान प्रतिशत सन्तोषजनक नै मान्नुपर्छ। विगतका तीन निर्वाचनमा क्रमशः सदर मत प्रतिशत बढ्दै गएको पाइएतापनि संविधानसभा सदस्य निर्वाचनमा भने सदर मत प्रतिशत घटेको छ। यो निर्वाचनमा मिश्रित प्रणाली अन्तर्गत दुई थरी मतपत्रको प्रयोग गरिनु, पटक पटक निर्वाचनको मिति सारिनु तथा राजनीतिक दलहरुले पनि मतदाताहरुलाई निर्वाचन प्रणाली, मतदान प्रकृया आदि विषयमा प्रष्ट पारी मत नमाग्नुले मतदाता अन्योलमा रहनु आदि कारणले सदर प्रतिशत बढ्न नसकेको हो । सबै निर्वाचनमा स्वतन्त्र उम्मेदवारलाई भन्दा राजनैतिक दलहरुलाई नै अत्याधिक मत प्रदान गरेको पाइन्छ। राजनीतिक दललाई निर्वाचन प्रणाली अनुसार ९३.३२ % देखि १००% सम्म मत प्राप्त भएको देखिन्छ। प्रत्यक्ष्य निर्वाचनमा कूल खसेको मतमध्ये विजयी सांसद/विधायकले पूर्ण बहुमत (५० + १ % मत) प्राप्त गर्न सकेको देखिंदैन् । त्यस्ता निर्वाचनहरुमा प्रत्यक्ष्यतर्फ ३८.१५ % देखि ४१.७० % अर्थात सामान्य बहुमत ल्याएर सांसद/विधायक विजयी भएको देखिन्छ । सामान्य बहुमत ल्याएर विजयी हुने निर्वाचन प्रणालीका दोषहरुबाट मुक्त हुँदै बढी मत खेर जान नदिन र अल्पमत एवं अल्पसंख्यकहरुको प्रतिनिधित्वका लागि संविधानसभामा मिश्रित निर्वाचन प्रणाली अन्तर्गत समानान्तर समानुपातिक प्रतिनिधित्वको प्रणाली अनुसार ३३५ सीटको निर्वाचन गरिएको हो । विगतका संसदीय निर्वाचनमा सामान्य बहुमतले सांसद विजयी हुँदा त्यसको विपक्षमा बढी मत रहन गई सबैको प्रतिनिधित्व हुन नसकेको स्पष्ट छ । अतः मुलुकका राजनीतिक, आर्थिक, सामाजिक, भौगोलिक, जातीय, भाषिक,

धार्मिक, लैङ्गिकलगायत सम्पूर्ण पिछडिएको क्षेत्रको प्रतिनिधित्वका लागि समानुपातिक प्रणालीको विकल्प नरहेको प्रष्ट हुन आउँछ । संविधानसभाको निर्वाचनमा प्रत्यक्ष्यतर्फ २४० सीट, ३३५ समानान्तर समानुपातिक प्रणालीबाट र २६ जना मनोनित गरी ६०१ जनाको संविधानसभा गठन गर्नु प्रतिनिधित्वका नाममा अनावश्यक भीड जम्मा गर्नु जस्तै हो । उपयुक्त प्रणाली अपनाएको खण्डमा मुलुकको आर्थिक अवस्थाले धान्न सक्ने संख्यामा सबै पक्षको प्रतिनिधित्वका साथ आवश्यक सदस्य रहने व्यवस्था गर्न सकिन्छ ।

२०५१ सालको निर्वाचनको तुलनामा २०५६ सालको निर्वाचनमा मतदानकेन्द्र घटेको देखिन्छ । द्वन्दकाल भएकोले सुरक्षाको दृष्टिकोणबाट मतदानकेन्द्र कम गरिएको हो । त्यस्तै संविधानसभा निर्वाचनमा दुई थरी मतपत्र रहनाका साथै मतदाताको संख्या वृद्धि भएकोले मतदानकेन्द्र बढेको पाइन्छ । संसदीय निर्वाचनहरुमा भाग लिने दलहरु बढेता पनि संविधानसभा निर्वाचनमा दश हजार मतदाताको हस्ताक्षरसहित समानुपातिक सूची पेश गर्नु पर्ने भएकोले भाग लिने दलहरुको संख्या अपेक्षाकृत रुपमा बढेको देखिंदैन् । संसदीय निर्वाचनमा संसदमा मान्यता प्राप्त राजनीतिक दल कम विजयी हुनु तथा संविधानसभा निर्वाचनमा चुनाब लडेका दलहरुमध्ये थोरैको मात्र संसदमा प्रतिनिधित्व हुन सक्नुले जनमत कम भएका धेरै दलहरुले पनि निर्वाचनमा भाग लिएको प्रष्ट हुन्छ । संसदीय निर्वाचनमा आफ्ना कूल उमेदवारहरुमध्ये न्युनतम ५% मात्र महिला उम्मेदवार उठाउनु पर्ने संवैधानिक प्रावधानले महिला उम्मेदवारी कम हुनाका साथै विजयी महिला उम्मेदवारको संख्या पनि न्यून नै देखिन्छ तर संविधानसभाको निर्वाचनमा भने समानुपातिक सूचीमा सबै वर्ग क्षेत्रबाट कम्तीमा ५०% महिला उम्मेदवार हुनु पर्ने र प्रत्यक्ष्य (पहिलो हुने निर्वाचित हुने) प्रणाली समेत गरी महिला उम्मेदवार संख्या एक तिहाई हुनै पर्ने प्रावधान अनुसार महिला उम्मेदवार र विजयी महिला उम्मेदवार संख्याको स्थिति सन्तोषजनक रहेको छ । विजयी महिला उम्मेदवार ५०.१% रहेको पाइन्छ ।

तालिका नं ५.४


**नेपालको उमेर अनुसारको मतदाता संख्या, २०६३**

| क्र.स. | उमेर समूह | प्रतिशत |
|---|---|---|
| १ | २६ वर्ष र सो भन्दा तल | २१.८८ |

| | | |
|---|---|---|
| २ | द्दट वर्ष देखि ३५ वर्ष | २८.८९ |
| ३ | ३६ वर्ष देखि ४५ वर्ष | २०.१२ |
| ४ | ४६ वर्ष देखि ५५ वर्ष | १३.९८ |
| ५ | ५६ वर्ष देखि ६५ वर्ष | ८.८३ |
| ६ | ६६ वर्ष देखि ७५ वर्ष | ४.२५ |
| ७ | ७५ वर्ष भन्दा माथी | २.०५ |
| जम्मा : | | १०० |

स्रोत : निर्वाचन आयोग, काठमाडौं ।

वृत्तचित्र नं.५.१




नेपालको उमेर समूह अनुसारको मतदाता संख्या, २०६३

उपरोक्त तालिका र रेखाचित्र अनुसार २६ देखि ३५वर्ष सम्मको उमेर समूहका मतदाताहरुको प्रतिशत सबैभन्दा बढी देखिन्छ । त्यस्तो उमेर समूहका मतदाताहरु २८.८९ प्रतिशत रहेका छन् । त्यस्तै २६ वर्ष र सो भन्दा तलको उमेर समूका मतदाताहरुको प्रतिशत दोस्रो स्थानमा रहेको देखिन्छ । त्यसपछि सो प्रतिशत घट्दै गएको छ । यसरी २०६३ सालको उमेर समूह अनुसारको मतदाता प्रतिशत तल्लो उमेरबाट माथितर्फ झण्डै पिरामिड आकारको रहेको देखिन्छ ।

## ५.४ दाङ्ग जिल्लामा निर्वाचन र मतदाता नामावली सम्बन्धी अध्ययन

### (क) निर्वाचनका सन्दर्भमा दाङ्ग जिल्लाको राजनीतिक परिदृष्य :

दाङ्ग जिल्ला राजनैतिक चेतनाका हिसावले पनि अग्रस्थानमा रहेको छ । यहाँ विभिन्न राजनैतिक दल र विचारधारा सम्बद्ध मानिसहरुको बसोवास भएतापनि सौहार्दपूर्ण र उच्चस्तरको राजनैतिक संस्कार पाइन्छ । यस जिल्लामा हालसम्मका विभिन्न निर्वाचनहरुमा नेपाली काँग्रेस, एनेकपा माओवादी, नेकपा एमाले, नेकपा माले, रा.प्र.पा.,राष्ट्रिय जनमोर्चा आदि दलका उम्मेदवारहरुले विजय हासिल गर्दै आइरहेका छन् । वि.सं. २०१५ सालको संसदीय निर्वाचनमा श्री परशुनारायण चौधरी र श्री गणेशकुमार शर्माले नेपाली काँग्रेसको उम्मेदवार भई चुनाव जितेको पाइन्छ ।

वि.सं. २०४८ बैशाख २९ गते भएको संसदीय निर्वाचनमा तीन सिटमध्ये दुई सिटमा नेपाली काँग्रेसका श्री हरिप्रसाद चौधरी र श्री खुमबहादुर खड्का निर्वाचित भए भने एक सिटमा नेकपा एमालेका उम्मेदवार श्री शिवराज गौतम निर्वाचित भए । वि.सं. २०५१ साल कार्तिक २९ गते सम्पन्न मध्यावधि निर्वाचनमा चार सिटमध्ये  तीन सिटमा नेपाली काँग्रेसका श्री हरिप्रसाद चौधरी, श्री बलदेव शर्मा मजगैया र श्री खुम बहादुर खड्का विजयी भए भने एक सिटमा नेकपा एमालेका श्री शंकर पोखेल विजयी भए ।

वि.सं. २०५४ जेठमा सम्पन्न स्थानीय निर्वाचनमा दाङ्गका दुई नगरपालिका र उन्चालीस गाविसका कूल सीटमध्ये नेकपा एमालेले अग्रता कायम गऱ्यो । यो निर्वाचनमा विभिन्न राजनीतिक दल र स्वतन्त्र उम्मेदवारहरुका निर्वाचित सदस्य संख्या र सोको प्रतिशत निम्नानुसार रहेको छ ।

तालिका : ५.५

**दाङ्ग जिल्लामा स्थानीय निकाय निर्वाचन, २०५४ को परिणाम**

| | राजनीतिक दल/स्वतन्त्र | जि.वि.स. निर्वाचन | | गाविस/न.पा.निर्वाचन | |
|---|---|---|---|---|---|
| | | सदस्य विजयी संख्या | | सदस्य विजयी संख्या | प्रतिशत |
| | नेकपा एमाले | ३ | | ११७६ | ६०.५६ |
| | नेपाली काागे्रस | ७ | | ५५९ | २८.७८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | ) रा.प्र.पा. | ) २ | ) | ) १२७ | ) ६.५४ |
| | ) नेकपा संयुक्त | ) - | ) | ) १ | ) ०.०५ |
| | ) स्वतन्त्र | ) ३ | ) | ) ७९ | ) ४.०७ |
| ) जम्मा | | ) १५ | ) | ) १९४२ | ) १०० |

स्रोत : स्थानीय निकाय निर्वाचन, २०५४ को परिणाम दाङ्ग जिल्ला, निर्वाचन आयोग, कामाडौं

वि.सं. २०५६ बैशाख २० गते पहिलो चरणमा सम्पन्न संसदीय निर्वाचनमा दाङ्गका चार वटै निर्वाचन क्षेत्रबाट नेपाली काँग्रेसका उम्मेदवारहरु क्रमशः श्री खुम बहादुर खड्का, श्री बलदेव शर्मा मजगैया, श्री कृष्णकिशोर शर्मा घिमिरे र श्री गेहेन्द्र गिरी निर्वाचित भए ।

वि.सं.२०६२ साल माघ २६ गते राजाको नेतृत्वको मन्त्रीमण्डलले गराएको नगर निर्वाचन राजनीतिक दलहरुले बहिष्कार गरेका कारण जनसहभागिता विहिन रह्यो । दाङ्ग जिल्लाका घोराही नगरपालिका (तत्कालीन त्रिभुवननगर) र तुल्सीपुर नगरपालिकामा पनि नगर निर्वाचन भयो । नगर निर्वाचन बहिष्कारका क्रममा निस्किएको जुलुसमाथि तत्कालीन शाही सेनाले गोली प्रहार गर्दा दाङ्गका उमेशचन्द्र थापाको घटनास्थलमै मृत्यु भएको थियो । उनलाई लोकतान्त्रिक आन्दोलनका प्रथम शहीद घोषणा गरिएको छ ।

संविधानसभा सदस्य निर्वाचन, २०६४ मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ दाङ्ग जिल्लाका पाँच वटै निर्वाचन क्षेत्रबाट एकीकृत नेकपा माओवादीका उम्मेदवारहरु क्रमशः श्री

इन्द्रजीत थारु, श्री दामाकुमारी शर्मा, श्री कृष्णबहादुर महरा, श्री शिवराज गौतम र श्री सुष्मा शर्मा घिमिरे विजयी भए । संविधानसभा सदस्य निर्वाचनबाट नेपालका निम्न राजनीतिक दलहरुको सो सभामा प्रतिनिधित्व रहेको पाइन्छ ।

तालिका: ५.६

**संविधानसभामा नेपालका राजनीतिक दलहरुको प्रतिनिधित्व स्थिति**

| | ) **राजनीतिक दलको नाम** | ) **प्रतक्षतर्फ** | | | ) **समानुपातिकतर्फ** | | |
|---|---|---|---|---|---|---|---|
| | | ) | ) ) | | ) | | ) ) |
| | ) **एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)** | ) | ) | | ) | | ) |
| | ) **नेपाली काग्रेस** | ) | ) | | ) | | ) |
| | ) **नेपाल कम्युनिष्ट पार्टी ( एमाले)** | ) | ) | | ) | | ) |
| | ) **मधेशी जन अधिकार फोरम, नेपाल** | ) | ) | | ) | | ) |
| | ) **तराई मधेश लोकतान्त्रिक पार्टी** | ) | ) | | ) | | ) |
| | ) **राष्ट्रिय प्रजातन्त्र पार्टी** | ) | ) | | ) | | ) |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | ) नेपाल कम्युनिष्ट पार्टी (माले) | ) | ) | | ) | | ) |
| | ) जनमोर्चा नेपाल | ) | ) | | ) | | ) |
| | ) नेपाल कम्युनिष्ट पार्टी ( संयुक्त) | ) | ) | | ) | | ) |
| | ) सद्भावना पार्टी | ) | ) | | ) | | ) |
| | ) राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल | ) | ) | | ) | | ) |
| | ) राष्ट्रिय जनशक्ति पार्टी | ) | ) | | ) | | ) |
| | ) राष्ट्रिय जनमोर्चा | ) | ) | | ) | | ) |
| | ) नेपाल मजदूर किसान पार्टी | ) | ) | | ) | | ) |
| | ) राष्ट्रिय जनमुक्ति पार्टी | ) | ) | | ) | | ) |
| | ) नेपाल कम्युनिष्ट पार्टी ( एकीकृत) | ) | ) | | ) | | ) |
| | ) नेपाल सद्भावना पार्टी (आ.) | ) | ) | | ) | | ) |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ) नेपाली जनता दल | ) | ) | | ) | | ) |
| | ) संघीय लोकतान्त्रिक राष्ट्रिय मन्च | ) | ) | | ) | | ) |
| | ) समाजवादी प्रजातान्त्रिक जनता पार्टी, नेपाल | ) | ) | | ) | | ) |
| | ) दलित जनजाति पार्टी | ) | ) | | ) | | ) |
| | ) नेपाल परिवार दल | ) | ) | | ) | | ) |
| | ) नेपाः राष्ट्रिय पार्टी | ) | ) | | ) | | ) |
| | ) नेपाल लोकतान्त्रिक समाजवादी दल | ) | ) | | ) | | ) |
| | ) चुरेभावर राष्ट्रिय एकता पार्टी नेपाल | ) | ) | | ) | | ) |
| | ) अन्य | ) | ) | | ) | | ) |
| ) जम्मा | | ) | ) | | ) | | ) |

स्रोतः संविधानसभा सदस्य निर्वाचन, २०६४ निर्वाचन परिणाम पुस्तिका, निर्वाचन आयोग

समानुपातिक निर्वाचनतर्फ यस जिल्लाबाट निम्न उम्मेदवारहरु निर्वाचित भएका छन् ।

तालिका : ५.७

**समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत संविधानसभामा दाङ्ग जिल्लाको प्रतिनिधित्व**

| क्र.सं. | विजयी उम्मेदवारको नाम | राजनीतिक दल | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री यशोदा गुरुङ सुवेदी | एनेकपा माओवादी | अन्य |
| २ | श्री नारायणप्रसाद शर्मा पौडेल | एनेकपा माओवादी | अन्य |
| ३ | श्री कुवेर वली | एनेकपा माओवादी | अन्य |
| ४ | श्री बलदेव शर्मा मजगैयाँ | नेपाली काँग्रेस | अन्य |
| ५ | श्री विमला नेपाली | नेपाली काँग्रेस | दलित |
| ६ | श्री शंकर पोखेल | नेकपा एमाले | अन्य |
| ७ | श्री शान्ता चौधरी | नेकपा एमाले | मधेशी |
| ८ | श्री दामोदर चौधरी | नेकपा माले | मधेशी |
| ९ | श्री रश्मीराज नेपाली | राष्ट्रिय जनमोर्चा | अन्य |
| १० | रुकमिनी चौधरी | संघीय लोकतान्त्रिक राष्ट्रिय मन्च | जनजाति |
| ११ | निलाम्बर आचार्य | नेपाली काँग्रेस | मनोनित ८ |

स्रोत : संविधानसभा सदस्य निर्वाचन, २०६४ निर्वाचन परिणाम पुस्तिका, निर्वाचन आयोग, काठमाडौं र

८ गोरक्ष राष्ट्रिय दैनिक, दाङ्ग, वर्ष ५, अंक १७०, मिति २०६४/१०/२८

संविधानसभा सदस्य निर्वाचन, २०६४ मा दाङ्ग जिल्लाका प्रमुख राजनैतिक दल तथा तिनका उम्मेदवारहरुले पाएको मत निम्नानुसार रहेको छ।

तालिका : ५.८

**दाङ्ग जिल्लाको संविधानसभा सदस्य निर्वाचन, २०६४ को परिणाम**

| | राजनीतिक दल/स्वतन्त्र | पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ | | समानुपातिक निर्वाचन प्रणालीतर्फ | |
|---|---|---|---|---|---|
| | | प्राप्त मत | प्रतिशत | प्राप्त मत | प्रतिशत |
| | एनेकपा माओवादी | ९५,०३३ | ४५.७७ | ९४,९८३ | ४३.९९ |
| | नेपाली काँग्रेस | ५७,३८१ | २७.६० | ५७,१८७ | २६.४८ |
| | नेकपा एमाले | २६,६११ | १२.७९ | २७,७८८ | १२.८७ |
| | नेकपा माले | १ | ६ | ८,६ | ३.९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ३,३४९ | .४२ | ०२ | ८ |
| | राष्ट्रिय जनमोर्चा | ३,५९२ | १.७२ | ४,६९४ | २.१७ |
| | राष्ट्रिय प्रजातन्त्र पार्टी | ३,७४४ | १.७९ | ३,४३१ | १.५८ |
| | संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च | २,७६९ | १.३२ | ३,५०३ | १.६२ |
| | राष्ट्रिय जनशक्ति पार्टी | १,१९८ | ०.५८ | १,६०८ | ०.७४ |
| | जनमोर्चा नेपाल | १,१३४ | ०.५४ | १,४२२ | ०.६६ |
| | मधेशी जन अधिकार फोरम | ८०० | ०.३८ | १,१३६ | ०.५३ |
| | राष्ट्रिय जनमुक्ति पार्टी | ६२६ | ०.३ | ८३४ | ०.३८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ० | | |
| | राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल | ४२५ | ०.२० | ६०२ | ०.२८ |
| | नेकपा एकीकृत | ५०९ | ०.२४ | ३८४ | ०.१८ |
| | नेपाल सद्भावना पार्टी (आ.) | १३३ | ०.०६ | २८२ | ०.१३ |
| | नेपाल मजदूर किसान पार्टी | ८३ | ०.०४ | २४६ | ०.११ |
| | स्वतन्त्र/अन्य | ५२४ | ०.२५ | ९,२३० | ४.२७ |
| | | २,०७,९११ | १०० | २,१५,९३२ | १०० |

स्रोतः जिल्ला निर्वाचन कार्यालय, दाङ्ग

**(ख) मतदाता संख्या**

साविक मतदाता नामावलीलाई आधार मानी मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम, २०६६ वि.सं. २०६६ बैशाख २ गतेदेखि २०६६ माघ १ गतेसम्म संचालन गरिएको हो । २०६३ सालमा संचालित विशेष कार्यक्रमबाट ३,५८,८६० मतदाता कायम भएकोमा मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम, २०६६ बाट ३,५८,३५६ मतदाता कायम हुन आएका छन् । यस जिल्लाका विभिन्न गाउँ विकास समिति र नगरपालिकाहरुमा रहेको मतदाता संख्या वडागतरुपमा निम्नानुसार रहेको छ ।

तालिका : ५.९

**दाङ्ग जिल्लाका गाविस र नपाहरुको वडागत मतदाता संख्या :**

| qm =; + | गाविस | वडा नम्बर | | | | | | | | | hDdf |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | |
| 1 | लालमटिया | 723 | 557 | 3344 | 1666 | 1006 | 598 | 1248 | 2060 | 1807 | 13009 |
| 2 | सिसहनिया | 810 | 1289 | 592 | 1672 | 1580 | 1206 | 1556 | 1522 | 1455 | 11682 |
| 3 | गोवर्डिहा | 1728 | 1100 | 567 | 1009 | 1104 | 1071 | 831 | 1137 | 1268 | 9815 |
| 4 | गंगापरस्पुर | 904 | 1058 | 675 | 352 | 1138 | 1000 | 1021 | 898 | 723 | 7769 |
| 5 | सोनपुर | 1010 | 840 | 917 | 704 | 1899 | 724 | 579 | 1968 | 580 | 9221 |
| 6 | गढवा | 528 | 795 | 785 | 927 | 1212 | 779 | 891 | 483 | 1211 | 7611 |
| 7 | चैलाही | 1381 | 4137 | 1714 | 790 | 562 | 719 | 912 | 1077 | 1162 | 12454 |
| 8 | वेला | 658 | 742 | 1445 | 947 | 543 | 445 | 390 | 672 | 468 | 6310 |
| 9 | सतवरिया | 1157 | 828 | 732 | 790 | 831 | 877 | 660 | 1001 | 1485 | 8361 |
| 10 | राजपुर | 671 | 663 | 312 | 759 | 480 | 657 | 1004 | 642 | 3526 | 8714 |
| 11 | कोइलावास | 462 | 70 | 177 | 128 | 98 | 123 | 38 | 130 | 533 | 1759 |
| 12 | हांसिपुर | 459 | 535 | 469 | 525 | 455 | 519 | 525 | 677 | 535 | 4699 |
| 13 | काभ्रे | 235 | 548 | 380 | 802 | 373 | 508 | 746 | 483 | 799 | 4874 |
| 14 | रामपुर | 882 | 796 | 792 | 1053 | 684 | 1886 | 938 | 992 | 1017 | 9040 |
| 15 | लक्ष्मीपुर | 1127 | 1499 | 885 | 926 | 887 | 1189 | 1069 | 824 | 1112 | 9518 |
| 16 | स्यूजा | 445 | 374 | 356 | 387 | 417 | 307 | 466 | 425 | 270 | 3447 |
| 17 | सैंघा | 634 | 664 | 300 | 501 | 706 | 659 | 627 | 177 | 582 | 4850 |
| 18 | सौडियार | 897 | 1154 | 1128 | 964 | 1252 | 876 | 886 | 1058 | 1081 | 9296 |
| 19 | धर्ना | 667 | 614 | 710 | 673 | 520 | 308 | 743 | 328 | 378 | 4941 |
| 20 | लोहारपानी | 423 | 518 | 367 | 401 | 347 | 531 | 389 | 378 | 518 | 3872 |
| 21 | हापुर | 1482 | 1294 | 946 | 801 | 1416 | 1103 | 1519 | 962 | 1715 | 11238 |
| 22 | नारायणपुर | 1729 | 1274 | 1515 | 1160 | 1026 | 953 | 1232 | 740 | 567 | 10196 |
| 23 | ढिकपुर | 899 | 933 | 787 | 676 | 963 | 894 | 1091 | 649 | 841 | 7733 |
| 24 | डुरुवा | 1682 | 1170 | 1061 | 817 | 630 | 1469 | 1195 | 1371 | 1334 | 10729 |
| 25 | मानपुर | 1414 | 1285 | 884 | 1291 | 600 | 1628 | 1363 | 787 | 1490 | 10742 |
| 26 | विजौरी | 1049 | 838 | 1661 | 775 | 933 | 900 | 759 | 1302 | 1213 | 9430 |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 27 | फुलवारी | 448 | 314 | 711 | 552 | 469 | 462 | 275 | 326 | 458 | 4015 |
| 28 | हलवार | 1011 | 974 | 873 | 1299 | 778 | 788 | 710 | 559 | 414 | 7406 |
| 29 | टरीगाउँ | 1021 | 998 | 960 | 845 | 864 | 945 | 752 | 371 | 503 | 7259 |
| 30 | उरहरी | 759 | 1169 | 783 | 965 | 1197 | 1297 | 921 | 1166 | 735 | 8992 |
| 31 | शान्तिनगर | 484 | 547 | 814 | 847 | 327 | 545 | 886 | 692 | 950 | 6092 |
| 32 | पवननगर | 468 | 706 | 809 | 1269 | 552 | 334 | 631 | 980 | 638 | 6387 |
| 33 | बाघमारे | 1221 | 884 | 488 | 504 | 618 | 567 | 232 | 336 | 381 | 5231 |
| 34 | पंचकुले | 495 | 872 | 792 | 753 | 439 | 491 | 494 | 748 | 495 | 5579 |
| 35 | पुरन्धारा | 1168 | 1423 | 1843 | 1118 | 895 | 1242 | 1392 | 1585 | 2457 | 13123 |
| 36 | धनौरी | 1067 | 626 | 572 | 734 | 771 | 896 | 1191 | 505 | 793 | 7155 |
| 37 | हेकुली | 672 | 547 | 1049 | 741 | 720 | 1104 | 530 | 651 | 402 | 6416 |
| 38 | गोलटाकुरी | 463 | 360 | 422 | 440 | 372 | 523 | 640 | 489 | 531 | 4240 |
| 39 | श्रीगाउँ | 592 | 843 | 501 | 1037 | 717 | 448 | 292 | 703 | 327 | 5460 |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ) वडा नम्बर | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| ) कूल जम्मा | | | | | | | | | | | | | |

स्रोत : निर्वाचन आयोग, काठमाडौं

मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम, २०६६ सम्पन्न भएपछि सबैभन्दा बढी मतदाता भएको नगरपालिका घोराही नै कायम भएको छ भने धेरै मतदाता भएका गाविसहरुमा पुरन्धारा, लालमटिया, चैलाही, सिसहनिया, हापुर, मानपुर, डुरुवा अग्रपङ्तीमा रहेका छन् ।

दाङ्ग जिल्लामा चार निर्वाचन क्षेत्र रहेकोमा संविधानसभा सदस्य निर्वाचनका लागि गठन भएको निर्वाचन क्षेत्र निर्धारण आयोग, २०६३ र निर्वाचन क्षेत्र पुनरावलोकन आयोग, २०६४ को प्रतिवेदनका आधारमा पाँच निर्वाचन क्षेत्रहरुको निर्धारण भएको पाइन्छ । दाङ्ग जिल्लाका प्रत्येक निर्वाचन क्षेत्रमा पर्ने गाउँ विकास समिति र नगरपालिका तथा मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम, २०६६ बाट कायम भएको क्षेत्रगत मतदाता संख्या  निम्नानुसार रहेको छ ।

तालिका : ५.१०

**दाङ्ग जिल्लाको निर्वाचन क्षेत्रगत मतदाता संख्या**

| नि.क्षे.नं | गाविस र नगरपालिकाहरु | क्षेत्रगत मतदाता |
|---|---|---|
| १ | गोवरडिहा, गंगापरस्पुर, सोनपुर, गढवा, चैलाही, बेला, सतवरिया, राजपुर र कोइलावास | ७२,०१४ |
| २ | लालमटिया, सिसहनिया, हाँसिपुर, काभ्रे, रामपुर, लक्ष्मीपुर, स्यूजा, सैघा र लोहारपानी | ६४,९९१ |
| ३ | सौंडियार, धर्ना, घोराही नगरपालिका, हापुर, नारायणपुर र ढिकपुर | ७४,४१० |
| ४ | डुरुवा, मानपुर, विजौरी, हलवार, टरिगाउँ, उरहरी र तुल्सीपुर न.पा.का वडा नं. १,२,३,४,५ र ६ | ७६,२०२ |
| ५ | तुल्सीपुर न.पा.का. वडा नं. ७,८,९,१० र ११, शान्तिनगर, पवननगर, बाघमारे, पंचकुले, पुरन्धारा, धनौरी, हेकुली, गोल्टाकुरी र श्रीगाउँ | ७०,७३९ |

| | |
|---|---|
| ) जम्मा | ) ३,५८,३५६ |

स्रोत : निर्वाचन आयोग, काठमाण्डौ

यस जिल्लाका पाँच वटा निर्वाचन क्षेत्रमध्ये क्षेत्र नं.४ सबैभन्दा बढी मतदाता रहेको निर्वाचन क्षेत्र हुन आएकोछ जसमा ७६,२०२ मतदाता रहेकाछन् । मतदाता संख्याका हिसाबले क्षेत्र नं.२ सबैभन्दा सानो निर्वाचन क्षेत्र भएकोछ जसमा ६४,९९१ मतदाता रहेका छन् ।

**(ग) मतदान केन्द्र**

निर्वाचन आयोगले पछिल्लो पटक संविधानसभा सदस्य निर्वाचन ऐन, २०६४ को दफा ३४ ले दिएको अधिकार प्रयोग गरी संविधानसभा सदस्य निर्वाचनका लागि आवश्यक संख्यामा मतदानकेन्द्र निर्धारण गरेको छ । मतदानकेन्द्र निर्धारण गर्नु पूर्व आयोगले प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठित जिल्लास्थित राजनीतिक दलका प्रतिनिधिहरु सदस्य रहेको मतदान केन्द्र सिफारिस समितिको बैठकको सिफारिस र साविकका मतदानकेन्द्रको सूचीलाई मुख्य आधार मानेको पाइन्छ । मतदानकेन्द्र तोक्दा मुख्यतयाः सबै मतदाताका लागि पायक पर्ने सुविधायुक्त स्थान, सुरक्षाका दृष्टिले उपयुक्त, संचार सुविधा भएको, भौतिक संरचनायुक्त स्थान, नदी नाला, भीर, पहिरो, घना जंगल जस्ता भौगोलिक विकटता नभएको स्थान, मतदानकेन्द्र जानआउन सामान्यतयाः पाँच कि.मी.भन्दा बढी दूरी नपर्ने, कुनै व्यक्ति विशेषको निजी घर जग्गा नपर्ने, सम्भव भएसम्म अन्तर्राष्ट्रिय सीमाभन्दा एक कि.मी टाढा रहेको स्थान हुनु पर्ने आधारहरुलाई ध्यान दिएको देखिन्छ ।

संविधानसभा निर्वाचनमा दाङ्ग जिल्लामा १४१ स्थानमा ४१४ मतदान केन्द निर्धारण भएका थिए भने अस्थायी मतदानकेन्द्रहरु आवश्यकता अनुसार कायम गरिएको थियो । दाङ्ग जिल्लामा पछिल्ला तीन वटा निर्वाचनमा कायम भएका मतदानकेन्द्रहरुको संख्यात्मक विवरण देहाय अनुसार रहेको छ । वि.सं.२०५९ सालमा निर्वाचनको मिति घोषणा भए पनि निर्वाचन हुन सकेन ।

तालिका : ५.११

**दाङ्ग जिल्लामा पछिल्ला तीन निर्वाचनमा कायम भएका मतदानकेन्द्र संख्या**

| क.सं | मतदानकेन्द्र निर्धारण भएको साल | मतदानकेन्द्र संख्या |
|---|---|---|
| १ | २०५६ | ११२ |
| २ | २०५९ | ११८ |
| ३ | २०६४ | ४१४ |

स्रोत : जिल्ला निर्वाचन कार्यालय, दाङ्ग

उपरोक्त तालिका अनुसार दाङ्ग जिल्लामा २०५६ साल र २०५९ सालमा कायम भएका मतदानकेन्द्रहरुको संख्यामा खासै अन्तर रहेको पाईंदैन भने संविधानसभाको निर्वाचनका लागि धेरै मतदानकेन्द्रको व्यवस्था गरिएको पाइन्छ । संविधानसभाको निर्वाचनमा अपनाइएको मिश्रित निर्वाचन प्रणालीमा दुई थरी छुट्टाछुट्टै मतपत्रको प्रयोग भई एक मतदानकेन्द्रमा बढीमा १,१५० मतदाता मात्र राखिनाले मतदानकेन्द्रको संख्यामा यति ठूलो बढोत्तरी भएको हो । संविधानसभा सदस्य निर्वाचनमा कायम भएका मतदानकेन्द्र र मतदानकेन्द्रगत मतदाता संख्या अनुसूची १५ मा राखिएको छ ।

दाङ्ग जिल्लामा संकलन तथा अद्यावधिक भएको पछिल्ला चार वर्षको मतदाता संख्या निर्वाचन क्षेत्रगत रुपमा निम्नानुसार रहेको छ ।

तालिका नं ५.१२

**दाङ्ग जिल्लाको विगत तीन वर्षको मतदाता विवरण**

| | २०६२ | २०६३ | | २०६३ विशेष कार्यक्रम | | २०६६ | |
|---|---|---|---|---|---|---|---|
| | २०६२ कोस | | २०६३ कोस | | अन्तिम न | | अन्तिम नाम |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ािबक | | ािबक | | ामावली८ | | ावली |
| | ) ७०,८१२ | ) | ) ७१,२२२ | ) | ) ७१,९६३ | | ) ७२,०१४ |
| | ) ६९,०९५ | ) | ) ६९,५०० | ) | ) ६५,८८४ | | ) ६४,९९१ |
| | ) ६७,५९१ | ) | ) ६८,२९५ | ) | ) ७३,७४३ | | ) ७४,४१० |
| | ) ७०,९१० | ) | ) ७१,४३६ | ) | ) ७६,३८० | | ) ७६,२०२ |
| | ) □ | ) | ) □ | ) | ) ७०, | | ) ७०, |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ८९० | | ७३९ |
| | ) २,७८,४०८ | ) | ) २,८०,४५३ | ) | ) ३,५८,८६० | | ) ३५८,३५६ |

८ निर्वाचन क्षेत्र पुनरावलोकन हुँदा थप भई पाँच क्षेत्र कायम भएको, स्रोत : जिल्ला निर्वाचन कार्यालय, दाङ्ग

साविक मतदाता संख्यामा थपिएका मतदाता जोडेर हटेका मतदाताको संख्या घटाउँदा अद्यावधिक कार्यक्रम भएको वर्षको मतदाता कायम हुन आउँछ । माथिको तालिकामा पनि २०६२ सालमा दाङ्ग जिल्लामा २,७८,४०८ मतदाता रहेकोमा संविधानसभाका लागि नामावली संकलन तथा अद्यावधिक गर्ने प्रयोजनका लागि ल्याइएको विशेष कार्यक्रम, २०६३ बाट धेरै मतदाता थपिएर मतदाता संख्या ३,५८,८६० पुगेको देखिन्छ भने २०६६ सालमा यो संख्या ५०४ ले घटेर ३,५८,३५६ कायम हुन आएको छ । खुद थपको तथ्याङ्क हेर्दा पनि अमिल्दो अवस्था देखिन्छ । २०६२ सालमा खुद थप २,०४५ रहेकोमा २०६३ सालमा ७८,४०७ र २०६६ सालमा यो अङ्क ऋणात्मक (-५०४) रहेको देखिन्छ ।

तालिका नं ५.१३

**दाङ्ग जिल्लाको केही वर्षको मतदाता संख्या**

| ) | ) साल | ) मतदाता संख्या | ) अघिल्लोमा खूद थप[३६] | ) वृ४िदर (प्रतिशतमा) |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | २०५१ | २,२८,६२४ | | |
| | २०५४ | २,२३,९६५ | ४,६५९ | २.०४ |
| | २०५६ | २,४५,३२२ | २१,३५७ | ९.५४ |
| | २०६२ | २,७८,४०८ | ३३,०८६ | १३.४९ |
| | २०६३ | २,८०,४५३ | २,०४५ | ०.७३ |
| | २०६३ड | ३,५८,८६० | ७८,४०७ | २७.९६ |
| | २०६६ | ३५८३५६ | ५०४ | ०.१४ |


* विशेष कार्यक्रम २०६३,पुस-फागुन स्रोत : जिल्ला निर्वाचन कार्यालय, दाङ्ग

यो तालिकामा दाङ्ग जिल्लाको २०५१ देखि २०६६ सालसम्मका केही वर्षको मतदाता संख्या देखाइएको छ । ती वर्षहरुमध्ये २०५४ सालमा सबैभन्दा कम २,२३,९६५ मतदाता रहेका छन् भने सबैभन्दा बढी २०६३ सालको विशेष कार्यक्रममा ३,५८,८६० मतदाता रहेका छन् । त्यस्तै वृद्धिदर

प्रतिशत सबैभन्दा बढी २०६३ सालको विशेष कार्यक्रममा अघिल्लो कार्यक्रमको तुलनामा २७.९६ प्रतिशत रहेको देखिन्छ भने सबैभन्दा कम २०५४ सालमा -२.०४ प्रतिशत रहेको छ ।

स्तम्भचित्र नं. ५.१

**दाङ्ग जिल्लाको विगत तीन वर्षको मतदाता संख्या स्तम्भचित्रमा**




उपरोक्त स्तम्भचित्रमा दाङ्ग जिल्लाको विगत तीन वर्षको मतदाता संख्या देखाइएको छ । २०६३ सालको नियमित कार्यक्रम, २०६३ सालको विशेष कार्यक्रम र २०६६ सालको नियमित कार्यक्रमबाट हुन आएका क्षेत्रगत मतदाता संख्यालाई यो स्तम्भचित्रमा प्रस्तुत गरिएको छ । निर्वाचन क्षेत्र निर्धारण आयोग, २०६३ र निर्वाचन क्षेत्र पुनरावलोकन आयोग, २०६४ को प्रतिवेदनका आधारमा दाङ्ग जिल्लामा संविधानसभाको निर्वाचनका लागि पाँच वटा निर्वाचन क्षेत्र निर्धारण भएका हुन् । मतदाता नामावली संकलन भएका तीन वटै वर्षमा निर्वाचन क्षेत्र नं.४ को मतदाता संख्या सबैभन्दा बढी देखिन्छ ।

तालिका नं ५.१४

**दाङ्ग जिल्लाको मतदाता नामावलीमा विगत तीन वर्षमा थपेको, हटाएको र सच्याएको संख्यात्मक विवरण**

| | ) २०६३ को नियमित कार्यक्रम | | | ) २०६३ को विशेष कार्यक्रम | | | ) २०६६ को नियमित कार्यक्रम | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ) | | ) | ) | ) | ) | ) | ) | ) |
| | ) | | ) | ) | ) | ) | ) | ) | ) |
| | ) | | ) | ) | ) | ) | ) | ) | ) |
| | ) | | ) | ) | ) | ) | ) | ) | ) |
| | ) | | ) | ) | ) | ) | ) | ) | ) |
| | ) | | ) | ) | ) | ) | ) | ) | ) |
| | ) | | ) | ) | ) | ) | ) | ) | ) |

स्रोत : जिल्ला निर्वाचन कार्यालय, दाङ्ग

उपरोक्त तालिका अध्ययन गर्दा अघिल्ला दुई वर्ष नामावलीमा नाम विवरण सच्याउने भन्दा थप्ने र हटाउनेको संख्या बढी देखिन्छ । सच्याउने संख्या उत्साहप्रद नभएसम्म नामावली शुद्ध हुन सक्दैन । अघिल्ला दुई वर्षको तुलनामा २०६६ सालको नियमित कार्यक्रममा मात्र सच्याउने संख्या केही सन्तोषजनक रहेको छ ।

उपरोक्त विभिन्न तालिकाहरुमा उल्लेखित तथ्याङ्कका साथै दाङ्ग जिल्लास्थित  नागरिक समाज, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, जिल्ला निर्वाचन कार्यालयका कर्मचारी र केही सर्वसाधारण मतदाताहरुसँग गरिएको अन्तर्वार्ताबाट बहुदलीय व्यवस्थाको पुनर्स्थापना भएपछि मतदाता नामावलीमा नाम लेखाउनतर्फ सम्पूर्ण बालिगहरुको अग्रसरता बढेको कुरा प्रष्ट हुन्छ । २०५२ साल देखि २०६२ सालसम्मको द्वन्दकालमा भने  नामावली संकलन कार्य प्रभावकारी हुन नसकेको जानकारी हुन आउँछ । त्यस समयमा एकातिर उमेर नपुग्दै नाम लेखाउने प्रवृत्ति र अर्कोतर्फ संकलनको समेत कार्य गर्ने सहायक नाम दर्ता अधिकारी गाउँमा नबसी जिल्ला सदरमुकाममा रहनाले आम बालिगहरुको पहुँच नभएका कारण नामावलीमा समावेश हुनु पर्ने व्यक्तिहरुको नाम छुट्न गएको पाइन्छ । यसरी हाम्रो मतदाता नामावली संकलनको प्रक्रिया विगतदेखि नै त्रुटिपूर्ण रही मतदाता नामावली वास्तविक नभएको स्पस्ट हुन्छ । द्वन्दको प्रभाव बढेपछि मतदाता नामावली संकलन कार्य पूर्ण रुपमा प्रभावित हुनाका साथै आम नागरिकमा राजनीतिप्रति पनि उदासिनता बढ्दै गएको देखिन्छ । यस अवधिमा सबै राजनैतिक दलहरुले स्वतन्त्रतापूर्वक गतिविधि संचालन गर्न सकेनन् । राजनीतिक गतिविधिसँग मतदाता नामावली संकलन एवं अद्यावधिक कार्य सापेक्षिक रुपमा प्रभावित रहने हुँदा मतदाता नामावली वास्तविक र शुद्ध बन्न नसकेको हो ।

जनआन्दोलन दुईबाट राजकीयसत्ता र सार्वभौमसत्ता जनतामा निहित भएपछि देशमा सशस्त्र द्वन्द अन्त्य भएको घोषणाका साथ २०६३ मंसीर ५ गते विस्तृत शान्ति संझौता सम्पन्न भयो । *'राज्यको अग्रगामी पुनर्संरचना गर्ने, प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, पूर्ण प्रेस स्वतन्त्रता तथा कानूनी राज्यको अवधारणालगायत लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिबद्धताका साथ अन्तरिम व्यवस्थापिकाको गठन र निष्पक्ष, भयमुक्त वातावरणमा संविधानसभाको निर्वाचन सम्पन्न गर्ने प्रतिबद्धतासहित'*[141] विस्तृत शान्ति सम्झौता भए अनुरुप नै २०६३ माघ १ गते नेपालको  अन्तरिम संविधान, २०६३ जारी

[141] *नेपालको अन्तरिम संविधान, २०६३ (काठमाडौं : संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, २००८), पृष्ठ २६३-२६४*

गरियो । संविधानसभाको निर्वाचनका माध्यमबाट दीगो शान्ति र लोकतान्त्रिक पद्धतिको संस्थागत विकास गर्ने उद्देश्यकासाथ अन्तरिम संविधान लागू भएपछि आम नागरिकमा उत्साह वृद्धि भई राजनीतिक गतिविधिहरुमा बढोत्तरी भयो । संविधानसभाको निर्वाचनमा आम बालिग नागरिकको मताधिकारलाई सुनिश्चित गर्न मतदाता नामावली सम्बन्धी नयाँ ऐन र नियमावलीका रुपमा मतदाता नामावली सम्बन्धी ऐन, २०६३ र मतदाता नामावली सम्बन्धी नियमावली, २०६३ जारी गरिए । सोही ऐन र नियमावलीका आधारमा मतदाता नामावली संकलन अद्यावधिक भई संविधानसभा सदस्य निर्वाचन सम्पन्न भयो । विभिन्न कारणले खाली भएका कंचनपुर जिल्लाको निर्वाचन क्षेत्र नं.४, रोल्पा जिल्लाको निर्वाचन क्षेत्र नं.२, धनुषा जिल्लाको निर्वाचन क्षेत्र नं. ५, कास्की जिल्लाको निर्वाचन क्षेत्र नं १ र महोत्तरी जिल्लाका निर्वाचन क्षेत्र नं.५ र ७ गरी पाँच वटा जिल्लाका छ वटा निर्वाचन क्षेत्रमा विद्युतीय उपकरण (Electronic Voting Machine) प्रयोग गरी उप निर्वाचन सम्पन्न गर्दा निर्वाचन आयोगले मतदाता नामावलीमा नाम भएतापनि मतदान गर्न नेपाली नागरिकताको प्रमाणपत्र अनिवार्य देखाउनु पर्ने व्यवस्था गऱ्यो । *"निर्वाचन निष्पक्ष एवं धाँधलीरहित बनाउन निर्वाचन आयोगले संविधानसभा उपनिर्वाचनमा मतदाता सूचीमा नाम भएकालाई पनि नागरिकताको प्रमाणपत्र अनिवार्य गरेको"*[142] हो । यसबाट उमेर नपुगेका तथा अन्य कारणले मतदाता हुन अयोग्य व्यक्तिलाई मतदानमा सहभागी हुन रोक्नुका साथै दोहोरो नाम भएका मतदाताबाट हुन सक्ने दोहोरो मतदानलाई पनि निरुत्साहित गरेको पाइन्छ । *"आयोगले यसपछिका अन्य निर्वाचनमा नागरिकताको अनिवार्यताबारे अहिले निर्णय नगरे पनि यसको प्रभावकारितालाई हेरेर पछि निर्णय गर्ने जनाएको छ ।"*[143] *"विश्वसनीय निर्वाचन सम्पन्न गर्न आयोगलाई स्वतन्त्र, निष्पक्ष र सक्षम निकायका रुपमा स्थापित गर्ने आयोगको रणनीतिक योजनाको दूरदृष्टि (Vision) तथा संविधान निर्दिष्ट निर्वाचन निर्धारित समयमा स्वच्छ र स्वतन्त्र ढंगबाट नवप्रवर्तन, लागत प्रभावी र व्यवसायीक दक्षताका साथ सम्पन्न गर्ने"*[144] आयोगको रणनीतिक अभियान (Mission) अनुरुप कार्यको शुरुवात गरेको मान्नु पर्छ । उपनिर्वाचनमा नेपाली नागरिकताको प्रमाणपत्र अनिवार्य गरिएको अनुभव समेतबाट मतदाता नामावली संकलन अद्यावधिक कार्यक्रम, २०६६ मा पनि आधारभूत प्रमाणका रुपमा नेपाली नागरिकताको प्रमाणपत्रलाई लिइएको छ । ऐन नियममा नागरिकतालाई अनिवार्य प्रमाणका रुपमा लिने व्यवस्था नभएतापनि मतदाता हुनका लागि नेपाली

---

142 *गोरखापत्र दैनिक (गोरखापत्र संस्थान, काठमाडौं) वर्ष १०८, अङ्क २७०, २०६५ माघ २५, पृष्ठ १*

143 *ऐ.ऐ.*

144 *निर्वाचन आयोगको रणनीतिक योजना, २०६५ (काठमाडौं : निर्वाचन आयोग, २०६५), पृष्ठ १*

नागरिक हुनुपर्ने व्यवस्थाका आधारमा आयोगले २०६६ सालको नामावली संकलन कार्यक्रममा नागरिकतालाई अनिवार्य प्रमाण मानेको पाइन्छ ।

यस कार्यक्रममा दाङ्ग  जिल्लाका सबै राजनीतिक दल, नागरिक समाज, संचार माध्यम र सर्वसाधारण मतदाता समेतको सहायताका कारण नामावली संकलन अद्यावधिक कार्य प्रभावकारी भएको मान्नुपर्छ । मतदाता नामावली संकलन अद्यावधिक कार्यक्रम, २०६६ मा दाङ्ग जिल्लामा ४,४६६ नामहरु थप्ने, ४,९७० नाम विवरण हटाउने र ९,९७८ नाम विवरणहरु सच्याउने काम भएको कुरा तथ्याङ्कले पुष्टि गर्दछ ।

मतदाता नामावली शुद्धिकरणलाई मूर्तरुप दिन आयोगले फोटोसहितको मतदाता नामावलीको अवधारणालाई अगाडि बढाएको छ । मतदाताको वास्तविक पहिचानलाई सहज बनाउन, दोहोरो तेहेरो नाम हटाउन र मतदानलाई बढी स्वच्छ, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय बनाउन फोटो र औंलाको रेखात्मक छापसहितको मतदाता नामावली तयार गर्ने उद्धेश्यले पहिलो चरणमा परीक्षणको रुपमा यो कार्यक्रमको थालनी गरिएको छ । डडेल्धुराको जोगबुढा, रुपन्देहीको शंकरनगर, काठमाडौंको रामकोट र सीतापाइला, सोलुखुम्बुको सल्यान र सल्लेरीका साथै *'दाङ्गको चैलाही गाविसमा पहिलो पटक फोटो र औंठाको छापसहितको नामावली संकलन शुरु गरिएको छ । निर्वाचन आयोगले आधुनिक प्रविधिद्धारा ....५ जिल्लाका ७ वटा गाविसहरुमा यस्तो काम शुरु गरेको छ ।*[145] *'यो कार्यक्रम अन्तर्गत मतदाताले आफ्नो तीनपुस्ते विवरण, आमाको नाम, नागरिकता प्रमाणपत्र सम्बन्धी विवरण, अपाङ्गता सम्बन्धी विवरण, मातृभाषा, शैक्षिक योग्यता* जस्ता विवरणहरु दिनु पर्नेछ । *..औंठाछाप लिइएपनि त्यसको दुरुपयोग नहुने र गोप्यरुपमा सुरक्षित राखिने'* [146] व्यवस्था रहेको छ ।

नेपालमा मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम परम्परागततवरले संचालन हुँदै आएकोमा *'नामावली संकलन र अद्यावधिक कार्य स्थानीय निकायबाट गराउने, मतदाता नामावलीको शुद्धता ९५ प्रतिशत भन्दा माथि पुऱ्याउने, फोटोसहितको नामावली तयार पार्ने, बर्षैभरी मतदाता नामावली संकलन र अद्यावधिक गर्ने तर निर्वाचन घोषणा भएको अवस्थामा मतदान हुने दिनभन्दा ७५ दिन अगावै बन्द गर्ने*[147] भन्ने व्यवस्था निर्वाचन आयोगद्धारा पारित रणनीतिक योजना, २०६५ मा भएअनुरुप फोटोसहितको मतदाता नामावली तयार पार्ने परीक्षण कार्यको

---

[145] *गोरक्ष राष्ट्रिय दैनिक, दाङ्ग, वर्ष ५, अङ्क १९९, २०६६ चैत १, पृष्ठ १*

[146] *नयाँ युगबोध राष्ट्रिय दैनिक, दाङ्ग ,वर्ष ३३, अङ्क ३२४, २०६६ चैत ६, पृष्ठ ३*

[147] ***पूर्ववत** पाद् ६, पृष्ठ ४*

शुरुवात दाङ्ग जिल्लालगायतका ५ जिल्लाबाट भएको कार्यलाई नामावली शुद्धिकरणतर्फको नयाँ अध्यायको प्रारम्भ भएको मान्नुपर्छ ।

*******

# अध्याय छ

## मतदाता नामावली र मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम सम्बन्धी प्रश्नावलीबाट प्राप्त उत्तरहरुको विश्लेषणात्मक अध्ययन

यस अध्यायमा दाङ्ग जिल्लामा कार्यरत निर्वाचन र मतदाता नामावली संकलन प्रकृयामा अनुभव हासिल गरिसकेका निजामति कर्मचारी, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि र सर्वसाधारण मतदाताहरुसँग मतदाता नामावली र मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रमका सम्बन्धमा सोधिएको प्रश्नावलीबाट प्राप्त उत्तरहरुको विश्लेषणात्मक अध्ययन गरिएको छ ।

तालिका नं ६.१

**प्रश्नावलीको प्रश्न नं.१ बाट प्राप्त नतिजा**

| प्रश्न | | पछिल्लो निर्वाचन (संविधानसभा सदस्य निर्वाचन) हुँदा मतदाता नामावलीमा तपाईंको नाम थियो ? | | | |
|---|---|---|---|---|
| विकल्पहरु | | क | ख | ग | घ |
| नतिजा | | ८५% | ८.३३% | ६.६७% | - |

यस प्रश्नको जवाफ ६० जनाले दिएका छन् जसमा नाम थियो भन्नेहरु ८५% प्रतिशत (५१ जना) रहेकाछन् । आफ्नो वा आफ्नो घरका कुनै सदस्यको नाम छुट भएको थियो भन्नेहरु ८.३३% प्रतिशत (५ जना) रहेका छन् । त्यस्तै दोहोरो नाम थियो भन्नेहरु ६.६७% प्रतिशत (४ जना) रहेका छन् भने मत नदिएकोले नामै हेरिएन भन्ने चाहिं अनुसन्धानका क्रममा भेटिएनन् । यसबाट के प्रष्ट हुन्छ भने मतदाता नामावली पूर्णरुपेण शुद्ध छैन । केही नाम छुट भएको र केही दोहोरो रहेको स्थिति समेत छ ।

तालिका नं ६.२

**प्रश्नावलीको प्रश्न नं.२ बाट प्राप्त नतिजा**

| प्रश्न \| | मतदाता नामावलीमा आफ्नो नाम विवरण कहाँ गएर हेर्नु हुन्छ ? | | | |
|---|---|---|---|---|
| विकल्पहरु \| | क | ख | ग | घ |
| नतिजा \| | ३३.३३ % | ४६.६७ % | २०.०० % | - |

यस प्रश्नको जवाफ पनि ६० जनाले नै दिएका छन् जसमा गाविस नपामा गएर नाम हेर्छु भन्नेहरु ४६.६७ % प्रतिशत रहेका छन् । संकलक आउँदा नाम हेर्छु भन्नेहरु ३३.३३ % प्रतिशत रहेका छन् भने जिल्ला निर्वाचन कार्यालयमा गएर भन्नेहरु २०.०० % प्रतिशत रहेका छन् । प्रश्नावली भर्दा हेरेकै छैन भन्नेहरु भेटिएनन् । यसबाट के प्रष्ट हुन्छ भने गाविस नपामा गएर नामावली हेर्ने मतदाताहरु बढी छन् । संकलनकर्ता र स्वयंसेवकले राम्रो कार्य गरेमा लाभान्वित हुनेहरु पनि उल्लेख्य संख्यामा रहेका छन् । दाङ्ग भित्री मधेशको जिल्ला भएको र केही गाविसलाई छाडी अधिकांश गाविस नपा सुविधायुक्त र सुगम स्थानमा रहेकोले जिल्ला निर्वाचन कार्यालयमा गएर नामावली हेर्नेहरु पनि केही संख्यामा रहेका छन् ।

तालिका नं ६.३

**प्रश्नावलीको प्रश्न नं. ३ बाट प्राप्त नतिजा**

| प्रश्न \| | मतदाता नामावली संकलन गर्न को आउने गर्छन् ? | | | |
|---|---|---|---|---|
| विकल्पहरु \| | क | ख | ग | घ |
| नतिजा \| | २०.०० % | २६.६७ % | ५३.३३ % | - |

यस प्रश्नको जवाफ पनि ६० जनाले नै दिएका छन् जसमा स्थानीय शिक्षक भन्नेहरु सबैभन्दा बढी ५३.३३ % प्रतिशत रहेका छन् । सरकारी कर्मचारी भन्नेहरु २६.६७ % प्रतिशत रहेका छन् भने गाविस सचिव/नपा वडा सचिव भन्नेहरु २०.०० % प्रतिशत रहेका छन् भने थाहा छैन भनेर जवाफ दिनेहरु भेटिएनन् । यसबाट के प्रष्ट हुन्छ भने मतदाता नामावली संकलन अद्यावधिक कार्यमा संलग्न कर्मचारीका बारेमा मतदाताहरु धेरथोर परिचित रहेका छन् । २०६६ सालको कार्यक्रममा स्थानीय शिक्षकहरु मात्र परिचालित भएतापनि संविधानसभा सदस्य निर्वाचनमा स्थानीय शिक्षकका साथै सरकारी कर्मचारीहरु पनि परिचालन गरिएकोले यस्तो मिश्रित जवाफ आएको हुनुपर्छ ।

तालिका नं ६.४

**प्रश्नावलीको प्रश्न नं.४ बाट प्राप्त नतिजा**

| प्रश्न | | मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रममा संकलनको कार्य कसले गर्न उपयुक्त हुन्छ ? | | | |
|---|---|---|---|---|
| विकल्पहरु | | क | ख | ग | घ |
| प्रतिशत | | १३.३३ % | २६.६७ % | २६.६७ % | ३३.३३ % |

यस प्रश्नको जवाफ ६० जनाले दिएकोमा दक्ष कर्मचारी भन्ने ३३.३३ % प्रतिशत रहेका छन् । स्थानीय शिक्षक र निर्वाचन आयोगकै कर्मचारी भन्नेहरु बराबर संख्यामा २६.६७ % प्रतिशतका दरले रहेका छन् भने गाविस सचिव/नपा वडा सचिव भन्नेहरु १३.३३ % प्रतिशत रहेकाछन् । यसबाट मतदाताहरुले नामावलीको शुद्धताका लागि दक्षतापूर्वक कार्य गर्ने योग्य कर्मचारीलाई यस कार्यमा लगाउनु पर्दछ भन्ने कुरा प्रष्ट पारेका छन् । यो प्रश्नावलीको विश्लेषणात्मक अध्ययनले नामावली संकलन र अद्यावधिक कार्यका लागि जाने कर्मचारी तालिम प्राप्त हुनु पर्ने, नामावली संकलन कार्य प्रकृयासँग परिचित हुनु पर्ने तथा लगनशीलतापूर्वक कार्य गर्नु पर्ने कुरा समेत स्पष्ट हुन आउँछ ।

तालिका नं ६.५

**प्रश्नावलीको प्रश्न नं.५ बाट प्राप्त नतिजा**

| प्रश्न | | २०६६ सालको मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रममा कुनै अनुसूची फाराम भर्नु भयो ? | | | |
|---|---|---|---|---|
| विकल्पहरु | | क | ख | ग | घ |
| प्रतिशत | | २०.०० % | १३.३३ % | ६.६७ % | ६० % |

यस प्रश्नको जवाफ ६० जनाले दिएका छन् जसमा २०६६ सालको कार्यक्रममा केही गर्नु परेन भन्नेहरु सबैभन्दा बढी ३६ जना अर्थात् ६० % प्रतिशत रहेका छन् । नाम थपियो भन्नेहरु १२ जना अर्थात् २०.०० % प्रतिशत रहेका छन् । नाम सच्याइयो भन्नेहरु ८ जना अर्थात् १३.३३ % प्रतिशत रहेका छन् । नाम हटाउने कार्य गरियो भन्नेहरु ४ जना अर्थात् ६.६७ % प्रतिशत रहेका छन् । यसबाट के प्रष्ट हुन्छ भने मतदाता नामावलीमा नाम पहिल्यै लेखाई सकिएको छ र नाम सच्याउने र हटाउनु पर्ने भए हटाउनतर्फ मतदाताहरुको कम चासो रहेको छ ।

तालिका नं ६.६

**प्रश्नावलीको प्रश्न नं.६ बाट प्राप्त नतिजा**

| प्रश्न । | तपाईंले मतदाता नामावली हेर्दा कत्तिको शुद्ध रहेको पाउनु भएको छ ? | | | |
|---|---|---|---|---|
| विकल्पहरु । | क | ख | ग | घ |
| प्रतिशत । | ६.६६ % | २६.६७ % | ६६.६७ % | - |

यस प्रश्नको जवाफ ६० जनाले दिएका छन् जसमा अशुद्ध छ भन्नेहरु ६६.६७ % प्रतिशत रहेका छन् । ठीकै छ भन्नेहरु २६.६७ % प्रतिशत रहेका छन् । धेरै शुद्ध छ भन्नेहरु ६.६६ % प्रतिशत रहेका छन् भने हेरेकै छैन भन्ने भेटिएनन् । यसबाट के प्रष्ट हुन्छ भने आफ्नो नाम विवरण अद्यावधिक गरिरहने सीमित संख्याका मतदाताहरुले यसलाई धेरै शुद्ध छ भनेता पनि धेरै मतदाताले नामावली अशुद्ध र सामान्य रुपले मात्र ठिकै रहेको बताएका छन् ।

तालिका नं ६.७

**प्रश्नावलीको प्रश्न नं.७ बाट प्राप्त नतिजा**

| प्रश्न । | मतदाता नामावलीमा नामदर्ताका लागि नेपाली नागरिकताको प्रमाणपत्रलाई आधारभूत प्रमाण मान्ने व्यवस्था कस्तो छ ? | | | |
|---|---|---|---|---|
| विकल्पहरु । | क | ख | ग | घ |
| प्रतिशत । | ८० % | - | २०.०० % | - |

यस प्रश्नको जवाफ ६० जनाले दिएका छन् जसमा धेरै राम्रो छ भन्नेहरु ८० % प्रतिशत रहेकाछन् भने अन्य प्रमाणलाई पनि आधार मान्नु पर्छ भन्नेहरु २०.०० % प्रतिशत रहेका छन् । यसले मतदाता नामावलीमा नाम लेखाउनका लागि नागरिकता प्रमाणपत्रलाई मुख्य र अनिवार्य प्रमाण मान्नु पर्ने कुरा प्रष्ट हुन्छ । समय परिस्थिति अनुसार अन्य प्रमाण समेत हेर्नु पर्छ भन्ने कुरा समेत उठेको छ ।

तालिका नं ६.८

**प्रश्नावलीको प्रश्न नं.८ बाट प्राप्त नतिजा**

| प्रश्न । | मतदाता नामावलीमा भएको तपाईंको नाम विवरण नागरिकता प्रमाणपत्रसँग कत्तिको मिल्छ ? | | | |
|---|---|---|---|---|
| विकल्पहरु । | क | ख | ग | घ |
| प्रतिशत । | ६६.६७ % | २६.६७ % | ६.६६ % | – |

यस प्रश्नको जवाफ ६० जनाले दिएका छन् जसमा नाम मात्र मिल्छ भन्नेहरु ६६.६७ % प्रतिशत रहेका छन् । नाम, उमेर, नाता सबै मिल्छ भन्नेहरु २६.६७ % प्रतिशत रहेका छन् र कत्ति मिल्दैन भन्नेहरु ६.६६ % प्रतिशत रहेका छन् । यसबाट के प्रष्ट हुन्छ भने मतदाता नामावली पूर्णरुपमा त्रुटिरहित रहेको छैन । नामावलीमा रहेका सबै विवरणहरु शुद्ध छैनन् ।

तालिका नं ६.९

**प्रश्नावलीको प्रश्न नं.९ बाट प्राप्त नतिजा**

| प्रश्न । | मतदाता नामावली शुद्ध बनाउन के गर्नु पर्ला ? | | | |
|---|---|---|---|---|
| विकल्पहरु । | क | ख | ग | घ |
| प्रतिशत । | ५३.३३ % | - | ४६.६७ % | - |

यस प्रश्नको जवाफ ६० जनाले दिएका छन् जसमा घरदैलो गरी शून्यबाट शुरु गर्नु पर्छ भन्नेहरु बढी संख्यामा रहेका छन् । ३२ जना अर्थात् ५३.३४ % प्रतिशतले त्यस्तो जवाफ दिएका छन् । संकलन अद्यावधिक गर्दा नागरिकताको प्रमाणपत्रलाई अनिवार्य गर्नुपर्छ भनी जवाफ दिनेहरु २६ जना अर्थात् ४३.३३ % प्रतिशत रहेका छन् । साविकलाई नै अद्यावधिक गर्दै जाने भन्नेहरु २ जना अर्थात् ३.३३ % प्रतिशत रहेका छन् । यसले के देखाउँछ भने मतदाता नामावली संकलनको कार्य शून्यबाट शुरु गर्नु पर्छ र नाम संकलन गर्दा नागरिकताको प्रमाणपत्रलाई अनिवार्य गर्नु पर्छ ।

तालिका नं ६.१०

**प्रश्नावलीको प्रश्न नं.१० बाट प्राप्त नतिजा**

| प्रश्न | | मतदाता नामावली संकलन अद्यावधिक कार्यक्रमको समयावधि कस्तो छ ? | | | |
|---|---|---|---|---|
| विकल्पहरु | | क | ख | ग | घ |
| प्रतिशत | | ३३.३३ % | ६६.६७ % | - | - |

यस प्रश्नको जवाफ ६० जनाले दिएका छन् जसमा कार्यक्रमको समयावधि कम छ भन्नेहरु ६६.६७ % प्रतिशत रहेका छन् भने ठीकै छ भन्नेहरु २० जना ३३.३३ % प्रतिशत रहेका छन् । यसबाट नामावली संकलनका लागि समयावधि कम भएको कुरा विश्लेषणले देखाउँछ ।

तालिका नं ६.११

**प्रश्नावलीको प्रश्न नं.११ बाट प्राप्त नतिजा**

| प्रश्न | | मतदाता नामावली संकलन अद्यावधिक कार्यक्रमबारे कसरी थाहा पाउनु हुन्छ ? | | | |
|---|---|---|---|---|
| विकल्पहरु | | क | ख | ग | घ |
| प्रतिशत | | ४६.६७ % | २६.६७ % | २०.०० % | ६.६६ % |

यस प्रश्नको जवाफ ६० जनाले दिएका छन् जसमा एफ.एम.रेडियो टी.भी.भन्नेहरु सबैभन्दा बढी अर्थात् ४६.६७ % प्रतिशत रहेका छन् । पत्रपत्रिका भन्नेहरु २६.६७ % प्रतिशत रहेका छन् । संकलकबाट भन्नेहरु २०.०० % प्रतिशत रहेका छन् भने विद्यालयमा संचालित मतदाता शिक्षा भन्नेहरु ६.६६ %प्रतिशत रहेका छन् । यसबाट के प्रष्ट हुन्छ भने मतदाता नामावली संकलन कार्यक्रमबारे हाल मतदाताले बढी सूचना जानकारी एफ.एम.रेडियो टी.भीबाट पाइरहेका छन् । सूचना जानकारी दिने कार्यमा पत्रपत्रिका, स्वयंसेवक परिचालन र विद्यालयमा मतदाता शिक्षालाई पनि उपयोग गर्नुपर्छ ।

तालिका नं ६.१२

**प्रश्नावलीको प्रश्न नं.१२ बाट प्राप्त नतिजा**

| प्रश्न। | मतदाता नामावली अद्यावधिक कार्यक्रमका समयमा गरिने सूचना जिंगल आदि प्रचार प्रसार सामग्री कस्तो लाग्छ ? | | | |
|---|---|---|---|---|
| विकल्पहरु। | क | ख | ग | घ |
| प्रतिशत। | ३३.३३ % | ४०.०० % | २६.६७ % | - |

यस प्रश्नको जवाफ ६० जनाले दिएका छन् जसमा मध्यम भन्नेहरु ४०.०० % प्रतिशत रहेका छन् । धरै राम्रो भन्नेहरु ३३.३३ % प्रतिशत रहेका छन् । अपर्याप्त भन्नेहरु २६.६७ % प्रतिशत रहेका छन् भने थाहा छैन भन्नेहरु भेटिएनन् । यसले के देखाउँछ भने मतदाता शिक्षाका लागि सूचना जिंगल तयार गर्दा स्थानीय आवश्यकताका आधारमा गर्नु पर्छ । उनीहरुको भाषा, संस्कृति, चालचलन समेतलाई मध्यनजर गर्दै त्यस्ता सामग्री तयार गरेमा मतदाता शिक्षाले राखेका लक्ष्य उद्धेश्य पूरा हुन्छन् ।

तालिका नं ६.१३

**प्रश्नावलीको प्रश्न नं.१३ बाट प्राप्त नतिजा**

| प्रश्न। | मतदाता शिक्षाका लागि सबैभन्दा प्रभावकारी माध्यम कुन हुन सक्छ ? | | | |
|---|---|---|---|---|
| विकल्पहरु। | क | ख | ग | घ |
| प्रतिशत। | २०.०० % | ३१.६७ % | २६.६७ % | २१.६६ % |

यस प्रश्नको जवाफ ६० जनाले दिएका छन् जसमा टी.भी. रेडियो एफ.एम. भन्नेहरु सबैभन्दा बढी ३१.६७ % प्रतिशत रहेका छन् । विद्यालयमा मतदाता शिक्षा भन्नेहरु दोस्रो स्थानमा २६.६७ %प्रतिशत रहेका छन् । स्वयंसेवक परिचालन भन्नेहरु तेस्रो स्थानमा २१.६६ % प्रतिशत रहेका छन् भने पत्रपत्रिका भन्नेहरु २०.०० % प्रतिशत रहेका छन् । भने यसबाट के प्रष्ट हुन्छ भने मतदाता शिक्षा संचालनका लागि सबैभन्दा उत्तम माध्यम टी.भी. रेडियो एफ.एम हो भने विद्यालयमा मतदाता शिक्षा र स्वयंसेवक परिचालनलाई पनि उत्तिकै महत्व दिनु पर्छ । हालसम्म निर्वाचन आयोगको विद्यालयमा मतदाता शिक्षा कार्यक्रम संचालन गर्ने औपचारिक कार्यक्रम नभएता पनि जिल्ला निर्वाचन कार्यालयले केही विद्यालयमा गरेको त्यस्तो कार्यक्रमबाट केही मतदाता लाभान्वित भएको अथवा आफ्ना विद्यार्थीहरुबाट मतदाता शिक्षा सम्बन्धमा जानकारी

पाएका आधारमा विद्यालयमा मतदाता शिक्षा संचालन गर्नुपर्ने सुझाव आएको हुनुपर्छ । अतः मतदाता शिक्षाका लागि त्यस्ता सबै माध्यमहरुलाई व्यवस्थित बनाउनु पर्छ ।

प्रश्नावलीमा मतदाता नामावली तथा संकलन अद्यावधिक कार्यक्रमका प्रमुख समस्या के के हुन जस्तो लाग्छ भनी सोधिएको खुला प्रश्नमा अधिकांशले नाम विवरण दोहोरो हुनु, विवरण अपुरो हुनु, संकलनकर्ताको कम लगनशीलता, विवाह, मृत्यु, बसाईं सराई आदि पन्जिकरणका कार्य व्यवस्थित नहुनु, भौगोलिक जटिलता, निष्पक्ष कर्मचारीको कमी, जनचेतनाको कमी, नामावली संकलनको सीमित समयावधि, गैर नेपाली नागरिकको नाम लेखाउन राजनीतिक दवाव आउनु, नागरिकता सम्बन्धी ऐन नियममा मतदाता नामावलीलाई प्रमाण मान्नु, विदेशी सेनामा लेखाएको नाम थर आदि विवरणसँग मतदाता नामावली मिलाउन विना प्रमाण नाम लेखाउन/सच्याउन खोज्नु, अपर्याप्त मतदाता शिक्षा, मतदाता नामावलीमा नागरिकता नम्बर उल्लेख नहुनु, नामावली संकलन कार्य सरकारको कम प्राथमिकतामा पर्नु आदि समस्या रहेको भनी जवाफ दिएको पाइयो ।

मतदाता नामावली र नामावली संकलन अद्यावधिक कार्यक्रमका समस्याहरु समाधानका लागि के उपाय अपनाउन सकिन्छ भन्ने प्रश्नको जवाफमा परिचालित कर्मचारीको निष्पक्षता, दक्ष कर्मचारी परिचालन गर्ने, दोहोरो नाम दर्ता गर्न लाग्दा सफ्टवेयरले त्यस्तो पहिला लेखिएको नाम ठेगाना, उमेर आदि देखाउने गरी सफ्टवेयर निर्माण, नागरिकतालाई अनिवार्य गर्नुपर्ने, पन्जिकरण प्रणाली व्यवस्थित गर्ने, बजेटको पर्याप्त व्यवस्था, पुनः घरदैलोमा पुगी शुरुबाटै लेख्ने, सरोकारवालाहरुसँग अन्तरकृया गर्ने, राष्ट्रिय परिचयपत्रको व्यवस्था गर्ने, मतदाता शिक्षाको प्रभावकारी संचालन, परिचालित कर्मचारीलाई दण्ड पुरस्कारको व्यवस्था आदि उपायहरु अपनाउनु पर्छ भनी जवाफ दिएको पाइयो ।

प्रश्नावलीमा अन्य केही भए उल्लेखका लागि गरिएको अनुरोधमा केहीले नेपाल कृषि प्रधान मुलुक भएकोले खेतिपातीको कार्य र नामावली संकलनको समयावधि एकै साथ गर्न नहुने, धेरै संख्यामा संकलक खटाइनु पर्ने, निर्वाचन आयोग तथा जिल्ला निर्वाचन कार्यालयले सबै गाविस नपाहरुमा गई मतदाता सचेतना कार्यक्रम गर्नु पर्ने भनी लेखिएको पाइयो ।

यस अध्ययनबाट मतदाता नामावली संकलन कार्यक्रम तथा नामावलीमा विभिन्न समस्याहरु रहेको, मतदाता नामावली त्रुटिपूर्ण रहेकोले नामावलीको शुद्धिकरणका लागि निर्वाचन आयोग, जिल्ला निर्वाचन कार्यालय, नामावली संकलनको कार्यमा खटिने कर्मचारीहरु, राजनीतिक दललगायत सम्पूर्ण सरोकारवालाहरुको सहयोग आवश्यक पर्ने कुरा प्रष्ट हुन आउँछ ।

# अध्याय सात

# मतदाता नामावली संकलन अद्यावधिक कार्यक्रम र मतदाता नामावलीका समस्या एवं समाधानका उपायहरु

## ७.१ मतदाता नामावली संकलन अद्यावधिक कार्यक्रम र मतदाता नामावलीका समस्याहरु

यस अनुसन्धानका क्रममा मतदाता नामावली संकलन अद्यावधिक कार्यक्रम तथा मतदाता नामावलीमा विभिन्न समस्याहरु पाइए । प्रमुख समस्याहरुकाबारेमा संक्षेपमा चर्चा गरौं ।

### (क) कानूनीरुपमा रहेका अस्पष्टताहरु

मतदाता नामावलीमा नाम समावेश गर्नका लागि मतदाता नामावली सम्बन्धी ऐन, नियमावलीमा रहेका व्यवस्थामा केही अस्पष्टता र कमजोरी देखिन्छन् । मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ७ मा 'कुनै निर्वाचन क्षेत्रको कुनै गाउँ विकास समिति वा नगरपालिकाको सम्बन्धित वडामा सामान्य रुपमा बसोवास गर्दै आएको व्यक्तिलाई स्थायीरुपमा बसोवास गरेको मानिनेछ' भन्ने व्यवस्थाले मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यमा विवाद सृजना हुन पुगेको छ । यस्तो अमूर्त व्यवस्थाको सट्टामा कुनै स्थानमा कम्तीमा ६ महिना, एक वर्ष वा यस्तै निश्चित समयावधि बसोवास गरेको हुनुपर्ने भन्ने ठोस प्रावधान राखिनु पर्दछ । मतदाता नामावली संकलन तथा अद्यावधिक गर्दा नागरिकतालाई आधारभूत प्रमाण मान्ने व्यवस्था राम्रो भएतापनि मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को दफा ११ सँग नयाँ व्यवस्था बाझिएको छ । सो दफामा 'यस ऐनबमोजिम कुनै व्यक्तिको नाम मतदाता नामावलीमा दर्ता गर्दा आवश्यक परेमा नाम दर्ता अधिकारीले सम्बन्धित व्यक्ति वा निजको परिवारसँग निजको जन्म वा उमेर वा वासस्थान खुलेको नागरिकताको प्रमाणपत्र, जग्गाधनी प्रमाणपुर्जा वा सरकारी स्वामित्व भएको संस्था वा शिक्षण संस्थाद्वारा जारी गरिएको कुनै परिचयपत्र माग गर्न सक्नेछ' भन्ने व्यवस्था रहेको छ । अतः ऐन संशोधन नगरी नेपाली नागरिकताको प्रमाणपत्रलाई अनिवार्य प्रमाण मान्ने व्यवस्थाले नामावली संकलनका बखत काम गर्न कठिनाई खेप्नु परेको पाएन्छ । त्यस्तै ऐनको दफा १९ (२) मा मतदाताको नाम दोहोरो परेको जानकारी हुन आएमा त्यस्तो मतदाताको नाम निज स्थायी बसोवास गर्दै आएको गाविस वा नपाको सम्बन्धित वडामा कायम गरी अन्य गाविस वा नपाको वडाबाट हटाउन आयोगले सम्बन्धित नाम दर्ता अधिकारीलाई आदेश दिन सक्ने व्यवस्था भएतापनि छोटो

समयावधिमा कार्य सम्पन्न गर्नु पर्ने भएकोले यो प्रावधान फलदायी हुन सकेको छैन् । २०६६ सालको नामावली संकलन कार्यक्रममा संकलनकर्तालाई संभावित दोहोरो नाम उपलब्ध गराइएतापनि मतदाताले हटाउने र कायम राख्नु पर्ने स्थानसहित अनुसूची फाराम भर्नु पर्ने हुँदा सबै त्यस्ता दोहोरो नाम भएका मतदाताको पहिचान हुन नसक्दा यो व्यवस्था पनि अपेक्षाकृत सफल हुन सकेन् । सहि विवरण नदिने र विवरणै नदिई नामावली अद्यावधिक र शुद्धिकरणमा बाधा उत्पन्न गराउनेहरुका लागि गरिने कानूनी कारवाहीको व्यवस्था छैन । यसले दण्डहिनतालाई प्रश्रय भई गैर कानूनी काम गर्ने व्यक्तिलाई अप्रत्यक्ष्य रुपमा प्रोत्साहन गरेको पाइन्छ । मतदाता नामावलीमा रहेको विवरण अन्य प्रमाणमा प्रयोग नहुने र नामदर्ता गर्ने वा नगर्ने विषय अदालतको पुनरावलोकनको विषयमा नराखिनाले पनि मतदाता नामावलीको यथार्थतामा कमी आउनसक्ने देखिन्छ । जिल्लास्तरमा जिल्ला निर्वाचन कार्यालय मौजुदा रहेको स्थितिमा पनि नाम संकलन कार्य आयोगले तोकेको सीमित समयावधिमा मात्र गर्ने कानूनी व्यवस्थाले त्यसतो निर्धारित समयावधिमा नाम समाावेश गर्न छुट्ने व्यक्ति मतदाता हुन र मताधिकार प्रयोग गर्नबाट बञ्चित हुन गएका छन् ।

**(ख) अस्थायी मतदाता नामावली सम्बन्धी समस्या**

मतदाता नामावलीको मुख्य प्रयोजन निर्वाचनका समयमा हुने भएकोले अस्थायी मतदाता नामावली पनि सोही समयमा तयार गरिन्छ । अस्थायी मतदाता नामावलीमा कर्मचारी, सैनिक, प्रहरी, थुनुवा कैदी र माओवादी क्यान्टोनमेन्टमा बसेका लडाकुहरुको मात्रै नाम संकलन गर्ने व्यवस्था मतदाता नामावली सम्बन्धी ऐन, २०६३ को परिच्छेद तीनले गरेको छ । कर्मचारी, सैनिक, प्रहरी आदिको निरन्तर सरुवा भई रहने हुँदा एकपटक मात्र नाम संकलन गरेर नाम विवरण अद्यावधिक हुने देखिंदैन । तसर्थ निर्वाचन आचार संहिता कार्यन्वयनमा आउनुभन्दा पहिले तयार गरिने अस्थायी मतदाता नामावलीको खासै औचित्य भेटिंदैन । उद्योग, व्यापार, व्यवसाय, नोकरी, मजदूरी गरेर बसेकाहरु तथा सुकुम्वासी, मुक्त कमैयाहरुको नाम नामावली वा अस्थायी नामावलीमा सकलन हुने व्यवस्था ऐन नियमहरुमा नभएकोले नामावली संकलनका समयमा समस्या खडा हुने गर्दछ ।

**(ग) आर्थिक समस्या**

गरिबीका कारण दैनिक जीवनयापनमा कठिनाई भएका अधिकांश परिवारहरुले आफ्नो र परिवारका सदस्यको नाम मतदाता नामावलीमा समावेश गर्ने कुरालाई त्यति प्राथमिकता दिएको

पाईंदैन । मतदाता शिक्षा र मताधिकारसम्बन्धी प्रचार प्रसारका सामाग्रीहरु टी.भी., रेडियो, पत्रपत्रिका आदिमार्फत हुने र त्यस्ता संचार तथा छापा माध्यमहरुमा अधिकांश गरिब जनताको पहुँच न्यून हुने हुँदा मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रममा सर्वसाधारण मतदाताको नाम छुट्न पुग्छ भने पहुँच हुने र राजनीतिक दाउपेच गरी फाइदा लिन खोज्नेहरुले दोहोरो लेखाउँछन् । नागरिकता वितरण प्रकृया पनि व्यवस्थित भई नसकेकोले नागरिकताका आधारमा नामावली दर्ता गर्दा पनि सबै नाम विवरण शुद्धिकरण हुनेमा आशंका छ । यस्ता कार्यक्रमका लागि केन्द्रमै बढी बजेट खर्च गर्ने र जिल्लालाई न्युन आर्थिक स्रोतसाधन विनियोजन गर्ने परिपाटीले पनि नामावली संकलनको काम अपेक्षाकृत प्रभावकारी हुन सकेको छैन । त्यस्तै आयोगले आफ्ना नियमित कार्यका लागि नेपाल सरकारको स्रोत साधन माथि भर पर्नु पर्ने भएकोले पनि आयोगलाई आफ्ना कार्य संचालनमा कठिनाई भएकोछ । दाङ्ग जिल्लामा मतदाता नामावली संकलन अद्यावधिक कार्यक्रम संचालन गर्दा पनि आर्थिक स्रोत साधनको कमी भई समस्या हुने गरेको छ ।

### (घ) राजनैतिक दलहरुको इमान्दारिता र सहयोगमा कमी

राजनैतिक दललाई आधुनिक राजनीतिको जीवनरेखा (Lifeline) मानिन्छ । प्रजातन्त्रमा राजनैतिक दललाई चेतनाको शक्ति गृह (Power House) पनि भनिन्छ । राष्ट्र हितका लागि राजनैतिक दलको भूमिका अहम् हुने गर्छ । नेपालमा भने राजनैतिक दलले उच्च राजनीतिक संस्कारका साथ लोकतन्त्रको संस्थागत विकासमा योगदान गर्नमा कहिंकतै चुकेका हुन् कि भन्ने भान पर्न थालेको छ । मतदाता नामावली संकलनका सन्दर्भमा पनि राजनीतिक दलले आफ्नो पक्षमा मत दिने सम्भावित व्यक्तिलाई निर्धारित योग्यता नपुगेता पनि नाम समावेश गर्न दवाव दिने, दोहोरो नाम समावेश गर्न लगाउने गरेका गुनासाहरु नामावली संकलन तथा अद्यावधिक कार्यमा खटिने कर्मचारी र संकलनकर्ताको रहने गरेको पाइन्छ । यस्तै कारणले नामावली यथार्थ र वास्तविक नभएकोले जनसंख्या र मतदाता संख्याबीचको अमिल्दो अनुपात धेरै देखिन्छ । राजनैतिक दलले नामावली संकलन प्रकृयामा मतदाताहरुलाई गर्नुपर्ने जति सहयोग, समन्वय र सूचना दिने कुराहरुमा पनि कमी रहेको पाइन्छ । मतदाता नामावली संकलनका समयमा भइरहने राजनैतिक दलका बन्द हड्तालहरुले यो कुराको पुष्टि गर्दछ । मतदाता नामावली संकलन अद्यावधिक कार्यक्रम, २०६६ मा संकलनकर्ताले टोल टोलमा गई कार्य गर्ने अवधिभर राजनीतिक बन्द हड्तालले दाङ्ग जिल्लाका अधिकांश गाविसमा नामावली कार्यक्रमलाई प्रभावित गरेको थियो ।

**(ङ) मतदातामा चेतना र जागरुकताको कमी**

अधिकांश बालिग नागरिकहरुमा मताधिकारको महत्वका बारेमा चासो र चेतनाको अभाव देखिन्छ । आफ्नो मताधिकार प्रयोग गर्नका लागि समयमै आफ्नो नाम मतदाता नामावलीमा भए नभएको हेर्ने र नभएमा थप्ने गरेको पाईंदैन । आफ्नो र परिवारका नाम विवरणहरु त्रुटिपूर्ण भए सच्याउने र बसाईं सर्दा, परिवारका कुनै सदस्यको दोहोरो नाम हुँदा, मृत्यु हुँदा वा विवाह भई जाँदा हटाउने काम नगर्दा मतदाता नामावली त्रुटिपूर्ण भै निर्वाचनका समयमा विभिन्न विवादहरु खडा हुन्छन् । मतदाता नामावलीमा नाम समावेश गर्न मतदाताले पूरा गर्नुपर्ने दायित्व र कर्तव्यको बारेमा अधिकांश मतदाताहरु जागरुक देखिंदैनन् । शुरुमा हचुवाका भरमा समावेश भएको नाम विवरणमा नामथर, गाउँ, टोल, जन्ममिति, अभिभावकको नाम, नाता आदि विवरणहरु यथार्थ नरहेकोले नामावलीको शुद्धतामा कमी आएको छ । अतः आफ्नो र परिवारका सदस्यहरुको शुरुमा लेखिएको नाम विवरण नागरिकताका आधारमा सच्याउने कर्तव्य पनि मतदाताको हुन आउँछ । दाङ्ग जिल्लामा मतदाता नामावली संकलनका समयमा भेटिने कतिपय मतदातासँग गरिएको जिज्ञासामा उदासिनता भेटिनुले उनीहरुमा सचेतनाको कमी रहेको देखिन्छ ।

**(च) भौगोलिक विकटताको समस्या**

नेपालको कूल भू-भागको करीब ८३ प्रतिशत भू-भाग पहाडी र हिमाली क्षेत्रले ओगट्छ । हिमाली क्षेत्रका अधिकांश गाविसहरुमा एउटा वडादेखि अर्को वडाको भौगालिक दूरी बढी हुनाका साथै आवतजावतका लागि सहज बाटाघाटा समेत छैनन् । त्यसमाथि नदी नाला, वन जंगल, भिर पहिरो जस्ता भौगोलिक विकटता त छँदैछन् । गाविस कार्यालय जानआउन धेरै समय लाग्ने स्थितिमा चेतनास्तर कम भएका अधिकांश मतदाताहरुले नामावलीमा नाम लेखाउने कुरामा प्राथमिकता दिएको पाईंदैन । त्यस्तै भौगोलिक कठिनाईलाई कारण बनाई संकलनमा खटिने कर्मचारीहरुले टोल टोलमा पुगी नाम संकलन गर्नमा अग्रसरता नदेखाएको पाइन्छ । संकलनकर्ताले कति काम गरे भन्ने प्रभावकारी अनुगमन व्यवस्था नहुनाले एकातिर, भौगोलिक विकटतालाई आत्मसात् र संघर्ष गर्दै नामावलीलाई शुद्ध बनाउन कठिनाई छँदैछ भने अर्कोतिर, सबै मतदातालाई प्रत्यक्ष्य भेटी नाम संकलन नगर्ने प्रवृति वृद्धि भई नामावलीको यथार्थतामा कमी आएको पाइएको छ । दाङ्ग जिल्लाका हाँसीपुर, कोइलाबास, राजपुर, बेला, लोहारपानी, पुरन्धारा, स्यूजा, सैघा, काभ्रे, गोवरडिहा आदि गाविसहरु कुनैनकुनै रुपमा भौगोलिक कठिनाइयुक्त रहेका छन् ।

### (छ) तालिम र अनुभवको कमी

मतदाता नामावली संकलन कार्यमा खटिने कर्मचारीहरुमा सैद्धान्तिक, कानूनी एवं व्यवहारिक ज्ञान र सीपको कमी देखिन्छ । नामावली संकलनमा खटिने कर्मचारीलाई दिइने एक दुई दिनको तालीमले उनीहरुलाई निर्वाचनका कृयाकलापसम्बन्धी यथेष्ठ जानकारी राख्दै अहिलेको जटिल बन्दै गैरहेको समाजका सबै पक्षलाई सन्तुष्ट पारी नाम संकलन कार्य सम्पादन गर्न कठिनाई भएको पाइयो । संकलक कर्मचारीहरु वर्षैपिच्छे फेरिइरहने भएकोले पनि यो समस्या अझै गहन बन्न पुगेको छ । संकलन कार्यमा विभिन्न किसिमका फारामहरुको प्रयोग हुने र विभिन्न विवरण भर्नु पर्ने भए पनि सबै फाराम र विवरणहरु सही किसिमले भर्ने गरेको पाईंदैन । केही खास फारामहरु मात्र भरेर काम चलाउने प्रवृति पाइन्छ । भर्नु पर्ने पूरा विवरणहरु नभरी ल्याउँदा नामावलीमा त्रुटि रहन्छ । नेपाल सरकार र संवैधानिक निकायका अन्य कार्यालयको तुलनामा निर्वाचन आयोग र अन्तर्गतका कार्यालयहरु कर्मचारीका लागि अनाकर्षक रहेकोले अनुभवी कर्मचारी संगठनमा अड्याई राख्न कठिनाई भइरहेको स्थिति समेत छ ।

### (ज) सुरक्षा व्यवस्थामा कमी

मतदाता नामावली संकलन कार्य निश्चित समयमा सम्पन्न गरिने निर्वाचनको एउटा क्रियाकलाप हो । अहिले नेपालमा विभिन्न दल, पक्ष, समूहसँग सम्बद्ध बन्द, हड्ताल र आन्दोलनहरु नभएको दिन भेट्टाउन कठिनै छ । अतः नामावली संकलनका समयमा पनि बन्द, हड्ताल, चक्काजाम नहुने कुरै भएन जसले गर्दा मतदाता नामावली संकलन कार्य प्रभावित हुने गरेको पाइयो । कतिपय राजनीतिक दलका कार्यकर्ताले आफ्नो बन्द हड्ताल सफल पार्न नामावली संकलनमा प्रयुक्त कागजात, फारामहरु र अन्य सामाग्रीहरु खोस्ने, जलाउने समेत गरेको पाइयो । कतिपय स्थानमा भएका कारवाहीमा कर्मचारीहरु पर्ने गरेकाले कर्मचारीमा असुरक्षाको भावना रहेको देखिन्छ । नामावली संकलनमा खटिने कर्मचारीहरुलाई छुट्टै सुरक्षाको व्यवस्था नभएकोले पनि कर्मचारीले नामावली संकलनको कार्यलाई प्रभावकारीतवरले सम्पादन गर्नु भन्दा आफ्नो सुरक्षामा बढी चिन्तित देखिने अवस्था रहेको पाइयो ।

### (झ) जिम्मेवारी, उत्तरदायित्व र अधिकार प्रत्यायोजनमा समस्या

निर्वाचन लगायतका कामका लागि गरिने सबै निर्णय निर्वाचन आयोगबाटै हुने, निर्वाचनको समयमा निर्वाचन अधिकृतको नियुक्ति गरेर तथा नेपाल सरकारका विभिन्न निकायबाट काजमा

ल्याई काम लगाइने प्रवृति रहेकोले आयोगबाट भए गरेका काममा जिम्मेवारी र उत्तरदायित्वको कमी भएको पाइन्छ । त्यस्तै आयोगले नेपालभरलाई केन्द्रबाटै कार्यक्रम प्रकाशित गरी काम गर्न लगाउने हुँदा त्यसमा स्थानीय सानातिना असहजतालाई मिलाउनमा जिल्ला निर्वाचन कार्यालय वा प्रमुख नामदर्ता अधिकारीको कुनै पनि भूमिका हुँदैन । कुनै स्थान विशेषको भौगोलिक, आर्थिक, सामाजिक एवं वातावरणीय पक्षले पार्ने प्रभावलाई नामावली संकलन प्रकृयामा सम्बोधन गर्न सकिंदैन । जिल्लास्तरीय कार्यालय खुलेको भएतापनि त्यस्तो कार्यालय लाएअह्राएको काममा सीमित पाइन्छ । यसरी निर्वाचन तथा मतदाता नामावलीका कार्यमा अधिकार प्रत्यायोजनबाट कार्यदक्षता र कार्यप्रभावकारीता वृद्धि गर्न सकिने कुरालाई ध्यान दिएको पाईंदैन ।

(ञ) **भौतिक पूर्वाधारमा समस्या**

अधिकांश जिल्ला निर्वाचन कार्यालयहरुका आफ्ना भवन छैनन् । यसबाट आफ्ना सामग्रीहरुको उचित सुरक्षाका साथै कार्य संचालनमा कठिनाई भएको छ । आफ्नो घर नभएकोले लेआउट नमिलेका, साँगुरा, कम संख्यामा कोठा भएका घरमा भाडामा बस्नुपर्ने बाध्यता रहेको छ । सुरक्षाजन्य कारणले कतिपय अवस्थामा भाडामा घर पाउन समेत समस्या भएको पाइन्छ । वर्तमान अवस्थामा जिल्ला निर्वाचन कार्यालय गाडि, जेनेरेटर, कम्प्युटर, फ्याक्स आदि स्रोतसाधनले सम्पन्न भएतापनि आफ्नो घर नभएकोले त्यस्ता सामग्रीहरुको समेत उचित संरक्षण हुन सकेको छैन । जिल्ला निर्वाचन कार्यालय, दाङ्गले पनि यिनै समस्या भोग्दै आइरहेको छ ।

(ट) **साविकको मतदाता नामावलीका अशुद्धिहरु**

साविकको मतदाता नामावली अशुद्ध, अपुरो, रहनाले मतदाता नामावली अद्यावधिक गर्दा त्यही अशुद्धि दोहोरिन्छ । मतदाता नामावलीमा रहेका अशुद्धिहरु निम्नानुसार रहेका छन् ।

- घर नम्बर क्रमबद्ध नभएको,
- जन्म मिति उल्लेख नभएको,
- अभिभावकको विवरण नभएको,
- टोलहरु एकै ठाउँमा नरही छरपष्ट रहेको,
- साविक मतदाता नामावलीबाट हटाउनु पर्ने विवरण नहटाई अर्कै हटाइनु,
- थर फरक पर्नु, एउटा घरका सदस्यको थर अर्को घरमा पर्नु,

- एउटै घर नम्बरमा विभिन्न थर भएका मतदाता भेटिनु, अलग अलग बसेका मतदाताको नामावली एउटै घरमा रहनु,
- एउटा घरमा रहेका सदस्यहरुको नमिल्दो फरकफरक नाता भेटिनु,
- दोहोरो नाम संकलन हुनु,
- पति हुनुपर्ने पिता र पिता हुनुपर्ने पति भएको आदि ।

**(ठ) विविध समस्याहरु**

मतदाता नामावली संकलन र अद्यावधिक प्रकृयामा माथि उल्लेख गरिएबाहेकका अन्य विविध समस्याहरु समेत देखिएका छन् । त्यस्ता समस्याहरुलाई देहायबमोजिम बुँदागत रुपमा उल्लेख गरिएको छ ।

क) नागरिकताका आधारमा नामावली संकलन गर्ने कार्यको थालनी भएतापनि सबै नेपाली नागरिकले नागरिकता प्राप्त नगरेकोले कठिनाई उत्पन्न भएको छ,

ख) आयोगका कार्यहरु परम्परामा आधारित भई आयोग र जिल्लालाई कसरी सशक्त बनाउने भन्नेतर्फ ध्यान जान सकेको छैन,

ग) संकलनकर्ता छनौटमा योग्यता, क्षमता र व्यवहारको स्पष्ट मापदण्डको कमी,

घ) मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रमबारे प्रभावकारी मतदाता शिक्षाको कमी रहेको छ,

ङ) व्यक्तिगत घटना दर्ता गराउने कार्यमा न्यूनता हुनाका साथै मतदाता नामावली संकलन कार्यको व्यक्तिगत घटना दर्तासँग सामन्जस्यता हुन सकेको छैन,

च) निर्वाचन आयोगले तय गरेका नीति निर्णय सरोकारवालाहरुबाट अपेक्षाकृतरुपमा पालना नहुँनाले नीति निर्णय कार्यान्वयनमा कठिनाई रहेको छ,

छ) संकलनमा खटिएका कर्मचारी घरघरमा जाँदा सूचना दिन सक्ने व्यक्ति नभेटिनु,

ज) केही जिल्लामा परीक्षणकारुपमा लागू भएको पारिवारिक लगत प्रभावकारी नदेखिनु,

झ) मतदाता परिचयपत्र सबै ठाउँमा र पूर्णरुपमा लागू गर्न नसक्नु,

(ञ) राजनीतिक दलले केन्द्रदेखि स्थानीय तहसम्म प्रवाह गर्ने सूचना र निर्देशनमा कमी,

(ट) मतदाता परिचयपत्र कार्यक्रम लागू गरी बीचमै छोडिएकोले मतदातामा अन्यौलता,

(ठ) मतदाता नामावली संकलन तथा निर्वाचनका समयमा आयोगले अन्य विभिन्न निकायका स्रोत साधनको प्रयोगमा कठिनाई,

(ड) जिल्लाका कर्मचारीहरुको मनोवल बढाउनेतर्फ प्रयास कम रहनु,

(ढ) आयोगले कर्मचारीलाई बर्षभरी काम दिन नसकेको,

(ण) जिल्लाप्रति आयोगको कम ध्यान/नाम मात्रको निरीक्षण, सुपरिवेक्षण र अनुगमन,

(त) सरुवा, बढुवा प्रणाली अब्यवस्थित र पुरातन रहेको आदि ।

## ७.२ मतदाता नामावली संकलन अद्यावधिक कार्यक्रम र मतदाता नामावलीका समस्याहरुको समाधानका उपायहरु

मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम र मतदाता नामावलीमा रहेका समस्याहरु समाधानका लागि निम्न उपायहरु अपनाउनु पर्दछ । :-

१. मतदाता नामावलीमा नाम लेखाउन आधारभूत प्रमाण केलाई मान्ने भन्ने विषयमा ऐन नियममा स्पष्ट व्यवस्था हुनुपर्छ । एकातिर मतदाता हुन योग्यता पुगेका नेपाली नागरीकहरुका नाम मतदाता नामावलीमा समावेश हुन छुट भएको स्थिति छ भने अर्कोतिर दोहोरो नाम पनि उत्तिकै भेटिन्छन् । यस्तो स्थितिमा मतदाता शिक्षा र नाम संकलन अद्यावधिक कार्यक्रम वर्षैभरि संचालन गर्नु पर्छ ।

२. मतदाता नामावलीमा रहेका धेरै त्रुटिहरु सच्याउन अद्यावधिक कार्यक्रम मात्र प्रभावकारी नहुने हुँदा घरदैलो कार्यक्रम गरी पुनर्लेखन गर्नुपर्दछ । अस्थायी नामावली संकलन गर्दा कर्मचारी, सेना, प्रहरी, माओवादी लडाकु र थुनुवा कैदीका साथै शिक्षक, उद्योग, व्यापार, व्यवसाय, नोकरी, मजदूरी गरेर बसेका व्यक्तिहरु तथा सुकुम्वासी, मुक्त कमैयाहरुको नामावली समेत लिने व्यवस्था हुनुपर्छ ।

३. दाङ्ग जिल्लामा मतदाता नामावली संकलनकर्ताको छनौट र नियुक्ति गर्दा राजनीतिक आस्थाका आधारमा छनौट गर्नुपर्ने माग राजनीतिक दलका तर्फबाट उठी विवाद खडा हुने गरेकोले त्यस्तो समस्या समाधान गर्न छनौटका आधारहरु स्पष्ट पार्नुका साथै कार्यक्षमता र दक्षताका आधारमा छनौट गर्ने व्यवस्था हुनुपर्दछ ।

४. संकलनकर्ता र सहायक नाम दर्ता अधिकारीलाई कम तालिम भएका कारण उत्पन्न भएका समस्याहरु समाधान गर्न उनीहरुलाई पर्याप्त तालिमको व्यवस्था हुनुपर्दछ । दाङ्ग जिल्लामा

नामावली संकलनका लागि भरिएका अनुसूची फारामहरुमा स्पष्ट घर नम्बर नभेटिने, नाम विवरणलगायत भर्नुपर्ने सबै विवरण नभर्ने, शुद्ध नलेख्नाले प्रशोधन गर्दा बिग्रने आदि समस्या देखिएकाले उनीहरुलाई व्यवहारिक तालिम दिनुपर्ने देखिन्छ ।

५. दोहोरो तेहोरो नाम लेखाउने प्रचलनलाई कम गर्न दोहोरो पत्ता लगाई हटाउने सफ्टवेयरको विकास गर्नुका साथै दोहोरो लेखाउन नपाइने बाध्यात्मक कानूनी व्यवस्था गर्नुपर्छ ।

६. केही सहायक नाम दर्ता अधिकारी र संकलनकर्ताले प्रभावकारी किसिमले कार्य नगरेबाट नामावली संकलन अद्यावधिक कार्यक्रम र मतदाता नामावलीमा देखिएका समस्याहरु समाधान गर्न प्रभावकारी दण्ड र पुरस्कारको व्यवस्था गर्नुपर्छ । लापरवाही गर्ने, आफ्नो राजनीतिक आस्था मिल्दा मतदाताहरुको नाम मात्र लेख्ने संकलनकर्ता कर्मचारीलाई दण्ड गर्नुपर्छ भने राम्रो काम गर्ने कर्मचारीहरुलाई पुरस्कृत गर्नुपर्छ ।

७. मतदाता नामावली संकलनका समयमा प्रभावकारी अनुगमन सुपरीवेक्षणको व्यवस्था गर्नुपर्दछ । दाङ्ग जिल्ला भौगोलिक हिसाबले पनि ठूलो जिल्ला भएकोले अनुगमन सुपरीवेक्षणका लागि धेरै जना कर्मचारीको व्यवस्था हुनुपर्छ । संकलक र सुपरीवेक्षक दुवैमा स्थानीय कर्मचारीलाई प्राथमिकता दिनु उपयुक्त देखिन्छ ।

८. दाङ्ग जिल्लाका गाविस नपाहरुमा मतदाता संख्याका साथै भौगोलिक विकटताका आधारमा संकलनकर्ता र सुपरीवेक्षक खटाइनुपर्दछ । पुरन्धारा गाविसको गंगटे पुग्न गाविस कार्यालयबाट झण्डै एक दिन पैदल हिड्नु पर्छ । राजपुर, बेला, गोबरडिहा, लक्ष्मीपुर, हाँसीपुर, काभ्रे आदि गाविसहरुमा छरिएर रहेका वस्ती, बीचबीचमा जंगल, डाँडाकाँडा, खोला पर्ने हुँदा त्यस्तो भौगोलिक अवस्थालाई विचार गरी कर्मचारी खटाउनु पर्छ ।

९. जिल्ला तथा स्थानीयस्तरमा कार्यरत कर्मचारीहरुलाई कामको चापका आधारमा सेवा सुविधा उपलब्ध गराइनुपर्दछ । दाङ्ग पाँच निर्वाचन क्षेत्र, दुई नगरपालिका र धेरै मतदाता रहेको जिल्ला भएकोले सेवा सुविधा उपलब्ध गराउँदा सोको विचार गर्नुपर्छ ।

१०. धेरै संख्यामा झन्झटिला फारामहरुको सट्टा आवश्यक पर्ने सम्पूर्ण सूचना पाउन सकिने थोरै संख्यामा फारामहरुको व्यवस्था गर्नुपर्छ ।

११. मतदाता नामावली संकलन अद्यावधिक कार्यक्रम प्रभावकारी तवरले संचालन गर्न सकिने गरी बजेटको व्यवस्था हुनुपर्छ ।

१२. निर्वाचन आयोग र अन्तर्गतका सबै कर्मचारीहरुलाई निर्वाचन व्यवस्थापन तथा मतदाता नामावली विषयमा आधारभूत तालिम दिनुपर्दछ । कार्यालयको कामको सट्टा आफ्नो छुट्टै व्यापार गरेर हिड्ने कर्मचारीलाई काममा लगनशील हुन निर्देशन, तालिम दिने र सो नभएमा कारबाहीको व्यवस्था हुनुपर्छ ।

१३. मतदाता नामावली संकलनदेखि उत्पादनसम्मको सम्पूर्ण कार्य स्थानीयस्तरको कार्यालयले गर्ने गरी व्यवस्था मिलाउनुपर्दछ । आयोगले जिल्लाहरुलाई यस्ता कार्य दिंदा कार्यसम्पादन कर्मचारीहरुको कार्यक्षमता समेतलाई विचार गरेर दिनु पर्छ ।

१४ निर्वाचन तथा मतदाता नामावली सम्बन्धी पुस्तकालयसहितको निर्वाचन सूचनाकेन्द्र जिल्ला निर्वाचन कार्यालय अन्तर्गत स्थापना गरी सम्बन्धित सरोकारवालाहरुको सैद्दान्तिक ज्ञान बढाउनेतर्फ पहल कदमी लिनुपर्दछ । दाङ्ग जिल्ला राजनीतिक जागरण र शैक्षिक चेतनाका हिसाबले समेत अग्रस्थानमा रहेकाले निर्वाचन कार्यालयमा त्यस्तो सूचनाकेन्द्रको स्थापनाबाट मतदाताहरु बढी लाभान्वित हुने देखिन्छ ।

१५. दाङ्ग जिल्लामा बोलिने नेपाली भाषाका साथै पश्चिमा थारु, मगर, अवधि, उर्दू आदि विभिन्न भाषाभाषी र सांकेतिक भाषामा समेत मतदाता शिक्षा संचालन गर्नुपर्दछ ।

१६. फोटो र औंला छापसहितको मतदाता नामावली तयार गरी दोहोरो दर्ता हुन नदिई मतदाता नामावलीलाई यथार्थ र वास्तविक बनाउनुपर्छ ।

**

# अध्याय आठ

# सारांश, निष्कर्ष तथा सुझावहरु

## ८.१ सारांश

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र विश्वसनीयरुपमा सम्पन्न गर्न मतदाता नामावली एक महत्वपूर्ण आधार हो । मतदाता नामावलीको शुद्धताले नै निर्वाचनलाई सहज बनाउँछ । मतदाता नामावली संकलन कार्य निर्वाचन आयोगले आफ्ना जिल्लास्तरीय कार्यालयहरुमार्फत गर्दै आइरहेको छ । यस प्रक्रियामा संकलनकर्ताका रुपमा शिक्षक शिक्षिका र सहायक नाम दर्ता अधिकारीका रुपमा गाविस एवं नपाका वडा सचिवहरुलाई परिचालन गरिंदै आएको छ । मतदाता नामावली संकलन कार्य निर्वाचन आयोगले निर्धारण गरेको निश्चित सयममा मात्र हुँदै आइरहेको छ । यस अध्ययनमा दाङ्ग जिल्लालाई आधार मानेर समग्र मतदाता नामावली संकलन प्रक्रियाको अध्ययन गरिएको छ । जिल्ला सदरमुकाम, नगरपालिका र गाविसहरुका सबै क्षेत्रका व्यक्तित्व समावेश हुने गरी प्रश्नावली भराइएको छ । यस अध्ययनमा कूल ६० जना व्यक्तिलाई समावेश गराइएको छ । पुस्तक, पत्रपत्रिका, ऐन, नियम, निर्देशिकाहरुको अध्ययन विश्लेषणका साथै प्रश्नावली, छलफल र अन्तर्वार्ताका माध्यमबाट मतदाता नामावलीमा रहेका समस्या र समाधानको खोजी गरिएको छ । यस अध्ययनबाट निर्वाचन आयोगले संकलन एवं अद्यावधिक गर्ने मतदाता नामावलीलाई सुधार गर्दै लैजानका लागि केही सुझाव समेत प्रस्तुत गरिएको छ । दाङ्ग जिल्लाका सन्दर्भमा निर्वाचन गतिविधि र मतदाता नामावली संकलन अद्यावधिक कार्यलाई प्रभावकारी बनाउन समस्या र समाधानका उपायहरु प्रस्तुत गरिएको छ ।

## ८.२ निष्कर्ष

मतदान गर्न पाउने नागरिकको आधारभूत अधिकारको प्रत्याभूतिका लागि निर्वाचन आयोगलले निरन्तर रुपमा मतदाता नामावली संकलन तथा अद्यावधिक कार्य गर्दै आइरहेको छ । आयोगले निर्धारण गरेका वर्षमा मतदाता नामावली संकलन अद्यावधिक कार्यमा धेरै जनशक्ति र स्रोतसाधनको लगानी समेत भइरहेको छ तर पनि यस कार्यमा खटिने कर्मचारी र सरोकारवाला

सबैको इमान्दारीपूर्ण सहयोग र समन्वयको अभावमा नामावली त्रुटिरहित बन्न सकेको देखिंदैन । मतदाताहरुमा पनि लोकतन्त्रको संस्थागत विकासका लागि अधिकारको प्रयोगका साथै आफ्नो दायित्व पनि रहन्छ भन्ने कुराको कम हेक्का रहेको देखिन्छ । राजनैतिक दलमा पनि मतदाता नामावली संकलन कार्यमा प्रजातान्त्रिक संस्कारको कमी प्रतित हुन्छ । मतदातामा उल्लेख्य जागरुकता ल्याउन प्रचार प्रसारको व्यवस्था गर्ने , स्पष्ट कानूनी व्यवस्था र सोको कार्यान्वयन गर्ने, दक्ष जनशक्ति परिचालन तथा सरोकारवालाहरुको पूर्ण सहयोग भएमा मतदाता नामावलीलाई शुद्ध बनाउन सकिन्छ ।

साविकको नामावलीलाई आधार मानी संकलन अद्यावधिक गरिंदै आएको मतदाता नामावलीमा प्रशस्तै कमी कमजोरीहरु रहेका छन् । दोहोरो नाम रहनु, विवरण अपुरो रहनु, एउटै परिवारका व्यक्तिको नाम थर अन्य घर र टोलमा छरिएर रहनु, नाम, जन्म मिति, माता, पिता, पतिको नाम र नाता अशुद्ध रहनु, घर नम्बर सिलसिलेवार नरहनु, जन्म मिति नै नहुनु आदि समस्याहरु मतदाता नामावलीमा भेटिन्छन् । विवरण सच्याउन मतदातासँग अपेक्षा गर्दै रेडियो पत्रपत्रिका र टी.भी.बाट प्रचार प्रसार गर्दैमा सानोतिनो सुधारले यथार्थ नामावली तयार हुन सक्दैन । तसर्थ निर्वाचन आयोगले पुनः घरदैलो कार्यक्रम गरेर नेपाली नागरिकताको प्रमाणपत्रलाई अनिवार्य गर्दै नामावली संकलन गर्ने र त्यसपछि हरेक वर्ष अद्यावधिक गर्दै जानुपर्ने देखिन्छ । नामावलीलाई निर्वाचनको लागि मात्र नभई अन्य बहुउपयोगी दस्तावेज बनाउन सकेमा मात्र आम नागरिकमा मतदाता नामावलीको शुद्धिकरणमा चासो र तत्परता रहने देखिन्छ । त्यस्तै हरेक जिल्लामा आफ्ना कार्यालय स्थापित भै सकेको सन्दर्भमा निर्वाचन आयोगले निर्धारण गरेको समयमा मात्र नभई बर्षैभरी मतदाता नामावली संकलन तथा अद्यावधिक गर्ने व्यवस्था गरेमा मतदाता नामावलीलाई शुद्ध र यथार्थ गराउन सकिन्छ ।

## ८.३. सुझावहरु

१. मतदाता नामावलीमा नाम समावेश गर्न नागरिकताको प्रमाणपत्र अनिवार्य राख्नुपर्ने व्यवस्था अत्यन्तै उपयुक्त भएकोले यसलाई निरन्तरता दिनुपर्छ । मतदाता नामावली सम्बन्धी ऐन, नियममा रहेको अस्पष्टताहरु हटाउनुपर्दछ । स्थायी बसोवासका लागि कति समय बस्नुपर्ने हो स्पष्ट परिभाषा गर्नुपर्दछ ।

२. राजनैतिक दलहरुले आफ्नो दलीय स्वार्थभन्दा माथि उठी मतदाता नामावलीलाई राजनीतिक विषय भन्दा नागरिकको आधारभूत अधिकारको रुपमा लिनुपर्छ ।

३.	कानूनलाई व्यवहारमा कार्यान्वयन गर्नुपर्दछ । दण्ड र पुरस्कारको व्यवस्था पारदर्शी रुपमा कडाइका साथ कार्यान्वयन गर्नुपर्दछ ।

४.	आम मतदातामा ऐन, नियम, कार्यक्रम तथा त्यसका कानूनी र प्राविधिक पक्षहरुका बारेमा व्यापक प्रचार प्रसार गरी जानकारी प्रवाह गर्नुपर्दछ ।

५.	मतदाता शिक्षा कार्यक्रमलाई मतदाता नामावली संकलन र निर्वाचन प्रक्रियाको अभिन्न अङ्गको रुपमा अगाडि बढाउनुपर्दछ । यस्ता कार्यक्रमहरु संचालन गर्दा स्थानीय भाषा, सस्कृति समेतको उपयोगमा जोड दिनु पर्दछ । जिंगल, रेडियोबाट संवादमूलक नारा, रेडियो कार्यक्रम, रेडियो नाटक, वर्षैभर दिइरहनुपर्छ जसले गर्दा मतदाताहरु सचेत भई रहन्छन् । फ्लिप चार्टको प्रयोग प्रभावकारी देखिएको छ ।

६.	मतदाता नामावली संकलन कार्यमा खटिने कर्मचारीलाई उचित प्रोत्साहन दिई उच्च मनोबलका साथ काममा लगाउनु पर्दछ ।

७.	मतदाता नामावली संकलन कार्यमा खटिने जनशक्तिलाई दक्ष बनाउन पर्याप्त तालीम र प्रशिक्षणको व्यवस्था गर्नुपर्दछ । तालिम अवधि उनीहरुको ज्ञान, सीप, क्षमता विकास गर्ने गरी निर्धारण गर्नुपर्छ ।

८.	नामावली संकलनमा खटिने कर्मचारीहरु स्थानीयस्तरका भएमा नाम विवरणहरु बढी यथार्थपरक आउने देखिन्छ ।

९.	स्वयंसेवक छनौट निष्पक्षताका आधारमा हुनुपर्छ । जिल्लास्तरीय समितिले उनीहरुको छनोट गर्नुपर्छ ।

१०.	सुरक्षाको भरपर्दो व्यवस्था मिलाउनु पर्दछ । नामावली संकलनको काममा खटिने कर्मचारीको उचित दुर्घटना बीमा गरिनु पर्दछ ।

११.	मतदाता नामावली संकलन अद्यावधिक कार्यमा उचित स्रोतसाधनको व्यवस्था गरी सम्पूर्ण कार्य जिल्लाबाटै हुने व्यवस्था गर्नुपर्छ ।

१२.	फारामहरु पूर्ण रुपमा भर्ने गरेको नपाइएकोले त्यसलाई अनिवार्य रुपमा भर्न लगाउनु पर्दछ ।

१३.	मतदाता नामावली संकलन गर्दा मतदाताको घर दैलोमा नै पुगेर गर्नुपर्दछ ।

१४. निर्वाचनमा समेत प्रयोग गर्न मिल्ने राष्ट्रिय परिचयपत्र (National ID) बनाउनु पर्छ जसलाई नागरिकता, पासपोर्टलगायत निर्वाचनमा मतदान गर्न सकिने बहु उपयोगी प्रमाणकारुपमा प्रयोग गर्न सकिने हुनुपर्छ ।

१५. मतदाता हुन योग्यता नपुगेका व्यक्तिलाई उमेर बढाई मतदाता बनाउने, दोहोरो तेहोरो नाम राख्ने अवस्थालाई निरुत्साहित गर्न कारवाहीको प्रक्रिया कडाईका साथ अगाडि बढाउनु पर्दछ ।

१६. मतदाता नामावली संकलन कार्यमा केन्द्र एवं जिल्ला निर्वाचन कार्यालयबाट हुने सुपरीवेक्षण र अनुगमनको पाटो कमजोर देखिएकाले यसलाई प्रभावकारी बनाउनु पर्दछ ।

१७. स्थानीय निकायसँग सहकार्य गरेर गाउँ, टोलको नाममा एकरुपता ल्याउनु पर्दछ । टोलको क्रम र घर नम्बर सिलसिलेवार र व्यवस्थित गर्नुपर्छ ।

१८. व्यक्तिगत घटना दर्ता गर्न नागरिकलाई प्रोत्साहित गर्ने र यसलाई मतदाता नामावलीसँग आवद्ध गर्ने व्यवस्था गर्नुपर्दछ ।

१९. अस्थायी मतदाता नामवली संकलन कार्य निर्वाचन कार्यक्रम प्रकाशित भएपछि मात्र जिल्ला निर्वाचन कार्यालयले गर्ने व्यवस्था गर्नुपर्दछ । त्यस्तो कार्यक्रम प्रकाशित भएपछि सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराई अस्थायी नामावली तयार पार्नुपर्छ ।

२०. नामावली संकलन कार्य जिल्लास्तरमा वर्षभरि नै गर्न सकिने व्यवस्था मिलाउनु पर्दछ ।

२१. सबै काम केन्द्रबाट मात्र गर्ने केन्द्रिकृत परिपाटी अन्त्य गरी स्थानीय विविधता अनुसार काम गर्न जिल्लालाई अधिकार विकेन्द्रिकरण गर्नुपर्दछ ।

२१. स्रोतसाधनले भ्याएमा फोटोसहितको नामावली बनाउने र नभ्याएमा नागरिकतालाई अनिवार्य गरी घरदैलो गरी शुन्य (Zero Based) बाट पुनर्लेखन थाल्नुपर्छ ।

★

# सन्दर्भ सामग्री

(पुस्तक, शोधपत्र तथा पत्रपत्रिकाहरु)

**विभिन्न लेखकका पुस्तकहरु**


१. ओली, डा.वीनबहादुर सिंह र शाह, डा.राधा, राजनीतिशास्त्रको सिद्धान्त, रुपेश एण्ड प्रवेश, २०६१, दाङ्ग ।

२. कपूर, अनुपचन्द, राजनीतिक विज्ञानके सिद्धान्त, एस.चन्द एण्ड कम्पनी प्रा.लि., १९८८, नयाँ दिल्ली ।

३. काफ्ले, मायाप्रसाद, नेपालको सरकार र प्रशासन, काफ्ले प्रकाशन, २०५५/२०५६, विराटनगर/काठमाडौं ।

४. गाबा, ओमप्रकाश, राजनीतिक सिद्धान्तकी रुपरेखा, मयूर पेपर बक्स, २००४, नयाँ दिल्ली ।

५. गेना, सी.बी., तुलनात्मक राजनीति एवं राजनीतिक संस्थाएँ, विकास पब्लिशिङ हाउस प्रा.लि.,१९९४, नयाँ दिल्ली

६. जौहारी, जे.सी., तुलनात्मक राजनीति, स्टर्लिंग पब्लिशर्ज, १९८०, नयाँ दिल्ली ।

७. ढकाल, पीताम्बर, ऐतिहासिक संविधानसभाको निर्वाचन २०६४ (राजतन्त्रको बर्हिगमन र गणतन्त्रको स्थापना), रुक्मिणी ढकाल, २०६५ कार्तिक, सुर्खेत ।

८. तामाङ्ग, सीताराम (सम्पादक), नेपालको सन्दर्भमा राज्यको पुनः संरचना, सामना प्रकाशन, २०६३, काठमाडौं ।

९. तायल, बी.बी., तुलनात्मक शासन और राजनीति, सुलतान चन्द एण्ड सन्स, २००५, नयाँ दिल्ली ।

१०. दाहाल, प्रा.डा.रामकुमार, तुलनात्मक सरकार र राजनीति, दीक्षान्त प्रकाशन, २०६३, काठमाडौं ।

११. पण्डित, लोकदर्शन, नेपालको संसदीय निर्वाचन दर्पण, निर्वाचन आयोग, २०६३, काठमाडौ ।

१२. पोखरेल, कृष्ण, आधुनिक राजनैतिक सिद्धान्त, एम.के. पब्लिसर्स एण्ड डिष्ट्रब्युटर्स, २०६२, काठमाडौ, ।

१३. बरमानी, आर.सी., समकालीन राजनीतिक सिद्धान्तोंका परिचय, गीतान्जली पब्लिसिङ हाउस, २००१, नयाँ दिल्ली

१४. भण्डारी, डा.बुद्धिप्रसाद, संघीय लोकतान्त्रिक गणतान्त्रिक नेपाल, पैरबी प्रकाशन, २०६५, काठमाडौं ।

१५. मायर, प्रो.डा.थोमस, प्रजातन्त्र प्रजातान्त्रिक अभ्यास एक परिचय (अनु. राम हुमागाईं), फेड्रिक ईबर्ट स्टिफटुङ्ग , डिसेम्बर २००६, नेपाल ।

१६. मिश्र, प्रा.डा. वीरेन्द्र प्रसाद, प्रजातन्त्र, निर्वाचन प्रणाली र प्रतिनिधित्व, नेपाल दक्षिण एसिया केन्द्र, २०६०, काठमाडौ ।

१७. मिश्र, प्रा.डा.वीरेन्द्रप्रसाद, दाहाल, तारानाथ, ढुङ्गाना, भोलानाथ, घिमिरे, सञ्जीव संविधानसभाको संरचना र निर्वाचन पद्धति, फ्रिडम फोरम, २०६३ असार, काठमाडौं ।

१८ यादव, डा.अयोधीप्रसाद, निर्वाचन प्रणालीको सङ्क्षिप्त रुपरेखा (नेपालको सन्दर्भ), विद्यार्थी पुस्तक भण्डार, २०६५, काठमाडौं ।

१९. शर्म्मा नेपाल, बसन्तकुमार, नेपाली शब्द सागर (सोपपत्तिक कोश) भाभा पुस्तक भण्डार, २०५७, काठमाडौं ।

२०. शरण, डा.परमात्मा, सरस्वती, एम.सी., तुलनात्मक राजनीति और शासन मीनाक्षी प्रकाशन, १९९७, मेरठ ।

२१. सिवाकोटी, गोपाल, आधुनिक राजनीतिक विष्लेषण, पैरवी प्रकाशन, २०६४, काठमाडौं

२२. श्रेष्ठ, हरिकृष्ण, विश्वका प्रमुख संविधानहरु, पैरवी प्रकाशन, २०६४, काठमाडौं ।


**विभिन्न सघ संस्थाद्धारा प्रकाशित पुस्तक तथा ऐन, नियम निर्देशिकाहरु**


१. नेपालको अन्तरिम संविधान, २०६३, कानून किताव व्यवस्था समिति, , २०६४ असार, काठमाडौं ।

२. निर्वाचन आयोग ऐन, २०६३, निर्वाचन आयोग, २०६४, काठमाडौं ।

३. निर्वाचन आयोगको रणनीतिक योजना, २०६५, निर्वाचन आयोग, २०६५ फागुन, काठमाडौं ।

४. निर्वाचन (कसुर र सजाय) ऐन, २०६३, निर्वाचन आयोग, २०६४ बैशाख, काठमाडौं ।

५. निर्वाचन प्रणाली प्रारुप, अन्तर्राष्ट्रिय आईडीईएको नयाँ हाते पुस्तक (नेपाली अनुवाद), अन्तर्राष्ट्रिय आईडीईए, इनेब्लिङ स्टेट प्रोग्राम, २००६, ललितपुर ।

६. नेपाली बृहत शब्दकोश, नेपाल प्रज्ञा प्रतिष्ठान, २०५५, काठमाडौ ।

७. नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको विस्तृत शान्ति सम्झौता, नेपालको अन्तरिम संविधान, २०६३, संयुक्तराष्ट्रसंघीय विकास कार्यक्रम, २००८, युएन हाउस, पुल्चोक ।

८. प्रतिनिधिसभा सदस्य निर्वाचन, २०५६, सन्दर्भ सामग्री, निर्वाचन आयोग, २०५५ चैत्र, काठमाडौं ।

९. प्रमुख नामदर्ता अधिकारीलाई निर्वाचन आयोगको निर्देशन, २०६३, निर्वाचन आयोग, २०६३, काठमाडौं ।

१०. मतदाता नामावली सम्बन्धी ऐन, २०६३, निर्वाचन आयोग, २०६४, काठमाडौं ।

११. मतदाता नामावली सम्बन्धी नियमावली, २०६३, निर्वाचन आयोग, २०६४, काठमाडौं ।

१२. सहायक नामदर्ता अधिकारीको काम, कर्तव्य र अधिकार सम्बन्धी निर्देशिका, २०६३, निर्वाचन आयोग, २०६३, काठमाडौं ।

१३. संविधानसभा सदस्य निर्वाचन प्रकृया र पद्धति, निर्वाचन आयोग, २०६४, काठमाडौं ।

१४. स्थानीय निकाय निर्वाचन, २०५४ को परिणाम, निर्वाचन आयोग, २०५४, काठमाडौं ।

**अंग्रेजी पुस्तकहरु**

१. Oxford Advanced Lerner's Dictionary of Current English (New York : Oxford university press, 2005)

२. Representation the people's Act, 1958, India.

**पुस्तिकाहरु**

१. जिल्ला विकास योजना, आ.व.२०६६/६७, जिल्ला विकास समिति, २०६६, दाङ्ग ।

२. दाङ्ग जिल्लाको वस्तुगत विवरण, शाखा तथ्याङ्क कार्यालय दाङ्ग, २०६२, दाङ्ग ।

३. राप्ती अंचलको सहकारी गतिविधि, २०६६, सहकारी डिभिजन कार्यालय दाङ्ग, ।

४. संविधानसभा सदस्य निर्वाचन, २०६४, परिणाम पुस्तिका, निर्वाचन आयोग, २०६५ जेठ, काठमाडौं ।

**शोधपत्रहरु**

१. अर्याल, ईश्वरी प्रसाद, नेपालको निर्वाचन पद्धति एक अध्ययन, २०६३, त्रि.वि.वि., केन्द्रीय विभागमा प्रस्तुत शोधपत्र ।

२. उपाध्याय, टोलराज, बाग्लुङ जिल्लामा मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम, एक अध्ययन, २०६३, त्रि.वि.वि.केन्द्रीय विभागमा प्रस्तुत शोधपत्र ।

३. खनाल, बाबुराम, मतदाता पचियपत्र र निर्वाचन एक अध्ययन, २०६२, त्रि.वि.वि.केन्द्रीय विभागमा प्रस्तुत शोधपत्र

**पत्रपत्रिकाहरु**

१. कान्तिपुर दैनिकका विभिन्न अङ्कहरु ।

२. गोरखापत्र दैनिकका विभिन्न अङ्कहरु ।

३. गोरक्ष राष्ट्रिय दैनिक, दाङ्गका विभिन्न अङ्कहरु ।

४. गणतन्त्र राष्ट्रिय दैनिक, दाङ्गका विभिन्न अङ्कहरु ।

५. चौथो अङ्ग, नेपाल पत्रकार महासंघ दाङ्ग शाखाको वार्षिक मुखपत्र, २०६५, दाङ्ग

६. देउखुरी दैनिक, दाङ्गका विभिन्न अङ्कहरु ।

७. नयाँ युगबोध राष्ट्रिय दैनिक, दाङ्गका विभिन्न अङ्कहरु ।

८. नेपाल राष्ट्रिय साप्ताहिक, काठमाडौंका विभिन्न अङ्कहरु ।

९. मूल्यांकन मासिकका विभिन्न अङ्कहरु ।

१०. हिमाल राष्ट्रिय साप्ताहिक, काठमाडौंका विभिन्न अङ्कहरु ।